# नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधकार्य


**शोधार्थी**

**सोमनाथ सुवेदी**

शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ६-१-२४१-७०७-९९
क्याम्पस रोल नं.: ३७/०६४

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



सन् २०१२/वि.सं. २०६९

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी सोमनाथ सुवेदीले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिहरूको अध्ययन** शीर्षकको यो शोधकार्य स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ____________________

विभागीय प्रमुख हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल ____________________

शोधनिर्देशक हस्ताक्षर

प्रा.डा. चूडामणि बन्धु ____________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०६९/०५/२२

सेप्टेम्बर ७, २०१२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र सोमनाथ सुवेदीले **नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिहरूको अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०५/१५

प्रा.डा. नारायणप्रसाद खनाल
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिको अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधकार्यको शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर प्रदान गर्नुभएकोमा नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा. डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा आफ्नो मूल्यवान् समय दिएर हृदयदेखि सहयोग गरी मलाई कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य तयार पार्न आवश्यक सहयोग पुऱ्याउनुहुने तथा सामग्री उपलब्ध गराई हार्दिकतापूर्वक आफ्नो समय दिनुहुने साहित्यकार सदानन्द अभागी, रामहरि अधिकारी, कृष्णादेवी शर्मा (श्रेष्ठ), भूपेन्द्र गण्डर्षि, मोहन आचार्यप्रति म कृतज्ञ छु । शोधकार्य तयार पार्दा आवश्यक सल्लाह सुझाव दिनुहुने मित्रहरू टीकाराम आचार्य, विक्रम सिग्देल, विष्णु परियारप्रति हार्दिक आभारी छु । मैले शोधकार्य तयार पार्ने क्रममा घरमा समय उपलब्ध गराउन सघाउने श्रीमती कोपिला सुवेदीलाई धन्यवादसहित हार्दिक आभार प्रकट गर्दछु । शोधकार्यका निम्ति आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय दाजु तथा गुरु लक्ष्मण कँडेल, गोपी सापकोटाको परिवारजन, सुदर्शन शर्माप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाउने सम्पूर्ण जनप्रति धन्यवाद दिँदै घरमा शान्त वातावरण तयार पारिदिने छोरी स्वस्तिका सुवेदी र छोरा सौगात सुवेदीलाई धन्यवाद दिन चाहन्छु । त्यसै गरी शोधकार्य टङ्कण गरी सहयोग पुऱ्याउनुहुने महेश पौडेल तथा कालिका कम्प्युटर सर्भिस, नारायणगढप्रति पनि आभारी छु ।

अन्तमा **नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिको अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९/०५/१५

...............................

**सोमनाथ सुवेदी**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| आई.ए. | इन्टरमिडियट अफ आर्ट्स |
| आई.एन.जि.ओ. | इन्टरनेशनल नन गभर्न्मेन्ट अर्गनाइजेसन |
| एन.जि.ओ. | ननगभर्न्मेन्ट अर्गनाइजेसन |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौं.सं. | चौंथो संस्करण |
| छै.सं. | छैठौं संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं. | पाँचौं संस्करण |
| पृ. | पृष्ठ |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| बि.एस्सी. | ब्याचलर अफ साइन्स |
| बि.एस्सी (एजी.) | ब्याचलर अफ साइन्स (एग्रिकल्चर) |
| वि.सं. | विक्रम संवत् |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ शोध विषयको परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ७

१.६ शोधकार्यको क्षेत्र र सीमा ८

१.७ सामग्री सङ्कलन ८

१.७.१ पुस्तकालयीय अध्ययन विधि ९

१.८ शोधविधि र सैद्धान्तिक ढाँचा ९

१.९ शोधकार्यको रूपरेखा ९


**परिच्छेद : दुई**

**नवलपरासीको साहित्यिक रूपरेखा**


२.१ नवलपरासी एक झलक ११

२.१.१ नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी ११

२.२.२ नवलपरासेली साहित्यको विकासक्रम १२

२.२.३ कविता १६

२.२.४ खण्डकाव्य र महाकाव्य १७

२.२.५ कथा १८

२.२.६ उपन्यास १८

२.२.७ नाटक १९

२.२.८ निबन्ध १९

२.२.९ समालोचना १९

२.२.१० पत्रपत्रिकाहरू २०

२.२.११ सङ्घसंस्थाहरू २१
२.२ कथा विश्लेषणको आधार २१
२.२.१ साहित्यका अन्य विधाका सापेक्षतामा कथाको स्वरूप २१
२.२.२ कथाको परिभाषा २२
२.२.३ कथाको रचनाविधान/तत्त्वहरू २३
२.३ निष्कर्ष २५

**परिच्छेद : तीन**

**नवलपरासीका प्रकाशित कथाकृतिको अध्ययन**

३.१ कथाकार रामहरि अधिकारी र अपशोच कथासङ्ग्रहको अध्ययन २६
३.१.१ परिचय २६
३.१.२ शीर्षक २७
३.१.३ संरचना २८
३.१.३.१ कथावस्तु २८
३.१.३.२ पात्र ३४
३.१.३.३ दृष्टिबिन्दु ३४
३.१.३.४ सारवस्तु ३५
३.१.४ रूपविन्यास ३६
३.१.५ निष्कर्ष ३७
३.२ कथाकार रामहरि अधिकारी र बाबुको चेलो कथासङ्ग्रहको अध्ययन ३८
३.२.१ परिचय ३८
३.१.२ शीर्षक ३९
३.२.३ संरचना ४०
३.२.३.१ कथावस्तु ४०
३.२.३.२ पात्र ४५
३.२.३.३ दृष्टिबिन्दु ४६
३.२.३.४ सारवस्तु ४७
३.२.४ रूपविन्यास ४७

३.२.५ निष्कर्ष ४८
३.३ कथाकार गोपी सापकोटा र कमिलाको सपना बालकथासङ्ग्रह ४९
३.३.१ परिचय ४९
३.४ कथाकार सदानन्द अभागी र पश्चात्तापको आँसु कथासङ्ग्रहको अध्ययन ५४
३.४.१ परिचय ५४
३.४.२ शीर्षक ५५
३.४.३ संरचना ५५
३.४.३.१ कथावस्तु ५६
३.४.३.२ पात्र ६०
३.४.३.३ दृष्टिबिन्दु ६१
३.४.२.४ सारवस्तु ६१
३.४.४ रूपविन्यास ६२
३.४.५ निष्कर्ष ६२
३.५ कथाकार कृष्णदेवी शर्मा (श्रेष्ठ) र घरभेटी भाउजू कथासङ्ग्रहको अध्ययन ६३
३.५.१ परिचय ६३
३.५.२ शीर्षक ६५
३.५.३ संरचना ६५
३.५.३.१ कथावस्तु ६६
३.५.३.२ पात्र ७८
३.५.३.३ दृष्टिबिन्दु ७८
३.५.३.४ सारवस्तु ८०
३.५.४ रूपविन्यास ८१
३.५.५ निष्कर्ष ८३
३.६. कथाकार बाबुराम लामिछाने र हातभन्दा पर कथासङ्ग्रहको अध्ययन ८४
३.६.१ परिचय ८४
३.६.२ शीर्षक ८५
३.६.३ संरचना ८५
३.६.३.१ कथावस्तु ८५

३.६.३.२ पात्र ९६

३.६.३.३ दृष्टिबिन्दु ९७

३.६.३.४ सारवस्तु ९७

३.६.४ रूपविन्यास ९८

३.६.५ निष्कर्ष ९९

३.७ कथाकार सदानन्द अभागी र परिर्वतन कथासङ्ग्रहको अध्ययन १००

३.७.१ परिचय १००

३.७.२ शीर्षक १०१

३.७.३ संरचना १०१

३.७.३.१ कथावस्तु १०२

३.७.३.२ पात्र १०९

३.७.३.३ दृष्टिबिन्दु ११०

३.७.३.४ सारवस्तु ११०

३.७.४ रूपविन्यास १११

३.७.५ निष्कर्ष ११२

३.८ कथाकार इन्द्रेणी शर्मा ‘जलद’ र इन्द्रेणी शर्माका कथाहरू कथासङ्ग्रहको अध्ययन ११३

३.८.१ परिचय ११३

३.८.२ शीर्षक ११४

३.८.३ संरचना ११४

३.८.३.१ कथावस्तु ११५

३.८.३.२ पात्र १२०

३.८.३.३ दृष्टिबिन्दु १२०

३.८.३.४ सारवस्तु १२१

३.८.४ रूपविन्यास १२१

३.८.५ निष्कर्ष १२२

३.९ कथाकार बाबुराम लामिछाने र पाखाको कथासङ्ग्रहको अध्ययन १२२

३.९.१ परिचय १२२

३.९.२ शीर्षक १२४

३.९.३ संरचना १२४

३.९.३.१ कथावस्तु १२४
३.९.३.२ पात्र १३५
३.९.३.३ दृष्टिबिन्दु १३६
३.९.३.४ सारवस्तु १३७
३.९.४ रूपविन्यास १३७
३.९.५ निष्कर्ष १३८

## परिच्छेद : चार

## उपसंहार

४.१ पृष्ठभूमि १४०
४.२ पहिलो परिच्छेदको निष्कर्ष १४०
४.३ दोस्रो पच्छिेदको निष्कर्ष १४०
४.४ तेस्रो परिच्छेदको निष्कर्ष १४१
४.५ समग्र निष्कर्ष १४५

**सन्दर्भसामग्रीसूची** १४७

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध विषयको परिचय

नेपाली साहित्यको विकासक्रममा आधुनिक काल सुरु भएपछि मात्र साहित्यका हरेक विधामा उन्नति हुन लागेको हो तर नवलपरासी जिल्लामा भने आधुनिक काल सुरुभएको झन्डै आधा शताब्दी पछिसम्म पनि साहित्यिक कृतिको प्रकाशन शून्य अवस्थामा रह्यो । यहाँको भौगोलिक अवस्थिति, औलो रोगको प्रकोप, यातायातको असुविधा आदि जस्ता विभिन्न कारणले गर्दा यस जिल्लाको साहित्यिक क्षेत्रमा विकास हुन सकेन ।

पूर्व पश्चिम राजमार्गको निर्माण, पुनर्वास कार्यक्रमको थालनी, औलो नियन्त्रण हुन थालेपछि अन्य जिल्लाहरूबाट मानिसहरू बसाइँ सरी आउन थालेपछि शिक्षाको विकास हुन थालेको हो । वि.सं. २०३१ साल पुसदेखि लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिबाट पनि यहाँको शिक्षा क्षेत्रमा सुधार हुन लागेको देखिन्छ । नेपाली साहित्यको आधुनिककालको दोस्रो चरणपछि साहित्यका विविध विधापरक कृतिहरू प्रकाशित भए पनि कथाको क्षेत्रमा भने वि.सं. २०५१ मा रामहरि अधिकारीको **अपशोच** कथासङ्ग्रह प्रकाशित भएपछि मात्रै नवलपरासी जिल्लाको कथाकारिताको क्षेत्रमा लागेको ग्रहण हट्न लागेको देखिन्छ । त्यसपछि रामहरि अधिकारीकै **बाबुको चेलो** (कथासङ्ग्रह-२०५५), गोपी सापकोटाको **कमिलाको सपना** (बालकथासङ्ग्रह-२०५७), सदानन्द अभागीको **पश्चात्तापको आँशु** (कथासङ्ग्रह-२०५८) र **परिवर्तन** (कथासङ्ग्रह-२०६३), कृष्णादेवी शर्मा (श्रेष्ठ)को **घरभेटी भाउजू** (कथासङ्ग्रह-२०५९), बाबुराम लामिछानेको **हातभन्दा पर** (कथासङ्ग्रह-२०६०) र **पाखाको** (कथासङ्ग्रह-२०६६) र इन्द्रेणी शर्माको **इन्द्रेणी शर्माका कथाहरू** (कथासङ्ग्रह-२०६३) प्रकाशित भएका पाइन्छन् । वि.सं. २०४१ देखि विभिन्न पत्रपत्रिकामा प्रकाशन आरम्भ भएको नवलपरासीको कथाकारिताले हालसम्म आइपुग्दा करिब एक दर्जन जति कथासङ्ग्रह जन्माएर नेपाली कथा साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

समय समयमा विभिन्न समीक्षकहरूले आफ्ना लेख, समालोचनाहरू तथा शोधग्रन्थहरूमा नवलपरासीका विभिन्न कथाकार तथा कथाकृतिहरूको समीक्षा गरेको पाइन्छ । ती समीक्षाहरूले नवलपरासी जिल्लाको सम्पूर्ण कथाकारितालाई समेट्न नसकेको देखिन्छ । तसर्थ वर्तमान परिवेशमा नवलपरासी जिल्लाको कथाकारिताको सर्वाङ्गीण र सत्य तथ्य अध्ययन अनुसन्धान हुनु अति आवश्यक देखिन्छ । यस आवश्यकतालाई पूरा गर्ने उद्देश्यका साथ प्रस्तुत शोधकार्यका लागि **नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिहरूको अध्ययन** विषय शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

नवलपरासी जिल्लाको कथाकारिताको अध्ययन, विश्लेषण, मूल्याङ्कन र नेपाली साहित्यको कथा फाँटमा नवलपरासी जिल्लाको योगदान नै यस शोधकार्यको समस्या रहेको छ । प्रस्तुत शोधकार्यका खास समस्याहरू यसप्रकार रहेका छन् :

क) नवलपरासी जिल्लाको कथाकारिताको इतिहास कस्तो रहेको छ ?

ख) नवलपरासीको कथासङ्ग्रहहरूको विश्लेषण के-कसरी गर्न सकिन्छ ?

ग) नवलपरासी जिल्लाका कथाहरू के-कस्ता मुख्य प्रवृत्तिहरू रहेका छन् ?

घ) नेपाली साहित्यमा नवलपरासी जिल्लाका कथाहरूको के-कस्तो योगदान रहेको छ ?

यस शोधकार्यमा यिनै समस्याहरूमा केन्द्रित रहेर समाधान गर्न खोजिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

नवलपरासी जिल्लाको कथाकारिताको अध्ययन, कथायात्रा र प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण गरी नेपाली कथा साहित्यको फाँटमा नवलपरासीको स्थान निर्धारण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यका बुँदागत उद्देश्य यसप्रकार रहेका छन् -

क) नवलपरासी जिल्लाको कथाकारिताको इतिहास पहिचान गर्नु ।

ख) नवलपरासी जिल्लाको कथासङ्ग्रहको विश्लेषण गर्नु ।

ग) प्रकाशित कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु ।

घ) नेपाली साहित्यमा नवलपरासी जिल्लाको कथाकारिताले दिएको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यो शोधकार्य यिनै उद्देश्यका अधीनमा रही तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नवलपरासी जिल्लामा कथा विधाको चर्चा गर्दा अन्य साहित्यक विधाभन्दा यो विधा निकैपछि मात्र प्रकाशित रूपमा देखापरेको छ । यस साहित्यको विधाको कृतित्त्वका सम्बन्धमा समग्र रूपमा अहिलेसम्म अध्ययन र अनुसन्धान भएको पाइँदैन । केही कथाकार तथा केही कथा कृतिहरूको बारेमा विभिन्न पत्रपत्रिका, पुस्तक तथा शोधग्रन्थहरूमा चर्चा गरिएको पाइन्छ । यतिले मात्र नवलपरासी जिल्लाको सम्पूर्ण कथाकारितालाई समेट्न सकेको छैन । त्यसैले वि.सं. २०५१ देखि सुरु भएको नवलपरासीको कथाकारिताको बारेमा विभिन्न पुस्तक, पत्रपत्रिका र शोधग्रन्थमा भए गरेका टीका टिप्पणी विवरणहरूलाई कालक्रमिक रूपमा निम्नानुसार देखाइएको छ -

गोपाल पौडेलले (**प्रतिस्पर्धा** दैनिकको *गोपी सापकोटा र समकालीन साहित्य* शीर्षकमा) कथाकार गोपी सापकोटालाई बालबालीकाका निम्ति रसिला कथाहरू लेख्दै उनीहरूको भविष्य निर्माणमा सहयोगी कथा लेख्ने कथाकारका रूपमा प्रस्तुत गरेका छन् ।[१]

भूपेन्द्र शर्मा भट्टराईले **पश्चात्तापको आँशु** कथासङ्ग्रह कृतिको भूमिका लेखमा प्रस्तुत कृति समसामयिक युगको प्रतिवेदन उतारिएका कथाहरूको सङ्कलन तथा सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दै सजग समाज र सबल राष्ट्र बनाउने सन्देशवाहक कृति हो भन्ने कुरा उल्लेख गरेका छन् ।[२]

राप्रउ पोखेलले **रचना** पत्रिकाको *कृति समीक्षा* शीर्षकमा बाबुराम लामिछानेलाई कथाको विषयवस्तु र तानाबाना यसै नेपाली समाजबाट लिएर कथा लेख्ने व्यक्तिका रूपमा उल्लेख गर्दै ग्रामीण परिवेशमा हुर्किएका पात्रहरूको चित्रण गर्ने, राजनैतिक अस्थिरता, पतिपत्नी बिचमा आइपर्ने समस्या, दलीय राजनीति र यसले निम्त्याएका प्रशासनिक फितलोपन, नैतिकता र मूल्यको पतन, विदेशी चलखेलसमेत बढ्दै गएको विषयगत परिधिमा उनका कथा समेटिएका छन् भन्ने कुराको उल्लेख गरेका छन् ।[३]

---

[१] गोपाल पौडेल, *गोपी सापकोटा र समकालीन साहित्य,* **प्रतिस्पर्धा** दैनिक, काठमाडौं, २०५७ भाद्र २१ बुधबार ।

[२] भूपेन्द्र शर्मा भट्टराई, भूमिका लेख, **पश्चात्तापको आँसु** कथासङ्ग्रह, नवलपरासी : श्रीमती पार्वती रिजाल र अन्य, २०५८, पृ. ग ।

[३] राप्रउ पोखरेल, *कृति समीक्षा,* **रचना** मासिक पत्रिका, काठमाडौं, वर्ष-४४, पूर्णाङ्क-८०, २०६१, पृ. ५५ ।

ज्ञानुवाकर पौडेलले **अभिव्यक्ति** पत्रिकाको *कृति समीक्षा* शीर्षकमा बाबुराम लामिछानेलाई मध्यम वर्गीय समाजकै समस्यालाई टिपेर आफ्नो अभिव्यक्तिको विषय बनाउने उनका कथामा नरनारी बिचको अव्यक्त प्रेम प्रसङ्ग प्रस्तुत गर्ने कथाकारका रूपमा प्रस्तुत गरेका छन् ।[४]

नारायणप्रसाद खनालले **मोहनीको मीठो म्वाइँ** कृतिको *प्रकाशकीय*मा सदानन्द अभागीलाई साहित्यिक क्षेत्रमा कथा लगायतका अनेक विधामा कलम चलाउने सर्जक हुन् भनेका छन् ।[५]

भूपेन्द्र शर्मा भट्टराईले **नवलपरासीका साहित्यक व्यक्ति र कृति**को *कृष्णादेवी शर्मा श्रेष्ठ* शीर्षकमा *घरभेटी भाउजू* कथासङ्ग्रहको बारेमा उल्लेख गर्दै नारीवादी चिन्तनले भरिएका कथाहरू समाजदर्शनमा आधारित छन् भन्ने कुरा उल्लेख गरेका छन् ।[६]

राधा कोइरालाले **बाबुराम लामिछानेको जीवनी र व्यक्तित्वको अध्ययन** शोधकार्यमा बाबुराम लामिछानेलाई समसामयिक कथाधाराको चिन्तन र शैलीलाई आत्मसात् गरेर कथा लेख्ने कथाकार हुन् भन्दै आफ्नो कथाको पात्र, परिवेश र धेरैजसो ग्रामीण र मध्यम वर्गीय समाजबाट विषयवस्तु चयन गरी वर्तमान समयमा देशमा व्याप्त राजनैतिक अस्थिरता र अन्योलले गर्दा सन्त्रासमा बाँचेको जनजीवन, सरकारी सेवामा कार्यरत कर्मचारीहरूको नोकरीको सिलसिलामा आउने उतारचढावको परिस्थिति, स्त्री र पुरुषबिचको रतिरागात्मक प्रसङ्ग जस्ता विषयलाई आफ्नो कथामा चित्रण गर्ने कथाकारका रूपमा प्रस्तुत गरेकी छिन् ।[७]

अमरनाथ न्यौपानेले **नाटककार गोपी सापकोटा र उनका नाट्यकृतिहरूको अध्ययन** शोधकार्यमा गोपी सापकोटाको **कमिलाको सपना** सङ्ग्रहमा रहेका कथाहरू मीठा, सरल र मनोरञ्जनात्मक तरिकाबाट बालबालिकाहरूलाई ज्ञान र नैतिक शिक्षा प्रदान गर्ने खालका उत्कृष्ट हुनाका साथै कथाहरूले बालबालिकाहरूको

---

[४] गोपाल पौडेल, *गोपी सापकोटा र समकालीन साहित्य,* **प्रतिस्पर्धा** दैनिक, काठमाडौं, २०५७ भाद्र २१ बुधबार ।

[५] नारायणप्रसाद खनाल, *प्रकाशकीय,* **मोहनीको मीठो म्वाइँ** कवितासङ्ग्रह, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२, पृ. ङ ।

[६] भूपेन्द्र शर्मा भट्टराई, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति,** नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२, पृ. ८ ।

[७] राधा कोइराला, **बाबुराम लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्त्व,** अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली विभाग, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०६८, पृ. १८ ।

कल्पनाशीलतालाई ध्यानमा राख्दै सूचना, ज्ञान र मनोरञ्जनका साथै नैतिकता एवम् आचरणका कुराहरू बालपाठकहरूलाई दिने कुराको उल्लेख गरेका छन् ।[८]

लक्ष्मण चापागाईले **धरहरा टाइम्स** राष्ट्रिय साप्ताहिक पत्रिकाको *कृति समीक्षा* शीर्षकमा सदानन्द अभागीको **परिवर्तन** कथासङ्ग्रहमा देशमा भएको राजनैतिक परिवर्तन, सामाजिक परिवर्तन, हिंसात्मक परिवर्तन, द्वन्द्वात्मक परिवर्तन, धार्मिक परिवर्तन आदिको छर्लङ्ग चित्रण गर्दै संसार परिवर्तनशील छ । समयले लगाम लगाएको यो जसरी पनि परिवर्तनभित्र चल्नु पर्छ, आजको राजनैतिक परिस्थिति सबैका निमित्त स्वीकार्य भएन, उनीहरूको लागि क्षणिक आगमनस्थल भए पनि मधुरो चम्काइको छाया मन परेन, उनीहरू पूर्ण गोलाकार सूर्यको प्रकाश चाहेका छन्, यिनै विषयवस्तुलाई आधार ठानेर शरीरलाई जोखिममा राखेर यही नेपाल धर्ती धरातलमा दुवै पक्ष खुब भिड्दै छन् र उनीहरूले एकआपसमा फ्याँकेका अस्त्रशस्त्रका किरणले नेपालीहरू तहसनहस भएका छन् भन्दै यिनै परिवर्तनका विषयवस्तुको नामकरण गरेर *परिवर्तन* शीर्षकको यस कथाको साथमा अन्य कथा समावेश छन् भन्ने उल्लेख गरेका छन् ।[९]

कपिल लामिछानेले **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहको *शुभेच्छाका दुई शब्द* शीर्षक भूमिका लेखमा लेखकले भोगेका युगजीवन पृष्ठभूमिमा उभिएर तिनै कल्पनाद्वारा तमाम तानाबाना बुनी प्रणयभाव, धोकापूर्ण यौनसम्बन्ध, यौन जीवनका उकाली-ओरालीका साथै मुलुकको लोकतान्त्रिकरणको छाप परेको कुरा आफ्ना कथाहरूमा प्रस्तुत भएका छन् भनी चर्चा गरेका छन् ।[१०]

टङ्कप्रसाद काफ्लेले **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्त्वगत विशेषता** शोधकार्यमा नवलपरासीको कथाकारिताको चर्चा गर्दै कथाकारहरू र कथाकृतिको चर्चा गरेका छन् ।[११]

---

[८] अमरनाथ न्यौपाने, **नाटककार गोपी सापकोटा र उनका नाट्यकृतिहरूको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६८, पृ. २१ ।

[९] लक्ष्मण चापागाई, *कृति समीक्षा,* **धरहरा टाइम्स** राष्ट्रिय साप्ताहिक, काठमाडौं : वर्ष-७, अङ्क-३०, १८ जेष्ठ २०६३, पृ. ५ ।

[१०] कपिल लामिछाने, *शुभेच्छाका दुई शब्द,* **इन्द्रेणी शर्माका कथाहरू,** नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३, पृ. क ।

[११] टङ्कप्रसाद काफ्ले, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्त्वगत विशेषता,** अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६३, पृ. २१ ।

भगवती अर्याल (पाण्डे)ले **नवलपरासीको साहित्यिक गतिविधि** (२०६३) नामक समालोचनात्मक कृतिमा नवलपरासीका कथाकार र कथासङ्ग्रहहरू शीर्षक लेखमा नवलपरासीको कथाकारिता सङ्ख्यात्मक एवम् गुणात्मक दृष्टिले कमजोर भए तापनि प्रकाशित कथाकृतिहरू यस जिल्लाका कथाविधाका दृष्टिले महत्त्वपूर्ण छन् भन्दै कृष्णादेवी शर्माको **घरभेटी भाउजू,** गोपी सापकोटाको **कमिलाको सपना,** रामहरि अधिकारीको **अपशोच** आदि कथासङ्ग्रहहरूको परिचयात्मक टिप्पणी दिँदै अन्य कथाकारहरूको बारेमा परिचय दिएकी छिन् ।[१२]

भगवती अर्याल (पाण्डे) ले **नवलपरासीको साहित्यिक गतिविधि** कृतिमा *नवलपरासीका कथाकार र कथा कृतिहरू* शीर्षक लेखका रामहरि अधिकारीद्वारा प्रकाशित **अपशोच** कथासङ्ग्रह (२०५१) लाई पहिलो कथाकृतिका रूपमा प्रस्तुत गरेकी छिन् ।[१३]

दुर्गा पौडेलले **सदानन्द अभागीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शोधकार्यमा सदानन्द अभागीलाई सामाजिक यथार्थको चित्रण, पारिवारिक समस्या, बहुविवाह, जातीय समस्या, निम्न वर्गको चित्रण, नारीप्रतिको सम्मान भावना, प्रकृति चित्रण, शृङ्गारिकता जस्ता विशेषताहरू प्रस्तुत गर्ने कथाकारका रूपमा चिनाएका छन् ।[१४]

लक्ष्मी घिमिरेले **कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्ति र कृतित्त्वको अध्ययन** शोधकार्यमा कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)लाई नारी आवाज, देशप्रेम, अनमेल विवाह एवम् समाजका यथार्थ पक्षलाई देखाउने कथाकारका रूपमा प्रस्तुत गर्दै आफ्नै नितान्त वैयक्तिक जीवनको भावनाका उपजका रूपमा सामाजिक, राजनैतिक र शिक्षामूलक पृष्ठभूमिमा रचिएका कथाहरूमा नारी स्वाभिमान र अस्मितामाथि विश्वास र आस्थाको केन्द्रविन्दु बन्न पुगेका उनका कथाहरूमा गरिबी, पीडा, परम्परागत रूपमा रहेका सासूबुहारीको प्रवृत्ति, छोरीले शिक्षा नपाउँदा घट्न

---

[१२] भगवती अर्याल (पाण्डे), **नवलपरासीको साहित्यिक गतिविधि,** नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३, पृ. १४५ ।

[१३] ऐजन, पृ. १४७ ।

[१४] दुर्गा पौडेल, **सदानन्द अभागीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६४, पृ. ३१ ।

सक्ने घटना र घटिसकेका घटनाहरूको प्रस्तुति, राजनैतिक विषयवस्तुमा आधारित विषयवस्तुलाई उतार्ने प्रयास गरेकी छिन् भन्ने कुरा उल्लेख गरेकी छिन् ।[१५]

कुमार कोइरालाले **मधुपर्क** मासिकको *सामाजिक जनजीवनमा आधारित कथाहरू* शीर्षक लेखमा बाबुराम लामिछानेका कथामा कथानक योजना, प्रस्तुति र संरचनामा मौलिकता देखाउने प्रशस्त चेष्टा गर्ने कथाकारको रूपमा उल्लेख गरेका छन् ।[१६]

यसरी नवलपरासी जिल्लाको कथाकारिताको बारेमा विभिन्न व्यक्तिहरूले विभिन्न समयमा चर्चा गरेको पाउन सकिन्छ तर पनि नवलपरासी जिल्लामा रहेर कथा सृजना गर्ने कथाकारहरूका कथाकृतिहरूको समग्र तथा एकिकृत अध्ययन हुन नसकेको सन्दर्भमा यस शोधकार्यमा ती प्रकाशित कथाकृतिहरूको समग्र अध्ययन-विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

मोफसलमा रहेर नेपाली साहित्यको उन्नयन र उत्थानमा अनवरत क्रियाशील स्रष्टाका कृतिको अध्ययन गर्नु पक्कै पनि सहज कार्य होइन । यसका लागि त विविध स्रोतसामग्री जुटाई दीर्घसाधनाको नितान्त खाँचो पर्दछ । यसका साथै अनुसन्धान कार्य आफैंमा अत्यन्तै जटिल, प्रक्रियासम्मत र व्यवस्थित रूपको हुनाले पनि अनुसन्धेयविषयबाट सहजै पार लाउन जोसुकैलाई पनि विभिन्न समस्याहरू आइपर्दछन् । यस कारणले नवलपरासीका प्रकाशित कथाकृतिहरूको अध्ययनका सम्बन्धमा यस अघि भए गरिएका अध्ययनका सम्बन्धमा समीक्षा, टीका टिप्पणीहरू केवल सामान्य चर्चा परिचर्चाका रूपमा मात्र भएकोले उपर्युक्त कार्यहरूबाट यसका बारेमा व्यवस्थित र सिङ्गो अध्ययन हुन सकेको छैन । ती कार्यहरू अपूर्ण र अधुरा नै छन् तसर्थ नवलपरासी जिल्लाको कथाकारिताको क्षेत्रलाई अझै फैलाउने मौका दिनुका साथै जिल्लाको कथाकारिताको योगदानलाई पाठकसामु पुऱ्याइ सृजनारत स्रष्टाका प्रतिभाहरू अझै मौलाओस् भनी खोजतलास गर्नका लागि पनि यो अध्ययन स्वतः औचित्यपूर्ण ठहर्छ । प्रायजसो केन्द्रकै छत्रछाया र प्रभुत्वमा विस्तार हुँदै आएको नेपाली साहित्य-जगत्‌को विकासमा केन्द्रबाहिरका कृतिहरूले पनि अपेक्षित योगदान पुऱ्याइरहेका हुन्छन् भनी मोफसलका साहित्यस्रष्टाका कृतिहरूलाई

[१५] लक्ष्मी घिमिरे, **कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस, २०६७, पृ. ८६ ।

[१६] कुमार कोइराला, *सामाजिक जनजीवनमा आधारित कथाहरू,* **मधुपर्क** राष्ट्रिय मासिक, काठमाडौं, वर्ष-३८, अङ्क-३, पृ. १९ ।

राष्ट्रियस्तरमा पहिचान गराउने सन्दर्भमा पनि यस शोधकार्यको महत्त्व झल्कन्छ । यसका साथै नवलपरासी जिल्लाको कथाकृतिहरूका विविध पाटाहरूको उल्लेख गर्दै प्रकाशित कथासङ्ग्रहहरूको विश्लेषण गरी नेपाली साहित्यमा नवलपरासी जिल्लाको योगदानलाई निरूपण गर्नुमा नै यस शोधकार्यको औचित्य र महत्त्व रहन्छ । यसखालको जिल्लाकै कथाकृतिको अध्ययन समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै यसका बारेमा जान्न चाहने व्यक्ति, साहित्यानुरागी पाठक र अनुसन्धानकर्ताहरू यस शोधकार्यबाट लाभान्वित हुनेछन् र यिनै कुराहरूबाट प्रस्तुत शोधकार्यको औचित्य, महत्त्व र उपयोगिताको पुष्टि हुन जान्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिको अध्ययन विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । नवलपरासी जिल्लाको साहित्यिक घटनाक्रमका प्रमुख प्रसङ्गहरूलाई प्रस्तुत शोधकार्यको साहित्यिक चिनारी पक्षमा समेटिएको छ भने जिल्लाको कथाकारिताको यात्रालाई कथाकारिताको अध्ययन पक्षमा समेटिएको र नवलपरासी जिल्लाका स्रष्टाहरूबाट प्रकाशित गरिएका कथाकृतिहरूलाई कथाकृतिको अध्ययन विश्लेषण पक्षमा समेटिएको छ । नवलपरासी जिल्लामा हालसम्म प्रकाशित रामहरि अधिकारीको **अपशोच** (२०५१) र **बाबुको चेलो** (२०५५), गोपी सापकोटाको **कमिलाको सपना** (२०५७), सदानन्द अभागीको **पश्चत्तापको आँसु** (२०५८), **परिवर्तन** (२०६३), कृष्णादेवी शर्मा (श्रेष्ठ)को **घरभेटी भाउजू** (२०५९), बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०), **पाखाको** (२०६६), इन्द्रेणी शर्मा जलदको **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) कथासङ्ग्रहहरूको कथातत्त्वका सीमाभित्र रही अध्ययन गर्नु यस शोधकार्यको मुख्य क्षेत्र रहेको छ । नवलपरासी जिल्लाका प्रकाशोन्मुख र अप्रकाशित पुस्तकारकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कथाहरूलाई सामग्रीका रूपमा नलिई क्रियाशील एवं कथासङ्ग्रह प्रकाशित गरिसकेका कथाकारहरूको विवरण मात्र दिनु यस शोधको सीमाक्षेत्र रहेको छ ।

## १.७ सामग्री सङ्कलन

शोधविषयसँग सम्बद्ध विभिन्न सामग्रीहरूको सङ्कलन गरी तिनलाई एकत्रित गर्ने कार्यलाई सामग्री सङ्कलन भनिन्छ । नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिको अध्ययन,

विश्लेषण र मूल्याङ्कनका लागि पनि सामग्री सङ्कलन गर्दा यसप्रकारको विधि अपनाइएको छ ।

### १.७.१ पुस्तकालयीय अध्ययन विधि

यसअन्तर्गत नवलपरासी जिल्लाका कथासङ्ग्रहका रूपमा प्रकाशित कृतिहरूको सैद्धान्तिक विषयवस्तुको अध्ययन गरिएको छ । यसका साथै कथाकृतिका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा लेखिएका लेखरचनाहरूको अध्ययन पुस्तकालयीय विधिमा तयार गरिएको छ । यस शोधकार्य लेखनका क्रममा विभिन्न अध्ययनविधिहरू अपनाइए पनि प्रमुख रूपमा भने नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिहरू नै अध्ययनका मुख्य स्रोत रहेकोले पुस्तकालयीय अध्ययन विधिको विशेष उपयोग गरिएको छ ।

## १.८ शोधविधि र सैद्धान्तिक ढाँचा

शोधका क्रममा अपनाइने नियम वा पद्धतिलाई शोधविधि भनिन्छ । नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा जिल्लाको साहित्यिक चिनारी र कथायात्रा सम्बन्धी अध्ययन कार्यमा ऐतिहासिक पद्धति अँगालिएको छ । सङ्कलित सामग्री विश्लेषणका लागि आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । कृतिपरक समालोचना वा मापदण्डका आधारमा कृतिको अध्ययन तथा कृति विश्लेषणात्मकताका निम्ति सामान्य समालोचनाका सिद्धान्तलाई अँगालिएको छ । यसै क्रममा कृति विश्लेषणका निम्ति कथाका तत्त्वलाई आधार मानिएको छ र यस अनुसार कथावस्तु, चरित्रचित्रण, परिवेश, मूलभाव, भाषाशैलीलाई मूल आधार मानेर विश्लेषण गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि शोधकार्यलाई विभिन्न चार परिच्छेद र एक परिशिष्ट खण्डमा निम्नानुसार विभाजन गरिएको छ-

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेद अन्तर्गत शोध विषय शीर्षकको परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको

क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि र शोधकार्यको रूपरेखा समावेश गरिएका छन् ।

**परिच्छेद दुई : नवलपरासी जिल्लाको साहित्यिक रूपरेखा एवं कथा विश्लेषणको आधार**

यस परिच्छेदमा नवलपरासी जिल्लाको साहित्यिक रूपरेखा अन्तर्गत नवलपरासी जिल्लाको एक झलक, नवलपरासेली साहित्यको विकासक्रमलाई समेटिएको छ भने कथा विश्लेषणको आधार अन्तर्गत साहित्यमा अन्य विधाका सापेक्षतामा कथाको स्वरूप, कथाको परिभाषा, कथाको रचना विधानलाई समेटिएको छ ।

**परिच्छेद तीन : नवलपरासी जिल्लामा प्रकाशित कथाकृतिको अध्ययन**

यस परिच्छेदअन्तर्गत कथासङ्ग्रहहरूलाई कथाको रचनाविधानका आधारमा अध्ययन गरिएको छ । यसअन्तर्गत रामहरि अधिकारीको **अपशोच** (२०५१) र **बाबुको चेलो** (२०५५), गोपी सापकोटाको **कमिलाको सपना** (२०५७), सदानन्द अभागीको **पश्चत्तापको आँसु** (२०५८), कृष्णादेवी शर्मा (श्रेष्ठ)को **घरभेटी भाउजू** (२०५९), बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०), सदानन्द अभागीको **परिवर्तन** (२०६३), इन्द्रेणी शर्मा जलदको **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) र बाबुराम लामिछानेको **पाखाको** (२०६६) गरी नौ वटा कथासङ्ग्रहहरू कथातत्त्वका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

**परिच्छेद चार : उपसंहार एवं निष्कर्ष**

यस परिच्छेदमा परिचयका साथै यसभन्दा अगाडिका पहिलो, दोस्रो र तेस्रो परिच्छेदको निष्कर्ष तथा अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधकार्यको पूर्वभागका रूपमा मुखपृष्ठ, स्वीकृतिपत्र, निर्देशकको मन्तव्य, विषयसूची र अन्त्य भागका रूपमा सन्दर्भसामग्रीसूचीका रूपमा सन्दर्भग्रन्थसूची, पत्रपत्रिका सूची र शोधकार्यसूची समावेश गरी सर्वाङ्गपूर्ण शोधकार्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# नवलपरासीको साहित्यिक रूपरेखा

# परिच्छेद : दुई
# नवलपरासीको साहित्यिक रूपरेखा

## २.१ नवलपरासी एक झलक

पहाड, तराई र भित्री मधेश गरी तीनवटै भू-भागलाई ओगटेर रहेको यस नवलपरासी जिल्लाका विभिन्न विशेषताहरूको अध्ययन गरिएको छ ।

## २.१.१ नवलपरासी जिल्लाको भौगोलिक स्थिति, नामकरण र हावापानी

नेपालका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलका रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची जस्तै नवलपरासी पनि एक जिल्ला हो । भौगोलिक स्थितिको दृष्टिकोणबाट यो जिल्ला २७$^{0}$२१' पूर्वदेखि २७ $^{0}$४७' उत्तर अक्षांश र ८३$^{0}$ ३६' पूर्वदेखि ८४ $^{0}$२५' पूर्व देशान्तरभित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २१६३ वर्ग किलोमिटर रहेको छ ।[1]

लुम्बिनी अञ्चलका ६ जिल्लाहरूमध्ये पहाड, भित्री मधेश र तराई क्षेत्र दुवै रहेको एक मात्र जिल्ला नवलपरासी हो । नवलपरासी जिल्लाको पूर्वमा चितवन जिल्ला (नारायणी नदी) पश्चिममा रूपन्देही जिल्ला, उत्तरमा पाल्पा र तनहुँ जिल्ला तथा दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछन् । यस जिल्लाको सदरमुकाम परासी बजार हो । यस जिल्लाको परासी बजार देखि ८/९ किलोमिटर दक्षिण प्राचीन पाल्ही देवीको मन्दिर रहेको छ । “वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा पाल्ही जिल्लाको परासी क्षेत्रको नगवा, सतगागा, तरैनी र बधौरे क्षेत्रहरूलाई नयाँ नामाकरण भएको रूपन्देही जिल्लामा गाभियो र पाल्ही जिल्ला अन्तर्गतका बाँकी क्षेत्रहरू खुरहट, जवा, बरहजङ्गा, पञ्चगङ्गा, लोकोली, नवलपुर तथा पूर्वी पाल्पाका केही क्षेत्रहरू मिलाई नयाँ जिल्ला

---

[1] **मेचीदेखि महाकाली,** श्री ५ को सरकार, सूचना विभाग, २०३१, पृ. ८७६ ।

नवलपरासी भनी नामकरण गरियो । नेपाल अधिराज्यको मध्य तराई क्षेत्रमा पर्ने नवलपरासी जिल्लामा महाभारत लेक र चुरेका पहाडी पार्वत्य प्रदेश तथा त्यसका दक्षिणमा भित्री मधेश तराई क्षेत्र समेत रहेकोले भौगोलिक दृष्टिबाट यो स्थान निकै विविधतापूर्ण रहेको छ ।"[२] त्यसैले यस जिल्ला विभिन्न भागमा भिन्न भिन्न प्रकारको हावापानी पाइन्छ । उच्च भागमा बढी जाडो र गर्मीको सयममा शीतल जलवायु पाइन्छ भने भित्री मधेस र तराई क्षेत्रमा निकै गर्मी हुन्छ ।

## २.२.२ नवलपरासेली साहित्यको विकासक्रम

नेपाली साहित्यको आधुनिक कालको ३०-३२ वर्षपछि मात्र नवलपरासीका प्रतिभाहरूका सिर्जनाहरू प्रकाशन हुन थालेको देखिन्छ । वि.सं. २०२१-२२ देखि कविता प्रकाशन र २०३१ देखि कृति प्रकाशनको थालनी भएको नवलपरासीको साहित्यक यात्राले वर्तमानसम्म २०६९ सालसम्म आइपुग्दा करिब ४६-४७ वर्षको लामो यात्रा पुरा गरेको देखिन्छ । यस अवधिमा नवलपरासीका प्रतिभाहरूका थुप्रै कृतिहरू प्रकाशित भएका देखिन्छन् । विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन, सङ्घसंस्था स्थापना र साहित्यिक गतिविधि पनि अत्यधिक रूपमा सञ्चालन भइरहेको देखिन्छ । यस दृष्टिले नवलपरासेली साहित्यको साढे चार दशकको लामो अवधिको चरणगत रूपमा विभाजन गरेर अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ । नवलपरासेली साहित्यको विकासक्रमलाई चरणगत विभाजन गर्दा निम्न तीन चरणहरू देखा पर्दछन् -

क) प्रथम चरण सुरुवातदेखि वि.सं. २०४६ सालसम्म

ख) द्वितीय चरण वि.सं. २०४७ देखि २०५४ सालसम्म

ग) तृतीय चरण वि.सं. २०५५ देखि हालसम्म

यसरी चरणगत रूपमा हेर्दा प्रथम चरणको समयावधि लेखन अभ्यासकाल र प्रकाशनको सुरुवात काल हो भने दोस्रो चरण लेखन प्रकाशनको विकासकाल तथा तृतीय चरण लेखन र प्रकाशनका दृष्टिले पनि उर्वर र उत्कर्षकाल हो त्यसैले यो चरण नवलपरासेली साहित्यको स्वर्णकाल पनि हो । यी तीन चरणहरूलाई चरणबद्ध रूपमा संक्षिप्त चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

---

[२] भगवती अर्याल (पाण्डे), **नवलपरासीको साहित्यिक गतिविधि,** नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३, पृ. १ ।

**क) प्रथम चरण (सुरुवातकालदेखि २०४६ सम्म)**

नवलपरासीमा साहित्यसिर्जनपरम्पराको थालनी वि.सं. २०४६ सम्मको अवधि प्रथम चरण हो । वि.सं. २०२१ सालमा कवि गोविन्दराज विनोदीको कविता प्रकाशन भएको देखिन्छ भने त्यसपूर्ण पनि कविता लेखन परम्परा रहेको अनुमान गरिए तापनि ठोस प्रमाणको अभावमा वि.सं. २०२१ लाई नै नवलपरासेली साहित्यको सिर्जनपरम्पराको थालनी मानिन्छ । थालनीदेखि वि.सं. २०४६ सम्मको २७ वर्षको अवधि नै नवलपरासेली साहित्यको प्रथम चरण र अभ्यासकाल पनि हो । कविताको प्रकाशनबाट सुरुवात भएको नवलपरासेली साहित्यमा कृति प्रकाशन भने एक दशकपछि मात्र भएको देखिन्छ । नवलपरासीको पहिलो कृति वामदेव पण्डितको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह वि.सं. २०३१ देखि मात्रै नवलपरासेली साहित्यमा कृति प्रकाशनको थालनी भएको देखिन्छ । यस क्रममा केशवानन्द सापकोटाको **भक्तिभागिरथी** (२०३४) कवितासङ्ग्रह, वामदेव पण्डितकै **हाम्रा पूर्वज** खण्डकाव्य (२०४०), भूपेन्द्र शर्मा भटट्राई **शिववस्तीदेखि शिवस्तीसम्म** कवितासङ्ग्रह (२०४५) र तीर्थराज कोइरालाको **विजया-अविर्भाव** खण्डकाव्य (२०४६) कृतिहरू प्रकाशित भएको पाइन्छ । यस चरणका कृतिहरूका मूल प्रवृत्तिमा भगवान् र धर्मप्रति आस्था सत्कर्म र धर्ममा लाग्न आग्रह मानव कल्याण गर्न आग्रह, आध्यात्मिकताप्रति जोड जस्ता भक्ति धाराका प्रवृत्तिहरू अघिल्ला दुई कृति **ब्रह्माण्डभित्र** र **भक्ति भागिरथी**मा पाइन्छन् भने पछिल्ला तीन कृतिहरू **हाम्रा पूर्वज, शिवबस्तीदेखि शिवबस्तीसम्म** र **विजया-आविर्भाव**मा मानवीय अस्तित्वको चिन्तन, कल्पनाशीलता, सरलता, सहजता, हार्दिकता जस्ता स्वच्छन्दवादी प्रवृत्तिहरू पाइन्छन् ।

यस चरणमा कविता र खण्डकाव्य बाहेक अन्य विधाका कृति भने प्रकाशित भएको पाइँदैन । पत्रपत्रिकाको प्रकाशन भने यसै अवधिमा भएको देखिन्छ । वि.सं. २०३५ देखि **त्रिवेणी** लगायत **लालीगुराँस** (२०३७) र **नयाँ आवाज** (२०४४) जस्ता पत्रिकाहरूको प्रकाशनले यस अवधिमा स्रष्टाका रचना प्रकाशित गरेर साहित्यिक गतिविधि न्यून रहेको यो चरण नवलपरासेली साहित्यको अभ्यासकालको रूपमा रहेको देखिन्छ ।

**ख) द्वितीय चरण (२०४७ देखि २०५४ सम्म)**

नवलपरासी जिल्लाको साहित्यको यात्राको दोस्रो चरण वि.सं. २०४७ देखि वि.सं. २०५४ सम्मको ८ वर्षको अवधि हो । वि.सं. २०४६ सालको जनआन्दोलन र त्यसको परिमाणमा देशमा भित्रिएको प्रजातन्त्रले देशका हरेक क्षेत्रमा ल्याएको उमङ्ग र स्वतन्त्रताको लहरसँगै साहित्य पनि मौलाउने सु-अवसर प्राप्त गरेको हुनाले नवलपरासी जिल्लामा पनि साहित्य उर्वर हुन थालेको हो । यस सन्दर्भमा नवलपरासीमा कृति प्रकाशन र पत्रपत्रिका प्रकाशनमा पनि प्रथम चरणमा भन्दा व्यापकता आएको देखिन्छ । कविता, खण्डकाव्य, लगायत अन्य विधामा कृतिहरूको प्रकाशन थालनी हुनुले पनि नवलपरासेली साहित्यमा दोस्रो चरणको प्रवेश गराएको देखिन्छ । कविताको बृहत्रूपमा महाकाव्यको प्रथम अवतरण पनि यसै चरणबाट त्रिवेणी साहित्य परिषद् नवलपरासी (२०४७) को गठन भई साहित्यको क्षेत्रमा ठुलो हलचल पैदा भएको देखिन्छ । यसको परिणामस्वरूप गोविन्दराज विनोदीको **मेरो वर्तमानता** (२०४७) कवितासङ्ग्रह, रामनाथ खनालको **प्रजातन्त्रोदय** (२०४९) महाकाव्य र अर्को महत्त्वपूर्ण **पाण्डु** (२०४९) महाकाव्य पनि यसै चरणमा त्रिवेणी साहित्य परिषद्बाट प्रकाशित भएका देखिन्छन् । हुमाकान्त पाण्डेको वि.सं. २०४७ मा प्रकाशित **आँशुका अक्षरहरू** निबन्धसङ्ग्रह, त्रिवेणी साहित्य परिषद्बाट नारायणप्रसाद खनालको वि.सं. २०४८ मा प्रकाशित **केही रहर केही ठहर** समालोचनासङ्ग्रह तथा रामहरि अधिकारीको वि.सं. २०५१ मा प्रकाशित **अपशोच** कथासङ्ग्रह यसै चरणमा प्रकाशित क्रमशः निबन्ध, समालोचना र कथाका प्रथम प्रकाशित कृति बन्न पुगेका छन् । यस चरणको अन्त्यतिर प्रकाशित टीकाराज पाण्डेयको **उपहार तिमीलाई** पनि उपन्यासको प्रथम प्रकाशित कृति बन्न पुगेको छ । यसरी यस चरणमा नाटक बाहेक अन्य सम्पूर्ण विधाका करिब ३ दर्जन कृतिहरू प्रकाशित भएका पाइन्छन् ।

यस चरणमा नवलपरासीको साहित्यिक गतिविधि, सङ्घसंस्थाको स्थापना र पत्रपत्रिकाको प्रकाशनमा पनि तीव्रता आएको देखिन्छ । वि.सं. २०४८ मा **देवचुली** र **सौदामिनी** जस्ता साहित्यिक पत्रिकाको प्रकाशन तथा वि.सं. २०४७ मा त्रिवेणी साहित्य परिषद्, वि.सं. २०५० मा परासी साहित्य समाज तथा सडक नाट्यसमूहको स्थापना र तिनका विविध साहित्यक गतिविधि सञ्चालनले यस चरणमा नयाँ

प्रतिभाहरूको लेखनमा प्रोत्साहन प्रदान गर्ने गरेको देखिन्छ । यस दृष्टिले प्रथम चरणका तुलनामा यस चरणमा नवलपरासीको साहित्य प्रौढावस्थातिर ढल्केको पाइन्छ । यो चरण नवलपरासेली साहित्यको विकासकाल पनि हो ।

### ग) तृतीय चरण (२०५५ देखि वर्तमानसम्म)

नवलपरासी जिल्लाको साहित्यिक यात्राको तेस्रो चरण वि.सं. २०५५ देखि वर्तमान (२०६९ सम्म) को अवधि हो । यस चरणमा नवलपरासेली साहित्यको विभिन्न विधाका करिब ६ दर्जन जति कृतिहरू प्रकाशित भएको पाइन्छ । यस चरणमा अघिल्ला दुई चरणमा प्रकाशित सम्पूर्ण विधाका कृतिहरूको प्रकाशनमा सङ्ख्यात्मक र गुणात्मक रूपमा अत्यन्त तीव्रता आउनुका साथै नाटक, गीत, गजल, हाइकू, मुक्तक विधाका विभिन्न कृतिहरू पनि प्रकाशित भएको देखिन्छ । यसै चरणमा कविताको बृहत् रूप महाकाव्य विधाका दुई उल्लेखनीय कृतिहरू **तीन युग एक कथा** (२०६०) र **अग्निज्वाला** (२०६१) महाकाव्य प्रकाशित भएको पाइन्छ । यी दुवै कृतिहरू नवलपरासीका प्रसिद्ध कवि सदानन्द अभागीका हुन् । यसै अवधिमा नारायणप्रसाद खनालका **गोरखाको डायरी** (२०६१), **समीक्षा र संस्मरण, समीक्षा प्रहर-प्रहरका** (२०६१) निबन्धसङ्ग्रह, **समीक्षाका आकारहरू** (२०६५) समालोचनासङ्ग्रह, **समस्यापूर्ति परम्परामा लेखनाथका कविताकाव्य** (२०६५), **निर्वचन र भाषिक सन्दर्भ** (२०६५), **भाषिक लेखसङ्ग्रह, स्वप्नयात्रा र चिठी** (२०६६) निबन्धसङ्ग्रह, भूपेन्द्र शर्मा भट्टराईको **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (२०६२) र भगवती अर्याल पाण्डेको **नवलपरासीको साहित्यिक गतिविधि** (२०६३) आदि महत्त्वपूर्ण कृति हुन् । यस अवधिमा गोविन्दराज विनोदीका **आँखाको नानी** बालकवितासङ्ग्रह (२०५७), **छन्दविनोद** (२०५९) काव्य, **अविश्रान्त** (२०५९) कवितासङ्ग्रह आदि प्रकाशित भएका पाइन्छन् । कृति प्रकाशनका दृष्टिले यो चरण अत्यन्त उर्वर रहेको देखिन्छ ।

यस चरणमा नवलपरासेली साहित्यमा साहित्यिक सङ्घसंस्था स्थापना, पत्रपत्रिका प्रकाशन र साहित्यिक गतिविधिमा अघिल्ला चरणमा **इन्दु, इन्द्रधनुष, सहयात्री** जस्ता एक दर्जनभन्दा बढी पत्रपत्रिकाको प्रकाशन भैरहेको पाइन्छ । त्रिवेणी साहित्य परिषद्ले कृष्णजङ्ग-डम्बरजङ्ग पुरस्कारका रूपमा नवलपरासीका स्रष्टालाई

द्विवार्षिक रूपमा रु. ५,००१।- नगद पुरस्कार प्रदान गर्छ भने यस संस्थाले हालसम्म ३९ वटा विभिन्न विधामा कृति प्रकाशन गरिसकेको छ । नवलपरासी साहित्य परिषद् (२०५९) ले मासिक रूपमा घुम्ती साहित्यिक कार्यक्रम सञ्चालनका साथै वार्षिक रूपमा स्रष्टाका कृतिहरू समेत प्रकाशन गर्दै आइरहेको पाइन्छ । स्मृति साहित्य समाजले पनि विभिन्न स्रष्टा सम्मान र साहित्यिक कार्यक्रमहरू सञ्चालन र पत्रपत्रिकाप्रकाशन गर्दै आइरहेका सङ्घसंस्थाहरूको संख्या पनि एक दर्जनभन्दा बढी रहेको पाइन्छ । यस दृष्टिले नवलपरासेली साहित्यको तेस्रो चरण अत्यन्त उर्वर रहेको देखिन्छ । नवलपरासेली साहित्यको यस चरणलाई उत्कर्षकाल वा स्वर्णकालका रूपमा पनि लिन सकिन्छ । यसले नवलपरासेली साहित्यको यात्रालाई उर्वर र भविष्यलाई उज्ज्वल बनाउने सुनिश्चित देखिन्छ ।

## २.२.३ कविता

नवलपरासेली साहित्यमा कविता विधाको प्रारूपलाई केलाउँदा यो विधा अन्य विधाहरू भन्दा अगाडि देखा परेको पाइन्छ । नेपाली साहित्यको आधुनिक कालको धेरै समयपछि मात्र नवलपरासेली साहित्यको सिर्जनापरम्परा थालनी भए तापनि नवलपरासेली साहित्यमा देखिएको पहिलो विधा कविता हो । वि.सं. २०२१ सालदेखि नवलपरासीमा कविता प्रकाशित हुँदै आए तापनि कविताको कृति भने वि.सं. २०३१ सालमा मात्र प्रकाशित हुन पुग्यो वामदेव पण्डितको **ब्रह्माण्डभित्र** (२०३१) नै नवलपरासेली साहित्यमा देखिएको पहिलो प्रकाशित तथा कविता सङ्ग्रह हो । त्यस पश्चात केशवानन्द सापकोटाको **भक्ति भागिरथी** (२०३४) कवितासङ्ग्रह प्रकाशित भयो यसै क्रममा भूपेन्द्र शर्मा भट्टराईको **शिववस्तीदेखि शिववस्तीसम्म** (२०४५), गोविन्दराज विनोदीको **मेरो वर्तमानता** (२०४७) र **अविश्रान्त** (२०५९) कवितासङ्ग्रह, हरिप्रसाद उपाध्याय खनालको **पञ्चगव्य** (२०४८) कवितासङ्ग्रह, पुष्पराज कोइरालाको **बिहानी र आकाश** (२०५६) कवितासङ्ग्रह, सदानन्द अभागीको **आफ्नै व्यथाहरू** (२०५७), कृष्णादेवी शर्मा (श्रेष्ठ)का **सुनाखरी र लालीगुराँसको देश** (२०५७) र चेतनारायण भुसालको **खण्डहर** (२०६०) कवितासङ्ग्रह लगायत करिब तीन दर्जन जति कविताहरूका कवितासङ्ग्रह प्रकाशित भएका पाइन्छन् ।

नवलपरासी जिल्लाका कविहरूद्वारा कविताको लघुतम रूप मुक्तक विधामा पनि कलम चलाउने कार्य गरेको देखिन्छ । मुक्तक विधाका कृति प्रकाशित गर्नेहरूमा ओमप्रकाश अधिकारीको **गुलाबको फूल र मौरीहरू** (२०५३), सरोज उजाडको **पेसा अनुरूपको चलन**

(२०५६), डिल्लीराम पौडेलको **विषकन्या** (२०६०) र श्यामप्रसाद न्यौपानेको **सोह्रदुनी आठ** (२०६२) जस्ता मुक्तक कृतिहरू प्रकाशित भएका पाइन्छन् । समयसामयिक विषयवस्तुलाई समेटेर लेखिएका यी मुक्तकका मूल स्वर प्रगतिवादी स्वच्छन्दतावाद रहको पाइन्छ ।

नवलपरासेली साहित्यमा गीत र गजल विधामा कलम चलाउनेको संख्या पनि तीन दर्जन जति रहेको पाइन्छ । गजल विधामा खगेन्द्र बस्यालको **दैलालुङ्का फाटँबाट सुरु भएको यात्रा** (२०४९) मा प्रकाशित गजलसङ्ग्रहले गजल विधाको कृति प्रकाशनको सुरुवात गरेको पाइन्छ । यस क्रममा घनश्याम न्यौपाने 'परिश्रमी' का **यो मौसम** (२०५०), **घामको छहारीमा** (२०५३) र **जून चुहेको रात** (२०६०) लगायत प्रचण्ड बुढाथोकी र भगवती अर्यालका गीतिसङ्ग्रह प्रकाशित भएका पाइन्छन् । समसामयिक विषयवस्तुहरू प्रेमप्रणय, मिलन-बिछोड, जीवन, समाज, राष्ट्र आदिलाई विषय बनाएर लेखिएका यी गीत-गजलका मूल स्वर शृङ्गारिक व्यापकता रहेको स्वच्छन्दवाद नै देखिन्छ ।

## २.२.४ खण्डकाव्य र महाकाव्य

कविताको मझौला रूप मानिने खण्डकाव्यको प्रकाशन नवलपरासीमा वि.सं. २०४० देखि मात्र भएको देखिन्छ । वामदेव पण्डितको **हाम्रा पूर्वज** (२०४०) नै नवलपरासी साहित्यमा देखिएको पहिलो खण्डकाव्य हो । हुन त नवलपरासी जिल्लाकै स्रष्टा रामनाथ खनालको नवलपरासी बसाईपूर्व **भूइँचालो** (१९९१) तथा घनश्याम न्यौपाने 'परिश्रमी' ले **अन्त्यमा** (२०३६) खण्डकाव्य प्रकाशित गरेको पाइन्छ । वामदेव पण्डितको **हाम्रा पूर्वज** (२०४०) बाट थालिएको खण्डकाव्य प्रकाशन क्रममा तीर्थराज कोइरालाको **विजया अविर्भाव** (२०४६), हरिप्रसाद उपाध्यायको **नाति** (२०४६), केशवराज डुम्रेको **नारी** (२०४८), तीर्थराज कोइरालाको **वाल्मीकि स्मृति** (२०५९) खण्डकाव्यहरू प्रकाशित भएका पाइन्छन् । देशप्रेम, राष्ट्रियता सामाजिक जीवन, पौराणिकता जस्ता विविध विषयवस्तु पाइने यी खण्डकाव्यका मूल प्रवृत्ति प्रगतिवादी स्वच्छन्दतावाद नै रहेको पाइन्छ ।

कविता विधाको बृहत रूप महाकाव्य विधाको रचना र प्रकाशन पनि नवलपरासेली साहित्यमा भएको देखिन्छ । नवलपरासेली साहित्यमा महाकाव्यको प्रथम अवतरण गराउने स्रष्टा रामनाथ खनाल हुन् र प्रथम महाकाव्य **प्रजातन्त्रोदय** (२०४८) हो । दोस्रो उल्लेखनीय महाकाव्य रचना पनि रामनाथ खनालले नै गरेको देखिन्छ । उनको दोस्रो महाकाव्य **पाण्डु** ( २०४९) हो । प्रथम महाकाव्य **प्रजातन्त्रोदय** ऐतिहासिक गीतिमहाकाव्य हो भने दोस्रो महाकाव्य **पाण्डु** पौराणिक महाकाव्य हो । सदानन्द अभागीको महाकाव्य **तीन युग एक कथा**

(२०६०) र **अग्निज्वाला** (२०६१) दुईवटा महाकाव्य प्रकाशित भएका पाइन्छन् । उनका महाकाव्यहरू स्वच्छन्दतावादी भावधारामा सिर्जित रहेका छन् ।

## २.२.५ कथा

नवलपरासेली साहित्यमा कथाको प्रकाशन सुरुवात केही समय पहिलेदेखि भए तापनि कथाकृतिको प्रकाशन सुरुवात पचासको दशकदेखि मात्र भएको पाइन्छ । रामहरि अधिकारीको **अपशोच** (२०५१) कथासङ्ग्रह नै यस क्षेत्रको पहिलो कृति हो । त्यस क्रममा रामहरि अधिकारीकै **बाबुको चेलो** (२०५५) कथासङ्ग्रह, गोपी सापकोटाको **कमिलाको सपना** (२०५७), कृष्णादेवी शर्माको **घरभेटी भाउजू** (२०५९), सदानन्द अभागीको **पश्चात्तापको आँशु** (२०५८) र **परिवर्तन** (२०६३), बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०) र **पाखाको** (२०६६), इन्द्रेणी शर्माको **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) जस्ता कृतिहरू प्रकाशित भएका पाइन्छन् । कथासङ्ग्रह प्रकाशित नगरेका विभिन्न पत्रिकाहरूमा कथा प्रकाशित गर्ने अन्य कथाहरूमा नवचेतनावादी प्रवृत्तिहरू विशेष रूपमा फेला पर्दछन् भने विज्ञान कथाहरू पनि प्रकाशन भएका पाइन्छन् । समग्रमा हेर्दा नवलपरासीका कथाकारहरूका कथामा सामाजिक यथार्थवादी र नवचेतनावादी प्रवृत्तिहरू प्रमुख रूपमा देखा पर्दछन् ।

## २.२.६ उपन्यास

नवलपरासेली साहित्यमा धेरै पछि मात्र देखिएको मौलाउन नसकेको विधा उपन्यास हो । अन्य विधाहरूका तुलनामा विधा नवलपरासेली साहित्यमा प्रारम्भिक कालको आभ्यासिक चरणमा नै रहको देखिन्छ । सङ्ख्यात्मक र गुणात्मक रूपमा पनि यस विधाका कृतिहरू न्यून रहेका देखिन्छन् । वि.सं. २०५४ सालदेखि मात्र यस क्षेत्रमा उपन्यासका कृति प्रकाशन भएको पाइन्छ । टीकाराम पाण्डेयको **उपहार तिमीलाई** (२०५४), महेशप्रसाद लामिछानेको **विनाशको आगो** (२०५७), हरि बस्ताकोटिको **बिरानिएका पाइलाहरू** (२०६०), सदानन्द अभागीका **जीवन लीला** (२०६०), **नियति** (२०६१) र **तन्नेरी हजुरबा** (२०६१) जस्ता कृतिहरू प्रकाशित भएका देखिन्छन् । सामाजिक परिवेश र जनजीवनलाई विषयवस्तु बनाएर लेखिएका यी उपन्यासहरू उपन्यासका तत्त्वका दृष्टिले अत्यन्त कमजोर तथा सामाजिक यथार्थ र स्वच्छन्दतावादी प्रवृत्तिका रहेका पाइन्छन् ।

### २.२.७ नाटक

नवलपरासेली साहित्यमा देखिएको सबैभन्दा कान्छो विधा नाटक हो । यस क्षेत्रमा प्रतिभाहरूमा नाट्यलेखनप्रति ढिलो सचेतना जाग्नु नै यसको कारण रहेको छ । गोपी सापकोटाको सक्रियतामा 'सर्वनाम नाट्य समूह, गैंडाकोट' को स्थापना र नाट्यलेखन र मञ्चमा जागरुकता ल्याए तापनि नाट्यकृतिहरू भने प्रकाशित हुन नसकेको देखिन्छ । नवलपरासीका थोरैमात्र नाट्यकृति प्रकाशित भएको पाइन्छ । दुर्गा भुषालको **आँशु पुछ्ने दिन** (२०५७) र गोपी सापकोटाको **खरानी** (२०६०), हरिप्रसाद लम्फूको **आत्मिक ज्वाला** (२०६३) नवलपरासेली साहित्यमा देखिएका नाट्य कृतिहरू हुन् । नाट्यकृति प्रकाशित नगरे तापनि विभिन्न पत्रिकाहरूमा नाटक प्रकाशन तथा नाट्यमञ्चनमा निरन्तर लागिपरेका अन्य स्रष्टाहरूमा विष्णु लामिछाने, गोकुल कंडेल, अवतार कंडेल, चन्द्रमणी चापागाई, हरिप्रसाद लम्फू, सरोज उजाड आदि रहेका छन् । नाट्यतत्त्व र मञ्चनका दृष्टिले नवलपरासीका प्रतिभाका केही नाटकबाहेक अन्य नाटकहरू कमजोर र प्रारम्भिक अवस्थामा रहेका पाइन्छन् ।

### २.२.८ निबन्ध

नवलपरासेली साहित्यमा निबन्ध लेखन र प्रकाशन केही वर्षअघि देखि भए तापनि कृति प्रकाशन भने वि.सं. २०४७ सालदेखि भएको पाइन्छ । हुमाकान्त पाण्डेको **आँशुका अक्षरहरू** (२०४७) निबन्धको पहिलो कृति हो । निबन्धकै उपविधाका रूपमा मानिने जीवनी र यात्रा विवरणका कृतिहरू पनि प्रकाशित भएको पाइन्छ । सदानन्द अभागीका **म र मेराहरू** (२०६०) र **काठमाडौंदेखि देहरादुनसम्म** (२०६१) क्रमशः जीवनी र यात्रा विवरणका कृतिहरू हुन् । नारायणप्रसाद खनालको **नारायणीका लहरलहरमा** (२०६१), **गोरखाको डायरी** (२०६१), **निर्वचन र भाषिक सन्दर्भ** र **स्वप्नयात्रा र चिठी** (२०६७) जस्ता विविध विषयका निबन्धसङ्ग्रह प्रकाशित छन् । नवलपरासेली साहित्यमा निबन्धहरू धेरैजसो वस्तुपरक र केही आत्मपरक पनि रहेका देखिन्छन् ।

### २.२.९ समालोचना

नवलपरासेली साहित्यका स्रष्टाहरूबाट कृतिहरूको चर्चा परिचर्चा गर्ने परम्परा केही अघिदेखि रहे तापनि सैद्धान्तिक स्पर्शमा समालोचना गर्ने प्रवृत्ति भने वि.सं. २०४८ देखि

भएको पाइन्छ । नारायणप्रसाद खनाल यस क्षेत्रका अगुवा समालोचक बन्न पुगेका छन् र उनका **केही रहर केही ठहर** (२०४९), **समीक्षा प्रहर प्रहरका** (२०६१), **समीक्षाका आकारहरू** (२०६५) र **समस्यापूर्ति परम्परामा लेखनाथका कविताकाव्य** (२०६५) समालोचनाका कृति रहेका छन् । त्यस क्रममा भूपेन्द्र शर्माको **केही द्रष्टा केही दृष्टि** (२०४८), डा. घनश्याम न्यौपाने परिश्रमीको **साहित्य सन्दर्भ** जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित भएका पाइन्छन् । समालोचना विधामा कलम चलाउने अन्य स्रष्टाहरूमा गणेशप्रसाद खनाल, गोविन्दराज विनोदी, भगवती अर्याल (पाण्डे), श्यामप्रसाद न्यौपाने, विष्णु लामिछाने, खगेन्द्र बस्याल आदि रहेका छन् । यी समालोचकका विभिन्न समालोचनात्मक लेखहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।

### २.२.१० पत्रपत्रिकाहरू

कुनै पनि क्षेत्रको वाङ्मय लगायत विभिन्न क्षेत्रको समुन्नतिमा पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण रहन्छ । यस सन्दर्भमा नवलपरासेली साहित्यको श्रीबृद्धि र उन्नतिका लागि यहाँका विभिन्न पत्रपत्रिकाहरूको योगदान रहेको छ । यहाँ नवलपरासीबाट प्रकाशित हुने पत्रिकाहरूको नामोल्लेख गर्ने प्रयास गरिएको छ । वि.सं. २०३५ सालदेखि नवलपरासीमा (दैनिकदेखि वार्षिक रूपमा) प्रकाशित हुने दुई दर्जन जति पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यी पत्रिकाहरूमा डेढ दर्जनजति साहित्यिक र अन्य विविध समाचारमूलक पत्रिका रहेका छन् । नवलपरासीबाटै प्रकाशित पहिलो पत्रिका **त्रिवेणी** (२०३५) हो । **लालीगुँरास** (२०३७), **नयाँ आवाज** (२०४४), **दैनिक लुम्बिनी** (२०४५) अघिल्ला चरणका पत्रिकाहरू हुन् । वि.सं. २०४८ मा **देवचुली** साहित्यक पत्रिकाको प्रकाशनले साहित्यक पत्रकारिताको थालनी गरेको हो । नवलपरासीकै जेठो साहित्यक पत्रिका **देवचुली** को केही प्रकाशित भएको पाइन्छ र त्रैमासिक पत्रिकाको रूपमा पुनः प्रकाशित भइरहेको पाइन्छ । त्यस क्रममा **सौदामिनी** (२०४८), **त्रिवेणी** (२०४८), **पाल्ही नन्दन** (२०५१), **अमिट स्मृति**, **आत्मज्योति** (२०५५), **अस्तित्त्व** र **छुनामुना** (२०५६), **आदानप्रदान** (२०५७), **सहयात्री**, **अनामिका**, **शान्तिदीप** र **नवप्रभात** (२०५८), **हिमायती** र **इन्द्रधनुष** (२०६०), **श्रेय** र **इन्दु** (२०६१) जस्ता पत्रपत्रिकाहरूले नवलपरासीका स्रष्टाहरूका विभिन्न विधाका रचनाहरू प्रकाशित गरेर नवलपरासेली साहित्यमा योगदान दिएको देखिन्छ ।

### २.२.११ सङ्घसंस्थाहरू

विभिन्न संस्थाहरूद्वारा सञ्चालित साहित्यिक गतिविधि स्रष्टासम्मान र पुरस्कार पत्रपत्रिकाको प्रकाशनले त्यस क्षेत्रको साहित्यमा योगदान रहने कुरालाई नकार्न सकिन्न । त्यसमा पनि विशुद्ध साहित्यिक उद्देश्यले खोलिएका संस्थाहरूका गतिविधि र भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यस नवलपरासी क्षेत्रमा साहित्यिक गतिविधिमा वि.सं. २०४४ मा नाट्यसम्राट बालकृष्ण समको ८६ औं जन्मजयन्तीको अवसरमा आयोजित कवि गोष्ठीबाट औपचारिक रूपमा थालनी भएको पाइन्छ । त्यस कार्यक्रमको सञ्चालनसँगै यस क्षेत्रमा विभिन्न साहित्यिक सङ्घसंस्थाहरूको स्थापना भएको पाइन्छ ।  त्रिवेणी साहित्य परिषद् ( २०४७), सौदामिनी साहित्य परिषद् (२०४८),  सर्वनाम नाट्य समूह, गैंडाकोट (२०५०), परासी साहित्य समाज (२०५५), अमिट स्मृति साहित्यिक युवा समूह (२०५६), दाउन्ने साहित्यिक मञ्च (२०५७), गजल मञ्च नवलपरासी (२०६२) नवलपरासेली साहित्यमा साहित्यिक कार्यक्रम, पत्रपत्रिका प्रकाशन, स्रष्टा सम्मान र स्रष्टाका कृति प्रकाशन जस्ता विविध साहित्यक गतिविधिमा क्रियाशील संस्थाहरू हुन् । यी लगायत नवलपरासी जिल्लामा दुई दर्जन जति साहित्यिक सङ्घसंस्थाहरू रहेका र तिनको पनि नवलपरासेली साहित्यको विकासमा धेरथोर योगदान गरेको कुरालाई नकार्न सकिन्न । यसले नवलपरासेली साहित्यको भविष्य उर्वर र उज्ज्वल रहेको सङ्केत गर्दछ ।

## २.२ कथा विश्लेषणको आधार

यस उपशीर्षकअन्तर्गत कथाको स्वरूप, परिभाषा र तत्त्वहरूको बारेमा अध्ययन गरिएको छ ।

### २.२.१ साहित्यका अन्य विधाका सापेक्षतामा कथाको स्वरूप

भाषाका माध्यमले गरिने जीवनजगत्को कलात्मक अभिव्यक्ति साहित्य हो । जब जीवनजगत्को अभिव्यक्ति सौन्दर्यपूर्ण भाषाका माध्यमले कलात्मक रूपमा गरिन्छ तब त्यो साहित्य बन्दछ । साहित्यका चारवटा विधा छन्- निबन्ध, आख्यान, नाटक र कविता । निबन्ध त्यस्तो साहित्यिक विधा हो, जसमा निबन्धकारले सौन्दर्यपूर्ण गद्यभाषामा जीवनजगत्को कुनै विषयका बारेमा वैचारिक आग्रह पाठक समक्ष गर्दछ । आख्यान त्यस्तो साहित्यिक विधा हो, जसमा कुनै काल्पनिक घटना, पात्रपात्रा आदिको चित्रण गरी गद्यमा

जीवनजगत्का बारेमा सौन्दर्यपूर्ण अभिव्यक्ति गरिन्छ । नाटकमा आफू अप्रत्यक्ष रही काल्पनिक रूपमा खण्डन गरिएका प्रत्यक्ष दृश्य पात्रहरूका माध्यमले गद्यात्मक भाषामा गरिने जीवनजगत्को कलात्मक अभिव्यक्तिलाई साहित्यको नाटकविधा भनिन्छ । जीवनजगत्को लयात्मक सौन्दर्यपूर्ण भाषिक अभिव्यक्तिलाई कविता भनिन्छ । आख्यान विधाका २ उपभेद छन् जसमा उपन्यास र कथा पर्दछन् । कुनै कल्पित घटना, पात्रपात्राहरू आदिका माध्यमले गरिने जीवनजगत्को बृहत् अभिव्यक्ति उपन्यास हो भने छोटो आकारप्रकार भएको, कल्पित घटना, पात्रहरूद्वारा अप्रत्यक्ष रूपमा गरिने जीवनजगत्को सीमित खण्डको सौन्दर्यपूर्ण भाषिक अभिव्यक्ति कथा हो ।[३]

## २.२.२ कथाको परिभाषा

'कथा' संस्कृत भाषाको स्रोतबाट नेपाली भाषामा आएको तत्सम शब्द हो । 'कथ्' धातुमा 'अ' (अच्) प्रत्यय लागेर 'कथ' शब्द बन्दछ भने उक्त 'कथ' शब्दमा 'आ' (टाप्) प्रत्यय लागेपछि 'कथा' शब्द बन्दछ । यसको शब्दिक अर्थ 'कुनै कुराको कथन वा कुनै कुरा भन्ने काम' हो । शब्दिक अर्थको कोणबाट हेर्दा कथाको मूल रूप कथ्य रूप हो भन्ने स्पष्ट हुन्छ । कथाको परिभाषाको सन्दर्भमा सर्वप्रथम अमेरिकी कथाकार एडगर एलेन पो हुन् । उनी कथालाई एकै बसाइमा पढी सकिने, एकै प्रभावको सिर्जना गर्ने र अनावश्यक तत्त्वहरूको परित्याग गरिएको स्वयम्मा पूर्ण इतिवृत्त कथा हो भनेका छन् ।[४]

त्यसै गरी अर्का कथाकार एच.जी.वेल्सका अनुसार पन्ध्रदेखि पचास मिनेटसम्ममा पढिसकिने कौतूहलपूर्ण कलात्मक आख्यान नै कथा हो ।[५] अर्का विद्वान् लक्ष्मीप्रसाद देवकोटाका अनुसार कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।[६]

यसरी विभिन्न कथाकारहरूले दिएका परिभाषाहरू निकै गहकिला र सान्दर्भिक छन् । माथिका परिभाषालाई निष्कर्षमा भन्दा कथा भाषिक कलास्वरूप साहित्यका आख्यान विधाको त्यस्तो उपभेद हो जसमा सुन्दर गद्यभाषामा पठनपाठन र लघु आयाममा जीवनको कुनै एक अंशलाई झल्काउने खालका विषयको कुतूहलपूर्ण एवम् कलात्मक चित्रण हुने गर्दछ । कथा वास्तवमा विचार तथा भावना सञ्चरण गर्ने एउटा यस्तो कला हो जसले

[३] महादेव अवस्थी, **नेपाली कथा** भाग-२ (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०६५, पृ. ३ ।

[४] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, (उद्धृत) (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. ७ ।

[५] ऐजन ।

[६] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली आख्यान**, (उद्धृत) काठमाडौं : क्षितिज प्रकाशन, २०६३, पृ. ९ ।

आफ्नो सानो अध्ययनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन र समाजको सजीव चित्र कोर्दछ ।

## २.२.३ कथाको रचनाविधान/तत्त्वहरू

कथा-कलाको लेखन प्रक्रिया तथा यसका आन्तरिक र बाह्य गुणहरूलाई आधार मानी चिन्तकहरूले यसका विभिन्न सङ्गठन तत्त्वहरूको परिचय र प्रयोजनलाई प्रस्तुत गरेका छन् । कथाका सङ्गठनात्मक तत्त्वलाई कसैले रचनाविधानका आधार मानेका छन् भने कसैले उपकरण र धैरैजसोले तत्त्व नै मानेका छन् । पश्चिमी कथाचिन्तनका सन्दर्भमा हिन्दी आलोचक गोविन्द त्रिगुणायतले कथा वस्तु, पात्र अथवा चरित्रचित्रण, कथोपकथन वा संवाद, स्थिति या वातावरण, शैली र उद्देश्यलाई कथा रचनाविधानका मूल आधार मानेका छन् ।[७]

नेपाली साहित्यचिन्तक ईश्वर बरालले कथाका उपकरणका बारेमा नेपाली कथाको प्रकृति र रचनाविधानका आधारमा कथानक, क्रियाकलाप, पात्र, घटना, सङ्घर्ष, परिवेश, कौतूहल, चरमोत्कर्ष, उद्देश्य र कलात्मक अन्त्यजस्ता अनेक उपकरणहरूलाई स्विकारेका छन् ।[८]

समालोचक केशवप्रसाद उपाध्यायले कथाको सैद्धान्तिक परिचर्चाका सन्दर्भमा कथाको परिचयसहित कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतूहल, संवाद, शैली र उद्देश्यलाई कथाको रचनाविधानका प्रधान तत्त्व स्वीकारेका छन् ।[९]

कथाको रचनाविधानका सन्दर्भमा मोहनहिमांशु थापाले **साहित्य परिचय** शीर्षकको ग्रन्थमा कथावस्तु, पात्र, संवाद, भाषा-शैली, वातावरण र उद्देश्य गरी ६ वटा तत्त्व स्विकारेका छन् ।[१०] त्यसै गरी **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** नामक कृतिमा आधुनिक कथालाई स्थापत्य कलाका रूपमा चिनाउन चाहने कथाचिन्तक दयाराम श्रेष्ठले कथाका रचनाविधानका सन्दर्भमा कथारेखा, कथात्मक दृष्टिकेन्द्र, कार्य व्यापार तथा द्वन्द्व, पात्र र पात्रको मानस वा संवेदना तथा भाव-संवेग गरी पाँचवटा तत्त्वको प्रधानता रहने कुरालाई

---

[७] हरिप्रसाद शर्मा (दो.सं.), **कथाको सिद्धान्त र विवेचन,** (उद्धृत) ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ५८ ।
[८] ऐजन
[९] ऐजन
[१०] मोहनहिमांशु थापा (पाँचौं संस्करण), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन, २०६६, पृ. १६० ।

प्रस्तुत गरेका छन् ।[११] ईश्वर बरालले झ्यालबाट नामक कृतिमा कथाको रचनाविधान वा तत्त्वहरूका सन्दर्भमा उल्लेख गर्दै कथानक, चरित्र, सङ्घर्ष, सत्यको अनुभूति, विचार वा उद्देश्य, घटना आदिजस्ता तत्त्वहरूको विवेचना गरेका छन् ।[१२]

महादेव अवस्थीले **नेपाली कथा** भाग-२ नामक कृतिमा कथाका तत्त्वहरूलाई शीर्षकप्रयोग, विषय वा केन्द्रीय कथ्य, कथावस्तुयोजना, पात्रविधान, परिवेशचित्रण, परिच्छेदविधान, दृष्टिबिन्दु भाषाशैली र बिम्वप्रतीकप्रयोग गरी ९ वटा उपकरणहरूको चर्चा गरेका छन् ।

त्यसैगरी ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेले **नेपाली कथा** भाग-३ नामक ग्रन्थमा कथाका संरचनात्मक पक्षहरूको चर्चा विभिन्न समालोचकहरूले विभिन्न प्रकारले गरेपनि कथानक, चरित्र, सारतत्त्व, दृष्टिबिन्दु, भाषा, प्रतीक र बिम्ब, पर्यावरण र लय र गति गरी ८ वटा तत्त्वहरूको चर्चा गरेका छन् जसमा कथानक, चरित्र सारतत्त्व, दृष्टिबिन्दु, भाषा प्रमुख तत्त्व हुन् भने पर्यावरण, लय र गति, विम्ब र प्रतीक सहायक तत्त्वका रूपमा उल्लेख गर्दै त्यसको विवेचना गरेका छन् ।[१३]

दयाराम श्रेष्ठ 'सम्भव' **नेपाली कथा** भाग-४ नामक ग्रन्थमा नयाँ समालोचना अनुसार कथाको शरीररचना अर्थात् रचनाविधानलाई दुई खण्डमा विभाजित गरेका छन् -

क) संरचना र

ख) रूपविन्यास

संरचना अन्तर्गत उनले कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तुलाई समेटेका छन् भने रूपविन्यास अन्तर्गत पदविन्यास, बिम्वविधान, व्यङ्ग्य, प्रतीकविधान, तुलना, शीर्षक जस्ता कथाको भाषिक एवम् शिल्पशैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरूको विश्लेषण गरेका छन् ।[१४]

यसरी विभिन्न समालोचकहरूले कथाको रचनाविधान वा तत्त्वहरू वा उपकरणका सम्बन्धमा विभिन्न किसिमका तत्त्वहरूलाई आत्मसात् गरेको पाइन्छ । कथाका विभिन्न

---

[११] दयाराम श्रेष्ठ र मोहनराज शर्मा (आठौं संस्करण), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०६३, पृ. ६७ ।

[१२] ईश्वर बराल, **झ्यालबाट** (छैटौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०५३, पृ. २९-३१ ।

[१३] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे (चौथों संस्करण), **नेपाली कथा** भाग-३, ललितपुर : साझा प्रकाशन, २०६५, पृ. ३-६ ।

[१४] दयाराम श्रेष्ठ (दोस्रो संस्करण), **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०६०, पृ. ९-१२ ।

तत्त्वहरूको योगबाट नै एउटा कथाको संरचना तयार हुने भएकोले सबै तत्त्वको आ-आफ्नो भूमिका र स्थान रहनु स्वभाविकै हो । यहाँ नवलपरासी जिल्लाका पुस्तकारकार कथाकृतिको अध्ययन विश्लेषणका लागि शीर्षक, संरचना र रूपविन्यास जस्ता तत्त्व र ती तत्त्वभित्र पर्ने मुख्य घटकहरूको विश्लेषण गरिएको छ । संरचना अन्तर्गतका तत्त्वहरूमा नवलपरासी जिल्लाका पुस्तकाकार कथाकृतिको अध्ययन गर्दा कथावस्तु अन्तर्गत कथासङ्ग्रहभित्र समावेश गरिएका सामाजिक विषयवस्तु, राजनैतिक विषयवस्तु, शैक्षिक विषयवस्तु, प्रणयमूलक विषयवस्तु आदिजस्ता विषयलाई समाविष्ट गरी अध्ययन विश्लेषण गरिएको छ भने पात्र, दृष्टिबिन्दु र सारवस्तुलाई समावेश गरिएको छ । त्यसै गरी रूपविन्यासअन्तर्गत नवलपरासी जिल्लाको कथाकारिताको अध्ययन गर्दा कथासङ्ग्रह अनुसार कथामा रहेका सूक्ष्म तत्त्वहरू पदविन्यास, प्रतीक, शीर्षक, बिम्बविधान आदिजस्ता तत्त्वहरूलाई आवश्यकताअनुसार समष्टिगत रूपमा रूपविन्यास शीर्षक अन्तर्गत नै अध्ययन विश्लेषण गरी कथासङ्ग्रहको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.३ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा नवलपरासी जिल्लाको साहित्यले महत्त्वपूर्ण स्थान राखेको पाइन्छ । नवलपरासीमा २०२१ सालबाट सुरु भएको साहित्यिक यात्राले विभिन्न विधामा कृतिहरू प्रकाशित गर्दै आजका दिनसम्म आइपुग्दा यो उन्नत भैसकेको छ । नवलपरासेली साहित्यका तीनै चरणहरूले यसको यात्रालाई निरन्तर अगाडि बढाउँदै आएको छ । यस अवधिमा थुप्रै साहित्यकार र साहित्यिक कृति विभिन्न विधामा कलम चलाउँदै राष्ट्रियस्तरमा स्थापित भैसकेका छन् । कथाका विश्लेषणका सन्दर्भमा विभिन्न व्यक्तिहरूले व्यक्त गरेका विचारलाई समेट्दै यहाँ कथाको रचनाविधान अन्तर्गत संरचना र रूपविन्यास पक्षलाई आधार मानी नवलपरासीका प्रमुख कथाकृतिको अध्ययन कार्य गरिएको छ । संरचना अन्तर्गत कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तु तथा रूपविन्यास अन्तर्गत कथाभित्र रहेका सूक्ष्म तत्त्वहरूको अध्ययन गर्ने काम भएको छ । यसरी नवलपरासीको साहित्यिक सिर्जन परम्परा निरन्तर अगाडि बढिरहेको छ भने कथा लगायत अन्य विधाका शोधकार्यहरू पनि भएको पाउन सकिन्छ ।

# परिच्छेद : तीन

# नवलपरासीका प्रकाशित कथाकृतिको अध्ययन

## परिच्छेद : तीन

# नवलपरासीका प्रकाशित कथाकृतिको अध्ययन

### ३.१ कथाकार रामहरि अधिकारी

नवलपरासी जिल्लामा विगत २५ वर्षदेखि बसोबास गर्दै आएका रामहरि अधिकारी नवलपरासीबाट पहिलो कथाकृति प्रकाशित गर्ने कथाकार हुन् । उनका **अपशोच** (२०५१) र **बाबुको चेलो** (२०५५) कथासङ्ग्रह तथा **नारायणी** (२०५३) कवितासङ्ग्रह प्रकाशित भैसकेका छन् । यहाँ उनका कथाकृतिका बारेमा अध्ययन गर्ने कार्य गरिएको छ ।

### ३.१.१ परिचय

वि.सं. २०२१ सालमा कास्की जिल्लाको मिजुरे डाँडा गा.वि.स. वडा नं. ७, गोर्जेमा जन्मेका रामहरि अधिकारी आई.ए. सम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । साहित्य र धार्मिक कार्यमा बढी रुचि राख्ने अधिकारीले नवपरासीका विभिन्न साहित्यिक संस्थाहरूमा आबद्ध रहेर साहित्य सिर्जनामा लागेको पाइन्छ । उनी विगत दुई दशकदेखि नवलपरासी जिल्लामा स्थायी बसोबास गरी नवलपरासीको साहित्य सिर्जनामा क्रियाशील छन् ।

साहित्यका विविध विधामध्ये कथा र कविताका क्षेत्रमा कलम चलाएका अधिकारीका हालसम्म तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशन भइसकेका छन् । **अपशोच** (२०५१) उनको नवलपरासी जिल्लाकै प्रथम पुस्तकाकार कथाकृति हो भने उनको **बाबुको चेलो** (२०५५) अर्को कथासङ्ग्रह हो । यी कथासङ्ग्रहहरू मध्ये **अपशोच** कथासङ्ग्रहमा ७ वटा कथा र **बाबुको चेलो** कथासङ्ग्रहमा ११ वटा कथाहरू सङ्ग्रहित गरिएका छन् । उनका दुईवटै कथासङ्ग्रहमा नेपाली समाजको यथार्थ चित्रण गरेको पाइन्छ । उनले तत्कालीन युगका पीडाहरूलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । नेपाली समाजमा विद्यमान सांस्कृतिक तथा सामाजिक मूल्यमान्यताभित्र रहेर व्यक्तिको जीवन सफल बन्न नसक्ने स्थितिको चित्रण

गर्दै सामाजिक मान्यता, परम्परागत मूल्य र मान्यता, जीवनदृष्टि आदि माथि अधिकारीले व्यङ्ग्य प्रहार गरेका छन् साथै तत्कालीन राजनैतिक व्यवस्थाप्रति पनि असन्तुष्टि दर्साएका छन् । सामाजिक यथार्थवादी कथाकारका रूपमा देखिएका अधिकारी समाजको यथार्थ चित्रण गराउन व्यापक र विस्तृत परिवेश, सामाजिक मूल्यमान्यताको सन्दर्भमा पात्रको व्यक्तित्वको उपस्थिति गराउन सफल देखिन्छन् । यी कथासङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । प्रायजसो पात्रहरूमा परम्परागत मूल्यमान्यताको बोध प्रस्तुत गरेका छन् । यी सङ्ग्रहभित्रका कथाहरूमा नेपाली समाजको ग्रामीण तथा सहरिया दुवै परिवेशको राम्रो चित्रण गरेको पाउन सकिन्छ । अधिकारी सहरिया परिवेशको चित्रणमा भन्दा ग्रामीण जनजीवनको चित्रणमा बढी सफल भएका देखिन्छन् । अधिकारीका कथामा ठेट नेपाली शब्दहरूका साथै तत्सम्, तद्भव आगन्तुक सबै खाले भाषाको प्रयोग गरेका छन् भने पात्रको स्तर अनुसारको भाषाको प्रयोग गरेर आफू सामाजिक यथार्थवादी आदर्शोन्मुख कथाकार भएको पुष्टि गरेका छन् ।

रामहरि अधिकारीको **अपशोच** कथासङ्ग्रहको प्रकाशक कथासङ्ग्रहमा उल्लेख छैन भने **बाबुको चेलो** कथासङ्ग्रह (२०५५) सालमा सौदामिनी साहित्य परिषद्, बर्दघाटबाट भएको हो । यी कथासङ्ग्रहमध्ये **अपशोच** (२०५१) कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा नेपाली जनजीवनमा विद्यमान विकृति, विसङ्गतिको तीखो व्यङ्ग्य गर्नुका साथै आफ्ना जीवनका तीता-मीठा भोगाइहरूलाई देखाउने काम गरेका छन् ।

## ३.१.२ शीर्षक

शीर्षक कथाको आधारभूत तत्त्व हो । शीर्षक र वर्ण्य विषयका बिचमा अन्तरसङ्गति मिल्नुपर्ने हुन्छ । 'अपशोच' कथासङ्ग्रहको शीर्षक पनि त्यस शीर्षकभित्र रहेका अन्य कथाहरूको भावसँग मिल्दोजुल्दो देखिन्छ । शीर्षकले सामाजिक विषय वस्तुलाई समेटेको छ । कुनै कार्य गर्दा असफल भएको वा सोचे जस्तो नभएको अर्थमा कथासङ्ग्रहको शीर्षक राखिएको छ । यो सङ्ग्रहभित्रको एउटा कथा पनि हो । यसै आधारमा कथासङ्ग्रहको नामकरण गरिएको छ । यस कथासङ्ग्रहभित्र रहेका अन्य फुटकर कथाहरूमा *मेरो क्याम्पस जीवन, पुरानो साथी, त्रिवेणी, पुत्र-शोक, अपशोच, मेरी स्वास्नी* र *नेतृत्व परिवर्तन* गरी ७ वटा फुटकर कथाहरूको संयोजनबाट यो कथासङ्ग्रह पूर्ण भएको छ ।

### ३.१.३ संरचना

कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई कथाहरूमा समेटेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचार धाराप्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । त्यसैले कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिबिम्बित भएको हुन्छ तर कथाकारले आफ्नो यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछ । यही आकार नै संरचना हो । यसभित्र स्थूल तत्त्वहरू मात्र पर्दछन् जस्तो कथावस्तु, पात्र, दृष्टिबिन्दु, सारवस्तु यसबाट के स्पष्ट हुन्छ भने संरचनाभित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछन् ।[१]

संरचनाअन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा रामहरि अधिकारीको **अपशोच** कथासङ्ग्रहको अध्ययन यसरी गर्न सकिन्छ ।

#### ३.१.३.१ कथावस्तु

कथावस्तु नै कथाको बृहत्तम तत्त्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँदछ । कथामा यस तत्त्वको व्यक्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व वा घटकहरू समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयं कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण यसै तत्त्वले गर्दछ । यसरी कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त रूपाकृतिको रूपमा देखा पर्ने कथावस्तु कलागत मूल्यले युक्त हुन्छ । आधुनिक कथाको अवधारणा नै कलागत मूल्यमा आधारित छ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।[२]

विषयवस्तुका दृष्टिले कथाकार रामहरि अधिकारीको यो **अपशोच** कथासङ्ग्रहले व्यापक क्षेत्रलाई समेटेको पाइन्छ । यस सङ्ग्रहभित्रका कथाहरूमा कतिपय कथाको पृष्ठभूमि आफ्नै नितान्त वैयक्तिक जीवनको भावनाको उपजका रूपमा लिन सकिन्छ भने कतिपय सामाजिक, राजनैतिक, धार्मिक एवम् ग्रामीण पृष्ठभूमिमा रचिएका देखिन्छन् । कथाकार अधिकारीले केही कथाहरूबाट आफ्नो निजी अनुभूतिहरूलाई कथाका माध्यमद्वारा पोख्ने

---

[१] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचना** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, पृ. ८० ।

[२] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. ९ ।

जमर्को गरेका छन् । संक्षिप्तमा भन्दा सङ्ग्रहभित्रका कथाहरूमा गरिबी, पीडा, रूढिवादी प्रवृत्ति, राजनैतिक विषयवस्तुमा आधारित, नारी वेदना, धनी र गरिबबिचको भिन्नता आदि विविध विषयवस्तु समेटेर उनले यो कथासङ्ग्रहलाई पूर्णता दिन खोजेका छन् । अझ भन्दा उनले केही आफूले भोगेका विषयवस्तु छन् भने त्योभन्दा बढी आफ्नो समयमा समाजमा देखेका घटनालाई कथाको विषयवस्तु उनले बनाउने प्रयास गरेको पाइन्छ ।

नेपाली समाजमा भएको सत्कारपूर्ण व्यवहार, वर्तमान राजनैतिक कर्मीहरूको यथार्थ चित्रण, वैयक्तिक स्वार्थपूर्ण भावना, बहुविवाह, सामाजिक संस्कार, अपरिपक्व मायाप्रेमको डरलाग्दो परिणाम, समय र परिस्थितिलाई पहिचान गर्न नसक्दा पश्चात्ताप, अपरिपक्व राजनीति, समाजमा रहेको हेपाहा प्रवृत्ति, गरिबप्रतिको कारुणिक दृष्टि र आफ्नै जीवनको उकाली ओरालीजस्ता अनेकौं समसामयिक घटनाको यथार्थ चित्रण सकेसम्म उतार्ने प्रयास गरेका छन् ।

### क) सामाजिक विषयवस्तु

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्तु बनाएर रचना गरिएका कथाहरू सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाअन्तर्गत पर्दछन् । सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *पुरानो साथी, पुत्र शोक, मेरी स्वास्नी* आदिजस्ता कथाहरू पर्दछन् ।

समाजमा घटेका र घटन सक्ने घटनालाई मूल आधार बनाएर लेखिएका उनका कथामा *पुरानो साथी* पनि एक हो । यस कथाले सुकुम्बासी समस्यालाई मूल रूपमा प्रस्तुत गरेको छ । २५ वसन्त पार गरेर तराईको गाउँमा सुकुम्बासी टोलमा बसाइँ सरेका 'तारकनाथ' पात्रले वास्तविक सुकुम्बासीहरूले राम्रो जग्गा प्राप्त नगरेर हुकुम्बासीहरूले जग्गा प्राप्त गर्ने अनि त्यसमापनि घुसखोरी, नातावाद आदिजस्ता नराम्रा प्रवृत्तिको बोलबाला रहेको यथार्थ सामाजिक परिवेशलाई कथाकारले प्रस्तुत गरेका छन् । त्यसैगरी दुवै छोराको बिहे भएपछि घरमा बेमेल भएको सामाजिक विषयलाई देखाउँदै आफ्नो छोरालाई आफ्नै खुट्टामा उभिने गराउन भनसुन गरिदिन र केही काम अवश्य नै मिल्छ भन्ने ठूलो आसा लिएर 'साइला गुरुङ' अर्थात् पुरानो साथीकहाँ पुग्छ तर उसको आसा निराशामा परिणत हुन्छ साथीबाटै ऊ तिरस्कृत बन्न पुग्छ जुन कुरा यस कथामा प्रस्तुत गरिएको छ ।

त्यस्तै *पुत्र शोक* कथा पनि सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा मूलतः विश्वासमा चलेको समाज अनि घरपरिवार (श्रीमान्/श्रीमती) मा एकजनाको विश्वासघातका कारण सम्पूर्ण पारिवारिक जीवन नै तहस नहस हुने यथार्थ सामाजिक विषयलाई प्रस्तुतीकरण गरिएको छ । 'झलक' र कल्पना वैवाहिक जीवनमा बाँधिइसकेपछि जमिन्दारीको शान (बाबु बाजेको पालादेखि) झलकले पनि देखाउँछ भनेर कल्पनालाई सुनाइन्छ । कल्पना कल्पनै नगरेको कुरोबाट झस्कन्छे । नभन्दै झलकले आफ्नै छात्रा खुमकुमारी नाम गरेकीसँग बिहे गरेको खबर कल्पनाको कानमा पर्छ । यसरी झलक बहुविवाह गर्छ र एउटी नारीको हृदयलाई छिया-छिया पार्दछ । उसलाई सासूले सम्झाउँछिन् । गाउँमा कुरा गर्ने बाटो बन्छ । झलक निर्लज्ज भएर फर्कन्छ घरमा सौता-सौताको झगडा हुन्छ । कल्पना एक्लै बस्छिन् । सन्तोष नामको छोरालाई जन्म दिन्छिन् । दिनहरू बित्दै जान्छन् । उनी सीपमूलक काम सिक्छिन् त्यत्तिकैमा एकजना पुरुष (उनको बारेमा बुझेको) ले क्रमशः आफूतिर आकर्षित गर्न अनेकौं बाहना बनाउँछ, लोभ देखाउँछ अर्थात् वक्रदृष्टिले हेर्छ । सन्तोष बढ्दै जान्छ । जब ऊ १४ वर्ष पुग्छ र आफ्ना साथीहरूसँग जङ्गलमा काफल खान जाँदा रुखबाट खसेर मर्छ । जसबाट जीवनमा दुःख खपेकी कल्पनाको जीवन दुःखै दुःखमा बित्छ । जो होचो उसको मुखमा घोचो भने झैं समयले पनि उसलाई बर्बाद पार्ने सामाजिक यथार्थतालाई प्रस्तुत कथाले समेटेको छ । यस्ता समस्या हाम्रा समाजमा धेरै नारीले सहनुपरेको छ भन्ने कुरा कथाकारले देखाउन खोजेका छन् । यस कथामा कुलीन घरमा छोरीलाई विवाह गरेर दिएपछि उसले कहिल्यै दुःख, कष्ट र पीडा बेहोर्नु पर्दैन भन्ने रूढिवादी सोचाइ विपरीत एउटी नारीले कुलीन घरमा भोग्नु परेको पीडालाई देखाउन खोजिएको छ ।

त्यस्तै सामाजिक विषयवस्तुमा आधारित *मेरी स्वास्नी* कथा पनि हो । यस कथामा गरिबसँग मन मिलेर विवाह गरेपछि अर्काको देखेर ठूला-ठूला सपना देख्ने र त्यस सपनाले सम्पूर्ण परिवारकै विचल्ली भएको अर्थात् आफ्नो औकात अनुसारको व्यवहार गर्न नसक्दा प्राप्त गरेको निराशापूर्ण वैवाहिक जीवनको व्यथालाई देखाउन खोजिएको छ । यस कथामा मीना र सन्ते प्रेमविवाह गर्छन् । दुवैजना केही समयमसम्म खुशी हुन्छन् । तर समय बित्दै जाँदा मीनाका इच्छा र आवश्यकताहरू बढ्न जान्छन् त्यत्तिकैमा मजदुरी काम गर्ने सन्ते गाउँको बगाहा खोलामा पुल

बनाउने काम गर्न थाल्छ । ठेकेदार भीमबहादुरले सन्तेकी बूढी मीनाको रूपसौन्दर्य देखेर लठ्ठिन पुग्छ र आफूसँग भएको पैसाले किन्न खोज्छ । मीना पैसामा आफ्नो सर्वस्व दिन पुग्छे । गाउँमा हल्ला सुनिन्छ । सन्तेमा शङ्का हुन्छ । एकदिन दिउँसो काम छाडेर घर आउँदा दिउँसै रात परेको पाउँछ र भीमबहादुरलाई सिध्याउँछ । ऊ जेलमा पर्छ । श्रीमती लालाबाला छोडेर पोइला जान्छे । घरमा केटाकेटीको बिजोग हुन्छ । घरमा गृहलक्ष्मी ठीक नभए पारिवारिक जहाज डुब्ने सामाजिक विषयवस्तुलाई कथाकारले प्रस्तुत गरेका छन् ।

यसरी यस कथासङ्ग्रहभित्र रहेका सातवटा कथाहरूमध्ये मुख्य रूपमा *पुत्रशोक, पुरानो साथी* र *मेरी स्वास्नी* सामाजिक विषयवस्तुमा आधारित छन् ।

**ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू**

राजनीतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कथाहरू राजनैतिक कथा अन्तर्गत पर्दछन् । यस सङ्ग्रहभित्रका घटनाहरूमा वर्तमान समयका राजनीतिक घटनाहरूलाई यसका विकृति र विसङ्गतिहरूलाई कथामार्फत देखाउने काम भएको छ । राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *अपशोच* र *नेतृत्व परिवर्तन* जस्ता कथाहरू पर्दछन् ।

*अपशोच* कथा राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा प्रजातन्त्र प्राप्तिका लागि मरिमेट्ने योद्धा सरकारी चर्को दमनका कारण बिदेसिन बाध्य हुनुपरेको यथार्थता देखाउन खोजिएको छ एवं कुर्सीमा पुगेपछि पछाडि फर्केर नहेर्ने प्रवृत्तिको विरोध गरिएको छ र अनाहकमा जेलमा पुग्नुपरेको वास्तविकतालाई प्रस्तुत गरिएको छ ।

देशमा प्रजातन्त्र प्राप्तिका लागि जनताहरू आन्दोलनमा होमिए । नेताहरू तानाशाही व्यवस्थाका विरुद्धमा जनतालाई आन्दोलनमा उत्रन उत्तेजित गराए । आन्दोलन छेडियो । प्रहरी प्रशासन दमनमा उत्र्यो । दमनले चर्को रूप लियो । आन्दोलनका क्रममा कलेज पढ्दै गरेका युवाहरू देश छोड्न बाध्य भए । जसमा मनलाल एक प्रतिनिधि पात्र हुन् । उनी भारतमा पुगेपछि तत्काल स्वदेश फर्कने बाटो देख्दैनन् । त्यही काम गर्न थाल्छन् । होटलमा तल्लो स्तरको काम गर्न थाल्दछन् । कामप्रतिको लगनशीलता र इमान्दारिताले उनको स्तरोन्नति हुँदै जान्छ ।

त्यसको विरोध केही भारतीय कामदारबाट हुन्छ । उनी ५ वर्ष विदेशमा बसेको हुँदा देशमा प्रजातन्त्र आउँछ । उनी स्वदेश फर्कने तयारीमा रहन्छन् । यत्तिकैमा बाबुको मृत्युको खबर सुन्छन् र तुरुन्तै घर फर्कन्छन् । काजकिरिया सकेपछि प्रजातन्त्र प्राप्तिपछि जनतामा केही सुधार नदेखकोमा उनी गाउँका जानकार व्यक्तिसँग सोध्छन् र सुधारका लागि आफ्ना स्पष्ट विचारहरू व्यक्त गर्छन् ।

उता हरिप्रसाद नेपाली भइकन पनि भारतमा होटल सञ्चालन गरी बसेको हुन्छ र मनलालको स्वदेशभक्तिको प्रेरणाले आफ्नै देशमा केही गर्नु जाती हुन्छ भन्ने ठानेर नेपाल आउँछन् । पोखरामा होटलका लागि व्यवस्था गरी स्वीकृति लिन उद्योगमन्त्री कहाँ पुग्छन् । मन्त्रीले नानाथरी कुरा गर्छन् । घुस खोज्छन् । हरिप्रसाद र मनलाल दुःखी हुँदै भोलिको निम्तो पाएका उनीहरू बाटोमा पुग्दा मन्त्रीको राजिनामा माग्दै हजारौं मानिसहरू त्यहाँ आइपुग्छन् । प्रहरीले धेरै मानिसहरूलाई पक्रन्छ । हरिप्रसाद र मनलाल पनि हुलमुलमा समातिन्छन् अनि कथावस्तुको अन्त्य हुन्छ ।

यसरी प्रजातन्त्र प्राप्तिपछि पनि नेताहरू मोटाउँदै गएका, वास्तविक योद्धाहरू बिदेसिन पुगेको, शक्तिशालीको मात्र बोलबाला रहेको, गरिबहरू झन् गरिब बन्दै गएको, भोलिवादी प्रवृत्ति मौलाएको, घुसखोरी बढेको आदिजस्ता राजनैतिक विषयवस्तुलाई समेटेर लेखिएको *अपशोच* कथा कथाकार अधिकारीको सङ्ग्रहभित्रको सबैभन्दा लामो र शीर्षकथा पनि हो ।

त्यसैगरी *नेतृत्व परिवर्तन* अर्को राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा हाम्रो समाजमा नेताहरूको अहङ्कारी जीवनशैलीप्रति व्यङ्ग्य गर्दै उनीहरूको अदूरदर्शी प्रवृत्तिकै कारणले समाजको विकास हुन नसकेको विषयलाई उठान गरिएको छ ।

ध्रुवराज लामो समयदेखि गाउँको मुखिया बनेर बसेको छ । यसमा उसलाई अहम्ताले छोएको छ । गाउँलेहरू रुष्ट छन् । गाउँका प्रतिभाशाली व्यक्तिहरू पछाडि परेका र काम नलाग्ने थोत्रा व्यक्तिहरू नेता बन्दा समाजको विकासभन्दा व्यक्तिको विकास बढी भएको छ । ध्रुवराजले गरेका कुकृत्यहरूको पर्दाफास गर्न गाउँले पछाडि पर्दैनन् । उनका एक-एक कर्तुतहरू खुल्छन् । उनलाई नराम्रो कामको इनाम जुत्ताको माला लगाएर गाउँमा डुलाइन्छ । गाउँलेहरू रामबहादुरलाई नेतृत्व

सुम्पन्छन् । गाउँले एक भएपछि जस्तासुकै नेताको केही लाग्दोरहनेछ भन्ने कुरा देखाउँदै कथाकारले सही व्यक्तिको हातमा नेतृत्व पर्नाले गाउँले काँचुली फेर्न समय लाग्दोरहेनछ भन्ने कुरा रामबहादुरको नेतृत्व पाएपछि गाउँलेहरूले बुभ्दछन् र कथाको अन्त्य हुन्छ ।

खराब नेतृत्व समाजलाई दूषित पार्ने भएकोले सही नेतृत्व चयन गर्न सक्दा मात्र समाज र राष्ट्रको विकास हुन सक्ने राजनैतिक विषयलाई कथामार्फत व्यक्त गरिएको छ ।

### ग) शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

कुनै पनि कथाहरू ज्ञानवर्द्धक हुन्छन् । शिक्षासँग सम्बन्धित भएर रचना गरिएको कथाहरू शैक्षिक कथाहरू हुन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये *मेरो क्याम्पस जीवन* कथा यससँग सम्बन्धित विषयलाई समेटिएको कथा हो ।

आफ्नो जन्मथलो छोडेर पढ्नका लागि सहरमा ठूलो अभिलाषा बोकेर पुगेका 'म' पात्र अर्थात् स्वयम् कथाकार क्याम्पस जीवनलाई एउटा पवित्र शैक्षिक थलोका रूपमा लिन्थे तर आफ्नो भावनामा रहेको क्याम्पस ज्ञानार्जन गर्ने थलो, अनुशासित थलो एकाएक उनलाई त्यहाँको वातावरणले ठीक उल्टो बनाइदिन्छ । जब प्राध्यापकहरू कक्षामा प्रवेश गर्थे तब कालो बोर्डभरि अश्लील शब्दहरू देखिन्थे । जसबाट कथामा 'म' पात्र अत्यन्त दुःखित बनेको पाउन सकिन्छ । आफू विवाहित भएकोले क्याम्पस मनोरञ्जनको थलोको रूपमा लिने साथीहरूमाभ्रु उनी त्यति ध्यान दिँदैनथे । जब उनी प्रथम वर्षको पढाइ सकेर दोस्रो वर्षमा प्रवेश गर्छन् तब उनलाई पनि कता-कता क्याम्पसको हावाले छोएको महसुस हुन थाल्छ । उनको आँखा अचानक एउटी युवतीतिर तेर्सिन्छ जब उनी आफूलाई यथार्थतामा बुभ्छन् तब सपनाबाट ब्यूँभ्रे जस्तै गरी उनी भ्रस्कन्छन् र वास्तविकता बुभ्दा घरमा श्रीमती र दीपजस्तो छोरो भएको बुभ्छन् र कथावस्तुको अन्त्य हुन्छ ।

प्रस्तुत कथामा शिक्षाका लागि क्याम्पसमा जानेहरू आफैं अशिक्षित जस्तो बनेर अनेक कार्यमा लाग्दा दुःख हुने शिक्षामूलक विषयलाई समेटिएको छ र शिक्षाको पवित्र मन्दिरमा अनैतिक क्रियाकलाप हुन नहुनेतर्फ सचेत हुनुपर्छ भन्ने शिक्षा प्रस्तुत गरिएको यथार्थमूलक विषयवस्तु समेटिएको कथा हो ।

### ३.१.३.२ पात्र

कथाको स्थापनाकालमा पात्रहरूले त्यस्तो स्तम्भको भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकोले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथाका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्दछ ।[३]

यस कथासङ्ग्रहमा जम्माजम्मी ७ वटा कथाहरू रहेका छन् । कथाले जहिले पनि पात्रका माध्यमद्वारा राम्रो घटना घटाएर वा नराम्रो कार्य गरेर त्यसबाट एउटा सन्देश दिने काम गरेको हुन्छ । यस कथासङ्ग्रहमा मूलतः ग्रामीण परिवेशका पात्रको प्रयोग गरिएको छ । पात्रकै माध्यमद्वारा पाठकको एउटा सन्देश प्राप्त गरेको हुन्छ । त्यस्तो अवस्थामा यस कथासङ्ग्रहमा प्रयोग गरिएका पात्रबाट सहजरूपमा सन्देश ग्रहण गरिएको छ ।

त्यसैले यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा प्रयोग गरिएका पात्रहरू ग्रामीण परिवेशबाट टिपिएका छन् जुन कथावस्तुहरूलाई अगाडि बढाउन र सन्देश प्रवाह गर्न सफल भएका देखिन्छन् ।

### ३.१.३.३ दृष्टिबिन्दु

निश्चित अथवा काम्य उद्देश्य राखेर जब कथाकार कथानकको योजना गर्दछ, उसका अगाडि पात्रलाई कुन स्थान र महत्त्व प्रदान गरी कथानकलाई निश्चित आकृति प्रदान गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । यसको समाधान दृष्टिकोणले गर्दछ । कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटना प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ, यो प्रथम समस्या हो भने कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध छ, यो दोस्रो समस्या हो ।[४] कुनै कथामा प्रथम पुरुष 'म' पात्रको केन्द्रीय भूमिका रहन्छ भने कुनै कथामा

---

[३] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १३ ।
[४] दयाराम श्रेष्ठ, **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौं : ने.रा.प्र.प्र., २०३९, पृ. ५७ ।

तृतीय पुरुषको सर्वोपरि स्थान रहन्छ ।[५] दृष्टिबिन्दु केवल 'म' र 'त्यो' को शाब्दिक अर्थमा मात्र सीमित छैन परन्तु पात्रको मनको अनुभूति, भाव, संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः यो सम्बद्ध छ । दृष्टिबिन्दु पात्र चाहे जुनसुकै पुरुषमा होस् त्यस पात्रको मानसिक अनुहारलाई कथाकारले कुन हदसम्म चिनाउन सकेको छ, त्यसबाट नै कथामा 'दृष्टिबिन्दु' को प्रयोजन स्पष्ट हुन्छ । कति यस्ता कथा सामग्री हुन्छन् जसलाई कथाकारले आकार प्रदान गर्दा दृष्टिबिन्दु पात्रलाई 'म' कै स्थानमा नराखी हुन्न र त्यसलाई 'त्यो' को स्थानमा राख्दा त्यसको कलात्मक आकार वा संरचना प्राप्त गर्न सक्दैन तसर्थ कथामा कुन दृष्टिबिन्दुको प्रयोग गर्ने भन्ने कुरा कथासामग्रीको प्रकृति र कथाकारको अभिप्राय वा उद्देश्यमा निर्भर गर्दछ ।

कथामा पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । यस्तो दृष्टिबिन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

प्रस्तुत **अपशोच** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू जम्माजम्मी ७ वटा रहेका छन् । यी सबै कथाहरूमा आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा भएका कथाहरूमध्ये *मेरो क्याम्पस जीवन*मा आन्तरिक दृष्टिबिन्दु एवम् प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने अन्य ६ वटा कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

यसरी यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा मूलतः बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ३.१.३.४ सारवस्तु

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ अभिप्राय पाउँछौं त्यही नै सारवस्तु हो । कथामा कुनै न कुनै विचार वा भावको बीज-रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ, जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । त्यस बीज

---

[५] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचना** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ७० ।

रूपलाई विना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै पटक नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्दछ । त्यसैले बीज रूप भनेको कथा संरचनाको सौन्दर्य तत्त्व हो जसलाई सारवस्तुका रूपमा चिनिन्छ । सारवस्तुले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय तार झैं यस्ता भाव वा विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सशक्त छ ।[६]

प्रस्तुत 'अपशोच' कथासङ्ग्रहमा ७ वटा कथाहरू समावेश भएका छन् । सबै कथाहरू समष्टिगत रूपमा भन्दा गाउँले परिवेशमा घटेका घटनालाई यथार्थ रूपमा गाउँले पात्रहरूलाई समावेश गरिएको छ । सबै कथाले कथावस्तुअनुसार एउटा सन्देश छोड्ने काम गरेका छन् । एउटा व्यक्तिको जीवनमा र गाउँमा कस्ता-कस्ता किसिमका घटना घटेका छन् र घट्न सक्छन् भन्ने कुरा देखाउनु नै कथाकारले उद्देश्य रहेको पाइन्छ ।

## ३.१.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै 'रूपविन्यास' हो । यसअन्तर्गत कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् । पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीकविधान, तुलना, शीर्षक आदि पर्दछन् । कथाको भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरू यसमा पर्ने भएकाले तत्क्षण यसले पाठकवर्गलाई प्रभावित पार्ने काम गर्दछ । सारवस्तु, कथावस्तु आदिलाई पृथक् गरेर हेर्दा बाँकी जे देखिन्छ, त्यही नै रूपविन्यास हो । यसले गर्दा नै कथाको आधुनिक कालमा विधागत मान्यता पाएको हो । साहित्यमा प्रतीक मूल वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले कुनै पनि अमूर्त कुरालाई जनाउँदछ । यसरी कथामा प्रतीक अमूर्तको मूर्त विधान हो, जसले संरचना पक्षलाई नै बढी संवेद्य बनाउने अथवा पात्रको स्थितिलाई बोध गराउने भूमिका खेल्दछ ।[७]

यसरी प्रस्तुत कथासङ्ग्रहमा ७ वटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा रूपविन्यासका सबै तत्त्वहरू रहेका छन् । यी कथाहरूमा गाउँले जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा अत्यन्त सरल भाषा शैलीको प्रयोग गरिएको छ । लामा छोटा वाक्यहरूको

---

[६] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १२ ।
[७] ऐजन ।

प्रयोग गरिए पनि पाठकलाई अध्ययन गरेर अर्थ ग्रहण गर्न असहज छैन । कथाहरू पनि अभिधात्मक भएकाले सामान्य पाठकले पनि सहजरूपमा अर्थ ग्रहण गर्न सक्दछन् ।

यस सङ्ग्रहभित्र पत्रात्मक शैलीको पनि प्रस्तुति गरिएको छ, जसको नमुना यसप्रकार छ -

पूज्य पिता माता कुशल कामना ।
धेरै कष्ट उठाएर क्याम्पस आएको हजुरको छोरो मनलाल अति अभागी रहेछ । तपाईहरूको खुन पसिनाको मूल्य चुकाउन आएको छोरा हाल क्याम्पस छैन । तत्कालिन व्यवस्था विरोधी सङ्घर्षमा तितर बितर हुँदा गोरखपुर पुगेछु ।
हाल सीप, शरीरमा स्फूर्ति, शिरमा बुद्धि, आत्मामा ज्ञान लिएर कहिल्यै विदेश नफर्कने गरी नेपाल आमाको मुहुडा उज्जवल पार्ने दृढसङ्कल्प लिएर फर्कने छु ।

उही हजुरको दु:खी छोरा

मनलाल

(*अपशोच,* पृ. ३८)

यस सङ्ग्रहमा सङ्ग्रहित कथामा प्रश्नवाचनक चिह्न, उद्धरण चिह्नका साथै तद्भव, आगन्तुक शब्दको प्रयोग प्रशस्त मात्रा भएको छ भने विभिन्न उखान टुक्काको उचित प्रयोगले कथालाई अझ प्रभावकारी तुल्याएको छ ।

## ३.१.५ निष्कर्ष

कथाकार रामहरि अधिकारीद्वारा रचित **अपशोच** (२०५१) कथासङ्ग्रह नवलपरासी जिल्लाकै जेठो कथाकृति हो । यस सङ्ग्रहको प्रकाशक स्वयम् कथाकार नै हुन् । यस सङ्ग्रहभित्र जम्मा ७ वटा कथाहरू सङ्ग्रहित छन् । यी कथाहरूमा समसामयिक घटनाहरूलाई नै मूल विषय बनाइएको पाइन्छ । समाजमा चलेका कुरीतिहरूलाई उदाङ्गो पार्ने प्रयास, मित्रताको गुण ठूलो कुर्सीमा पुगेपछि निरर्थक ठान्ने प्रवृत्तिको विरोध, प्रजातन्त्र प्राप्त भएपछि पनि स्वार्थी भावना भएका व्यक्तिको चालचलन आदि नै यसमा समावेश भएका कथाका विषयवस्तु हुन् । यसमा सामाजिक, राजनैतिक तथा शैक्षिक विषयवस्तुहरू समावेश गरिएका छन् । सामाजिक विषयवस्तुमा आधारित कथामा *पुरानो साथी, पुत्र शोक, मेरी स्वास्नी, त्रिवेणी* आदि रहेका छन् । त्यस्तै शैक्षिक विषयवस्तु अन्तर्गत *मेरो क्याम्पस जीवन* कथा पर्दछ भने राजनैतिक विषयवस्तु अन्तर्गत *अपशोच* र *नेतृत्व परिवर्तन* जस्ता

कथाहरू पर्दछन् । *अपशोच* कथा राजनैतिक विषयवस्तुलाई प्रस्टाउने र यस सङ्ग्रहको शीर्षकलाई सार्थक बनाउने कथा हो । यस सङ्ग्रहका कथाहरूमा विशेष गरी ग्रामीण परिवेश अनुकूलको भाषाशैलीको प्रयोग गरिएको छ । कथाको बिच-बिचमा तत्सम, तद्भव र अनुकरणात्मक शब्दहरूका साथसाथै काव्य भाषाको पनि प्रयोग गरिएको पाइन्छ । कथाहरू प्रायः तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् भने *मेरो क्याम्पस जीवन* कथा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । ग्रामीण जनजीवनमा विद्यमान विकृति विसङ्गतिहरूलाई एवम् राजनैतिक विकृतिहरूलाई यस सङ्ग्रहभित्रका कथाहरूमा मुख्य रूपमा देखाउन खोजिएको छ ।

## ३.२ कथाकार रामहरि अधिकारी

नवलपरासी जिल्लामा विगत २५ वर्षदेखि बसोबास गर्दै आएका रामहरि अधिकारी नवलपरासीबाट पहिलो कथाकृति प्रकाशित गर्ने कथाकार हुन् । उनका **अपशोच** (२०५१) र **बाबुको चेलो** (२०५५) कथासङ्ग्रह तथा **नारायणी** (२०५३) कवितासङ्ग्रह प्रकाशित भैसकेका छन् । यहाँ उनका कथाकृतिका बारेमा अध्ययन गर्ने कार्य गरिएको छ ।

### ३.२.१ परिचय

वि.सं. २०२१ मा कास्की जिल्लाको मिजुरे डाँडा गा.वि.स. वडा नं. ७ गोर्जेमा जन्मेका रामहरि अधिकारी आई.ए. सम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । साहित्य र धार्मिक कार्यमा बढी रुचि राख्ने अधिकारीले नवलपरासीका साहित्यिक संस्थाहरूमा आबद्ध रहे पनि पछिल्लो समयमा साहित्यिक कार्यका साथै धार्मिक कार्यमा सक्रिय रूपमा लागेका पाइन्छन् ।

साहित्यका विविध विधामध्ये कथा र कविताका क्षेत्रमा कलम चलाएका अधिकारीका हालसम्म तीनवटा पुस्तकाकार कृतिहरू रहेका छन् । **अपशोच** (२०५१) उनको पहिलो कथाकृति हो भने **बाबुको चेलो** (२०५५) अर्को सङ्ग्रह हो । यी सङ्ग्रहमध्ये **अपशोच**मा सात र **बाबुको चेलो**मा एघारवटा कथाहरू सङ्ग्रहित गरिएका छन् । उनका दुईवटै कथासङ्ग्रहमा नेपाली समाजको यथार्थ चित्रण गरेको पाइन्छ । उनले समसामयिक युगका पीडाहरूलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । नेपाली समाजमा विद्यमान सांस्कृतिक तथा सामाजिक मूल्य मान्यताभित्र रहेर व्यक्तिको जीवन सफल बन्न नसक्ने स्थितिको चित्रण गर्दै सामाजिक

मान्यता, परम्परा मूल्य र मान्यता, जीवनदृष्टि आदिमाथि अधिकारीले व्यङ्ग्य प्रहार गरेका छन् । सामाजिक यथार्थवादी कथाकारका रूपमा देखिएका अधिकारी समाजको यथार्थ चित्रण गराउन व्यापक र विस्तृत परिवेश, सामाजिक मूल्य मान्यताको सन्दर्भमा पात्रको व्यक्तित्वको उपस्थिति गराउन सफल देखिन्छन् । यी कथासङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । प्रायः जसो पात्रहरूमा परम्परागत मूल्यमान्यताको विरोध प्रस्तुत गरेका छन् । यी सङ्ग्रहभित्रका कथाहरूमा नेपाली समाजको ग्रामीण तथा सहरिया दुवै परिवेशको राम्रो चित्रण पाउन सकिन्छ । अधिकारी सहरिया परिवेशको चित्रणमा भन्दा ग्रामीण जनजीवनको चित्रणमा बढी सफल देखिन्छन् । उनका कथाहरूमा ठेट नेपाली शब्दका साथै तत्सम्, तद्भव, आगन्तुक सबैखाले शब्दको प्रयोग भएको छ । पात्रको स्तरअनुसारको भाषाको प्रयोगका साथै सामाजिक विषयवस्तुलाई देखाएर सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित भएका छन् ।

रामहरि अधिकारीको **अपशोच** (२०५१) कथासङ्ग्रहको प्रकाशक उल्लेख छैन भने **बाबुको चेलो** (२०५५) कथासङ्ग्रह सौदामिनी साहित्य परिषद्, बर्दघाट, नवलपरासीबाट भएको हो, जसमध्ये पहिलो कथासङ्ग्रहमा ७ र दोस्रोमा ११ वटा कथाहरू सङ्कलित छन् । यीमध्ये अधिकारीले **बाबुको चेलो** (२०५५) कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा नेपाली समाजका राजनैतिक विकृति, विसङ्गतिप्रतिको व्यङ्ग्यका साथै नेताहरूको द्वैध चरित्रको खोइरो खन्दै सुधारको चाहना राखेका छन् ।

## ३.१.२ शीर्षक

शीर्षक कथाको आधारभूत तत्त्व हो । शीर्षक र वर्ण्य विषयका बिचमा अन्तरसङ्गति मिल्नुपर्ने हुन्छ । **बाबुको चेलो** कथासङ्ग्रहको शीर्षक पनि त्यस शीर्षकभित्र रहेका अन्य कथाहरूको भावसँग मिल्दोजुल्दो देखिन्छ । शीर्षकले राजनैतिक विषयवस्तुलाई समेटेको छ । एउटा चेलोले गुरुको गुरुदक्षिणा पूरा गर्न नसकेको अर्थमा कथासङ्ग्रहको शीर्षक राखिएको छ अझ भन्दा राजनैतिक क्षेत्रमा लागेका व्यक्तिले पदमा पुगेपछि सबै भुल्ने यथार्थलाई प्रस्तुत गरिएको छ । यस सङ्ग्रहभित्रका रहेका अन्य फुटकर कथाहरूको शीर्षकहरूमा - *आतङ्ककारी, क्रान्ति, बाबुको चेलो, आसको परिणाम, एउटा गरिब, अवकाश, ठूल्दिदी, भिनाजुको परिचय, घर फर्कदा, तपाईसँग 'पो' सोधें छु र एउटा रैछौं* रहेका छन् ।

यी ११ वटा फुटकर कथाहरूको संयोजनबाट **बाबुको चेलो** कथासङ्ग्रह संरचित भएको छ ।

## ३.२.३ संरचना

कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई कथाहरूमा समेटेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचार धाराप्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिबिम्बित भएको हुन्छ तर कथाकारले आफ्नो यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछ । यही आकार नै संरचना हो । जसरी एउटा कुशल मालीले फूलका विभिन्न आकारप्रकार र रङ्गढङ्ग मिलाई फूलको माला गुँथ्दछ, त्यसरी नै एउटा सफल कथाकारले केही आवश्यक र उपर्युक्त घटनाहरूको आधारमा संरचनाको निर्माण गर्दछ ।[८]

कथाको संरचना अन्तर्गत पाइने मुख्य घटकका आधारमा यहाँ रामहरि अधिकारीको **बाबुको चेलो** कथासङ्ग्रहको अध्ययन गरिएको छ ।

### ३.२.३.१ कथावस्तु

चारित्रिक कार्यव्यापारको स्वरूप अर्थात् कथावस्तुमा प्रारम्भ, मध्य र अन्तको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथानक भनिन्छ । कथाको चरित्रविकासमा सहयोग पु¥याउनु र योगदान दिनु कथानको मुख्य उद्देश्य हो तापनि यसलाई कथासंरचनाको सबभन्दा स्थूल र सबल तत्त्व मानिन्छ । कथामा यसको आद्यन्तव्याप्ति रहन्छ र यसले अन्य तत्त्वहरूलाई समेत प्रभावित पार्दछ । कथामूल्यको निर्धारण समेत कथानककै आधारमा हुने हुँदा कलागत मूल्ययुक्त कथाको मूर्त रूपाकृति कथानक बन्न जान्छ र यसले कथामा समग्र निर्मिति अर्थात् रचनागत समग्रताको बोध गराउँदछ ।[९]

विषयवस्तुका दृष्टिले कथाकार रामहरि अधिकारीको यो **बाबुको चेलो** कथासङ्ग्रहले व्यापक क्षेत्रलाई समेटेको छ । यसभित्रका कथाहरूमा कतिपय आफ्नै निजी जीवनका

---

[८] मोहनहिमांशु थापा, **साहित्य परिचय** (पाँचौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०६६, पृ. १४७ ।

[९] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ५९ ।

अनुभूतिको उपजका रूपमा लिन सकिन्छ भने कतिपय सामाजिक, राजानैतिक, धार्मिक एवम् ग्रामीण र सहरिया दुवै पृष्ठभूमिमा रचिएका छन् । सङ्क्षिप्तमा भन्दा सङ्ग्रहभित्रका कथाहरूमा गरिबी, रूढिवादी प्रवृत्ति, अहङ्कार, धनी र गरिबबिचको भिन्नता, गरिबीले जन्माएको पीडा, समाजमा हराउँदै गएको मूल्य र मान्यताको ह्रास, समसामयिक राजनैतिक विकृति, कर्मचारीहरूको प्रवृत्ति आदि विविध विषयवस्तु समेटेर अधिकारीले कथासङ्ग्रहलाई पूर्णता दिएका छन् । केही आफूले देखेभोगेका विषय छन् भने केही आफ्ना समाजका घटनालाई कथाको विषयवस्तु बनाइएका छन् ।

नेपाली समाजमा वर्तमान समयमा देखिएको राजनीतिक कर्मीहरूको पारदर्शी चित्रण, स्वार्थी भावना, रूढिवादी संस्कार र त्यसले पारेको प्रभाव, गरिबीको पीडाले आतङ्ककारी बन्नु परेको बाध्यताको वर्णन, चाकरी गर्नेहरू मौलाएको प्रसङ्ग, मानवता शून्य भएको सहरी परिवेशको चित्रण, आसको परिणाम, कर्मचारीतन्त्रको चित्रण, जीवनमा अर्काको बुद्धिमा लाग्दा पाएको धोका, पारिवारिक पृष्ठभूमि, मानवतावाद आदि जस्ता अनेकौं समसायिक घटनाको यथार्थ चित्रण कथाकार अधिकारीले देखाएका छन् ।

### क) सामाजिक विषयवस्तु

हाम्रा वरिपरिको समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषय बनाएर रचना गरिएका कथाहरू यसअन्तर्गत पर्दछन् । यस विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *आसको परिणाम, ठूल्दिदी, भिनाजुको परिचय, घर फर्कदा, तपाईसँग पो सोधेछु* र *एउटा रैछौ* जस्ता कथाहरू रहेका छन् ।

कथाकार अधिकारीको **बाबुको चेलो** कथासङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुलाई अङ्गालिएको कथा *आसको परिणाम* कथा पनि एक हो । यस कथाले एउटा गरीबले आस गर्दा जीवनमा शून्यशिवाय अरू केही प्राप्त गर्न नसकेको 'नन्दु' को कथा हो । पढ्ने उद्देश्यका साथ सहर पसेको 'नन्दु' कोठा भाडा र पढाइ खर्च जुटाउन सहरका गल्ली गल्ली घुमेको छ तर कुनै पनि काम पाउन सकेको छैन । ऊ नेताका मीठा भाषणमा पर्छ, आस गर्छ, बारम्बार काम पाइने आसामा धाउँछ तर निराशा मात्र पाउँछ किनभने उसका सहरमा ठूला आफन्त कोही नभएकोले दुःख पाएको प्रसङ्ग कथामा प्रस्तुत भएको छ । वास्तवमा सामाजिक विषयवस्तुसँग सम्बन्धित यो कथा सहरी मानवमा मानवता हराएको प्रसङ्ग प्रस्तुत गर्दै एउटा

गरीबले आस गर्दा शून्यता प्राप्त गर्नुपर्ने वर्तमान समयको यथार्थतालाई देखाएको छ ।

त्यस्तै *ठूल्दिदी* अर्को सामाजिक कथा हो । हाम्रो जीवनमा आफ्नो निर्णय आफै गर्न नसक्दा आइपर्ने समस्यालाई प्रस्तुत गरिएको छ । बालविवाह भएकी ठूल्दिदी सानैमा पतिवियोगको पीडा खपेकी उनी जीवनभर पतिव्रता बस्ने हिन्दू आदर्श नारी हुन् । उनी माइतीमा बसेका छिन् । दाइकी छोरी शीलालाई आफ्नै ढिपीले एउटा गरिब तर स्वाभिमानी व्यक्तिसँग विवाह गरिदिइन् । विवाह गरेपछि ज्वाइँलाई आफ्नै घरमा घरज्वाइँ राख्ने सोच गरेकी उनी ज्वाइँले नमान्दा शीलालाई उस्काउन थाल्छिन् र उनीहरूका बिचमा अन्ततः पारपाचुकेमा पुग्छन् । ठूल्दिदीको मृत्यु हुन्छ । शीलाले सम्पत्ति पाउँदिन् । ऊ घर न घाटकी हुन्छे । ऊ अर्काको बुद्धिमा लागेर दुःख पाउँछे । अन्ततः ऊ लज्जित भएर आत्महत्या गर्न पुग्छे । नेपाली समाजमा घटन सक्ने घटनालाई विषयवस्तु बनाइएको यो कथा ठूल्दिदीकै केन्द्रीयतामा अगाडि बढेकाले शीर्षक पनि सार्थक छ ।

*भिनाजुको परिचय* अर्को सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । सहरिया परिवेशको चित्रण गरिएको यो कथा सहरिया आफन्तहरूको हेपाहा प्रवृत्तिको चित्रण गरिएको छ । कामको खोजीमा सहर पुगेको विपिन अपरिचित भिनाजुसँग परिचित भएपछि घरमा पुग्छन् । भिनाजु ठूला पदमा रहेका व्यक्ति थिए । विपिन भिनाजुले काममा लगाइदिनुहुन्छ भन्ने ठूलो आसामा पर्छ र आउनेजाने क्रम बढाउँछ तर भिनाजुले पछि नचिनेझैं गरिदिन्छन् जसबाट विपिन दुःखी हुन्छ र दाजुको कोठामा पुग्छ । दाजुभाइका बिच कुराकानी हुँदा भिनाजुको स्वार्थी प्रवृत्तिको परिचय पाउँछ । कथावस्तु संक्षिप्त रहेको प्रस्तुत कथा सहरिया मानिसहरूमा हराउँदै गएको मानवता र वेवास्ता गर्ने प्रवृत्तिको विरोध गर्दै दुःख पर्दा सक्नेले हेर्नुपर्छ भन्ने मान्यता राख्दछन् । सहरिया मानिसहरू स्वार्थी, मतलबी हुन्छन् भन्ने देखाउनु नै कथाको उद्देश्य रहेको छ ।

त्यस्तै *घर फर्कँदा* सामाजिक विषयवस्तुको छनक पाइने कथा हो । यो यात्राका क्रममा कथाकारले देखेको घटनासँग सम्बन्धित छ । युवायुवतीहरूको क्रियाकलापको चित्रण गरिएको यस कथा यात्राका क्रममा भेटिएका युवक र युवतीका बिचमा भएका क्रियाकलापसँग सम्बन्धित छ । लोकलाजका कारण

उनीहरू आपसमा खुल्न सक्दैनन् । यात्रा टुङ्गिन्छ । कथाकारको वैयक्तिक जीवनसँग सम्बन्धित यस कथालाई उनले सामाजिकताको जलप लगाउने प्रयास गरेका छन् ।

*तपाईसँग 'पो' सोधे छु* अर्को सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । संवादात्मक शैलीमा प्रस्तुत यस कथामा कथाकारले पारिवारिक पृष्ठभूमिलाई आधार मानेर कथा रचना गरेका छन् । यस कथामा केन्द्रीय कथ्य नभए पनि आफूलाई चिनेर बुझेर मात्र अरूसँग व्यवहार गर्नुपर्ने सन्देश दिइएको यो कथा सामाजिक-पारिवारिक पृष्ठभूमिमा रचिएको छ । श्रीमान् र श्रीमतीका सामान्य शङ्काको विषयलाई प्रस्तुत गरेको यो कथा अरूमाथि अनावश्यक शङ्का गर्दा पारिवारिक वातावरण बिग्रन सक्छ भन्ने सन्देश दिइएको छ ।

त्यस्तै *एउटा रैछौ* कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यात्राका क्रममा एउटा वृद्ध आइमाईलाई कसैले सिट छोड्दैनन् त्यसक्रममा वृद्धाले अनुरोध गर्दछिन् । कोही पनि उठ्दैनन् । त्यसक्रममा एकजना 'हर्कमान' भन्ने यात्रीले वृद्धालाई ठाउँ छोडी आफू उठ्छन् । वृद्धा खुसी हुन्छिन् र आशिष दिन्छिन् हर्कमानलाई । यस कथामा कथाकारले हाम्रो समाजमा मानवता हराउँदै गएको वर्तमान समयको सन्दर्भमा सामाजिक कथाको राम्रो नमुना मान्न सकिन्छ । यसमा अशक्तहरूलाई सक्नेहरूले सहयोग गर्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत कथासङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये *आसको परिणाम, ठूल्दिदी, भिनाजुको परिचय, घर फर्कदा* जस्ता कथाहरू रहेका छन् ।

### ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

राजनीतिलाई विषय बनाएर लेखिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस सङ्ग्रहभित्र *बाबुको चेलो, आतङ्ककारी, क्रान्ति, एउटा गरीब, अवकाश* जस्ता कथाहरू राजनैतिक विषयसँग सम्बन्धित रहेका छन् । यी कथाहरूमा राजनैतिक क्षेत्रमा लागेका व्यक्तिका स्वार्थपूर्ण क्रियाकलापका साथै विकृति र विसङ्गतिको चित्रण गरिएका छन् ।

*आतङ्ककारी* कथा राजनैतिक विषयवस्तुमा आधारित कथा हो । यसमा एउटा गरिब व्यक्ति आतङ्ककारी हुनुपर्ने बाध्यताको चित्रण गरिएको छ । एउटा गरिब गरिबीले सताएपछि दुई छाक खान र एकसरो लगाउन लामो सङ्घर्ष गरेको

तर नेताहरू आफ्नै मोजमस्तीमा लागेको विषयलाई प्रस्तुत गर्दै कथाकारले गरिब युवक रहरले नभई बाध्यताले हतियार उठाउन विवश बनेको तत्कालीन सन्दर्भलाई प्रस्तुत गरेका छन् । हतियार उठाएपछि ऊ किन यसो गऱ्यो भन्ने कुरा नबुझी उल्टै राजद्रोहको अभियोगमा जेलमा पुऱ्याएको छ तर उसको पक्षमा जनलहर उर्लेपछि सरकार पतन भएको प्रसङ्ग कथामा प्रस्तुत भएको छ । अन्तमा युवक छुटेपछि मानवतावादी नेता बनेर जनताको सेवामा लागेको प्रसङ्गसँगै कथानकको अन्त्य भएको छ । कथाकारले प्रस्तुत कथामा एउटा गरिब कसरी आतङ्ककारी बन्छ भन्ने यथार्थको चित्रण गरेका छन् ।

त्यस्तै *क्रान्ति* अर्को राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यसमा सीधासाधा हिसाबले राजनीति गर्नेहरूको कुनै स्थान र मौका नपाउने यथार्थताको चित्रण गरिएको छ । यसमा प्रजातन्त्र प्राप्तिका लागि लामो युद्ध लडेका र सर्वस्व गुमाएका 'निरूपाध्याय' भन्ने सज्जन राजनीतिक कर्मी निर्वाचनका समयमा पार्टी र राष्ट्रका लागि मरिमेट्नेले कुनै स्थान नपाएको समस्यालाई प्रस्तुत गरिएको छ । यसक्रममा आर्थिक रूपमा सम्पन्न, प्रजातन्त्रका विरोधी हत्याराहरूलाई प्रजातन्त्र सुम्पिएकोमा उनको विरोध देखाइएको छ र अर्को क्रान्ति नगरी सच्चा प्रजातन्त्र प्राप्त नहुने र निरूपाध्याय जस्ता मरिमेट्नेहरूले स्थान नपाउने वर्तमान नेपालको राजनीतिक अवस्थालाई देखाउन कथाकार सफल देखिन्छन् ।

*बाबुको चेलो* अर्को राजनैतिक विषयसँग सम्बन्धित कथा हो । यसमा नेताको आसमा काम हुन्छ भनी लाग्दालाग्दै समय र ऋणले चुर्लुम्म भएको पात्रको चित्रण गरिएको छ । यस कथामा राजनीतिमा लाग्दा सोझा साझा जनतालाई भऱ्याङ बनाउने र कुर्चीमा पुगेपछि काम मिलाइदिन्छु भनेर आसवासन र चिल्ला कुराले मख्ख पार्ने नेपाली नेताहरूको विशेषतालाई देखाएका छन् । कथाकारले यसमा आफ्ना बाबुको चेलो मन्त्री बनेको र पछि मन्त्रीले गुरुको छोरालाई चिप्ला कुराले उसको जीवन नै चिप्लाइएको यथार्थतासँगै केही पाउन आफूले पनि दिनुपर्ने भन्ने कुरा बुझेको र राष्ट्र र जनताको लागि लागेका नेताले आफ्नो स्वार्थसिद्धिमा मात्र लागेको सामाजिक यथार्थतासँगै कथावस्तुलाई टुङ्ग्याइएको छ । यसमा नेताको आसमा लाग्नाले जीवन वर्वाद हुन सक्छ भन्ने सन्देश प्रस्तुत गर्ने उद्देश्य कथाकारले राखेका छन् ।

त्यस्तै *एउटा गरिब* कथा पनि यसै विषयवस्तुमा रचित कथाकार अधिकारीको कम्युनिस्ट पार्टीका क्रियाकलापको आलोचना गरिएको कथा हो । यसमा ‘संसारका मजदुर एक होऔं’ भनेर नारा दिने कम्युनिस्टहरू आफैं फुटेका र एउटा गरिबको पार्टी भएर गरिबलाई नहर्ने र आफ्नै चोचोमोचो मिलाउने धूर्त एवम् गरिबहरूको खुन चुस्ने जुका बनेर पदीय लोभलालचमा फसेका नेताहरूको निन्दा गरिएको छ । सर्वाहारा वर्गका पार्टी भनी आफूलाई चिनाउने तर एउटा गरिब पार्टी कार्यालयमा भीख माग्न जाँदा वास्ता नगरेको प्रसङ्गलाई ‘म’ पात्रले देखेको र आफूलाई असल पार्टी, जनताको पार्टी भन्नेहरू राष्ट्रको ढुकुटी सिद्धाउने स्वार्थी र ऐस आराम, मोजमस्तीको पार्टीको रूपमा देखिएकोमा चिन्ताका साथै व्यङ्ग्य प्रहार गरेका छन् । कथावस्तु गरिबकै केन्द्रीयतामा अगाडि बढेको छ र पार्टीका क्रियाकलापप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

**बाबुको चेलो** कथासङ्ग्रहमा सङ्कलित अर्को राजनैतिक विषयवस्तुमा आधारित कथा *अवकाश* हो । यसमा कर्मचारीतन्त्रको राजनैतिक क्रियाकलाप र राजनीतिक कर्मीको व्यवहारको विश्लेषण गरिएको छ । धर्मनाथ भन्ने व्यक्ति सीधा भएकाले कर्मचारी हुँदा दाँयाबाँया गर्न जानेनन् । पछि अवकाश प्राप्त गरेपछि ‘गरिब उत्थान सङ्घ’ नामको पार्टी खोलेपछि त्यसैबाट मन्त्री बन्न पुग्छन् तर उनले कर्मचारीहरूको प्रवृत्तिलाई त्यहाँ पनि देख्छन् । जसले उनलाई हिजो काम गर्न दिएका थिएनन् तिनै आज अरू नेताको पछि लागेर स्वार्थसिद्धि पूरा गर्न लागिपरेको कर्मचारीहरूको व्यवहारलाई यथार्थको धरातलमा प्रस्तुतीकरण भएको अधिकारीको उत्कृष्ट कथा हो । सोझासाझा मान्छेसँग जति नै शक्ति भएपनि त्यसको केही नचल्ने र नेताहरूको चाकरी गर्ने प्रवृत्तिका कारण जनताले स्वतन्त्र रूपमा सेवा पाउन नसकेको वर्तमान समयको यथार्थतालाई कथाकारले स्थान दिएका छन् ।

यसरी **बाबुको चेलो** कथासङ्ग्रहमा कथावस्तुमा देखिएको विभिन्नताका दृष्टिले सामाजिक र राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू समेटिएका छन् ।

### ३.२.३.२ पात्र

कथाको अर्को महत्त्वपूर्ण उपकरण पात्र हो । पात्रकै माध्यमबाट कथाकारले आफ्नो कथाको परिवेशअनुसार विचारलाई प्रस्तुत गरेका हुन्छन् । पात्र त्यो हो जसलाई कथाभित्र

एकपल्ट चिनेपछि प्रत्येक मिल्दो अवस्थाविशेषमा त्यसको रूप हाम्रो मनको आँखा अगाडि उभिन आइपुग्दछ । कथामा पात्रको मनोदशालाई उनीहरूको आ-आफ्नो स्वभाव र प्रवृत्तिहरूको आधारमा चित्रण गर्नको निम्ति कुनै न कुनै सानो या ठूलो घटनाको रूपमा अगाडि आउनु आवश्यक हुन्छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुनुपर्दछ ।[१०]

यस कथासङ्ग्रहमा ११ वटा कथाहरू सङ्ग्रहित रहेका छन् । कथामा जहिले पनि कथाकारले पात्रका माध्यमद्वारा कुनै घटना घटाएर त्यसका माध्यमद्वारा एउटा सन्देश छर्ने काम गराएका हुन्छन् । यस सङ्ग्रहमा सहरिया एवम् ग्रामीण परिवेशका पात्रहरूको प्रयोग गरिएको छ । पात्रकै माध्यमबाट पाठकले एउटा सन्देश ग्रहण गरेका हुन्छन् । त्यस्तो अवस्थामा यस कथासङ्ग्रहमा प्रयोग गरिएका पात्रबाट सहजरूपमा सन्देश प्राप्त भएको छ ।

त्यसैले यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा प्रयोग भएका सहरिया एवम् ग्रामीण परिवेशका पात्रहरूका माध्यमबाट कथावस्तुलाई अगाडि बढाउन र सन्देश प्रवाह गर्न सफल भएका छन् ।

### ३.२.३.३ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकसमक्ष पुऱ्याउँछ । कथाकार र पाठकबिचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामग्रीलाई कथाको आकारमा मूर्तिमान् गर्दछ । कथामा यो कति महत्त्वपूर्ण छ भने यो बिना कथामा प्रयुक्त परिवेश, चरित्रचित्रण, भाव आदिमा सजीवता आउन सक्दैन ।[११] कथामा मूलतः प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु रहेका हुन्छन् । प्रथम पुरुषमा कथाकार स्वयम् वा अरू कुनै पात्र 'म' का रूपमा र तृतीय पुरुषमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । कुनै पनि उत्कृष्ट कथामा स्वयम् कथाकारको ज्ञान, बोध र भावनाको अन्तःसम्बन्ध पात्रसँग रहेको हुन्छ । पात्रको जीवन्तता तथा विश्वसनीयता दृष्टिबिन्दुमा निर्भर रहेको हुन्छ ।

---

[१०] कृष्णचन्द्रसिंह प्रधान, **साझा समालोचना** (पाँचौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०५८, पृ. ३६४ ।
[११] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. ११ ।

प्रस्तुत **बाबुको चेलो** कथासङ्ग्रहमा जम्माजम्मी ११ वटा कथा रहेका छन् । यी सबै कथाहरूमा प्रथम तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा भएका कथाहरूमा 'एउटा गरीब' आन्तरिक एवम् प्रथम पुरुष केन्द्रित दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने अन्य आतङ्ककारी, क्रान्ति, आसको परिणाम, अवकाश आदिजस्ता कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसरी यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा मूलतः बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ३.२.३.४ सारवस्तु

कथाकार जुन केन्द्रीय अभीष्टबाट आकृष्ट भएर कथा लेख्छ, उसको त्यो प्रेरक तत्त्व नै सारवस्तु हो । कथा लेखनका पछाडि अवश्य पनि कथाकारका भावगत र कलागत कामनाहरू रहेका हुन्छन् । मानवशरीरमा आत्माको अवस्थिति जस्तै कथामा पनि भावको अवस्थिति वा सारवस्तु रहन्छ ।[१२] दयाराम श्रेष्ठले आधुनिक कथा उद्देश्यलाई सारवस्तु मान्दै कथामा उद्देश्यको स्थान आग्रहीकरणको परित्याग र कलात्मकताको वरणका लागि स्वीकार्य हुनुपर्दछ भनेका छन् । सारवस्तुले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानी भित्रको विद्युतीय तार झैं यस्ता विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सक्तछ ।

प्रस्तुत **बाबुको चेलो** कथासङ्ग्रहमा ११ वटा कथाहरू रहेका छन् । सबै कथाहरूको सारवस्तुलाई समष्टिगत रूपमा भन्दा सहरिया एवम् गाउँले परिवेशमा घटेका र घट्न सक्ने घटनालाई परिवेश अनुकूलको पात्रको प्रयोगद्वारा कथावस्तुलाई अगाडि बढाई कुनै न कुनै समाजको एक पक्षलाई उजागर गर्ने काम गरिएको छ । गरिबीको पीडा, नेताहरूको चिप्ला कुराभित्र रहेको विश्वासघात, सिधासाधा व्यक्तिको कुनै स्थान नरहेको प्रसङ्ग, समाजका आदर्श र मूल्यमान्यता हराउँदै गएको प्रसङ्ग, वर्तमान समयको राजनैतिक पार्टीका क्रियाकलापमाथि व्यङ्ग्य आदिजस्ता विचारहरू यस कथासङ्ग्रहमा प्रस्तुत गरी पाठक वा समाजमा परिवर्तन ल्याउन कथाकार सफल भएका छन् ।

## ३.२.४ रूपविन्यास

रूपविन्यास कथाकारले कथावस्तुलाई एउटा निश्चित संरचना प्रदान गरेपछि त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति हो । यसभित्र कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् ।

---

[१२] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन** (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ७८ ।

कथाको भाषिक एवम् शैली शिल्पगत निर्माणमा सहयोग गर्ने तत्त्वहरू यसमा पर्ने हुनाले यसले पाठकलाई प्रभावित पार्दछ ।[१३]

यसरी प्रस्तुत कथासङ्ग्रहमा ११ वटा कथाहरू रहेका छन् । यी कथाहरूमा रूपविन्यास अन्तर्गतका लय र गति, बिम्ब-प्रतीक, पर्यावरण आदि तत्त्वहरू रहेका छन् । यी कथाहरूमा सहरिया एवम् गाउँले परिवेशको जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा स्तरअनुसारको भाषा शैलीको प्रयोग गरिएको छ । लामा-छोटा वाक्यहरूको प्रयोग गरिए पनि कथाहरू अभिधात्मक भएकाले सामान्य पाठकले पनि सहजरूपमा अर्थ ग्रहण गर्न सक्छन् ।

यस सङ्ग्रहका कथाहरूमा प्रश्नवाचक चिह्न, उद्धरण चिह्नका साथै तत्सम, तद्भव शब्दको प्रयोग प्रशस्त मात्रामा भएको छ । विभिन्न उखानटुक्काको समुचित प्रयोग र अनुकरणात्मक शब्दको प्रयोगले कथाहरू स्वादयोग्य छन् ।

## ३.२.५ निष्कर्ष

कथाकार रामहरि अधिकारीद्वारा रचित **बाबुको चेलो** (२०५५) कथासङ्ग्रह उनको कथाकृतिका दृष्टिले दोस्रो कृति हो । यसको प्रकाशक सौदामिनी साहित्य परिषद्, बर्दघाटले गरेको हो । यसमा ११ वटा कथाहरू समावेश गरिएका छन् । यस कथाहरूमा कथाकारले समसामयिक घटनाहरूलाई नै मूल विषयवस्तु बनाएका छन् । समाजमा चलेका कुरीतिहरूलाई देखाउने प्रयास, मानवताशून्य सहरिया मान्छेका प्रवृत्ति, आजकलका युवायुवतीमा देखिएको बढ्दो असभ्यता, जीवनमा सही निर्णय लिन नसक्दाको परिणाम, कर्मचारीहरूको बढ्दो राजनैतिक प्रवृत्ति, सोझासाझाको केही नचल्ने वर्तमान स्थितिको चित्रण, गरिब व्यक्तिको दर्दनाक पीडा, नेताका विश्वासघाती प्रवृत्ति आदि जस्ता विषयवस्तु कथामा समावेश भएका छन् । यसमा धेरैजसो राजनैतिक विषयवस्तु र केही सामाजिक विषयवस्तु समावेश भएका छन् ।

राजनैतिक विषयवस्तुमा आधारित कथामा *बाबुको चेलो, आतङ्ककारी, क्रान्ति, एउटा गरिब, अवकाश* रहेका छन् । त्यस्तै सामाजिक विषयवस्तुमा *आसको परिणाम, ठूल्दिदी, भिनाजुको परिचय, घर फर्कंदा, तपाईंसँग 'पो' सोधेछु,* र *एउटा रैछौ* जस्ता कथाहरू रहेका छन् । *बाबुको चेलो* कथा राजनैतिक विषयवस्तुलाई स्पष्ट पार्ने र यस

[१३] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६०, पृ. १२ ।

सङ्ग्रहको शीर्षकलाई सार्थक पार्ने कथा हो । यसमा सङ्कलित कथाहरूमा विशेषतः सहरिया एवम् ग्रामीण परिवेशको प्रयोग भएकोले परिवेश अनुकूलको भाषाशैलीको प्रयोग भएको छ । कथामा उखान, टुक्का, अनुकरणात्मक शब्द, झर्रा शब्द, आगन्तुक शब्दको प्रशस्त प्रयोग पाइन्छ । कथाहरू तृतीय पुरुष शैलीमा रचिएका छन् । राजनैतिक जीवनका विकृति-विसङ्गति एवम् सहरिया जनजीवनका साथै ग्रामीण जीवनका वर्तमान समयका विकृतिहरूको चिरफार गर्न यो **बाबुको चेलो** कथासङ्ग्रह सफल देखिन्छ ।

## ३.३ कथाकार गोपी सापकोटा र कमिलाको सपना बालकथासङ्ग्रह

गोपी सापकोटाद्वारा बालकथासङ्ग्रहका रूपमा प्रकाशित **कमिलाको सपना**मा ६ वटा कथाहरू समावेश गरिएका छन् । यसअन्तर्गत कथाका तत्त्वहरूका आधारमा ६ वटा कथाहरूलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ, जसमा कथावस्तुलाई मुख्य आधार मानी अन्य तत्त्वहरूलाई समेत उल्लेख गर्दै समग्रमा मूल्याङ्कन गरिएको छ ।

### ३.३.१ परिचय

वि.सं. २०२९ साल भाद्र ६ गते बाग्लुङ्ग जिल्लाको दमेकमा गोपी सापकोटाको जन्म भएको थियो । स्नातकोत्तर (अङ्ग्रेजी) सम्मको औपचारिक शिक्षा पूरा गरेका सापकोटा हाल नवलपरासी जिल्लाको गैंडाकोटमा स्थायी बसोबास गर्दै आएका छन् ।

नेपाली साहित्यका विविध विधामध्ये नाटक, कविता र कथाका क्षेत्रमा कलम चलाएका यिनका **पूर्णविराम** (नाटक-२०५५), **एक अन्त्य, एक सुरुवात** (कवितासङ्ग्रह-२०५२), **कमिलाको सपना** (बालकथासङ्ग्रह-२०५७), **खरानी** (नाटक-२०६०), **गुलाफको एस्ट्रेमा मृत्यु** (कवितासङ्ग्रह-२०६३) र अ सुसाइड नोट (कवितासङ्ग्रह-सन् २०१०) प्रकाशित भएका छन् । **कमिलाको सपना** बालकथासङ्ग्रहमा जम्माजम्मी ६ वटा कथाहरू सङ्कलन गरिएका छन् । बालबालिकाहरूलाई स्वस्थ मनोरञ्जन र उपयोगी शिक्षा प्रदान गर्ने उद्देश्यले रचिएका उनका कथाहरू रमाइला र शिक्षामूलक रहेका छन् । हातेमालो सञ्चार काठमाडौंबाट प्रकाशित यो कृति २०५७ साल पुस महिनामा प्रथम पटक छापिएको थियो । डिमाइ आकारको जम्माजम्मी २८ पृष्ठ रहेको यस सङ्ग्रहमा *इमान्दार मुसो सन्ते, केबुलकार, चङ्खे बाँदर र रितु खरायो, धर्तीमा झरिन् चन्द्रमा, कमिलाको सपना* र *मालती* गरी छ वटा कथाहरू रहेका छन् । यसमा मूलतः सापकोटाले विभिन्न लौकिक एवम्

अलौकिक पात्र, घटना, परिवेशमार्फत् बालबालिकाका लागि मनोरञ्जन एवं शिक्षा दिने लक्ष्य लिएका छन् । बालबालिकाको वृत्ति, विकास एवं नैतिक चरित्रलाई बलियो बनाउने र भोलिका देशका सशक्त शक्तिका रूपमा उभ्याइ इमान्दार एवं परिश्रमप्रति विश्वास गर्ने नागरिक उत्पादन गर्ने लक्ष्य लिइएको पाइन्छ ।

समग्रमा, बालबालिकाको चौतर्फी विकासमा सहयोग पुऱ्याउन विश्वास, पारिवारिक मेलमिलाप, सहयोगी भावना, अर्ती उपदेश, ठूलो र असल बन्ने चाहना, भेदभाव, अपाङ्गहरूप्रति समाजले गर्नुपर्ने कर्तव्य जस्ता विविध विषयलाई समेटिएकोले **कमिलाको सपना** कथासङ्ग्रह केटाकेटीका लागि निकै उपयोगी बनेको छ ।

**कमिलाको सपना** बालकथा भएकोले यहाँ समग्रमा सङ्ग्रहभित्र रहेका कथाहरूको अध्ययन गरिएको छ । यसमा सामाजिक, राजनैतिक, प्रणयभाव आदिजस्ता विषयवस्तु रहेका छैनन् । शुद्ध रूपमा बालबालिकाको चौतर्फी हितलाई ध्यानमा राखी रचिएका कथाहरू रहेका छन् ।

यस बालकथासङ्ग्रहभित्र सङ्कलित कथामध्ये *इमान्दार मुसो : सन्ते* पहिलो कथा हो । यस कथामा आफ्नो नुनको सोझो गर्नुपर्दछ भन्ने यथार्थतालाई सरल तरिकाले प्रस्तुत गरिएको छ । मीठारामले गाउँघरमा बिरालो पालेझैँ उनले मुसा पालेका हुन्छन् । उनको मुसाको नाम सन्ते हुन्छ । सन्ते इमान्दार हुन्छ । एकदिन काम विशेषले मालिक बाहिर जाँदा एउटी मुसी चन्द्री त्यहाँ सन्तेलाई फकाउन आउँछे । उसले सन्तेलाई फकाएर बिस्कुट माग्छे तर सन्तेले दिँदैन र मालिक नभएका बेला विश्वासघात गर्नु हुँदैन भन्दा ऊ घरतिर लाग्छे । त्यसको केही समयपछि बिरालो आइपुग्छ । ऊ सरासर भान्साकोठातिर लाग्छ र दुध खान थाल्छ तर घरलाई राम्रोसँग हेर्नु है भनेर बजारतिर गएका मालिकलाई मैले विश्वासघात गर्नुहुँदैन भन्छ तर बिरालो नमानेपछि मुसोले मलाई नै खाऊ भन्छ त्यो कुरा मालिकले सुनिरहेको हुन्छ, जुन कुराबाट मालिक मीठाराम अत्यन्तै खुसी हुन्छ अनि कथावस्तु सकिएको छ ।

यस कथामा बालबालिकाहरूलाई आफ्नो काम पूरा गर्न प्रेरित गर्न र इमान्दारिताका साथ अगाडि बढ्न सरल भाषाशैलीका माध्यमबाट विषयवस्तु प्रस्तुत गरिएको छ । यो कथा **सुनकेस्रा** अङ्क ४४ मा प्रथम पटक प्रकाशित भएको थियो । कथाकारले मानवेतर पात्रमार्फत आफ्नो नुनको सोझो गर्दा आफैंलाई फाइदा हुने सन्देश प्रस्तुत गरेका छन् ।

*केबुलकार* यस सङ्ग्रहमा सङ्कलित अर्को कथा हो । यो **सुनकेसा** अङ्क-५० मा प्रकाशित भएको थियो । यस कथामा कथाकार सापकोटाले विद्यालयमा पढ्ने बालबालिकाहरूका आफ्ना परिवारजनप्रतिका आस्था र आसालाई प्रस्तुत गरेका छन् । दिनेश र रवि दुवैजना एउटै कक्षामा पढ्ने साथी हुन्छन् । कुराकानीका क्रममा रविले दिनेशलाई आफ्नो आमाबुबासँग परिवारै केवुलकार चढ्न र मन्दिर घुम्न गएको कुरा बताउँछ । यस कुराले दिनेश अचम्ममा पर्छ किनभने ऊ आफ्ना अभिभावकसँग कहीँ पनि घुम्न गएको थिएन । उसका बाबु र आमाको कलहले गर्दा ऊ मामाघरमा बसेको थियो । एकदिन ऊ एक्लै रोएर बसेको थियो । त्यत्तिकैमा उसलाई मामाले देख्छन् र सोद्धाखेरि ऊ केही पनि बोल्दैन । दिनहरू बित्दै जाँदा दिनेशले आफ्ना आमाबाबुलाई चिठी लेख्छ । चिठीमा खुसी र सुखी परिवारका लागि सदस्यहरूका वा आमाबुबाका भूमिकाका बारेमा लेख्छ । सो कुराले दुवैको मन पग्लन पुग्छ र बिछोडिएका आमाबुबा पनि सँगै दिनेशसँगै बस्न थालेको प्रसङ्गपछि कथावस्तु टुङ्गिएको छ ।

यस कथामा मूलतः बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि आमाबुबाको भूमिका महत्त्वपूर्ण हुने भएकोले पारिवारिक मेलमिलाप आवश्यक पर्ने कुरामा जोड दिइएको छ । बालबालिकाका खुसीका निम्ति उनीहरूका भावनाहरूलाई बुझ्नुपर्ने यथार्थता दर्साइएको छ ।

*चङ्खे बाँदर र रितु खरायो* कथा बालबालिकालाई खराब बानी नगर्न सन्देश दिइएको कथा हो । यसमा भालुले बिक्री गर्न राखेको चटपट, पानीपुरी छक्याएर खाने चङ्खे बाँदरले गरेको खराब कामलाई देखाइएको छ । चङ्खे बाँदरले छक्याएर खाएपछि ऊ भाग्छ । त्यसपछि भालु खोज्दै जाँदा रितुलाई भेट्छ । रितुलाई भेटेपछि सबैकुरा बताउँछ र रितुले चङ्खे बाँदरका बारेमा विद्यालयका प्रधान अध्यापक चितुवालाई बताउँछ । त्यसपछि चितुवाले चङ्खे बाँदरलाई अफिसमा बोलाएर सोद्धा नबोलेपछि चितुवाले थर्काउँछ र स्कुलबाट निकालिदिने भनेपछि बाँदर डराएर आफ्नो गल्ती स्वीकार गर्छ र आइन्दा गल्ती नगर्ने र खराब बानीलाई सुधार गर्ने बाचा पनि गर्छ । यसरी कथावस्तु सकिएको छ ।

यसरी यस कथामा बालबालिकालाई खराब काम गर्न नहुने र त्यस्ता काम गर्नाले आफैंलाई दुःख हुने सन्देश दिइएको छ । कथावस्तु संवादात्मक शैलीको छ । भाषाशैली सरल छ । मानवेतर पात्रको प्रयोगले कथामा प्रभावकारिता ल्याएको छ ।

त्यस्तै *धर्तीमा झरिन् चन्द्रमा* कथा बालबालिकाका मनोरञ्जनका लागि सपनामा देखिएको दृश्यलाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । पूर्णिमाको रातमा निशा, उत्सव र प्रशन्न आँगनमा खेल्दै हुन्छन् । त्यसै क्रममा चन्द्रमा विस्तारै धर्तीतर्फ ओर्लन थाल्छिन् । यो देखेर तीनै जना रमाउँछन् । हजुरआमा पनि आश्चर्यमा पर्नुभएको छ । एकछिनपछि चन्द्रमा आँगनमा ओर्लिन् । सबैजना केटाकेटीहरू जम्मा भएर चन्द्रमासँग कुराकानी गर्न थाले । कुराकानीका क्रममा किन तपाई धर्तीमा झर्नुभयो त भन्ने प्रश्नमा चन्द्रमाले निशाले चन्द्रमा धर्तीमा आए कस्तो हुन्थ्यो भन्ने चाहेकाले आएको भन्ने उत्तर दिन्छिन् । त्यसपछि पृथ्वीमा सबै प्राणीको क्रियाकलापहरू देख्ने भनेपछि सबैजना झूटो नबोल्ने, नराम्रो काम नगर्ने भन्ने वाचा गर्छन् । यो सबै घटना प्रशन्नले सपनामा पो देखेको हुन्छ अनि कथावस्तु टुङ्गिन्छ ।

यस कथामा बालबालिकाहरूलाई ठगी नगर्ने, झूटो नबोल्ने, खराब काम नगर्ने र यदि गरेमा त्यसबाट आफू बदनाम हुनुपर्ने सन्देश प्रस्तुत गरिएको छ ।

*कमिलाको सपना* यस सङ्ग्रहको शीर्षक कथा हो । यस कथामा कमिलाको मानिस बन्ने सपना पूरा भए पनि ऊ मानिसको खराब प्रवृत्तिका कारण मान्छे बन्न नचाहेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । कुनै गाउँको नजिकै रहेको नदीको वारिपट्टिको जङ्गलमा कमिलाको पोलो हुन्छ जसमा धेरै कमिलाहरू बस्ने गर्थे । कमलेश नाम गरेको कमिला चलाख थियो । ऊ पढाइमा चलाख भएकोले सबैले ऊसँग मित्रता गास्न चाहन्थे । कमलेशकी मिल्ने साथी रजनी थिई । उनीहरू सँगसँगै स्कुल जान्थे । कमलेश कहिलेकाहीँ 'आफू मानिस बन्न पाए कस्तो हुन्थ्यो' भन्ने कुरा सोच्थ्यो, यो कुरा रजनीलाई पनि सुनाउँथ्यो तर रजनी यो कुरामा ध्यान दिँदैनथी । कमलेश मान्छे बन्ने धुनमा धेरै कुरा सोच्थ्यो । एकदिन साँझ पढिरहेको बेला भुसुक्कै निदाउँछ । उसले सपना देख्छ । सपनामा उसले जङ्गलमा रातो रङको फूललाई छोएपछि कमलेश र रजनी मानिस बन्छन् । यो घटनापछि दुवैजना घर नफर्की जङ्गलतिर लाग्छन् र जङ्गलमा मानिस-मानिस बिच खुकुरी हानाहान चलिरहेको थियो । यो देखेर कमलेशलाई डरचिन्ता लाग्छ । दुवैजना डराउँछन् । यत्तिकैमा दुवैजना भएतिर मानिसहरू आउँछन् र हकार्न थाल्छन् । यत्तिकैमा कमलेशले आफूहरू कमिलो भएको बताउँदै लाग्दा ऊ सपनाबाट ब्युँझन्छ र कथावस्तु टुङ्गिएको छ ।

यसरी यस कथामा मानवीय नकारात्मक क्रियाकलापले गर्दा एउटा कमिला पनि मान्छे बन्न नचाहेको कुरा बताइएको छ । बालबालिकालाई रमाइलो प्रदान गर्ने यस कथामा मान्छेका दानवीय प्रवृत्तिहरू हट्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ ।

त्यस्तै *मालती* यस सङ्ग्रहको अन्तिम कथा हो । यो कथा छोरा र छोरीबिच हुने भेदभाव एवम् अपाङ्गता भएका बालबालिकालाई सबैले माया गर्नुपर्ने सन्देश दिने कथा हो । मालती नाम गरेकी केटीलाई अपाङ्ग भएकै कारण आफ्ना बुबाआमाले समेत सन्तान स्विकार्दैनन् । उनलाई परिवार र साथीभाइले समेत घृणा गर्दथे । उनले सहन सक्नेसम्म आफूलाई गरिएका दुर्व्यवहारहरू सहन गरेकी थिइन् तर एकदिन औधि भएर उनले आफ्नो जन्मस्थान र घर नै छोडेर आत्महत्या गर्न नजिकैको खोलामा जाँदा चन्द्रमोहन जो सामाजिक कार्यकर्ता हुन् उनले रोके । यता मालतीको खोजी कार्य सुरु भयो । चन्द्रमोहनले मालतीका सबै कुराहरू बुझेपछि सहरमा एउटा उपयुक्त ठाउँमा बसेर शिक्षा प्राप्त गर्ने अवसर मिलाइदिए । त्यहाँबाट शिक्षा प्राप्त गरेपछि मालती आफूजस्तै अशक्त र अपाङ्ग बालबालिकाको क्षेत्रमा काम गर्न थालिन् । उनी विस्तारै समाजसेवाको क्षेत्रमा देखा परिन् । संयोगले मालतीकै गाउँमा आयोजित कार्यक्रममा सहभागी हुने अवसर जुट्यो । गाउँलेहरू यो देखेर छकक परे । कार्यक्रममा उनले अपाङ्गता सम्बन्धी धेरै कुराहरू राखिन् । सबैले ताली बजाए । उसका परिवारका सबैले उसलाई चिने र आफूले गरेको दुर्व्यवहारप्रति पछुतो माने । कार्यक्रम सकिएपछि मालतीको परिवारसँग पुनर्मिलन भयो । यसरी कथावस्तु टुङ्गिएको छ ।

यस कथामा हाम्रो समाजले अपाङ्गप्रति हेर्ने दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । शारीरिक रूपमा उनीहरू अक्षम भए पनि बौद्धिक रूपमा सक्षम हुन्छन् भन्ने कुरा सबैले बुझेका खण्डमा उनीहरूबाट हाम्रो समाजले फाइदा लिन सक्ने यथार्थतालाई बताइएको छ ।

यसरी **कमिलाको सपना** कथासङ्ग्रहमा सङ्कलित कथाहरू बालबालिकाहरूका लागि मनोरञ्जन दिने उद्देश्यले रचिएका छन्. । यी कथाहरूमा मूलतः अनुशासित बन्न, परिश्रमी बन्न, अरूलाई नझुक्याउन, मान्छेमा रहेका दानवीय प्रवृत्तिहरूलाई हटाउन, बदमास नबन्न, बालबालिकाका लागि खराब काम नगर्न सन्देश दिइएको छ । साथै बालबालिकाको चौतर्फी विकासमा अभिभावकको ठूलो हात हुने हुनाले राम्रो वातावरण बनाइराख्न, आफ्नो कर्तव्य पूरा गर्न प्रेरित गर्ने वातावरण बनाएर बालबालिकालाई भविष्यका सच्चा शक्तिका रूपमा स्थापित गर्न आग्रह गरिएको छ । समग्रमा नैतिक आदर्शवान् बनेर व्यक्ति, समाज र राष्ट्रको हितका लागि लाग्न यस सङ्ग्रहका कथाहरूले प्रेरित गरेका छन् ।

## ३.४ कथाकार सदानन्द अभागी र पश्चात्तापको आँसु कथासङ्ग्रहको अध्ययन

नवलपरासी जिल्लामा रहेर आफ्नो साहित्यिक सिर्जन परम्परामा क्रियाशील सदानन्द अभागीका **आफ्नै व्यथाहरू** (२०५७), **बुढोजवानी** (२०५८), **मोहनीको मीठो म्वाइँ** (२०६२) कवितासङ्ग्रह, **पश्चात्तापको आँसु** (२०५८) र **परिवर्तन** (२०६३) कथासङ्ग्रह, **जीवनलीला** (२०६०), **तन्नेरी हजुरबा** (२०६१), **नियति** (२०६१) उपन्यास, **जीवनलीला** ( २०५८) खण्डकाव्य, **तीन युग एक कथा** (२०६०), **अग्निज्वाला** (२०६१) महाकाव्य जस्ता कृतिहरू प्रकाशन गरिसकेका छन् । विगत ३ दशकभन्दा अगाडिदेखि नवलपरासीमा स्थायी बसोबास गर्दै आएका अभागी सङ्ख्यात्मक हिसाबले कृति प्रकाशनमा अग्रणी रहेका छन् । यहाँ उनको **पश्चात्तापको आँसु** कथासङ्ग्रहको अध्ययन गरिएको छ ।

### ३.४.१ परिचय

सन् १९४७ मार्च १५ मा पर्वत जिल्लाको शङ्करपोखरी, नुवार, ठूलाघरमा जन्मेका खगेश्वर रिजालको साहित्यिक नाम सदानन्द अभागी हो । बि.एस्सी. (एजी.) सम्मको औपचारिक अध्ययन पूरा गरी लामो समयसम्म कृषि मन्त्रालयको सरकारी सेवामा संलग्न भएका अभागी हाल वरिष्ठ माटोविज्ञ पदबाट सेवानिवृत्त भएका छन् । साहित्य र कृषि क्षेत्रमा बढी रुचि राख्ने अभागी नवलपरासी जिल्लाका विभिन्न साहित्यिक सङ्घ-संस्थामा आबद्ध रहेका छन् ।

साहित्यका विविध विधामा कलम चलाएका उनका हालसम्म करिब डेढ दर्जन साहित्यिक कृतिहरू र त्यति नै दर्जनजति साहित्येतर ग्रन्थहरू प्रकाशित गरेका छन् । **पश्चात्तापको आँशु** र **परिवर्तन** उनका दुईवटा प्रकाशित कथासङ्ग्रहहरू हुन् । **पश्चात्तापको आँशु** कथासङ्ग्रहमा जम्मा १२ वटा कथाहरू समेटिएका छन् । समसामयिक युगको प्रतिवेदन उतारिएका उनका कथामा सामाजिक विकृति र विसङ्गतिको चित्रण गरिएको छ भने सजग समाज बनाउने सन्देशवाहक कथाकृतिको रूपमा रहेको यस सङ्ग्रहमा परम्परागत मूल्य र मान्यतामाथि व्यङ्ग्य गरेको पाइन्छ । कथाकार सदानन्द अभागीका कथाहरूमा स्वच्छन्दतावादी अभिव्यक्ति पाइन्छ । समाजका विविध विषयवस्तुलाई टिपेर त्यसमा आफ्नो यथार्थ दृष्टि लगाई सुधारको चाहना राख्नु उनका कथाका विशेषता हुन् । पारिवारिक पृष्ठभूमि, नारी सम्मानको भावनालाई विवरणात्मक प्रवृत्तिका साथ साधारण अभिव्यक्ति उनको यस सङ्ग्रहको विशेषता हो । सामाजिक यथार्थवादी कथाकारका रूपमा देखिएका अभागी समाजको यथार्थ चित्रण गराउन व्यापक र विस्तृत परिवेश, सामाजिक

मूल्य मान्यताको सन्दर्भमा पात्रको व्यक्तित्वको उपस्थिति गराउन सफल देखिन्छन् । कथासङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । यस सङ्ग्रहभित्रका कथाहरूमा नेपाली समाजको ग्रामीण परिवेशको सुन्दर चित्रण गरेको पाइन्छ । अभागीका कथामा ठेट नेपाली शब्दहरूका साथै तत्सम, तद्भव, आगन्तुक सबै शब्दहरूको प्रयोग पाइन्छ । जेहोस् यस सङ्ग्रहलाई गहिरिएर नियाल्दा उनी समाजिक यथार्थवादी कथाकारका रूपमा रहेका छन् ।

सदानन्द अभागीको **पश्चात्तापको आँशु** (२०५८) कथासङ्ग्रहको प्रकाशक डिलकुमारी रिजाल र पार्वती रिजाल रहेका छन् भने **परिवर्तन** (२०६३) कथासङ्ग्रहको प्रकाशन रत्नराधिका साहित्य परिषद्, ललितपुरले गरेको हो । यी कथासङ्ग्रहमध्ये **पश्चात्तापको आँशु**मा १२ वटा र **परिवर्तन**मा १७ वटा कथाहरू समेटिएका छन् । जसमध्ये उनको पहिलो कथाकृति **पश्चात्तापको आँशु** (२०५८) कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा समसामयिक सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दै सजग समाज र राष्ट्र बनाउने उद्देश्य प्रस्तुत गरिएको छ ।

## ३.४.२ शीर्षक

शीर्षक कथाको आधारभूत तत्त्व हो । शीर्षक र वर्ण्य विषयका बिचमा अन्तरसङ्गति मिल्नुपर्ने हुन्छ । **पश्चात्तापको आँशु** कथासङ्ग्रहको शीर्षक पनि त्यस सङ्ग्रहभित्र रहेका अन्य कथाहरूको भावसँग मिल्दोजुल्दो देखिन्छ । शीर्षकले सामाजिक विषयवस्तुलाई समेटेको छ । आफूले राम्रो गर्न नसकेर पछुतो मानेको अर्थमा कथासङ्ग्रहको शीर्षक राखिएको छ । सङ्ग्रहभित्र यो एउटा कथा पनि हो । यसकै आधारमा कथासङ्ग्रहको नामकरण गरिएको छ । यस सङ्ग्रहभित्र रहेका अन्य कथाहरू *पश्चात्तापको आँशु, फ्याक साइट र खरानीको यन्थस, परिवर्तन, नरमायाको विवाह, जगतराम, रामको प्रेमकथा, हलीको छोरो, सीता, भैरवनाथको जागिर, अपाङ्गको झगडा, उनी रोइदिइन्* र *भुइँफुट्टा झाँक्री* रहेका छन् । यसरी १२ वटा कथाहरूको संयोजनबाट यो कथासङ्ग्रह संरचित रहेको छ ।

## ३.४.३ संरचना

कथाकारले आफ्ना विचार, धारणा वा अनुभूतिलाई कथामा राखेको हुन्छ । कथामा कथाकारले आफ्ना विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन्य सम्बन्धको एउटा

योजना बनाएर ती सबैलाई मिलाई कथाको आकार प्रदान गर्दछ । यही आकार नै संरचना हो । संरचनाभित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछ जसलाई छोटकरीमा बुझेर आफ्नो स्मृतिपटमा अङ्कित गरेर राख्न सकिन्छ ।[१४]

संरचना अन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा सदानन्द अभागीको **पश्चात्तापको आँशु** कथासङ्ग्रहको अध्ययन यहाँ गरिएको छ ।

## ३.४.३.१ कथावस्तु

आवश्यक घटनाहरूको शृङ्खलात्मक र कलात्मक गठन र गुम्फन नै कथावस्तु हो । कथामा जीवनको कुनै एक भावनात्मक पक्षको चित्रण हुन्छ, कुनै एक संवेदनात्मक अनुभूतिको आवरण हुन्छ र कुनै एक सचेतनात्मक अभिव्यञ्जनाको प्रस्तुतीकरण हुन्छ । कथावस्तुमा समावेश गरिएका विभिन्न घटनाहरू सहज र स्वाभाविक हुनु नितान्त जरुरी छ । कथावस्तुमा प्रारम्भ, विकास र उत्कर्षको योजना आवश्यक पर्दछ । कथाकारको धारणा, विचार वा अनुभूतिको मूर्त रूपमा देखापर्ने कथावस्तु कलागत मूल्यले युक्त हुनुपर्दछ ।[१५]

विषयवस्तुका दृष्टिले कथाकार सदानन्द अभागीको यो **पश्चात्तापको आँशु** कथासङ्ग्रहले व्यापक परिवेशलाई छोएको छ । यस सङ्ग्रहभित्रका कथाहरूमा कतिपय नितान्त वैयक्तिक जीवनको भावनाको रूपमा, कतिपय सामाजिक, राजनैतिक, पारिवारिक एवम् ग्रामीण पृष्ठभूमिमा रचिएका देखिन्छन् । आफ्नो रसिक भावनालाई स्वच्छन्दतावादी अभिव्यक्तिका दृष्टिले प्रस्तुत गर्दै कथालाई अभिव्यक्त गर्न खोजेका छन् । सङ्क्षिप्तमा भन्दा सङ्ग्रहभित्रका कथामा नारी सम्मानको भावना, रूढिवादी प्रवृत्ति, सामाजिक वर्ग विभेद, पीडा, राजनैतिक विषयवस्तु, संस्मरण आदि विविध विषयवस्तुलाई समेटेर कथासङ्ग्रहलाई पूर्णता दिएका छन् । यहाँ केही आफ्ना अनुभूति वा विचार छन् भने केही देखेका घटनालाई विषयवस्तु बनाउने प्रयास गरिएको छ ।

नेपाली समाजमा भएको नारीप्रतिको व्यवहारको यथार्थ चित्रण, वैयक्तिक भावना, सामाजिक संस्कार, समय र परिस्थितिलाई पहिचान गर्न नसक्दाको पश्चात्ताप, गरिबप्रतिको व्यवहार, कर्मचारीहरूको दिनचर्या, अहङ्कारी प्रवृत्ति, कल्पनात्मकता, अन्धविश्वास र आफ्नै जीवनका उकाली-ओराली जस्ता समसामयिक घटनाको यथार्थ चित्रण उतारेका छन् ।

---

[१४] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, दोस्रो संस्क. २०६०, पृ. ९ ।
[१५] मोहनहिमांशु थापा, **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन, पाँचौं संस्क. २०६६, पृ. १४७ ।

**क) सामाजिक विषयवस्तु**

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई आधार बनाएर लेखिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यससँग सम्बन्धित कथाहरूमा *पश्चात्तापको आँशु, परिवर्तन, नरमायाको विवाह, हलीको छोरा, भैरवनाथको जागिर, उनी रोइदिइन्, भुइँफुट्टा झाँक्री* जस्ता कथाहरू रहेका छन् ।

सामाजिक विषयवस्तुमा आधारित कथाहरूमध्ये *पश्चात्तापको आँशु* कथा पनि एक हो । यस कथाले पारिवारिक पृष्ठभूमिलाई आधार बनाएर नारीप्रतिको सम्मान भावनालाई प्रस्तुत गरेको छ । देवचुलीको फेदीमा मध्यम वर्गीय परिवारमा जन्मेका 'देवगिरी' घर चलाउन गाह्रो भएपछि सानै उमेरमा मुग्लान पस्छन् र केही कमाएर फर्कन्छन् । गाउँकी साँहिलीसित विवाह हुन्छ । चारवटी छोरी पाएर पाँचवटाको पालामा साँहिलीको मृत्यु हुन्छ । देवगिरीले अर्को विवाह गर्छन् । चारओटी छोरीको विवाह भैसकेको हुन्छ । पाँचौं कान्छीको भने पागल केटासँग विवाह हुन्छ । अरूले भन्दा कान्छीले दुःख पाउँछे । देवगिरी सबै छोरीकहाँ जान्छन् तर सुख पाएकी छोरीले भन्दा दुःख पाएकी छोरीले आफूलाई माया गर्छे । आफूले राम्ररी माया दिन नसकेको, अन्याय गरेको सम्झेर देवगिरीलाई पश्चात्ताप हुन्छ र क्षमायाचना गर्दै कथावस्तु टुङ्गिएको छ ।

त्यस्तै *परिवर्तन* अर्को सामाजिक विषयवस्तुमा आधारित रूढिवादी परम्परामा परिवर्तन ल्याउनु पर्छ भन्ने सन्देश दिन सफल कथा हो । यसमा एउटी कर्कशा नारीको मन र व्यवहारमा भएको परिवर्तनलाई देखाइएको छ । उजेलीको झगडालु स्वभावले गर्दा दाम्पत्य जीवनमा कठिनाइहरू उत्पन्न भएका छन् र उजेलीले यो स्वभाव आफ्नो पुस्तैनी स्वभाव भएकोकुरा बुझेपछि उसमा परिवर्तन देखाइएको छ । श्रीमान्सँग सधैं झगडा गर्ने उजेली खुट्टाको जल खान थालेकी छे, जसबाट उजेलीमा त परिवर्तन भयो तर खुट्टाको जल खानुले अन्धपरम्परामा वा नारी सम्मानमा के परिवर्तन आयो र ? भन्ने व्यङ्ग्यसहित कथाको विषयलाई टुङ्ग्याइएको छ । अन्धविश्वासी परम्परामा परिवर्तन गर्नाले नै नारीसम्मान हुन्छ भन्ने सन्देश प्रस्तुत भएको छ ।

*नरमायाको विवाह* अर्को सामाजिक विषयवस्तुमा आधारित पारिवारिक समस्यालाई प्रस्तुत गरिएको कथाकारको याथार्थिक दृष्टि प्रस्तुत गरिएको कथा हो ।

नरमायालाई सानामा आमाबाबुले जस्तै माया गरे पनि विवाह गर्ने बेलामा खर्च गर्नुपर्छ भनेर बाङ्गिएका र पछि नरमायाले अदालती विवाह गर्दछिन् । नरमायाको सहनशील र विवेकी कदमले कथाकारको नारीप्रतिको सम्मान भावना व्यक्त भएको छ । जीवनवादी सोचलाई प्रमुखता दिइएको यस कथामा सकारात्मक दृष्टिकोणले मात्र महिलाहरूको सशक्तीकरण हुने सन्देश दिइएको छ ।

त्यस्तै सामाजिक विषयवस्तुमा आधारित *हलीको छोरो* कथा निम्नवर्गप्रतिको संवेदनशीलता जाहेर भएको प्रगतिवादी कथा हो । कथानकको प्रारम्भ रामको चित्त दुखाइबाट सुरु हुन्छ । ऊ गरिब हली बाबुको छोरो हो भने उता भगत साहुको छोरो हो । भगतमा पैसाको घमण्ड छ भने राम पढाइमा तेज छ । रामले भगतबाट पिटाइका साथै ठूलो वचन खान्छ र बाबुलाई भन्दा उनी निरूपाय देखिन्छन् । राम एस.एल.सी. पास गर्छ तर भगत पास हुँदैन । राम डाक्टरी पढ्न अमेरिका पुग्छ छात्रवृत्ति कोटामा परेर । राम फर्केर अस्पतालमा काम गर्न थाल्छ त्यसै क्रममा भगत विरामी भई अस्पतालमा पुऱ्याइएको हुन्छ तर अस्पतालले उपचार हुन नसक्ने भनेर भन्दा रामकै अनुरोध र रेखदेखमा भर्ना लिन्छ । भगतले जीवनदान पाउँछ । भगतमा रामको भद्रताबाट गहिरो छाप परेको प्रसङ्गसँगै कथा सकिएको छ । अहङ्कारले मानिसलाई हानि गर्ने र निम्न वर्गप्रतिको सहानुभूति एवम् वर्गीय समस्याप्रतिको दृष्टिकोणलाई केन्द्रीय कथ्य बनाइएको यो कथा सामाजिक यथार्थतामा आधारित कथा बन्न पुगेको छ ।

*भैरवनाथको जागिर* अर्को सामाजिक विषयवस्तुसँग मेलखाने आदर्शोन्मुख यथार्थको प्रकटीकरण भएको कथा हो । भैरवनाथ हाकिम भइकन पनि टाइँफाइँ नहुनाले श्रीमतीले पनि स्नेहयुक्त व्यवहार नगरिदिँदा छिमेकीले कुरा काट्छन् । उनी घुसखोर, नातावाद र कामचोर्ने प्रवृत्तिलाई आत्मसात् नगरी आफ्नो कर्तव्यलाई निर्वाह गर्दछन् । सम्पूर्ण कथा उनकै आदर्शको गुणगानमै केन्द्रित रहेको छ । हाम्रो समाजको अहिले पनि आदर्श जीवनलाई आत्मसात् गर्न नसकेको र गुलाम गर्नेहरूकै दबदबा छ भन्ने कुराको भावपूर्ण प्रस्तुति भएको छ । यसमा एकजना आदर्श अधिकृत कर्मचारीको सेवारत जीवन कस्तो हुन्छ भनेर देखाइएको छ ।

त्यस्तै *उनी रोइ दिइन्* कथा अर्को सामाजिक विषयवस्तुमा आधारित सामाजिक समस्या अन्तर्गत नारी समस्याप्रति केन्द्रित यथार्थको प्रकटीकरण भएको कथा हो । यसमा नारीका अनेक समस्यामध्ये होटल सञ्चालन गर्ने महिलाहरूको

समस्यालाई प्रस्तुत गरिएको छ । हाकिम जस्तो व्यक्तिको जीवनचर्या रक्सी र मासुमा डुबेको देखाइएको छ । यो यथार्थ नै हो । भट्टीवाल्नीको चरित्रचित्रणले नेपाली नारीहरूले भोग्नुपरेका तीता भोगाइलाई देखाइएको छ । एउटा श्रमजीवी महिलाले जीवनयापनका लागि गर्नुपर्ने कामलाई देखाइएको सामाजिक विषयवस्तुमा केन्द्रित कथा हो ।

*भुइँफुट्टा झाँक्री* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । वास्तवमा यो झाँक्रीको कथा हो । उमाकान्तकहाँ बिरामीहरू आउँछन् । बिरामीहरू झाँक्रीप्रति विश्वास गर्दछन् र रोग पनि निको हुन्छ । यो रूढिवादी छ तर पनि रोग निको हुँदा उमाकान्तकहाँ आउँछन् भन्ने देखाएर रूढिवादी परम्पराप्रति सकारात्मक दृष्टिकोण राखिएको सामाजिक विषयवस्तुमा आधारित कथा हो ।

**ख) प्रणयमूलक विषयवस्तुसँग सम्बन्धित कथाहरू**

प्रेममूलक विषयवस्तु देखाउने उद्देश्यले रचना गरिएका कथाहरूमा *जगतराम, रामको प्रेमकथा, सीता* जस्ता कथाहरू यस अन्तर्गत पर्दछन् ।

*जगतराम* कथामा एउटा कर्मचारी बूढीकन्या फूलमायाको अघिपछि सिल्लिन्छ । कर्मचारीहरू आफ्नो वास्तविक जीवनलाई बिर्सेर रसरङ्गतर्फ भुल्ने र श्रीमती छोडेर विदेश गएका युवकहरूले श्रीमतीबाट जीवनमा पाएको धोकालाई देखाइएको छ । घरपरिवारको बेवास्ता गरी फूलमाया जस्ता तरुनीसँग रसरङ्गमा भुली जीवनलाई अगाडि बढाइरहेका जोडीको कथाका रूपमा यो कथा आएको छ । याथार्थिक ह्रास, रसिक भावना र स्वच्छन्द अभिव्यक्तिको यो कथा राम्रो नमुना बनेको छ ।

त्यस्तै *रामको प्रेमकथा* अर्को प्रेममूलक विषयवस्तुसँग सम्बन्धित कथा हो । नारी आदर्शता, नारी उद्दण्डता र कामी पुरुषको विवेकहीनतालाई सन्देशको रूपमा प्रस्तुत गरिएको यस कथामा रामको रसिक भावनाको चित्रण गरिएको छ । मुसाले झैँ श्रीमती बट्याउने कामुक पुरुष र गीताङ्गेको गीतमै बहकिएर हिंड्ने नारीहरू कम हुँदै गएको प्रसङ्गलाई प्रस्तुत गरिएको यस कथामा रामले जीवनमा गरेका प्रेमहरूलाई मूल विषय बनाई सामाजिक समस्याका रूपमा प्रस्तुत गरिएको छ ।

*सीता* अर्को प्रेमविषयक कथा हो, जसमा मिलन-बिछोड र मिलनलाई देखाइएको छ । सहरिया परिवेशमा घटित घटनालाई कथाकारले यथार्थ तरिकाले वासनात्मक प्रेमको भयावह स्थितिको चित्रण गर्दै त्यसबाट उत्पन्न परिस्थितिको चित्रण कथामा छ । जीवनको वासनात्मक प्रेमबाट सीताले छोरा जन्माउन पुगेको र छोरा ठूलो भएपछि सीताले जीवनसँग नै पुनर्मिलन गर्नुपरेको सामाजिक जीवनको प्रेमप्रसङ्गलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा कथाकारले आजका युवायुवतीहरू क्षणिक रमाइलोका लागि प्रेम गर्ने र अन्त्यमा घरपरिवार र समाजको करकापमा परेर प्रेमलाई लत्याएको र पुनः मिलन गरेको यथार्थलाई देखाउने उद्देश्य राखेका छन् ।

यस कथासङ्ग्रहमा सङ्कलित *फ्याक साइट र खरानीको यन्थस* कथा र *अपाङ्गहरूको झगडा* कथा मध्ये पहिलो कथामा कथानकहीन विषयलाई प्रस्तुत गरिएको छ भने दोस्रोमा एउटा कल्पित र संस्मृतिमा प्रस्तुति भएको दन्त्यकथाजस्तो रहेको छ । कथाको केन्द्रीय कथ्य केही छैन । यी कथाहरू कथाकार अभागीका निजी जीवनका अनुभूति मात्र रहेको पाउन सकिन्छ ।

## ३.४.३.२ पात्र

कथामा कथावस्तु अनुकूल मात्र ज्यादै थोरै पात्र हुनु आवश्यक छ । आवश्यक र न्यून पात्रको समावेशले गर्दा कथामा गत्यात्मकता र केन्द्रीयताको आविर्भाव हुन्छ । सकेसम्म कम पात्र हुनु कथाको आवश्यकता हो । पात्रहरू सजीव र सशक्त हुनु आवश्यक छ । पात्रत्वमा जीवन्तताका लागि कथामा पात्रहरूको अविभाज्य र गतिशील भूमिका रहनुपर्छ । कथाका मूल पात्र कथाका केन्द्रीयतासँग अभिभाज्य रूपमा मात्र होइन, निर्विकल्प रूपमा सम्बद्ध हुनु आवश्यक छ । पात्रको उपस्थितिले कथामा सशक्त र जीवन्त स्थितिको लागि आवश्यक भूमिका प्रदान गरेको हुनुपर्दछ ।[१६]

यस कथासङ्ग्रहमा जम्माजम्मी १२ वटा कथाहरू रहेका छन् । कथाले जहिले पनि पात्रका माध्यमद्वारा एउटा सन्देश दिने काम गरेको हुन्छ । यस कथासङ्ग्रहमा मूलतः ग्रामीण परिवेशका र अंशतः सहरिया परिवेशका पात्रको प्रयोग भएको छ । पात्रकै

[१६] मोहनहिमांशु थापा, **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन, पाँचौं संस्क. २०६६, पृ. १५६ ।

माध्यमबाट पाठकले एउटा सन्देश प्राप्त गरेको हुन्छ । त्यस्तो अवस्थामा यस कथासङ्ग्रहमा प्रयोग भएका पात्रबाट सहजरूपमा सन्देश प्राप्त गरिएको छ । कथावस्तुलाई अगाडि बढाउन र केन्द्रीयतासँग सम्बद्ध हुन यस कथासङ्ग्रहका पात्रहरू सफल देखिन्छन् । कथावस्तु अनुकूलका पात्रहरूको प्रयोग गर्न र कम वा आवश्यक मात्रामा पात्रको प्रयोगले **पश्चात्तापको आँशु** कथासङ्ग्रह सुन्दर देखिएको छ ।

## ३.४.३.३ दृष्टिबिन्दु

कथाकारले आफ्नो सामग्रीलाई व्यक्त गर्दा मूलभूत माध्यमका रूपमा अवलम्बन गर्ने कथाशिल्प विधानसम्बद्ध महत्त्वपूर्ण विधि नै दृष्टिबिन्दु हो । निश्चित उद्देश्य राखेर कथाकारले कथानकको योजना गर्दछ, उसका अगाडि पात्रलाई कुन स्थान र महत्त्व प्रदान गरी कथानकलाई निश्चित आकृति प्रदान गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । यसको समाधान दृष्टिबिन्दुले गर्दछ । कथामा प्रथम पुरुष अर्थात 'म' पात्रको केन्द्रीय भूमिका रहन्छ भने कुनै कथामा तृतीय पुरुष अर्थात् 'त्यो' पात्रको सर्वोपरि महत्ता रहन्छ । यसले चरित्रका मनको अनुभूति, भावना, संवेग, चिन्तन आदिलाई व्यक्त गर्ने सूक्ष्म प्रक्रियासँग मूलतः सम्बद्ध रहन्छ ।[१७]

प्रस्तुत **पश्चात्तापको आँशु** सङ्ग्रहमा १२ वटा कथाहरू रहेका छन् । यी कथाहरूमा आन्तरिक तथा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा *फ्याक साइट र खरानीको यन्थस* कथा प्रथम पुरुष दृष्टिबिन्दुमा रचित छ भने अन्य ११ वटा कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यसरी यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा मूलतः बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ३.४.२.४ सारवस्तु

कुनै कृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन अर्थ पाउँछौं त्यो नै सारवस्तु हो । कथामा कुनै न कुनै विचार वा बीज-रूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको हुन्छ, जसका आधारमा कथाको संरचना तयार गरिएको हुन्छ । बीज रूपलाई बिना कुनै आग्रह कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गऱ्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्दछ ।

[१७] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन,** ललितपुर : साझा प्रकाशन, दोस्रो संस्क. २०६७, पृ. ७० ।

सारवस्तुले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ र मानव मन वा समाजमा परिवर्तन ल्याउन सक्दछ ।[१८]

**पश्चात्तापको आँशु** कथासङ्ग्रहमा १२ वटा कथाहरू समावेश भएका छन् । समष्टिगत रूपमा भन्दा प्रायः कथाहरू ग्रामीण परिवेशमा घटेका घटनालाई यथार्थ रूपमा ग्रामीण पात्रहरूकै उपस्थितिमा पात्रानुकूलको भाषा प्रयोग गरी कथाकारको विचारलाई प्रत्यक्ष वा परोक्ष रूपमा दिन कथाकार सफल भएका छन् । हाम्रा समाजमा विद्यमान सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दै सजग र सबल समाज निर्माणको उद्देश्य नै कथाकारको चाहना रहेको छ ।

### ३.४.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउने युक्ति नै रूपविन्यास हो । कथाका सूक्ष्म तत्त्वहरू रहने यसमा पदविन्यास, प्रतीक, शीर्षक, बिम्बविधान जस्ता तत्त्वहरू पर्दछन् । सारवस्तु, कथावस्तु आदिलाई पृथक् गरेर बाँकी रहेको तत्त्वले भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहयोग पुऱ्याउँछ, जसलाई रूपविन्यास भनिन्छ । यसका कारणले आधुनिक समयमा कथाले विधागत मान्यता प्राप्त गरेको हो ।

यसरी प्रस्तुत कथासङ्ग्रहमा १२ वटा कथाहरू रहेका छन् । यी कथाहरूमा रूपविन्यासका तत्त्वहरू रहेका छन् । यी कथाहरूमा ग्रामीण जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा अत्यन्त सरल भाषाशैलीको प्रयोग भएको छ । पाठकलाई छिटपुट ठाउँबाहेक अर्थ ग्रहण गर्न असहज देखिँदैन । कथाहरू सरल भाषाशैलीमा रचिएका छन् । कथासङ्ग्रहभित्र प्रश्नचिह्न, उद्धरण चिह्नका साथै तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग भएको छ । आवश्यक उखानटुक्काको प्रयोगले कथाहरू सुन्दर बनेका छन् ।

### ३.४.५ निष्कर्ष

कथाकार सदानन्द अभागीद्वारा रचित **पश्चात्तापको आँशु** (२०५८) कथासङ्ग्रह पहिलो कथाकृति हो । यसको प्रकाशन श्रीमती डिलकुमारी रिजाल र पार्वती रिजालले गरेका हुन् । यसमा जम्मा १२ वटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा समसामयिक युगको

---

[१८] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, दोस्रो संस्क. २०६०, पृ. १२ ।

प्रतिवेदन उतारिएको छ । समाजमा चलेका कुरीति, विसङ्गतिको चित्रण गर्दै सजग समाज निर्माणमा कथाकार सचेत देखिन्छन् । यस कथासङ्ग्रहमा विशेषतः यथास्थितिवादी विषयवस्तु, रसिक भावना, याथार्थिक दृष्टि, स्वच्छन्द अभिव्यक्ति, नारी सम्मानको भावना, वैयक्तिक वा पारिवारिक पृष्ठभूमि आदिजस्ता विषयलाई समेटेको पाइन्छ । यसमा सामाजिक, प्रणयमूलक विषयवस्तुलाई विशेष स्थान दिइएको छ । सामाजिक विषयवस्तु अन्तर्गत *पश्चात्तापको आँशु, परिवर्तन, नरमायाको विवाह* जस्ता कथाहरू रहेका छन् भने प्रेम विषयसँग *जगतराम, रामको प्रेमकथा, सीता* कथा रहेका छन् । *पश्चात्तापको आँशु* कथा सामाजिक विषयवस्तुलाई स्पष्ट पार्ने र सङ्ग्रहको शीर्षकलाई सार्थक तुल्याउने कथा हो । यस कथामा पात्रानुकूलको भाषिक प्रयोग, उचित तरिकाले उखानटुक्काको प्रयोगले कथाहरू स्पष्ट एवम् सरल बनेका छन्, बोधगम्य बनेका छन् । कथाहरू प्रायः तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् । समसामयिक युगको यथार्थतालाई उतारिएको यो कथासङ्ग्रह समाजमा विद्यमान विकृति एवम् विसङ्गतिहरूलाई चिर्दै सबल समाज र राष्ट्रनिर्माणको अपेक्षा राखिएको कथाकार अभागीको सुन्दर कथाकृति बनेको छ ।

## ३.५ कथाकार कृष्णदेवी शर्मा (श्रेष्ठ) र घरभेटी भाउजू कथासङ्ग्रहको अध्ययन

कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ)द्वारा लेखिएको **घरभेटी भाउजू** कथासङ्ग्रहको यहाँ अध्ययन गरिएको छ । उनका हालसम्म **सुनाखरी र लालीगुराँसको देशमा** (२०५७) कवितासङ्ग्रह र **नारायणहिटी पर्व** (२०५९), **प्रजातन्त्रमा प्रश्नचिह्न** (२०६०) तीजगीत सँगालोका रूपमा प्रकाशित भैसकेका छन् । उनी विगत २० वर्षदेखि नवलपरासी जिल्लामा स्थायी बसोबास गरी विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेर क्रियाशील रूपमा लागेकी छिन् ।

### ३.५.१ परिचय

पर्वत जिल्लाको मुडिकुवा गा.वि.स. मा २००९ सालमा जन्मेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ले एम.ए. सम्मको औपचारिक अध्ययन पूरा गरिसकेकी छन् । २६ वर्षको लामो समयसम्म शिक्षण पेसामा संलग्न भएकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ले हाल शिक्षण पेसाबाट निवृत्तिभरण पाएकी छन् । साहित्य र समाजसेवामा बढी रुचि राख्ने शर्माले पर्वत तथा नवलपरासीका विभिन्न साहित्यिक तथा सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध रही काम गरेको पाइन्छ ।

साहित्यका विभिन्न विधामा कलम चलाएकी शर्माका हालसम्म आठवटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । **घरभेटी भाउजू** उनको एकमात्र कथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा २४ वटा कथाहरूमा नेपाली समाजको सजीव चित्रण गरेको पाइन्छ । नेपाली जीवनदृष्टिलाई पनि आफ्नो कथामा प्रस्तुत गरेकी छन् । नेपाली समाजमा विद्यमान सांस्कृतिक तथा सामाजिक मूल्यमान्यताभित्र रहेर व्यक्तिको जीवन सुखी र सम्पन्न बन्न नसक्ने स्थितिको चित्रण गर्दै सामाजिक मान्यता जीवनदृष्टि, परम्परा मूल्य र मान्यता जीवनदृष्टि, परम्परा मूल्य आदिमाथि शर्माले तीखो व्यङ्ग्य गरेका पाइन्छ । सामाजिक यथार्थवादी कथाकारका रूपमा देखिएकी शर्मा समाजको यथार्थ चित्रण गराउन व्यापक र विस्तृत परिवेश, सामाजिक मूल्य मान्यताको सन्दर्भमा पात्रको व्यक्तित्वको उपस्थिति गराउन सफल भएकी छन् । यस सङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । प्रायःजसो सबै पात्रहरूमा परम्परागत मूल्य मान्यताको पीडा बोध गराएका छन् । यस सङ्ग्रहभित्र रहेका कथाहरूमा नेपाली समाजको ग्रामीण तथा सहरिया दुवै परिवेशको राम्रो चित्रण गरेको पाइन्छ । शर्मा सहरिया परिवेशको चित्रणमा भन्दा पनि ग्रामीण जनजीवनको चित्रणमा बढी सफल भएको देखिन्छ । यिनका कथामा गाउँले नेपाली जीवनमा पाइने सरलता, सामूहिक भावना जस्ता कुराहरू बढी पाइन्छ । शर्माले कथामा ठेट नेपाली शब्दहरूका साथै तत्सम, तद्भव, आगन्तुक सबैखाले भाषाको प्रयोग गरेका छन् भने स्तरीय काव्य नेपाली भाषाको प्रयोग पात्रको स्तर, तह र क्षमताअनुसारको भाषा प्रयोग गरेर आफू सामाजिक यथार्थवादी कथाकार भएको पुष्टि गरेकी छन् ।

कृष्णादेवी शर्मा (श्रेष्ठ) को **घरभेटी भाउजू** कथासङ्ग्रहको प्रकाशन २०५९ सालमा उद्योगबहादुर श्रेष्ठबाट भएको हो । यस कथासङ्ग्रहमा जम्मा २४ वटा कथाहरू सङ्ग्रहित छन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा नेपाली जनजीवनमा विद्यमान विकृति विसङ्गतिमाथि तीखो व्यङ्ग्य गर्नुका साथै सामाजिक तथा राजनैतिक एवम् आर्थिक परिस्थितिबाट सिर्जित भएको अनेकौं पीडा, व्यथा र दर्दहरूलाई देखाउने कार्य भएको छ । यहाँ प्रस्तुत कथाहरूमा रीति क्षेत्रका आधारमा हेर्दा यस सङ्ग्रहमा रहेका कथाहरू सामाजिक, प्रगतिवादी, अस्तित्ववादी र स्वच्छन्दवादी सबै प्रकृतिका कथाहरू रहेका छन् । यहाँ प्रत्येक कथामा सामाजिक, आर्थिक, विकृति विसङ्गतिका माध्यमबाट व्यक्तिको क्षतिग्रस्त मानसिक अवस्था देखाउने काम भएको छ ।

### ३.५.२ शीर्षक

शीर्षक कथाको नाम हो । शीर्षक र वर्ण्य विषयका बिचमा अन्तरसङ्गति मिल्नुपर्ने हुन्छ । **घरभेटी भाउजू** कथासङ्ग्रहको शीर्षक पनि त्यस शीर्षकभित्र रहेका अन्य कथाहरूको भावसँग मिल्दोजुल्दो देखिन्छ । यस शीर्षकले सामाजिक विषयवस्तुलाई ग्रहण गरेको छ । कसैको घरमा भाडामा बसेर घरमालिकलाई सम्बोधन गर्ने शब्दमा कथासङ्ग्रहको शीर्षक राखिएको छ । यो कथासङ्ग्रहभित्रको एउटा कथा पनि हो । यसैका आधारमा कथासङ्ग्रहको नामकरण गरिएको छ । यस कथासङ्ग्रहभित्र रहेका कथाहरूमा *घरभेटी भाउजू, तुलसीको विवाह, आफ्नो आङमा..., धेरै सन्तान दुःखको आह्वान, ख्याल-ख्यालमा, उषा र सन्ध्या, पश्चात्तापै-पश्चात्ताप, शुभ-विवाह, राजनीति, गरिबी, सपना : एक आधार, चमेरे राजनीति, जफुले भाडेको गाउँ, कुलीनता, कल्पना, अभागिनी, आज श्रीदेवी र गोविन्दाको फिल्म आउँछ, जीवन एक : मोड अनेक, किंकर्तव्यविमूढ, बैठक, परिस्थितिसँगको सम्झौता, रोसनले अङ्गीकार गऱ्यो, सांसद (सानाबुवा) र मेरो आँखाबाट बरबर आँसु झरे* रहेका छन् ।

यसरी चौबीसवटा फुटकर कथाहरूको संयोजनबाट यो कथासङ्ग्रह पूर्ण भएको छ ।

### ३.५.३ संरचना

कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई कथाहरूमा राखेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचार धाराप्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । त्यसैले कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिबिम्बित भएको हुन्छ, तर कथाकारले आफ्नो यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा कथाको आकार प्रदान गर्दछ । यही आकार नै कथाको संरचना हो । यसभित्र स्थूल तत्त्वहरू मात्र पर्दछन्, जस्तो कथावस्तु, पात्र, कथात्मक दृष्टिबिन्दु, सारवस्तु यसबाट के स्पष्ट हुन्छ भने संरचनाभित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछन् ।[१९]

संरचनाअन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा कृष्णादेवी शर्मा (श्रेष्ठ) को **घरभेटी भाउजू** कथासङ्ग्रहको अध्ययन यहाँ गरिएको छ ।

---

[१९] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४ (दोस्रो संस्करण), ललितपुर : साझा प्रकाशन, २०५७, पृ. ९ ।

### ३.५.३.१ कथावस्तु

कथावस्तु नै कथाको बृहत्तम तत्त्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँछ । कथामा यस तत्त्वको व्यक्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व वा घटकहरू समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्यनिर्धारण यसै तत्त्वले गर्दछ । यसरी कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त रूपाकृतिको रूपमा देखा पर्ने कथावस्तु कलागत मूल्यले व्यक्त हुन्छ । आधुनिक कथाको अवधारणा नै कलागत मूल्यमा आधारित छ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।[२०]

विषयवस्तुका दृष्टिले कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) को **घरभेटी भाउजू** कथासङ्ग्रहले व्यापक क्षेत्रलाई समेटेको पाइन्छ । यस सङ्ग्रहभित्रका कथाहरूमा कथाहरूको मुटुलाई छाम्न खोज्दा कतिपय कथाको पृष्ठभूमि आफ्नै नितान्त वैयक्तिक जीवनको भावनाको उपजका रूपमा लिन सकिन्छ भने कतिपय सामाजिक, राजनैतिक र शिक्षामूलक पृष्ठभूमिमा रचिएका देखिन्छन् । उनका कथाहरू नारी स्वाभिमान र अस्मितामाथि विश्वास र आस्थाको केन्द्रबिन्दु बन्न पुगेका छन् । कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) ले केही कथाहरूबाट आफ्नो निजी अनुभूतिहरूलाई कथाका माध्यमद्वारा पोख्ने जमर्को गरेकी छन् । छोटकरीमा भन्दा सङ्ग्रहभित्रका कथाहरूमा गरिबी, पीडा, परम्परागत रूपमा रहेको सासूबुहारीको प्रवृत्ति, छोरीले शिक्षा नपाउँदा घट्न सक्ने घटना र घटिसकेका घटनाहरूको प्रस्तुति, राजनैतिक विषयवस्तुमा आधारित, नारी वेदना, धनी र गरिबबिचको भिन्नता आदि विविध विषयवस्तु समेटेर उनले यस कथासङ्ग्रहलाई पूर्णता दिन खोजेकी छन् । अझै भन्नुपर्दा उनले केही आफूले भोगेका विषयवस्तु छन् भने त्यसभन्दा बढी जागिरको क्रममा विविध ठाउँ घुम्दा त्यहाँबाट समाजमा देखेका घटनालाई कथाको विषयवस्तु बनाउने प्रयास गरेको पाइन्छ ।

नेपाली नारीमा भएको सत्कारपूर्ण व्यवहार, वर्तमान राजनैतिक कर्मीहरूको यथार्थ चित्रण, वैयक्तिक स्वार्थपूर्ण भावना, जातीय भावनामा अल्झिएको फोस्रो सामाजिक आडम्बर, आजको युगमा पनि छोरी र छोराप्रति गरिने सासूको बक्रदृष्टि, परिवार नियोजनको अनिवार्यता, अपरिपक्व मायाप्रीतिको भयावह परिणाम, छोराको दायित्व छोरीले

[२०] ऐजन ।

पनि पूरा गर्न सक्छन् भन्ने कुराको ज्वलन्त उदाहरण, समय र परिस्थितिलाई पहिचान गर्न नसक्दा पश्चात्ताप, परम्परागत विवाह पद्धतिमा देखापरेको परिवर्तन, अदूरदर्शी र अपरिपक्व चमेरे राजनीति, समाजमा विद्यमान हेपाहा प्रवृत्ति, कुलीन घरकी छोरीको परिचय, नारीसुलभ चरित्र, अपहेलित नारी जीवनका अनेकौं क्षण, असफल प्रेम, अनभिज्ञ सामाजिक कार्यकर्तालाई थोपारिएको जिम्मेवारी, गरिबप्रतिको कारुणिक दृष्टि र आफ्नै जीवनको उकाली ओराली जस्ता अनेकौं समसामायिक घटनाको यथार्थ चित्रण सकेसम्म उतार्ने प्रयास गरेकी छन् ।[२१]

### क) सामाजिक विषयवस्तु

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्तु बनाएर रचना गरिएका कथाहरू सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाअर्न्तगत पर्दछन् । सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *घरभेटी भाउजू, गरिब, सपना एक : आधार, कुलीनता, कल्पना, जीवन एक मोठ अनेक, बैठक, परिस्थितिसँगको सम्झौता, अभागिनी, आज श्रीदेवी र गोविन्दाको फिल्म आउँछ, किंकर्तव्यविमूढ, मेरा आँखाबाट बरबर आँशु झरे, तुलसीको विवाह, पश्चत्तापै पश्चत्ताप* जस्ता कथाहरू पर्दछन् ।

समाजमा घटेका र घट्न सक्ने घटनालाई मूल आधार बनाएर लेखिएका कथाका उनको *घरभेटी भाउजू* पनि एक हो । यो मूलतः सहर बजारतिर घर बनाएर घर भाडामा दिएर जीविकोपार्जन गर्ने गरेको पनि देखिन्छ । घरभेटीले भस्मै दुःख दिएर भाडामा बस्नेहरू पीडित भएको पनि प्रशस्त मात्रामा देखिएको छ भने भाडामा बस्नेले पनि घरको स्याहारसुसार नगरेर भएका सामान फुटालेर दुःख दिएको कुरा पनि समाजमा प्रशस्त देख्न पाइएको छ । यस कथाले आजका घरभाडामा दिने घरभेटीहरू पैसाको लागि जस्तो सुकै नीच व्यवहार गर्न पनि पछि पर्दैनन् तर यस कथाकी घरभेटी भाउजू डेरावाल 'म' पात्रले डेरा छाड्ने कुरा गर्दा भक्कानो छोड्ने कुरा गर्दा भक्कानो छाडेर रुन्छिन् किनभने यी दुई बिच अत्यन्त निकट सम्बन्ध भैसकेको थियो । आफ्नो घरमा बस्ने व्यक्तिलाई आफ्नै घरको सदस्यको रूपमा जस्तै ती घरभेटी डेरावाल 'म' पात्रलाई व्यवहार गर्छिन् र त जाँदाखेरि दुवैका आँखाबाट आँशु झरेका थिए । तसर्थ यस कथा मार्फत आजका

[२१] कृष्णदेवी शर्मा श्रेष्ठ, **घरभेटी भाउजू**, नवलपरासी : उद्योगबहादुर श्रेष्ठ, २०५९, लेखक्यौली पृष्ठ ।

हरेक घरभेटीलाई यस कथाकी पात्र घरभेटी भाउजू जस्तै असल र आदर्शवान् बन्नुपर्दछ भन्ने सन्देश दिने उद्देश्य रहेको छ ।

त्यस्तै अर्को कथा *जीवन एक : मोड अनेक* पनि सामाजिक विषयवस्तुमा आधारित छ । यस कथामा एउटी विवाहित नारीका लागि मातृवात्सल्य प्रेम कतिसम्म महत्त्वपूर्ण हुन्छ र आमा बन्ने सौभाग्यबाट बञ्चित बन्न पुग्दा उसको जीवन कसरी तहसनहस बन्न पुग्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । यस कथाकी कृष्णाको विवाह विनोदसँग हुन्छ । माइतमा एक्ली छोरी राम्रोसँग हुर्के बढेकी हुन्छे । बाल्यकाल तथा विवाहपछिका केही वर्षहरू उसका लागि सुखमय भएपनि उत्तारार्ध जीवनमा मातृवाल्सल्य प्रेमबाट बञ्चित बन्न पुगेकी छ । आमा बन्न नसक्ने कारण देखाउँदे लोग्नेले दोस्रो विवाह गरेपछि सौताको खटनपटनमा बस्न बाध्य भएकी छ । सबै साथीहरूका छोराछोरी हुँदा उसलाई पनि रहर लाग्थ्यो तर सान्त्वनाको सट्टा झन् थप पीडा सहन ऊ बाध्य भएकी छ । यसरी मान्छेले जीवन बिताउदै जाँदा अनेकौं सुखदुःखका मोडहरू पार गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । कृष्ण एक आफैँ सन्तान अभावमा पिल्सनु परेको अवस्थामा झन् थपल सौता बेहोर्नु पर्दा उसलाई असह्य पीडा भएको छ । यस्ता समस्या हाम्रो समाजमा धेरै नारीले सहेका छन् भन्ने कुरा यस कथा मार्फत् कथाकारले देखाउन चाहेकी छन् ।

त्यस्तै सामाजिक विषयवस्तुमा आधारित *कुलीनता* कथा पनि हो । यस कथामा कुलीन घरमा छोरीलाई विवाह गरेर दिएपछि उसले कहिल्यै दुःखकष्ट र पीडा व्यहोर्नु पर्दैन भन्ने रूढिवादी सोचाइ विपरीत एउटी नारीले कुलीन घरमा भोग्नु परेका पीडालाई देखाउन खोजिएको छ । यस कथामा राकेशले सम्झनालाई रातभरि रक्सी खाएर आई कुट्ने गर्दथ्यो । उसको लोग्ने राकेश कुलीन घरको एक्लो छोरो थियो । बी.ए.सम्म उत्तीर्ण गरेको राकेश कुलघरानको भए तापनि दिनहुँ मादक पदार्थ सेवा गरी हिँड्ने, सोझा जनतालाई थर्काउने गर्दथ्यो । यसको यस्तो बानीले सम्झना आजित भएकी थिई । घरको यस्तो अवस्थामा ऊ माइतीमा गएर भन्न सक्दिनथी । विचरी ! २५ वर्षको उमेरमा पनि पचास वर्षको उमेरकी जस्ती देखिन्थी । पछि छोरीको यस्तो अवस्था देख्दा उसका बाबुआमाले कुलीन घरमा छोरी दिएपनि छोरीले सुख पाइन भन्दै पश्चात्ताप गरेका छन् । यस कथाको मुख्य उद्देश्य भनेको आजको युगमा पनि परम्परागत सोचाइ अनुसार बाबुबाजेको इज्जत र कुलघरानलाई मात्र ख्याल गरेर छोरीको विवाह गरिदिनुभन्दा बरु आफूले विवाह गर्न

लागेको व्यक्तिको आचरण कस्तो छ बुझेर मात्र सम्बन्ध अगाडि बढाउनुपर्छ भन्ने हो । कुलीनता आजको युगमा एक ठगी खाने तुम्बाको रूपमा आएको छ । त्यसैले कुलीनताको आडम्बरको पछि लागेर आफ्नो सन्ततिको भविष्य बर्बाद गर्नुको साटो बरु अकुलीन भए पनि सभ्य र इमान्दार व्यक्तिसँग नाता गाँसेर जीवन सुखद बन्न जान्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

*गरिब* कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । गरिबीको कारण परिवारमा हातमुख जोड्न र एकसरो वस्त्रका लागि सङ्घर्ष गर्नुपरेको दलवीर र जुठीको कथा हो यो । यसमा ६/६ जना छोराछोरीलाई सङ्घर्ष गरेर खुवाउनु परेको कुरालाई बताएर छोराछोरी पनि बुझ्ने भएपछि आमाबुबालाई आ-आफ्नै हिसाबले सहयोग गर्न खोजेको प्रसङ्ग कथामा आएको छ । जसबाट जुठीको मन प्रसन्न भएको छ । छोराछोरीको सहयोगले गर्दा एक छाक राम्रोसँग खाएका उनीहरू आखिर भोलिका निम्ति के खाने भन्ने सोचाइसँगै कथा सकिएको छ । कथा गरिबीको पीडाका बारेमा खुलस्त पार्न सफल देखिन्छ ।

*सपना : एक आधार* कथा पनि सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा छोराछोरी ठूला भएर केही गर्लान् र सुख देलान् भन्ने आशमा बाँचेको बाबु मर्ने बेलामा भने पानीसम्म खुवाउन नपाएको विषयलाई प्रस्तुत गरिएको छ । साथै विवाह पश्चात् परदेश लागेको श्रीमान्लाई सपनामा देखेर खुशी भएको र सपनामा नै हराउन पुगेको सरलाको व्यथालाई प्रस्तुत गर्दै कथाकारले नारीहरू जस्तोसुकै दुःख भए पनि श्रीमान्सँग बस्न पाए खुशी हुन्छन् भन्ने विषयलाई प्रस्तुत गरिएको छ ।

*तुलसीको विवाह* सामाजिक जनजीवनमा आधारित कथा हो । यसमा सोल्टी र खोल्टिनी नाता पर्ने दुई जना युवायुवती बीचको शारीरिक प्रेमबाट उत्पन्न परिणामलाई प्रस्तुत गरिएको छ । यसका साथै विवाहका बेला हाम्रो समाजमा देखा पर्ने गरेका जातभातका कुरालाई पनि कथामा स्थान दिइएको छ । जातभातका कारण तुलसी नामक पात्रको विवाह हुन नसकेको सामाजिक सन्दर्भसँगै कथावस्तु टुङ्गिएको छ ।

*परिस्थितिसँगको सम्झौता* कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा आफ्ना पति मरेपछि छोराछोरीलाई दुःख-जिलो गरेर हुर्काएपछि पनि

विभिन्न परिस्थितिसँग जुध्नु परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । मदन र उर्मिला दुई दिदीभाइमध्ये गरिबीका कारणले १६ वर्षे उर्मिला धनबहादुरसँग भाग्छे । त्यसपछि उसको कुराकानी गाउँमा चल्छ र गाउँमा मानिसलाईं जस्तो परेपनि बेहोर्नुपर्ने बूढापाकाको कथनसँगै कथावस्तु टुङ्गिएको छ । कथामा केही हिन्दी र अङ्ग्रेजी शब्दका साथै पत्रलाई पनि समावेश गरिएको छ ।

*मेरा आँखाबाट बर्बर आँशु झरे* कथा पनि सामाजिक विषयवस्तुमा आधारित कथा हो । विश्व नाम गरेको पात्रको जीवनमा आधारित यो कथामा गरिबीका कारणले गर्दा र अशिक्षाका कारणले गर्दा सन्तान धेरै भएर आफूले दुःख पाउनुपरेको कुरालाई बताइएको छ । आफू पढ्ने उमेरमा नराम्रा काम गर्न हिँडेपछि भविष्यमा दुःख पाएको र पछुताउनु परेको विषयलाई कथामा सरल भाषाशैली मार्फत व्यक्त गर्न कथाकार सफल बनेकी छिन् । विश्वको व्यथा देख्दा 'म' पात्रका आँखाबाट आँसु झरेको प्रसङ्गले कथाको कथ्य विषय र शीर्षकका बीच तालमेल पाइन्छ ।

*पश्चात्तापै-पश्चात्ताप* कथा समाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा बुबाआमाको लापर्वाहीका कारणले एउटा छोरीले जीवनमा दुःख पाएको घटनाको चित्रण गरिएको छ । मानिसले समयलाई चिन्न नसक्दा जीवनमा पछुताउनु बाहेक अर्थोक हुन सक्दैन भन्ने कथावस्तुलाई सच्चु नामक मात्रामार्फत कथाकारले देखाउन खोजेकी छिन् । तृतीय पुरुष दृष्टिबिन्दुमा रचित यो कथा सरल र सरस भाषाशैलीमा संरचित छ ।

*कल्पना* सामाजिक विषयवस्तुमा आधारित स्त्रीसुलभ गुणका बारेमा लेखिएको कथा हो । यसमा कल्पना भन्ने पात्रको बाल्यकालीन गुण एवं विशेषताहरू समाजका लागि अनुकरणीय बनेका र त्यही लक्षणले गर्दा सबैले उनलाई 'देवी' भन्ने प्रसङ्गको उल्लेख छ । एउटा आदर्श नारीको सद्व्यवहारले घरपरिवार कतिसम्म सुखी र सभ्य हुन्छ भन्ने कुरा यस कथामार्फत देखाइएको छ । कथा सरल भाषाशैलीमा रचिएको छ । समाजलाई उदाहरणीय बनाउन कल्पनाले गरेको काम र व्यवहार कथामा प्रशंसनीय रहेको छ ।

*अभागिनी* कथा सामाजिक विषयवस्तुमा आधारित तिर्सना नामक नारी पात्रको कथाव्यथा समेटिएको कथा हो । यसमा तिर्सनाका सुरुको घमण्डी अवस्था र

जीवनका पछिल्ला चरणमा उसले मान्नुपरेको पश्चात्तापलाई यस कथामा समेटिएको छ । तिर्सना सुरुमा धनसम्पत्ति हुँदा माइतीलाई वास्ता नगर्ने तर पछि दुःख पर्दा आफूलाई अभागिनी सम्झँदै छटपटाउनु परेको विषयवस्तुलाई समेटिएको यो कथा मानिस जीवनमा एकसमान हुनसकेमा मात्र जीवनमा पछुतो र अभागी बन्नु नपर्ने सन्देश दिन कथा सफल बनेको छ । कथावस्तुमा उखान टुक्काले गर्दा रोचकता ल्याउनुका साथै सरल भाषाशैलीमा प्रस्तुतिकरण भएको छ ।

*आज श्रीदेवी र गोविन्दाको फिल्म आउँछ* कथा एकजना मंगलेको जड्याँहा जीवनमा आधारित सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा जाँड खाँदा परिवारलाई पुगेको चोट, समाजमा गरिने कुरा अनि बालबालिकाको भविष्य माथि गरिने खेलवाड आदिजस्ता विषयवस्तु समेटिएका छन् । मंगले रक्सी खाएर भीरबाट लडेर मर्छ र पारिवारिक विजोग बनाउँछ तर स्वास्नी छोराछोरी भने विजोग अवस्थामा पुग्छन् । जेठाजुको घरमा रङ्ग रमाइलो हुन्छ तर मंगलेको घरमा भने सधैँ औंसीको रात नै । आफ्नो भाग्यलाई सराप्दै बुधीले मंगलेलाई सम्झन पनि छोडेको कथावस्तुसँगै टुङ्गिएको यस कथामा घरमा परिवारको मुली मान्छे बिग्रँदा वा बाटो बिराउँदा पारिवारिक अवस्था नै भताभुङ्ग हुने विषयलाई प्रस्तुत गरिएको यो कथा शीर्षक अनुसारको नभए पनि सरल एवं शिक्षाप्रद रहेको छ ।

*किंकर्तव्यविमूढ* कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । सुबोधको क्रियाकलापको वर्णन गरिएको यस कथामा समाजमा घट्ने घटनालाई विषयवस्तु बनाइएको छ । शुरुमा सुबोध र समीक्षाका प्रेमकहानीलाई प्रस्तुत गरेर कथाकारले बेलैमा नसोच्दा जीवनका पछिल्ला अवस्थाहरूमा पछुताउनुपर्ने सन्देशलाई प्रस्तुत गरेकी छिन् । बाबुआमाले आफ्ना सन्तानप्रति पूर्णरूपमा ध्यान नदिँदा उनीहरूले बाटो बिराएको प्रसङ्गलाई जोड्दै सुबोध नामक पात्रको मृत्युपश्चात् समीक्षाको पनि सपना अधुरै रहेको र समीक्षा एवं सुवोधको परिवार किंकर्तव्यविमूढ भएर बाँच्नुपरेको विषयवस्तुलाई कथामा समेटिएको छ । कथा रैखिक शैलीमा अगाडि बढेको छ । तृतीय पुरुष शैलीमा रचित यो कथामा पत्र एवं गीतलाई समावेश गरी विषयवस्तु अनुकूल तुल्याइएको छ । समग्रमा कथाको शीर्षक अनुसारको विषयलाई प्रस्तुत गरेको यो कथा उत्कृष्ट बनेको छ ।

### ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

राजनीतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कथाहरू राजनैतिक कथाअन्तर्गत पर्दछन् । यस सङ्ग्रहभित्रका घटनाहरूमा वर्तमान समयका राजनीतिक घटनाहरूलाई यसका विकृति र विसङ्गतिहरूलाई कथामार्फत देखाउने काम भएको छ । राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *राजनीति, चमेरे राजनीति, जफुले भाँडेको गाँउ* र *सांसद (सानाबुबा)* आदि पर्दछन् ।

*राजनीति* कथा एक राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा हाम्रो समाजका कतिपय व्यक्तिहरू अझै पनि पार्टीगत स्वार्थभन्दा माथि उठ्न नसकेको वास्तविक यथार्थलाई देखाउन खोजिएको छ । देशमा प्रजातन्त्रको बहाली भएको थुप्रै वर्ष भइसके तापनि बुटेन गाउँमा कुनै परिवर्तन आएको थिएन । त्यहाँका व्यक्तिहरू सबैले आफ्नो पार्टीलाई ठूलो र अरूको पार्टीलाई सानो भनेर गालीगलौज गरिरहन्थे, जसले गर्दा अर्को पार्टीले काम गर्न लाग्दा भाँजो हालेर दुःख दिने गर्दथे । गाउँका व्यक्तिहरूमा आपसी समझदारीको कमी थियो । यिनीहरू धारा, पँधेरा, साँध, कान्ला आदिका विषयमा पनि राजनैतिक कुरा गरेर झै-झगडा गर्ने गर्दथे । जुन पार्टी सत्तामा गयो, जुन पार्टीले कुनै सुविधा उपलब्ध गराउन सक्यो त्यही पार्टीमा बुझी नबुझी हाम फाल्ने व्यक्तिहरू पनि त्यस गाउँमा प्रशस्तै थिए । यसै मध्यका मत र लुत पनि थिए । यिनीहरू कहिले काङ्ग्रेस त कहिले एमाले पार्टी फेरिरहन्थे । यिनीहरूमा हरेक कुरामा राजनैतिक दुश्मनी बढी रहेको थियो । जसले गर्दा बुटेन गाउँमा राजनैतिक झगडाका मुद्दाहरू बढिरहेका थिए । सामाजिक कार्य हुनसकेको थिएन तर यता कटुसे गाउँमा भने राजनीतिलाई भन्दा बढी विकासका कामहरूलाई प्राथमिकता दिने गरिन्थ्यो । यहाँका मानिसहरू दलीय स्वार्थभन्दा माथि उठेका र आफ्नो व्यक्तिगत स्वार्थभन्दा पनि सामुदायिक हितका बारेमा काम गर्न तत्पर देखिन्थे । राजनीतिका कारण र जिम्मेवारी बोध नगर्दा बुटेन गाउँको भन्दा कटुसे गाँउको विकास हुँदै गयो । तसर्थ कथामा हरेक व्यक्तिलाई स्वार्थबाट माथि उठेर आफ्नो घर परिवार, गाउँ, समाज र राष्ट्रको हित हुने कार्यमा एकजुट भएर लागि पर्न अनुरोध गरिएको छ ।

त्यस्तै गरी *सांसद (सानाबुबा)* राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा हाम्रो देशका नेताहरूको जीवनशैलीप्रति तीखो व्यङ्ग्य गरिएको

छ । सांसद कथामा विपना र सपना सानीआमा र ठूलीआमाका छोरा छोरीहरू थिए । विपना सम्पन्न परिवारकी छोरी तथा सौगात मध्यम परिवारको छोरो थियो । पढ्नमा चलाख सौगातको सम्पूर्ण आर्थिक भार विपनाले नै बोकेर उसलाई पढाइदिएकी थिई । त्यसपछि एक सम्पन्न परिवारकी छोरी देवयानीसँग सौगातको विवाह पनि गराइदिएकी थिई । समय बित्दै गयो । सौगातका बुबा अर्थात् विपनाका सानाबाबु २०५१ आमनिर्वाचनमा स्वतन्त्र रूपमा सांसद पदमा चुनिए । खुट्टामा चप्पलसम्म लगाउन नसक्ने सानाबुबाले सांसद भएपछि काठमाडौंमा भव्य महल खडा गरे । यता सौगात पनि लोकसेवा उत्तीर्ण भएर जागिरे भैसकेको थियो । यस अवस्थामा एक दिन विपना आफ्नो छोरो प्रसादलाई जागिर खुवाउन ठूलो आशा लिएर सानाबुबाको घरमा पुगेकी विपना धमिलो मन गराएर आफ्नो घरतिर फर्कन बाध्य हुन्छे र कथाको पनि अन्त्य हुन्छ ।

प्रस्तुत कथामा आजका मान्छेहरू आफ्नो अतीतको कुरा बिर्सेर वर्तमानमा रमाउने र धनसम्पत्ति भएपछि आफ्नै आफन्तहरूलाई पनि पराइ व्यक्तिको जस्तो व्यवहार गरेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

*जफुले भाँडेको गाउँ* कथा राजनैतिक विषयमा आधारित कथा हो । यसमा 'जफु' को अर्थ 'ज' को जगल्टे र 'फु' को 'फुडुल्के'को राजनैतिक क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यिनीहरूको लहैलहैमा लागेर राजनीतिमा लाग्दा गाउँलेहरूले दुःख पाएको घटनालाई प्रस्तुत गर्दै कथाकारले 'जफु'ले गाउँमा भाँड मच्चाएको र त्यसका विरुद्ध गाउँलेहरू एकजुट भएर 'मिलेमतो' नामको संस्था खोली 'जफु' जस्ता फटाहा र सामन्तहरूको बिऊ मास्ने उद्देश्य लिएर समाजको विकासका लागि एकजुट भएको अवस्थाको चित्रण गरिएको छ ।

*चमेरे राजनीति* राजनैतिक विषयवस्तुमा आधारित कथा हो । यसमा पाराश्वर भन्ने पात्रको पार्टी फेरिरहने प्रवृत्तिको चर्चा गरिएको छ । पाराश्वर कक्षा १० सम्म पढेका र बहुदल आएपछि घरी काङ्ग्रेस घरी कम्युनिष्ट त घरी के गरेर पार्टी परिवर्तन गरेका थिए, जसबाट घरमा र गाउँमा उनलाई कसैले पनि मान्दैनथे । राजनीतिमा लागि पारिवारिक स्थिति पनि बिग्रिसकेको थियो । उनी घर, छोराछोरी, वस्तुभाउप्रति कुनै वास्ता नगर्दा परिवार विचल्लीमा पर्दछन् । गाउँमा सबैले 'चमेरो' भनेको सुन्दा श्रीमती अम्बिकाको मन दुःखेको घटनासँगै कथावस्तु

टुङ्गिएको छ । यसमा राजनीति गर्नेले पारिवारिक व्यवस्था पनि मिलाउनुपर्ने अन्यथा पारिवारिक स्थिति बिग्रने यथार्थताको बोध गराइएको छ ।

**ग) शैक्षिक विषयवस्तुहरूसँग सम्बन्धित कथाहरू**

कुनै पनि कथाहरू ज्ञानवर्द्धक हुन्छन् । शिक्षाको कमी भएर त्यहाँ कुनै नराम्रो घटना घटेको कथामा देखाइएको छ भने त्यहाँबाट हामीले मान्छे शिक्षित हुनुपर्छ । शिक्षित मान्छे र मान्छेले गरेको व्यवहारमा भिन्नता देखाइन्छ भने यसबाट हामीले मानिस शिक्षित हुनुपर्छ भनेर बुझ्नुपर्छ ।

समाजमा रहेका व्यक्तिहरूलाई अन्धविश्वास रूढिवादी प्रवृत्ति त्याग्न आग्रह गर्दै शिक्षा र नैतिकता, विवेक, ज्ञान, बुद्धि, अर्ती, उपदेश दिनका लागि लेखिएका कथाहरू शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा अन्तर्गत पर्दछन् । यस्ता अशिक्षित समाजलाई चेतना जगाउने उद्देश्यले उनले केही कथा लेखेकी छन् । यसअन्तर्गत *उषा र सन्ध्या, पश्चत्तापै-पश्चात्ताप, शुभ-विवाह, आफ्नै आङमा..., धेरै सन्तान दुःखको आह्वान, अभागिनी* र *किंकर्तव्यविमूढ* जस्ता कथाहरू शैक्षिक विषयवस्तु अन्तर्गत पर्ने कथाहरू राखिएका छन् ।

*उषा र सन्ध्या* कथा शैक्षिक कथावस्तुसँग सम्बन्धित कथा हो । मुखिया श्रीभद्र तथा ललिताका दुई छोरीहरू उषा र सन्ध्या थिए । छोरा नभएका कारणले आफ्नो सम्पत्ति स्यालको मासु हुने भयो भनेर यी दुई दम्पति सधैं चिन्ता गरिरहन्थे । बाबुआमाले सधैं चिन्ता गरेको देखेर हामीहरू पनि हजुरकै सन्तान हौं, छोरामात्र सन्तान हुन् र, हामी छँदै छौं नि हजुरहरूको सेवा गर्ने हामीले भविष्यमा सेवा गरेर हजुर दुईका कालगति मेट्ने प्रतिज्ञा गर्छौं भनेर छोरीहरूले सम्झाउने गर्दछन् । ती दुई छोरीको बोलचाली र व्यवहार साह्रै सरल थियो । २०५८ सालको एस.एल.सी. मा दुवै दिदीबहिनी द्वितीय श्रेणीमा पास भए । यति नै बेला गाउँमा दिनेश सुब्बाका दुई युवकलाई छोरी दिने निश्चय गर्दै मुखिया श्रीभद्रले २०५८ सालमा मार्ग १५ गतेको शुभ साइतमा छोरीहरू उषा तथा सन्ध्याको विवाह गरिदिए । दिन बित्दै गए । तिनीहरूले छोराछोरी पनि पाए । उनीहरूका छोराछोरीले आइ.ए. बी.ए. पनि पढेका थिए । बाबुआमा बृद्ध भइसकेका हुनाले दिदी बहिनी एक-एक महिना पालो

गरी आमाबाबुको सेवामा जुटेका थिए । यी दिदीबहिनीको व्यवहारबाट प्रभावित भएर आजकाल पीपलबोट गाउँका मानिसहरूले छोरा होस् वा छोरी, दुई सन्तान भएपछि तुरुन्तै परिवार नियोजन गर्न थालेका छन् । हाम्रो नेपाली समाजमा अझै पनि छोरा र छोरीमा भेदभाव गर्ने गरिन्छ । शिक्षित हुन् या अशिक्षित जुनसुकै परिवारमा छोरालाई उच्च सम्मानका साथमा हेरिन्छ भने छोरीलाई अरूको घरमा जाने जातको रूपमा लिइन्छ । हाम्रो समाजमा मरेपछि पनि छोराले नै किरिया गर्नुपर्ने र पिण्डपानी दिनुपर्ने मान्यता रही आएको छ । त्यसैले यी र यस्ता मान्यतालाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने उद्देश्य यस कथाले राखेको छ । छोरी पनि उचित अवसर पाएमा छोराले जस्तै भूमिका निर्वाह गर्न सक्छन् । छोरी जीवनका अभिशाप मात्र हुन् भन्ने गलत हो भनी देखाउनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

त्यस्तै *शुभ विवाह* कथा पनि शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा एक शिक्षित युवायुवती बिचको प्रेम सम्बन्धलाई देखाउन खोजिएको छ । यस कथाका मुख्य पात्र सपना, सजना र जगत हुन् । सत्र वर्षे सजना अनुप शर्मा तथा दीपा शर्माकी जेठी छोरी हुन् । बाईस वर्षे जगत बझाङ्ग घर भएको काठमाडौंमा सजनाको घर भाडामा लिई त्रिचन्द्र कलेजमा बी.एस्.सी. पढ्दै गरेको केटा हो । एकदिन धारामा हात धुन जाँदा सजना र जगतको हात एक आपसमा छोइन पुग्छ । त्यहाँबाट यिनीहरूमा मायाको आँकुरा पलाउन थाल्छ । जगतले सजनाको घरमा अन्य सदस्यहरूसँग पनि राम्रो व्यवहार गर्छ, जसले गर्दा घरमा श्राद्ध, पूजा पाठ हुँदा पनि उसलाई बोलाएर खाना खुवाउने गरिन्थ्यो । एक दिन सजनाले जगतलाई पत्र लेख्दै उसको पढाइ र विवाहको बारेमा बुझ्न खोज्छ । जगतले पनि सजना जस्ती केटी पाएमा विवाह गर्ने इच्छा रहेको कुरा गर्दछ । त्यसपछि उनीहरूमा अझ बढी आत्मीयता बढ्दै जान्छ । अन्त्यमा बुबाआमाको स्वीकृति लिएर मात्र विवाह गर्ने निर्णयमा पुग्छन् । आफ्नो विवाहको प्रस्ताव बाबु अनुप शर्मा र दीपा शर्माको अगाडि राख्छन् । उनीहरूले पनि छोराछोरीको चाहनालाई नै सर्वोपरि ठान्दै शुभ लगन हेरेर विवाह सम्पन्न गरिदिन्छन् ।

यसर्थ यस कथामा छोराछोरीलाई उचित शिक्षादिक्षा दिई युगअनुसार उनीहरूलाई आफ्नो जीवनसाथी चुन्ने अवसर दिनुपर्छ । यसबाट उनीहरूको जीवन सुखी हुन्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

त्यस्तै *बैठक* अर्को शैक्षिक विषयवस्तुमा आधारित कथा हो । यसमा विद्यालय जस्तो पवित्र शैक्षिक संस्थामा मादक पदार्थ सेवन गर्नाले शिक्षाको स्तर खस्कने र योग्यता नपुगेका व्यक्तिलाई जिम्मा दिनाले प्रगति हुन नसक्ने शैक्षिक विषयलाई प्रस्तुत गर्दै *बैठक* शीर्षक मार्फत गाउँमा भएका क्रियाकलापलाई प्रस्तुत गरिएको छ । खासै कथ्यवस्तु छैन ।

*धेरै सन्तान दुःखको आह्वान* शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा धेरै सन्तान जन्माउँदा आफ्नै शरीरलाई दुःख हुने टुल्कीको कथनलाई कथावस्तु बनाइएको छ । यसमा गरिबीका कारणले छोराछोरी पढाउन नसकेको विषयलाई प्रस्तुत गर्दै छोरीले पढ्न नहुने कुरालाई प्रस्तुत गरिएको छ । अशिक्षाका कारण ६/७ वटा बच्चा जन्माएपछि तिनलाई पालनपोषण गर्दा ऋण लागेपछि बाबुआमाले पछि बच्चाबच्ची बढी भएछन् भन्ने शिक्षाबोध भएपछि कथावस्तु टुङ्गिएको छ । शैक्षिक चेतना पस्कने उद्देश्यले लेखिएको यो कथासरल र सहज भाषाशैलीमा रचिएको छ ।

त्यस्तै *आफ्नो आङमा ... हिँडेको देख्ने* कथा पनि शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा हो । आफ्नो छोराबुहारी आफूबाट टाढा भएको र छोरा जोइटिङ्ग्रे भएको भन्ने सासूले छोरीलाई घरमा आफूले जस्तै व्यवहार गर्दा चित्त दुखाउन पुग्छिन्, जसबाट छोरी र बुहारीलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । आजको समयमा आफ्नी छोरीलाई हरेक सुविधा होस् भन्ने तर बुहारीलाई हरेक कुरामा दमन गर्न खोज्ने नीति आफ्नो आङ्मा भैँसी हिँडेको नदेख्ने अरूको आङ्मा जुम्रो हिँडेको देख्ने उखानसँग मेल खुवाउँदै कथावस्तु टुङ्ग्याइएको छ, जसबाट हरेक सासूले आफ्नी छोरी र बुहारीलाई समान दृष्टिकोणले हेरेमा पारिवारिक वातावरण राम्रो हुन्छ भन्ने शिक्षा दिएको छ ।

### घ) प्रणयमूलक विषयवस्तुहरूसँग सम्बन्धित कथाहरू

प्रेममूलक, विषयवस्तु देखाउने उद्देश्यले रचना गरिएको यस सङ्ग्रहमा एउटामात्र कथा छ *रोशनले अङ्गीकार गऱ्यो* । *रोशनले अङ्गीकार गऱ्यो* कथा एक प्रेम

प्रणययुक्त विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा एक प्रेमी-प्रेमिका भएर सँगसँगै बाँच्ने-मर्ने कसम खाएका जोडीहरू परिवार र समाजको करकापमा परेर दाजुबहिनी जस्तो पवित्र नातामा बदलिन बाध्य भएको अवस्थालाई देखाउन खोजिएको छ ।

प्रस्तुत कथामा रोशनी र रोशन एक प्रेमी प्रेमिका थिए । आजीवन सँगसँगै बाँच्ने मर्ने कसम खाएका रोशन र रोशनी बाबुआमाको करकापमा परेर एक अर्काबट छुट्टिन बाध्य भएका थिए । किनकि रोशनी गरिब बाबुकी छोरी थिई भने रोशन धनी बाबुको एक्लो छोरो थियो । त्यसैले रोशनका आमाबाबुले उसको विवाह गाउँकै धनी र सम्पन्न व्यक्ति जयनन्द सुब्बाकी छोरी रोजासँग गरिदिने निर्णय गरिसकेको थिए । त्यसपछि रोशनले रोशनीसँग क्षमा माग्दै अर्को जुनीमा उसैको लोग्ने हुने र यस जुनीमा बहिनीका रूपमा अङ्गीकार गर्ने निर्णय गरेको थियो, जुन कुराले रोशनीलाई विचलित तुल्याएको थियो भने अतीतका कुराहरू सम्झँदै आफ्नो प्रेमीलाई दाजुको रूपमा स्वीकार गर्नु परेकोमा पश्चात्ताप भोग्नु परेको थियो ।

यसर्थ यस कथामा सँगसँगै मर्ने जिउने पवित्र वाचा गरी प्रेम गरेका प्रेमी-प्रेमिकाहरू पनि समाजमा विद्यमान धनी र गरिब बिचको भेदभावले गर्दा एक आपसमा वैवाहिक बन्धनमा बाँधिन नसकेको तीतो यथार्थलाई देखाउन खोजिएको छ । प्रस्तुत कथामा कथाकारले आजका युवा युवतीहरू क्षणिक रमाइलाको लागि प्रेम गर्ने र अन्त्यमा घरपरिवार र समाजको करकापमा परेर सो प्रेमलाई लत्याउँदै अर्कोसँग विवाह बन्धनमा बाँधिने गरेको यथार्थलाई देखाउने उद्देश्य राखेकी छन् ।

*ख्याल-ख्यालमा* कथा अर्को प्रेममूलक विषयवस्तुमा आधारित कथा हो । यस कथामा सरोज र शकु बीचको प्रेमकथालाई प्रस्तुत गरिएको छ । यहाँ १५ वर्षे शकु नबुझिकन सरोजको बाहुपासमा पर्दा दुःख पाउनुपरेको घटनालाई प्रस्तुत गरिएको छ । शकुले सरोजलाई आफ्नो ज्यान सुम्पेपछि दोजिया भएकी र सरोज भागेपछि शकु आमा बन्ने भन्ने कथाकारको भनाइसँगै कथावस्तु सकिएको छ । कथामा प्रेममा धोका हुन्छ, त्यसले सम्पूर्ण जीवन नै बिगार्न सक्छ भन्ने सन्देश दिएको छ । कथामा पत्रलाई पनि स्थान दिइएको छ, जुन भाषाशैलीगत हिसाबले औचित्यपूर्ण लाग्दछ ।

### ३.५.३.२ पात्र

कथाको स्थापनाकालमा पात्रहरूले त्यस्तो स्तम्भको रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकोले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथाका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार, द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र ( चाहे मानव होस् अथवा चाहे मानवेतर) भन्ना साथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनु पर्दछ ।[२२]

यस कथासङ्ग्रहमा कथाकारमा जम्माजम्मी २४ (चौबीसवटा) कथाहरू रहेका छन् । कथाले जहिले पनि पात्रका माध्यमद्वारा राम्रो घटना घटाएर वा नराम्रो घटना घटाएर हुन्छ त्यसबाट एउटा सन्देश दिने काम गरेका हुन्छन् । यस कथासङ्ग्रहमा मूलतः ग्रामीण परिवेशका पात्रहरू आएका छन् । पात्रानुकूल भाषाशैलीको प्रयोग गरिएको छ । मुख्य पात्र र सहायक सबै पात्रको प्रयोग गरिएको छ । पात्रकै माध्यमद्वारा पाठकले एउटा सन्देश प्राप्त गरेका हुन्छन् । त्यस्तो अवस्थामा यस कथासङ्ग्रहमा प्रयोग गरिएका पात्रबाट सहजरूपमा सन्देश ग्रहण गरिएको छ ।

त्यसैले यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा प्रयोग गरिएका पात्रहरू ग्रामीण परिवेशबाट टपक्क टिपेर थपक्क राख्ने काम गरिएको छ ।

### ३.५.३.३ दृष्टिबिन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवं प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटना प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने हो, यस प्रश्नको समाधान नै दृष्टिबिन्दुले गर्दछ । प्रारम्भिक उपकरण मात्रको सङ्ग्रहबाट कथा बन्दैन, यसको एउटा निश्चित संरचना हुनुपर्दछ, त्यसैले दृष्टिबिन्दुले यही संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य गर्दछ ।

---

[२२] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १३ ।

कथामा दृष्टिबिन्दु दुई प्रश्नमा आधारित हुन्छन् । ती हुन् क) कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ र ख) कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ । कुनै कथामा 'म पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनै कथामा 'त्यो' पात्रको दृष्टिबिन्दु पात्र 'म' अर्थात् प्रथम पुरुष रहेको अवस्थामा वा 'त्यो' पात्र तृतीय पुरुष रहेका अवस्थामा कथाको संरचनात्मक स्वरूप नै फरक-फरक हुनजान्छ । दृष्टिबिन्दु केवल 'म' र 'त्यो' को शब्दिक अर्थमा मात्र सीमित छैन परन्तु पात्रको मनको अनुभूति, भाव, संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः यो सम्बद्ध छ । दृष्टिबिन्दु पात्र चाहे जुनसुकै पुरुषमा होस् त्यस पात्रको मानसिक अनुहारलाई कथाकारले कुन हदसम्म चिनाउन सकेको छ, त्यसबाट नै कथामा 'दृष्टिबिन्दु' को प्रयोजन स्पष्ट हुन्छ । कति यस्ता कथा सामग्रीहरू हुन्छन्, जसले कथाकारले आकार प्रदान गर्दा दृष्टिबिन्दु पात्रलाई 'म' कै स्थानमा नराखी हुन्न र त्यसलाई 'त्यो' को स्थानमा राख्दा त्यसको कलात्मक आकार वा संरचना प्राप्त गर्न सक्दैन । तसर्थ कथामा कुन दृष्टिबिन्दुको प्रयोग गर्ने भन्ने कुरा क) कथा सामग्रीको प्रकृति र ख) कथाकारको अभिप्राय वा उद्देश्यमा निर्भर गर्दछ ।

दृष्टिबिन्दु त्यो स्थिति, रचना वा सीमा हो, यसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष नै पुऱ्याउँदछ । कथाकार र पाठकवर्गबिचको सम्बन्धसूत्र नै 'दृष्टिबिन्दु' हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामग्रीलाई कथाको आकारमा मूर्तिमान् गर्दछ । कथामा यो कति महत्त्वपूर्ण छ भने यो बिना कथामा प्रयुक्त कार्य पीठिका, चरित्रचित्रण आदिमा सजीवता आउन सक्दैन ।

कथात्मक दृष्टिबिन्दु दुई प्रकारमा हुन्छन्, आन्तरिक र बाह्य । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी २ प्रकारका हुन्छन् । बाह्य दृष्टिबिन्दुचाहिँ सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका रहेका हुन्छन् ।

कथामा पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । यस्तो दृष्टिबिन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यसअन्तर्गत सर्वदर्शी दृष्टिबिन्दु कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदी समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छ । सीमित दृष्टिबिन्दुमा चाहिँ केबल एक मात्र पात्रको मानसिक संसारको दृष्टिबिन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन ।[२३]

प्रस्तुत **घरभेटी भाउजू** कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू जम्माजम्मी २४ वटा रहेका छन् । यी सबै कथाहरू आन्तरिक तथा बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा भएका कथाहरूमा *घरभेटी भाउजू* आन्तरिक दृष्टिबिन्दु अर्थात् प्रथम केन्द्रीय दृष्टिबिन्दु प्रयोग गरिएको छ । त्यस्तै *धेरै सन्तान दुःखको आह्वान* कथा पनि बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

यसरी यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा मूलतः बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

## ३.५.३.४ सारवस्तु

कुनै कथाकृति पढिसकेपछि समग्रमा त्यसमा जुन भावार्थ अभिप्राय पाइन्छ, त्यही नै सारवस्तु हो । कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ, जसका आधारमा कथानकको संरचना तयार गरिएको हुन्छ । त्यस बीज रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्तछ । त्यसैले बीज रूप भनेको कथा संरचनाको सौन्दर्य तत्त्व हो, जसलाई सारवस्तु भनेर चिनिन्छ । यस अङ्गलाई कथाकारको अभिधात्मक, अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ ।

कथामा सारवस्तु मानवशरीरको रक्तसञ्चार प्रणालीझैं सर्वव्याप्त हुन्छ । यसको स्थितिचाहिँ शाश्वत हुनसक्दछ र प्रसङ्गविषयक पनि, तर जे भए पनि यसले मानवसमाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय तारझैं यस्ता भाव वा विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सशक्त छ ।[२४]

---

[२३] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १३ ।
[२४] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १३ ।

प्रस्तुत **घरभेटी भाउजू** कथासङ्ग्रहमा २४ वटा कथाहरू सङ्ग्रहित भएका छन् । सबै कथाहरू समष्टिगत रूपमा भन्दा गाउँले परिवेशमा घटेका घटनालाई यथार्थ रूपमा गाउँले पात्रहरूलाई टपक्क टिपेर थपक्क राख्ने काम कथाकारले गरेकी छन् । यस कथा सङ्ग्रहमा विविध विषयसँग सम्बन्धित कथाहरूलाई समेटेको पाइन्छ । सबै कथाले कथामा राम्रो वा नराम्रो जस्तोसुकै घटना घटाएर भए पनि एउटा सन्देश छोड्ने काम गरेका छन् । यसमा सङ्ग्रहमा भएका कथाहरू मूलतः अभिधात्मक शैलीमा लेखिएका छन् । एउटा सामान्य गाउँमा कस्ता कस्ता किसिमका घटना घटेका छन् र घट्न सक्छन् भन्ने कुरा देखाउनु नै कथाकारको उद्देश्य रहेको पाइन्छ ।

## ३.५.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो । यसभित्र कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् । पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीकविधान, तुलना (उपमा, प्राक्सन्दर्भ), शीर्षक आदि । कथाको भाषिक एवं शिल्प शैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरू यसमा पर्ने भएकाले तत्क्षण यसले पाठकवर्गलाई प्रभावित पार्ने काम गर्दछ ।

कथाबाट अर्थ अभिधामूलक वा अन्योक्तिमूलक जुनसुकै होस् । सारवस्तु, कथावस्तु आदिलाई पृथक् गरेर हेर्दा त्यसमा बाँकी जे देखिन्छ, त्यही नै रूपविन्यास हो । यसले गर्दा नै कथाले आधुनिक कालमा विधागत मान्यता पाएको हो । यसले कथामा कलालाई प्रतिस्थापित गर्दछ । त्यसैले गैरसाहित्यिक लेखन (विज्ञानसम्बद्ध लेखन) मा संरचना पाउन सकिएला तर त्यसमा रूपविन्यास वैयक्तिक हुने हुनाले यसका संवृत र विवृत दुई स्थितिहरू हुन्छन् । 'संवृत' मा कथाकार सरल अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्नो कथामा संरचनाको हाराहारी वा समानान्तर रूपविन्यासलाई पनि उपस्थापित गरिदिएको हुन्छ ।

साहित्यमा प्रतीक मूल वस्तुका रूपमा देखाइन्छ र त्यस वस्तुले कुनै पनि अमूर्त कुरालाई जनाउँदछ । यसरी प्रतीक अमूर्तको मूर्त विधान हो । कथामा जसले संरचनापक्षलाई नै बढी संवेद्य बनाउने अथवा पात्रको स्थितिलाई बोध गराउने भूमिका खेल्दछ । प्रतीकले अव्यक्त वस्तुलाई चिनाउने काम गर्दछ । त्यसैले यो एउटा मूक भाषा हो । जुन विश्वजनीन पनि हुन सक्तछ र राष्ट्रिय, सांस्कृतिक वा जातीय पनि हुन सक्तछ । जे होस् कथामा यसले सौन्दर्यको प्रवर्द्धनको काम गर्दछ ।

बिम्ब शब्दको प्रयोग साहित्यमा 'मानसिक तस्वीर' भन्ने अर्थमा प्रयुक्त हुन्छ । कुनै वस्तुको रूप, रङ्ग, गुण वा आकारको इन्द्रियग्राह्य अनुभूतिको सञ्चारण पाठकमा गर्नु नै बिम्बको मुख्य धर्म हो ।[२५]

यसरी प्रस्तुत कथासङ्ग्रहमा २४ वटा कथाहरू सङ्ग्रहित छन् । यी कथाहरूमा रूपविन्यासका सबै तत्त्वहरू परेका छन् । यी कथाहरूमा गाउँले जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा अत्यन्त सरल भाषा शैलीको प्रयोग गरिएको छ । छोटा छोटा वाक्यहरूको प्रयोगले पाठकलाई अध्ययन गरेर अर्थ ग्रहण गर्न सजिलो भएको छ । कथाहरू पनि अभिधात्मक भएकाले सामान्य पाठकले पनि सहजरूपमा अर्थ ग्रहण गर्न सक्छन् ।

यस सङ्ग्रहभित्रको ख्याल ख्यालैमा पत्रात्मक शौली प्रस्तुत गरिएको छ । जसको नमुना यसप्रकार छ -

प्यारी शकु

मिठो प्यार ।

मलाई विश्वास छ, तिमीले मेरो मनको पीडालाई बुझ्यौ होली । म पनि तिमीबिना बाँच्न र पानीबिना माछो बाँच्न बराबरै भएको छ । तिमीसँग आम्ने-साम्ने भएर दुःख सुखका कुरा गर्ने इरादा छ । त्यसैले आज साँझ हाम्रो दोकान अगाडिको बाँसकासे झाङमुनि आउने छ्यौं । म तिम्रो प्रतीक्षामा बसेका हुनेछु । रातको चकमन्नतामा कसैले भेउ पाउने छैनन् । यदि आइनौ भने म धेरै दुःखी हुनेछु ।

तिमीलाई धेरै माया गर्ने सरोज

(*घरघेटी भाउजू*, पृ. १९)

'उषा र सन्ध्या' कथामा प्रश्नवाचनक चिह्न, उद्धरण चिह्नका साथै तत्सम शब्द (पत्र) तद्भव शब्द (अश्रु) आगन्तुक शब्द (बी.ए.) र मर्नु भन्दा पहिले खुट्टा पसार्नु जस्तो नेपाली उखानटुक्काको पनि प्रयोग गरिएको छ ।

'मेरा आँखाबाट बरबर आँसु झऱ्यो' कथामा टुप्लुक्क, टुसुक्क जस्ता अनुकरणात्मक शब्दको साथै युनिफर्म, पिस, म्याक्सी जस्ता आगन्तुक शब्द र 'भाग्य छ भन्दैमा डोकोमा दुध दुहेर अडिँदैन जस्तो उखानको प्रयोग गरिएको छ ।

---

[२५] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १४ ।

### ३.५.५ निष्कर्ष

कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) द्वारा रचित कथाहरूको एकमात्र कथासङ्ग्रह **घरभेटी भाउजू** (२०५९) हो । यस सङ्ग्रहको प्रकाशन २०५९ सालमा उद्योगबहादुर श्रेष्ठद्वारा भएको हो । यस सङ्ग्रहभित्र जम्मा चौबीसवटा कथाहरू सङ्ग्रहित छन् । यी कथाहरूमा समसामयिक घटनालाई नै मूलविषय बनाइएको पाइन्छ । छोराछोरी बिचको भेदभाव, छोरीबुहारी बिचको भेदभाव, सासूको बक्रदृष्टि, अपरिपक्व, राजनीति, गरिब निमुखाप्रति समाजको नीच धारणा आदि नै यस सङ्ग्रहमा समावेश भएका कथाहरूको विषयवस्तु हुन् । यस कथासङ्ग्रहमा सामाजिक, राजनैतिक, शैक्षिक तथा प्रणयमूलक विषयवस्तुहरू समावेश गरिएको छ ।

सामाजिक विषयवस्तुमा आधारित कथामा *कुलीनता, कल्पना, जीवन एक मोड अनेक, बैठक परिस्थितिसँगको सम्झौता* आदि रहेका छन् । त्यस्तै शैक्षिक विषयवस्तु अन्तर्गत *ख्याल ख्यालमा, उषा र सन्ध्या, पश्चात्तापै पश्चात्ताप* आदि यसअन्तर्गत आउँछन् । यी कथाहरूमा शिक्षाको अभावका कारण अनमेल बाध्यात्मक विवाह, बालविवाह आदिलाई देखाइएको छ । घरभेटी भाउजू सामजिक कथावस्तु हो र यस सङ्ग्रहको शीर्षकलाई सार्थक बनाउने कथा हो । त्यस्तै राजनैतिक विषयमा आधारित *सांसद (सानाबुबा), राजनीति, चमेरे राजनीति, जफुले भाँडेको गाउँ* कथामा कुशल राजनीतिको अभावमा देश अत्यन्त जर्जर अवस्थामा पुगेको परिवेशको चित्रण गरिएको छ । देशमा व्याप्त विसङ्गति र विकृतिले गर्दा मानवीय जीवन अत्यन्त दुःखदायी बन्न पुगेको अवस्थालाई बोध गराउने कथाहरू *कुलीनता, किंकर्तव्यविमूढ, बैठक, जीवन एक : मोड अनेक* आदि रहेका छन् । गरिबी र कुलतले गर्दा दुःखद जीवन बिताउन बाध्य भएको परिवारको पीडालाई देखाउन *आज श्रीदेवी र गोविन्दको फिल्म आउँछ* कथा सफल भएको छ । यस सङ्ग्रहका कथाहरूमा विशेष गरी ग्रामीण परिवेश अनुकूलको भाषाशैलीको प्रयोग गरिएको छ । कथाको बिच-बिचमा तत्सम, तद्भव र अनुकरणात्मक शब्दहरूका साथै काव्य भाषाको पनि प्रयोग गरिएको पाइन्छ । कथाहरू प्रायः तृतीय सीमित दृष्टिबिन्दुमा धेरै रचिएका छन् भने कम मात्रामा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । ग्रामीण जनजीवनमा विद्यमान विकृति विसङ्गतिहरूलाई यस सङ्ग्रहभित्रका कथाहरूमा मुख्य रूपमा देखाउन खोजिएको छ ।

## ३.६. कथाकार बाबुराम लामिछाने र हातभन्दा पर कथासङ्ग्रहको अध्ययन

नवलपरासी जिल्लामा रहेर आफ्ना सिर्जनाका कलमहरू चलाएका बाबुराम लामिछानेका प्रकाशित कृतिहरूमध्ये **हातभन्दा पर** कथासङ्ग्रहमा रहेका २२ वटा कथाहरू यसमा समावेश गरी अध्ययन-विश्लेषण गर्ने कार्य भएको छ ।

### ३.६.१ परिचय

वि.सं. २००९ माघ ६ गते पर्वत जिल्लाको सिरसुवामा बाबुराम लामिछानेको जन्म भएको थियो । स्नातकोत्तरसम्मको औपचारिक अध्ययन पूरा गरेका यिनी सरकारी सेवाको विभिन्न ओहोदामा रहेर काम गरिसकेका छन् । सुप्रबल गोरखा दक्षिणबाहु (चौथा) बाट सम्मानित उनी हाल नेपाली साहित्यको क्षेत्रमा क्रियाशील रहेको पाइन्छ ।

नेपाली साहित्यका विविध विधामध्ये कथा र कविताको क्षेत्रमा कलम चलाउने लामिछानेका **प्रतिद्वन्द्वीको खोजी** (२०५३) कवितासङ्ग्रह, **हातभन्दा पर** (२०६०) कथासङ्ग्रह र **पाखाको** (२०६६) कथासङ्ग्रह प्रकाशित भएका छन् । **हातभन्दा पर** कथासङ्ग्रहमा जम्माजम्मी २२ वटा कथाहरू सङ्ग्रहित गरिएका छन् । यसमा मूलतः समसामयिक नेपाली कथाधाराअन्तर्गतको चिन्तन र शैलीलाई प्रस्तुत गर्दै वर्तमान जीवनले भोग्नुपरेका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका व्यङ्ग्य र यथार्थलाई मूर्तरूप दिएका छन् । विसङ्गत जीवनका विभिन्न पक्षहरूको गहिराइ र उचाइलाई भग्न र पराजित मनस्थितिका पात्रहरूको मूल्य-द्वन्द्वमार्फत सशक्त रूपले विषयबद्ध गराउन कथाकार सफल देखिन्छन् । समसामयिक समाजका विविध विषयलाई कथाको माध्यमले सुधारको अपेक्षा लामिछानेका कथागत प्रवृत्ति हुन् । समाजका यथार्थ घटनालाई मूर्तरूप दिने यिनी यथार्थवादी कथाकार हुन् । यस कथासङ्ग्रहमा उनले व्यापक परिवेश, सामाजिक मूल्य र मान्यता, समाजको यथार्थ चित्रण, विसङ्गत जीवनका विविध पक्षहरूलाई अनुकूल पात्रको उपस्थिति गराई आफ्ना उद्देश्यमा पुऱ्याउन लामिछाने सफल भएका छन् । यस सङ्ग्रहका कथाहरूमा नेपाली समाजको सुन्दर चित्रण गर्दै सरल नेपाली शब्दहरूको प्रयोगले कथाहरू उत्कृष्ट बन्न पुगेका छन् । संक्षिप्तमा भन्दा समसामयिक नेपाली कथाधार अन्तर्गतको चिन्तन र शैलीलाई प्रस्तुत गर्दै वर्तमान जीवनले भोग्नुपरेका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका व्यङ्ग्य र यथार्थलाई मूर्तरूप दिएका छन् ।

बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०) कथासङ्ग्रहको प्रकाशन साझा प्रकाशन, ललितपुरले गरेको हो । यसमा जम्मा २२ वटा कथाहरू सङ्ग्रहित छन्, जसमा

*हातभन्दा पर* शीर्षक मार्फत् समसामयिक अवस्थामा आफ्नो हातमा आफू नै नरहेको यथार्थतालाई प्रस्तुतीकरण गरिएको छ ।

## ३.६.२ शीर्षक

शीर्षक कथाको दर्पण हो । कथा आकर्षक छ वा विकर्षक केही हदसम्म शीर्षकबाट नै थाहा हुन्छ र कथाप्रति पाठकमा उत्सुकता, आकर्षण आदि भावहरूलाई जागृत गराउने श्रेय शीर्षकमै निहित हुन्छ । शीर्षक क कथ्य विषयबिच तालमेल मिल्नुपर्ने हुन्छ । **हातभन्दा पर** कथासङ्ग्रहको शीर्षक सार्थक नै देखिन्छ । यस कथासङ्ग्रहभित्र रहेका कथाहरूमा- *कुँडिएको जिजीविषा, कहाँ जाने ?, बल्छी, सन्तपालको व्यथा, ठक्कर, हजुरआमा, हर्ष-क्षय, फुक्लेको दाँत, दुई शिखरको फेदीमा, स्थान, नियति, ढेडु, क्रम, चिया, रक्सी र कलब्रेक, हातभन्दा पर, भीडमा हराउँदै गएको योद्धा, माधुरी भाउजूको छोरो, दायित्वको सीमा, एउटा घरको कथा, विचयन, च्याँखे* र *हतियार*।

यसरी २२ वटा कथाको संयोजनबाट **हातभन्दा पर** कथासङ्ग्रहले पूर्णता पाएको छ ।

## ३.६.३ संरचना

संरचनामा कथाकारले आफ्ना विचार, धारणा वा अनुभूतिलाई घटना वा पात्रको सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई संयोजन गरी प्रस्तुत गरेको आकार नै संरचना हो । यसमा कथाकारका तर्क, कथन वा युक्ति पर्दछन् जसलाई पाठकले संक्षिप्तमा बुझेर स्मृतिपटमा अङ्कित गरी राख्न सक्दछन् ।

संरचना अन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०) कथासङ्ग्रहको यहाँ अध्ययन गरिएको छ ।

### ३.६.३.१ कथावस्तु

चारित्रिक कार्यव्यापारको स्वरूप वा कथावस्तुमा प्रारम्भ, मध्य र अन्तको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथावस्तु भनिन्छ । यो कथासंरचनाको सबभन्दा सबल तत्त्व हो । कथामूल्यको निर्धारण समेत कथानककै आधारमा हुने हुँदा कलागत मूल्ययुक्त कथाको मूर्त रूपाकृति कथानक बन्न जान्छ र यसले कथामा समग्र निर्मिति अर्थात् रचनागत समग्रताको बोध गराउँदछ ।[२६]

---

[२६] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन** (दोस्रो संस्करण), ललितपुरः साझा प्रकाशन, २०६७, पृ. ५९ ।

विषयवस्तुका दृष्टिले कथाकार बाबुराम लामिछानेको यो **हातभन्दा पर** कथासङ्ग्रहले समसामयिक नेपाली नेपाली कथाधारा अन्तर्गतको चिन्तन र शैलीलाई प्रस्तुत गर्दै वर्तमान जीवनले भोग्नु परेका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका व्यङ्ग्य र यथार्थलाई विषयवस्तु बनाई कथाहरू रचेका छन् । विसङ्गत जीवनका विभिन्न पक्षहरूको गहिराइ र उचाइलाई भग्न र पराजित मनस्थितिका पात्रहरूको मूल्य द्वन्द्वमार्फत सशक्त रूपले विषयबद्ध गराउन कथाकार सफल बनेका छन् ।

समग्रमा भन्दा समसामयिक नेपाली कथाधारा अन्तर्गत चिन्तन र शैलीलाई प्रस्तुत गर्दै वर्तमान जीवनले भोग्नुपरेका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका व्यङ्ग्य र यथार्थलाई प्रस्तुत गर्नु नै कथाकारको उद्देश्य रहेको छ ।

### क) सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरू :

समाजका विविध विषयलाई आधार मानी लेखिएका र समाजका सकारात्मक, नकारात्मक सबै पक्षलाई उजागर गर्ने उद्देश्य राखी लेखिएका कथाहरू यसअन्तर्गत पर्दछन् । यस सङ्ग्रहमा सङ्कलित सामाजिक विषयवस्तुसँग सम्बिन्धत कथाहरूमा *कुँडिएको जिजीविषा, बल्छी, सन्तपालको व्यथा, ठक्कर, हजुरआमा, हर्ष-क्षय, दुई शिखरको फेदीमा, स्थान, नियति, ढेडु, क्रम, चिया, रक्सी र कलब्रेक, माधुरी भाउजूको छोरो, दायित्वको सीमा, एउटा घरको कथा* र *च्याँखे* जस्ता कथाहरू रहेको छन् ।

*कुँडिएको जिजीविषा* सामाजिक विषयवस्तुसँग सम्बन्धित कथासङ्हरूको पहिलो कथा हो । यस कथामा नारीले जीवन यापनका क्रममा भोग्नुपरेका दुःख कष्ट र बाँच्ने चाहनामा गर्नु परेका सङ्घर्षहरू एवम् नारीले बाटो बिराउँदाको अवस्थामा समाजले हेर्ने दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । एकजना नारीले लामो समयका लागि जेल गएपछि समाजमा गर्नपरेको सङ्घर्ष, पतिवियोगको पीडा, अपार गरिबी र उर्लंदो यौवनावस्था र यसले उब्जाएको अन्योलग्रस्त परिस्थितिको चित्रण गरिएको छ । काखमा रहेकी छ महिलाकी छोरी, पारिवारिक दायित्व, गरिबीको मार, नारीसुलभ यौनचाहनाको स्वाभाविक अङ्कुरण र अतृप्तताको बोधले अन्य लोग्ने मान्छेहरूको सस्तो मनोविनोद र हिंसाबाट उत्पन्न मानसिक अन्तर्द्वन्द्वलाई म पात्रले निलबहादुर पुरुष पात्रसँग गोप्य रूपमा शारीरिक सम्बन्ध राखेको तर पछि

कसम्बन्ध बिग्रिएको अवस्थालाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । म पात्र निलबहादुरसँगको सम्बन्ध बिग्रेपछि पतिलाई भेट्न जेलमा पुग्छे । एकाएक म पात्रमा पश्चात्ताप बोधको अनुभूति हुन्छ । आफूलाई आत्मग्लानि भएपछि कथावस्तुले बिट मारेको छ । ग्रामीण परिवेशलाई देखाउँदै प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुमा रचिएको यो कथा कर्तव्य र दायित्वलाई कहिल्यै पनि बिर्सनु हुँदैन भन्ने सन्देश दिने सामाजिक विषयवस्तुमा आधारित कथा हो ।

त्यस्तै *बल्छी* अर्को सामाीजक विषयवस्तुमा आधारित कथा हो । समाजका सिधासाधा व्यक्तिहरूलाई सरकारी सुरक्षा कर्मीको दुष्प्रभावले गर्दा सामाजिक क्षेत्रमा बढ्दै गएको चरम अराजक स्थिति र त्यसबाट निमुखा जनतामाथि हुने गरेका हृदयविदारक पशुवत् व्यवहारलाई चित्रण गरिएको छ । सरल र संवादात्मक शैलीमा प्रस्तुत यस कथामा ऊ पात्र अर्थात् गोविन्दले 'म' पात्रलाई आफ्नो जीवनमा घटेका घटना बताउने क्रममा यो कथा आएको छ । यसमा रमनबाट फर्कँदा एक ठानेदारले आफूसँगै एउटो बोको लिएर फर्कन्छ । ठूलो भएपछि मात्र खाने मनसायले उनीहरूले त्यसलाई एउटा खोरमा पाल्न थाल्दछन् । वरिपरिका सबै चिजहरू तहसनहस पार्छ । बोको दलबहादुरको घरसम्म पुग्छ । केही समयपछि बोको हराएपछि प्रहरीले दल बहादुरलाई चौकीमा लगी यातना दिन्छ । अर्को खसी दिएर मात्र छुट्कारा पाउँछ । उसलाई लागिरहन्छ, यो ठानेदारको बल्छी हो कि अरू केही ? यससँगै कथावस्तु सकिएको छ ।

*सन्तपालको व्यथा* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । वर्तमान भयग्रस्त त्रसित जनजीवन र त्यसले निम्त्याएको अन्योलप्रति आक्रोश व्यक्त गर्नुका साथै कथाको प्रमुख पात्र सन्तपालको मानसिक अवस्थाको समेत चित्रण गरिएको छ । हल्काराको जागिर खाने सन्तपाल पात्रको त्रसित, कुण्ठित मनोदशा, उसले देखेका, घटेका र मनका छटपटीलाई मूर्त रूप दिएका छन् । भयभीत र बेहोस अवस्थामा घर फर्किरहेको सन्तपाल बाटोमा जो कोहीलाई देख्दा ऊभित्र सन्त्रासको गति बढ्छ । मानिसले मानिससँग डराउनुपर्ने अवस्था, अविश्वास र सन्त्रासको परिस्थितिले ईश्वरीय आस्थामा समेत शङ्का गर्नुपर्ने अवस्थााको जीवन्त चित्रण गर्न कथा सफल बनेको छ । जीवनदेखि निराश, थकित, गलित अवस्थामा घर आउँदा छोरालाई नदेखेर सशङ्कित हुनुका साथै खानु र बस्नुको कुनै स्वाद नभेटाएको सन्तपाललाई हल्काराको जागिरप्रति हीनताबोध हुनु, श्रीमतीको सरलपन

देखेर करुणा पैदा हुनु, अबोध बालक मारिनुजस्ता घटनाहरू उसका आँखा अगाडि घटेका छन् । यसबाट ग्रसित ऊ मानवता भन्ने कुरा पिल्सिँदै गएको यथार्थतासँगै कथावस्तु टुङ्गिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएको यो कथा ग्रामीण सामाजिक परिवेशमा घटित छ ।

त्यस्तै *ठक्कर* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । जीवनलाई क्षणिक मनोरञ्जनका रूपमा लिन नहुने र भविष्यप्रति सदा सचेत भएर लक्ष्यमा पुग्न दृढ सङ्कल्पका साथ लाग्नुपर्ने सन्देश दिने कथा हो । तृतीय पुरुष दृष्टिबिन्दुमा सहरी परिवेशलाई आधार बनाएर लेखिएको यस कथाकी प्रमुख पात्र सारिका हो । यौवन, रूप र लज्जाले युक्त सारिकाले आफ्नो सौन्दयर्ताको अभिमान गर्नु, आफ्नो लक्ष्य र भविष्यप्रति प्रवाह नगर्नु, भौतिक सुन्दरता नै सबै हो भन्ने धारणा राख्नु, आफूमाथि युवाहरूको नजर पर्दा झनै घमन्ड बढ्नु उसको अहम्वृत्ति हो, जसले गर्दा उसलाई एक्लो र भिन्न बनाउँछ । कलेजमा पढ्ने शिशिर नामक केटाले उसको रूपको प्रंशसा गर्दा अभिमानी बन्नु, कसैले हेर्दा आनन्द आउनु, हृदयेशप्रति आकर्षित हुनु, ध्यान नदिनु, काठमाडौँ गएर सारिका खरदार बन्नु र हृदयेश अधिकृत बनेर एउटै कार्यालयमा पर्नु कथाका विकासावस्थाका अवस्था हुन् । वर्षौपछिको सारिकासँगको एकान्त भेटघाटमा हृदयेश दृढ र तटस्थ रहनु, जुन क्रियाकलापले सारिका अपमानित बोध भएर कथावस्तु टुङ्गिएको छ ।

*हजुरआमा* सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । सामाजिक पारिवारिक पृष्ठभूमिमा आधारित यस कथामा दुःखपूर्ण परिस्थितिको चित्रण गर्दै हजुरआमाको स्नेह, माया, ममता, रेखदेख, हार्दिकतापूर्ण भावना र वात्सल्य प्रेममा हुर्किएको एक व्यक्तिलाई हजुरआमाको अन्तर मनमा पारेको चोट, भावविह्वलता, शून्यता र छटपटीलाई निकै मार्मिक ढङ्गबाट आत्मसंस्मरणात्मक वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । अरूको लाख आमाको काख भने झैँ म पात्रलाई सहरमा पढ्न जाँदा हजुरआमाको निधनको जानकारी दिइएको हुँदैन र पछि घरमा फर्कदा सबै कुराको बोध हुन्छ र हजुरआमाप्रतिको असीम श्रद्धाभावलाई प्रकट गरेको घटनासँगै कथावस्तु सकिएको छ ।

त्यस्तै *हर्ष-क्षय* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । नैतिकवान्, इमान्दार कर्मचारीहरूले अभावग्रस्त जीवन बिताउनु परेको र सबै ठाउँबाट उपहासको पात्र बन्नु परेको तीतो यथार्थप्रति व्यङ्ग्य गरिएको छ । प्रथम

पुरुष एकालापीय शैलीमा वर्णन गरिएको यस कथामा काठमाडौको सहरी परिवेशको चित्रण गरिएको छ । पथभ्रष्ट कर्मचारीहरू भ्रष्टाचार र घुसखोरीबाट दिनानुदिन नव धनाढ्य बन्दै गएको कर्मचारीतन्त्रप्रति व्यङ्ग्य गर्नुका साथै यस कथाले इमान्दार कर्मचारीहरू हाँसीखुसी दीर्घजीवी हुन नसकेको तीतो यथार्थलाई चित्रण गरिएको छ । सुब्बास्तरका कर्मचारीहरूको पारिवारिक इच्छा चाहनालाई पूरा गर्न नसकेको, उनीहरूका पारिवारमा हुने गरेको अभाव, झै-झगडा, पारिवारिक किचलो, समझदारीको अभावका कारणले ल्याएको उकुसमुकुसलाई निकै सशक्त रूपमा कथावस्तुमार्फत व्यङ्य गरिएको छ ।

त्यस्तै *स्थान* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा सन्तानले आफ्ना वृद्ध बुबाआमाप्रति गर्ने दुव्यर्वहारको वास्तविक चित्रण गरिएको छ । यस कथामा कथाकारले मानवीय सम्बन्धलाई भन्दा भौतिक वस्तुहरूप्रति बढी मोह राख्ने वर्तमान युवा पुस्ताप्रति व्यङ्ग्य प्रहार गर्दै वृद्धाहरूलाई वर्तमान पुस्ताले गर्ने दुर्व्यहारप्रति खेद प्रकट गरेका छन् । प्रथम पुरुष शैलीको प्रयोग गरिएको यस कथामा विश्वमणिले घरमा ल्याएको रेफ्रिजेरटेर आफ्नी आमालाई भन्दा फ्रिजलाई माया गर्ने छोराले आमालाई कस्तो स्थान देला भन्ने 'म' पात्रको धारणासँगै कथावस्तुको अन्त्य भएको छ । अर्ध सहरी परिवशेको चित्रण गरिएको यस कथामा धनको पछि लाग्दा सुख र सन्तोष नपाइने यथार्थताको चित्रण गर्न कथाकार सफल बनेका छन् ।

*नियति* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा एउटा विवाहित पुरुषले नारीको सम्मान र आफ्नो कर्तव्य पूरा गर्न नसक्दा वा नखोज्दा परिवारका सदस्यमा देखापर्ने समस्यालाई प्रस्तुत गरिएको छ । बाबाको ममतापूर्ण स्नेहमा हुर्केकी कोपिला विवाह गरेर गएपछि लोग्ने र सासूससुराको दुर्व्यहार र डसाइबाट आहत बनेकी पात्रको चित्रण गरिएको छ । सुरुमा काकालाई यथार्थ भन्न नरुचाउने कोपिला पछिपछि पत्रमार्फत् काकालाई आफ्ना मनका सबै वेदनाहरू पोख्छे । माइत आएर बस्न पुग्छे । माइतीलाई बोझ हुने ठानी आफ्नो जीवनको यात्रामा अगाडि बढेको घटनामा पुगेर कथावस्तु टुङ्गिएको छ । स्थानीय परिवेशको साङ्केतिक चित्रण गरिएको *नियति* कथा लोग्नेको दुर्व्यवहार बढ्दै गएपछि विद्रोह गरेर घर त्यागेर हिँडेकी कोपिला नामक नारी पात्रको नियतिलाई

देखाउन सफल बनेको छ । कथा संवादबाट सुरु गरी संवादबाटै अन्त्य भएको छ । यसमा पत्रशैलीको पनि प्रयोग भएको छ ।

त्यस्तै *ढेडु* अर्को सामाजिक विकृति-विसङ्गतिको चित्रण गर्न सफल कथा हो । निकै रोचकताका साथ प्रस्तुत गरिएको कथाको विषय नवीन छ । ढेडुले मानववस्तीमा आएर आतङ्क मच्चाउने क्रममा बगैंचाका चिजबिज सखाप पार्ने, घरगोठ र आँगनमा चहारेर चराका गुँड भत्काउने, सुकाएका लुगामाथि फोहोर गर्ने र बच्चालाई चिथोर्नेजस्ता क्रियाकलापहरू गरेर आतङ्क मच्चाएको छ । अन्त्यमा असाध्यै भएर धपाउन जाने मान्छेलाई नै गालामा पटापट चड्कन लगाएको छ जहाँबाट कथानक सकिएको छ । प्रस्तुत कथामा कथाकार लामिछाने ढेडुको क्रियाकलापको वर्णन गर्दै आफ्ना भावना प्रस्तुत गरेका छन् । ढेडुको आतङ्कलाई देखाएर बर्बरतायुक्त वर्तमान विसङ्गतिको चित्रण गर्न कथा सक्षम देखिन्छ । प्रमुख पात्रको रूपमा आएको बाँदर मार्फत् आजको समयको मान्छेको क्रियाकलापको चित्रण गरिएको छ । प्रथम पुरुष शैलीमा प्रस्तुत यस कथामा बाँदरलाई बर्बरताको प्रतीकका रूपमा लिइएको छ ।

*क्रम कथा* **हातभन्दा पर** कथासङ्ग्रहमा सङ्ग्रहित ग्रामीण परिवेशको चित्रण गरिएको सामाजिक विषयवस्तुमा आधारित कथा हो । नेपाली समाज अझ त्यसमा पनि ग्रामीण पहाडिया समाजमा घरव्यवहार, मेलापात गर्दै जीवन धानिरहेका नेपाली महिलाका जीवनशैलीमा केन्द्रित यो कथामा 'म' पात्रले मनकामनाको दर्शन गर्न जाने क्रममा १० वर्षकी सुकुमारी पढ्ने उमेरकी एक बालिका दही बेच्न बसेकोमा दुःखी हुन्छ । त्यसै क्रममा मलको डोको बोकेर ओराली-उकाली गर्ने महिलाको समूहमा एक सुन्दरी नवविवाहिता देखेर आफ्नी गौरी फूपुको पूर्वस्मृतिमा 'म' पात्र विचरण गर्न पुगेको छ । त्यस क्रममा 'म' पात्रले आफ्नी गौरी फूपूको वर्णन गर्छ तर बुढेसकालमा आफ्नै सन्तानद्वारा पीडित हुन पुग्छ, यो क्रम चलिरहन्छ । यो नै कथाको मूल विषयवस्तु हो । निबन्धात्मक शैलीमा रचिएको यस कथामा ग्रामीण नारीहरूले भोग्नुपरेका पीडाको चित्रण गर्नु, सुन्दरताको महत्त्व नबुझेर भोग्यवस्तुका रूपमा मात्र हेरिएकोले नेपाली पुरुषलाई व्यङ्ग्य प्रहार गरिएको छ । कथा प्रथम पुरुष शैलीमा रचित छ, साथै जीवन क्रमको चर्चा गरिनुले कथाको शीर्षक सार्थक छ ।

त्यस्तै, *चिया रक्सी र कलब्रेक* सामाजिक विषयवस्तुमा आधारित कथा हो । तृतीय पुरुष शैलीमा ग्रामीण जनजीवनका पात्रहरूको प्रयोग भएको प्रस्तुत कथा आफ्नो कर्तव्यलाई बिर्सेर घरभन्दा बाहिरको संसारमा रमाउने नेपाली पुरुषहरूको घृणात्मक व्यवहारलाई चित्रण गरिएको छ । शिवनगर गाउँको टीकाराम कुलतमा लागेपछि आर्थिक अवस्था लथालिङ्ग हुँदै जान्छ । श्रीमतीले पनि छाडेर जान्छे । त्यसपछि टीकाराम जीवन निर्वाहका लागि चिया पसल राख्छ । यसै क्रममा एक सन्तानकी आमा जलजलासँग वैवाहिक बन्धनमा बाँधिन्छ र आर्थिक अवस्था पनि क्रमशः सुधार हुँदै जान्छ । होटलमा आउने रक्स्याहाहरू जलजलाको रूप यौवन देखेर लोभिन्छन् । घरव्यहारप्रति चासो लिँदैनन् । यो प्रक्रिया चलिरहन्छ । ग्रामीण समाजको यही वास्तविकतालाई कथाले आफ्नो विषयवस्तु बनाएको छ । कथाकारले प्रस्तुत कथामा समाजका विकृति-विसङ्गतिको विरोध गर्दै सभ्य समाजको निर्माणमा लाग्नुपर्ने आग्रह गरेका छन् ।

*माधुरी भाउजूको छोरो* प्रथम पुरुष आन्तरिक केन्द्रीय दृष्टिबिन्दुमा रचिएको पारिवारिक सामाजिक विषयवस्तुलाई अँगालेर लेखिएको कथा हो । यस कथामा कथाकारको नारी वात्सल्यको चित्रण गर्नु, ग्रामीण जनजीवनको रहनसहनको चित्रण गर्नुका साथै बाल सुलभताको चित्रण गर्नु समेत उद्देश्य रहेको पाइन्छ । माधुरी भाउजूसँग 'म' पात्र तिलकको सामीप्य रहेको छ । 'म' पात्र पछि हाकिम बनेपछि भेट हुँदैन भाउजूसँग । त्यसैक्रममा माधुरी भाउजू विधवा बनेको र जीवनमा दुःख पाएको घटना चित्रण गरिएको छ । पछि 'म' पात्रसँग भेट हुँदा माधुरी भाउजूले 'म' पात्रकै फोटो देखाइ आफ्नो छोरो बताउँदा 'म' पात्र हेरेर टोलाइरहेको प्रसङ्गसँगै कथावस्तु टुङ्गिएको छ । यस कथामा मातृसुखबाट बञ्चित नारीले छिमेकी एक बालकलाई आफ्नो छोरो मानेर नारी वात्सल्यतालाई चित्रण गरिएको छ । कथा संवादात्मक शैलीको हुनाका साथै रैखिक शैलीमा अगाडि बढेको छ ।

*दायित्वको सीमा* मान्छेले मान्छेप्रति गर्ने दुर्व्यवहारको यथार्थ चित्रण गरिएको सामाजिक विषयवस्तुमा आधारित कथा हो । दैवी प्रकोपबाट पीडितलाई उद्धार नगरेर दाउरा ओसार्न हतारो परेको मानवीय प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । संवेदनहीन, विश्वासघाती र स्वार्थी प्रवृत्तिका अमानवीय व्यवहारजस्ता मानसिकता लिएर अगाडि बढेको नेपाली समाजमा आपसी सहयोग, मानवीयता, आदर्शजस्ता गुणहरूको प्रतिस्थापनका लागि प्रयास गर्नुपर्ने आजको आवश्यकताको बोध गराउनु

कथाको उद्देश्य रहेको छ । बाढीपीडित महिलाको उद्धारमा लागेका 'म' पात्र आफ्नो दायित्व पूरा गर्न घाइते महिलालाई अस्पताल लगेको र त्यहाँबाट काठमाडौं लानुपर्ने भएपछि पैसा उठाउने कुरा गर्दा सबै यताउति लागेका र आफू पनि लाग्नुपर्ने अवस्था आएको क्षीण कथावस्तु यसमा रहेको छ । यसरी प्रस्तुत कथामा वर्तमान समयको विसङ्गत र स्वार्थी मानवीय प्रवृत्तिको चित्रण गर्न कथा सफल बनेको छ ।

त्यस्तै *एउटा घरको कथा* सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा 'म' पात्रले देवीलाल र हेमकलाको जीवनका बारेमा देखेका बुझेका प्रसङ्गलाई प्रस्तुत गरिएको छ । हेमकला र देवीलालको क्रियाकलाप समाजमा नपच्ने भएपछि उनीहरू गाउँ छोडेर पाटीमा गई बस्ने बारे सोच्छन् । देवीलाल जग्गाजमिनबाट पैसा पनि पाइने निःशुल्क बस्न पनि पाइने कुरा सोच्छ । यसमा 'म' पात्रको अनुभूति नै कथाको मूल स्वरूप रहेको छ । यसमा एउटै घरभित्रका सदस्यहरूबिच एक आपसमा झगडा, द्वन्द्व, खिचातानी र विश्वासघाती बनेको विषयलाई देखाउँदै मानिसको पतनोन्मुख प्रवृत्ति र विसङ्गति एवं जटिल जनजीवनको मानसिक धरातलमा प्रस्तुत कथा उभिएको छ । विभिन्न उखान-टुक्का र अनुकरणात्मक शब्दको प्रयोगले कथा उत्कृष्ट बनेको छ ।

त्यस्तै *च्याँखे* समाजमा घटेका घटनालाई आधार बनाएर लेखिएको कथा हो । यसमा आफ्नो स्वार्थका लागि बालबालिकालाई माध्यम बनाउने प्रवृत्तिको विरोध गरिएको छ । निम्न मध्यम वर्गीय परिवारको विषयलाई कथाकारले प्रस्तुत गरेका छन् । गरिबीका कारणले बालिकाको मृत्यु हुँदा समेत नालायक बनेको बाबु आफू केही गर्न नसक्ने र आफ्नी आमासँग भएको पैसालाई हात पार्ने धुनमा लाग्छ । ८० वर्षीया वृद्ध आमाको सम्पत्तिमाथि आँखा गाड्ने परिवारको कलुषित प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । तृतीय पुरुष शैलीमा रचिएको प्रस्तुत कथा उखान टुक्का आदिको प्रयोगले उत्कृष्ट बन्न पुगेको छ ।

**ख) मनोविज्ञानसँग सम्बन्धित कथाहरू**

मनका विविध अवस्थाहरूको चित्रण गरिएका कथाहरू यसअन्तर्गत पर्दछन् । मनोवैज्ञानिक कथामा मान्छे मानसिक रूपमा के-कस्तो छ त्यसको विश्लेषण गरिन्छ । यस **हातभन्दा पर** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा *कहाँ जाने ?* र *फुक्लेको दाँत* गरी दुईवटा कथाहरू सङ्कलित रहेका छन् ।

*कहाँ जाने ?* कथा दिनेश नामक पात्रको मानसिक केन्द्रीयतामा कथावस्तु अगाडि बढेको छ । दिनेश नामक पात्रको विसङ्गत सोचाइ, व्यवहार र त्यसले निम्त्याएको असन्तुष्टि र नैराश्यलाई कथाको विषयवस्तु बनाइएको छ । रूपैयाँ पैसाप्रतिको मोहमा साघुँरिदै गएको संसारमा भावनात्मक वस्तुको अवमूल्यन भएको, मानिस-मानिसका बिच पैसाले कटुता उत्पन्न गराएको महसुस गरी हिँडेको दिनेशको विचार र भावनालाई मूल रूपमा प्रस्तुत गरिएको छ । समाजमा हराउँदै गएको मानवताका कारणले निरुद्देश्य अविराम यात्रामा निस्केको पात्रको मनोलोकको चित्रण गरी कथाकारले युवासुलमभ आवेग, निराशा, स्वाभिमान र अस्तित्त्वबोध जस्ता भावलाई प्रस्तुतीकरण गरेका छन् । कथा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छ । यसको परिवेशका रूपमा पूर्वी नेपालको दमकदेखि जनकपुरसम्मको र युवकको कुण्ठित मनोलोकको परिवेशमा कथा निर्मित रहेको छ ।

त्यस्तै *फुक्लेको दाँत* सचिवस्तरको जागिरबाट अवकाशप्राप्त बालकृष्ण नामक पात्रको उच्च ओहोदामा रहँदा पदको दुरूपयोग गरी प्रशस्त धनदौलत आर्जन गरेको र त्यसबाट त्रसित उसकै मानसिक अन्तर्द्वन्द्वको चित्रण कथामा भएको छ । आफूले गरेको कुकृत्यका कारण आफूभन्दा तल्लोस्तरको इमान्दार कर्मचारी जगन्नाथसँग सदैव त्रसित बालकृष्ण सेवानिवृत्त भएपछि पनि उक्त कर्मचारीको अन्तर्वार्ता पढेर मनमा उत्पन्न भएको छटपटी र वैचैनीलाई कथामा प्रस्तुत गरिएको छ । सहरिया वातावरणको प्रस्तुति भएको यस कथामा नैतिकता र इमान्दारिताको पक्षमा वकालत गर्नुपर्ने मान्छेले त्यसो नगर्दा मनमा उत्पन्न छटपटीलाई राम्ररी चित्रण गरेको छ । यसका साथै वर्तमान समयको घुसखोरीतन्त्रको छायाचित्र प्रस्तुत गरिएको छ । भौतिक सुखसुविधाले मानिसलाई पशुत्वको स्तरमा पुऱ्याउँछ भने नैतिकता र मानवतावादी भावनाले कहिल्यै पराजित हुनुपर्दैन भन्ने सन्देश समेत कथाकार लामिछानेले प्रस्तुत गरेका छन् । तृतीय पुरुष बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा संरचित यो कथा सरल एवम् सरस शब्दले गर्दा प्रभावकारी बनेको छ ।

**ग) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू**

राजनैतिक विषयवस्तु र यसले समाज, व्यक्ति, राष्ट्रलाई पारेको प्रभावलाई मूल आधार मानेर रचिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता कथाहरूमा

राजनीति, घुसखोरी, कमिसनतन्त्र, खुट्टा तान्ने प्रवृत्ति आदिजस्ता विषयलाई उठाइएको हुन्छ । **हातभन्दा पर** कथासङ्ग्रहमा *भीडमा हराउँदै गएको योद्धा, विचयन* जस्ता कथाहरू यस विषयसँग सम्बन्धित छन् ।

*भीडमा हराउँदै गएको योद्धा* राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । वर्तमान नेपालको राजनैतिक परिवेशको चित्रण गरिएको कथामा राजनीतिमा लाग्दा-लाग्दा ५ दशक पार गरेका मित्रमणिको जीवन नेताहरूका बिचमा हुने आपसी खिचातानी, षड्यन्त्र, अनुशासन र नैतिकताको ह्रासले गर्दा मित्रमणिजस्ता सोझा र इमान्दार व्यक्तिको जीवन अप्ठ्यारोमा परेको यथार्थतालाई प्रस्तुत गरेको छ । उनी पार्टीमा इमान्दार र सच्चा नेता भई लागेका थिए । देशमा भूमिगत जीवन बिताएका उनी प्रजातन्त्र प्राप्तिपछि चुनाव हुन्छ । त्यसबेला जिल्लाबाट उनको नाम अग्रपङ्क्तिमा पर्छ तर केन्द्रले उम्मेदवारीका रूपमा उनी पछिका कनिष्ठ व्यक्तिलाई उठाउँछ, जसबाट उनको मन कुँडिन जान्छ तर पनि उनी पार्टीका लागि लागिरहेको वास्तविकतालाई देखाउँदै पार्टीमा स्वार्थ बढेको, सच्चा नेताले आफ्नो खुबी देखाउन नपाएको विषयलाई प्रस्तुत गरिएको छ । सरल भाषाशैली मार्फत नेपाली राजनीतिमा देखिएको विकृति, विसङ्गति र मूल्यहीनताको बोध गर्न सफल प्रस्तुत कथा नेताहरूका बिच हुने आपसी खिचातानी, षड्यन्त्र, अनुशासन र नैतिकताको लोपोन्मुख स्थिति र इमान्दार, निष्ठावान् र कर्तव्यपरायण नेताहरूको दुःखपूर्ण स्थितिको चित्रण गर्नु कथाको उद्देश्य रहेको छ ।

त्यस्तै *विचयन* अर्को राजनैतिक विषवस्तुसँग सम्बन्धित कथा हो । राजनैतिक अस्थिरताका कारणले 'म' पात्रको मनभित्रको विचयनलाई प्रस्तुत गरिएको यस कथामा देशमा अराजकता बढ्दै गएपछि मान्छे-मान्छेबिच अविश्वास र त्रास बढेको, शालीनता, मर्यादा, सीमा र ओजस्विता वरण गर्दै व्यक्ति निरीह बनेर एउटा कुनामा थन्कनुपरेको र स्वार्थी फटाहाहरूको हालीमुहाली बढ्दै गएकोले सबै बेचैन भएको अवस्थाको चित्रण गरिएको छ । कथाको प्रमुख पात्र 'म' को घरमा (देशमा) झै-झगडा भइरहन्छ, अशान्ति मच्चिइरहन्छ र आफू र आफ्नो भविष्यप्रति चिन्तित बनेको छ । कसैले मतलब गर्दैनन् । यिनै विषयवस्तुलाई कथाको आकार दिइएको छ । कथावस्तु प्रतीकात्मक बनेर आएको छ । राजनैतिक विकृतिहरूबाट जटिल बन्दै गएको जीवनपद्धतिमा उत्पन्न लुछाचुँडी, हानथापलाई

परिवेश बनाइएको प्रस्तुत कथामा 'म' पात्रको मनमा उत्पन्न विचयन र सुरक्षित गन्तव्यको खोजीमा पाइला उचालेको अवस्थाको चित्रण गरिएको छ ।

**घ) प्रणयभावसँग सम्बन्धित कथाहरू**

प्रेममूलक कथावस्तु देखाउने उद्देश्यले लेखिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा *हातभन्दा पर* र *हतियार* गरी दुईवटा कथाहरू सङ्कलित गरिएका छन् । प्रणयमूलक कथाहरूमा प्रेम, बिछोड, मिलन, धोका इत्यादि विषयलाई समेटिएको हुन्छ ।

*हातभन्दा पर* प्रणयमूलक विषयवस्तुसँग सम्बन्धित र शीर्ष कथा पनि हो । कथाको 'म' पात्र युवतीको आकर्षणमा हराउँदै गएको र उसलाई आफ्नो बनाई सुन्दरताको उपयोग गर्न लालायित भएको विषयवस्तुलाई उठान गरिएको छ । सहरिया परिवेशको चित्रण भएको यस कथामा 'म' पात्र एक्लै हिँडिरहेको समयमा उसका अगाडि एक आकर्षक युवती देखेर आकर्षित हुन्छ । युवतीसँग भेट्न आतुर ऊ कुराकानी गर्न सफल हुन्छ । चमेना गृहमा जाने अनुरोध युवतीले स्विकारेपछि उनीहरू जान्छन् । युवतीको शालीनता, भद्रता, धैर्य तथा आत्मविश्वाससँग युवकको उत्ताउलो पन दब्दै गएपनि युवतीप्रतिको चाहना भने मर्न सक्दैन । तसर्थ चमेनागृहमा रहुन्जेल युवकले युवतीको सारी स्पर्श गर्ने, अन्जानमा भएको भनेर अभिनय गर्ने, नजानिँदो पाराले खुट्टाले खुट्टा स्पर्श गर्ने जस्ता क्रियाकलाप गर्दछ । प्रत्यक्ष कुनै प्रतिक्रिया नजनाए पनि आफ्नो वाक्चातुर्यले युवकलाई लज्जित तुल्याउँछ । आफूलाई युवतीभन्दा कमजोर ठानेर कथावस्तु टुङ्गिएको छ । प्रथम पुरुष शैलीमा रचिएको यस कथावस्तुमा एउटी शालीन र भद्र युवतीलाई देख्दैमा लठ्ठ परेर आफ्नो शालीनता र धैर्य गुमाउने पुरुषको नकच्चरा र उरेन्ठेउलो प्रवृत्तिलाई एवम् सस्तो प्रेमाभिनयलाई प्रस्तुत गरिएको छ । सुन्दरताको उपयोग गर्ने चाहनामा लिप्त 'म' पात्र युवतीको आफ्नो हातभन्दा पर रहेको बुझाइसँगै कथा सकिएको छ ।

त्यस्तै *हतियार* अर्को प्रणयमूलक भावसँग सम्बन्धित कथा हो । प्रणयमूलक कथावस्तु रहेको यसमा नवविवाहिता पत्नीप्रति सदा समर्पित एक व्यक्ति लुगा सिलाउने ठाउँमा भेटिएकी केटीसँग भएको केही क्षणको भेटघाटको प्रसङ्ग र उसले हावामा खाएको चुम्बनको अभिनयले जीवनभर घाइते बन्न पुगेको अपत्यारिलो

कथावस्तुलाई समेटिएको छ । सहरको कुनै एउटा ठाउँमा डेरा गरी बस्ने नवविवाहित जोडीको प्रेमप्रसङ्गबाट आरम्भ भई कपडा किन्न बजार गएको पुरुष पात्र सिलाउनका निम्ति टेलर्समा पुग्छ । ब्लाउजको नापको सन्दर्भमा कुरा गर्दा नाजबाफ बनाएको र जसमध्ये एकको हाउभाउ र गालामा छोएर चुम्बन खाएको घटनाले मर्माहत बन्न पुग्छ । भोलिपल्ट त्यही स्थानमा पुगेको युवक उक्त युवतीसँग भेट नहुँदा झनै मर्माहत बन्न पुगेको र उसलाई सम्झीसम्झी मरिरहेको प्रसङ्गसँगै कथावस्तु टुङ्गिएको छ । युवायुवती बिचको स्वाभाविक आकर्षण र प्रणयप्रसङ्गलाई कथाले देखाउन सफल बनेको छ ।

यसरी कथाकार बाबुराम लामिछानेको **हातभन्दा पर** कथासङ्ग्रहमा २२ वटा कथाहरू समेटिएका छन् । ती कथाहरूमा समसामयिक कथाधारा अन्तर्गतका चिन्तन र शैलीलाई प्रस्तुत गर्दै वर्तमान नेपाली समाजका समस्याहरूलाई सामाजिक मनोवैज्ञानिक, राजनैतिक, प्रणयमूलक आदि विषयवस्तुमा समेटिएका छन् ।

## ३.६.३.२ पात्र

पात्र कथाको महत्त्वपूर्ण उपकरण हो । पात्रकै माध्यमबाट कथाकारले आफ्नो कथाको परिवेश अनुसार विचारलाई प्रस्तुत गरेका हुन्छन् । पात्र त्यो हो जसलाई कथाभित्र एकपटक चिनेपछि प्रत्येक मिल्दो अवस्था विशेषमा त्यसको रूप हाम्रो मनको आँखा अगाडि उभिन आइपुग्दछ । कथामा पात्रको मनोदशालाई उनीहरूको आ-आफ्नो स्वभाव र प्रवृत्तिहरूको आधारमा चित्रण गर्नको निम्ति कुनै न कुनै सानो घटना या ठूलो घटनाको रूपमा अगाडि आउनु आवश्यक हुन्छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुनुपर्दछ ।[२७]

यस **हातभन्दा पर** कथासङ्ग्रहमा २२ वटा कथाहरू सङ्कलित छन् । कथामा जहिले पनि कथाकारले पात्रका माध्यमद्वारा कुनै घटना घटाएर त्यसका माध्यमद्वारा एउटा सन्देश छर्ने काम गराएका हुन्छन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा आएका पात्रापात्राहरूका माध्यमबाट पाठकलाई सन्देश दिन सफल बनेका छन् ।

[२७] कृष्णचन्द्रसिंह प्रधान, **साझा समालोचना** (पाँचौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०५८, पृ. ३६४ ।

त्यसैले यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रयोग भएका सहरिया एवम् ग्रामीण परिवेशका पात्रहरूका माध्यमबाट कथावस्तुलाई अगाडि बढाउन र पात्रका माध्यमबाट दिइने सन्देश प्रस्तुत गर्न कथाहरू सफल देखिन्छन् ।

### ३.६.३.३ दृष्टिबिन्दु

कथाकारले आफ्नो सामग्रीलाई व्यक्त गर्दा मूलभूत माध्यमका रूपमा अवलम्बन गर्ने कथाशिल्प विधान सम्बद्ध महत्त्वपूर्ण विधिलाई दृष्टिबिन्दु भनिन्छ । निश्चित उद्देश्य राखेर जब कथाकार कथानकको योजना गर्दछ तब त्यसलाई लक्ष्यसम्म पुऱ्याउन दृष्टिबिन्दुको आवश्यकता पर्दछ । कथामा दृष्टिबिन्दु चरित्रका आधारमा दुई प्रकारका हुन्छन् । कथामा प्रथम पुरुष अर्थात् 'म' पात्रको केन्द्रीय भूमिका रहन्छ भने कुनै कथामा तृतीय पुरुष अर्थात् 'त्यो' पात्रको सर्वोपरि स्थान रहन्छ । दृष्टिबिन्दुले चरित्रका मनको अनुभूति, भावना, संवेग, चिन्तन आदिलाई व्यक्त गर्ने सूक्ष्म प्रक्रियासँग सम्बद्ध रहन्छ । त्यसैले दृष्टिकेन्द्र पात्र चाहे जुन पुरुषमा होस्, त्यस चरित्रका मानसिक प्रकृतिको कथाकारद्वारा गरिएको अभिव्यक्तिबाट कथामा दृष्टिकोणको प्रयोजन स्पष्ट हुन्छ ।[२८]

प्रस्तुत **हातभन्दा पर** कथासङ्ग्रहमा २२ वटा कथाहरू समाविष्ट छन् । यी सबै कथाहरूमा प्रथम तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा *कुँडिएको जीजिविषा, हर्ष-क्षय, दुई शिखरको फेदीमा, स्थान, नियति, ढेडु, क्रम, हजुरआमा, हातभन्दा पर, माधुरी भाउजूको छोरो, विचयन* र *हतियार* गरी १२ वटा कथाहरू प्रथम, पुरुष शैलीमा रचिएका छन् । भने *कहाँ जाने ?, बल्छी, सन्तपालको व्यथा, ठक्कर, फुक्लेको दाँत, चिया, रक्सी र कलब्रेक, भीडमा हराउँदै गएको योद्धा, दायित्वको सीमा* र *एउटा घरको कथा* गरी १० वटा कथाहरू तृतीय पुरुष शैलीमा रचिएका छन् । यसरी यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा मूलतः बाह्य र आन्तरिक गरी दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ३.६.३.४ सारवस्तु

कथाकार जुन केन्द्रीय अभीष्टबाट आकृष्ट भएर कथा लेख्छ, त्यो प्रेरक तत्त्व नै सारवस्तु हो । कथा लेखनका पछाडि अवश्य पनि कथाकारका भावगत र कलागत

---

[२८] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन,** ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ६९ ।

कामनाहरू रहेका हुन्छन् । मानवशरीरमा आत्माको अवस्थिति जस्तै कथामा पनि भावको अवस्थिति वा सारवस्तु रहन्छ ।[२९] सारवस्तुले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्रको विद्युतीय तार झैं यस्ता विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सक्छ ।

प्रस्तुत **हातभन्दा पर** कथासङ्ग्रहमा २२ वटा कथाहरू रहेका छन् । सबै कथाहरूको सारवस्तुलाई समष्टिगत रूपमा भन्दा समसामयिक नेपाली जनजीवनका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका यथार्थतालाई मूर्त रूप दिनुका साथै विसङ्गत जीवनका विविध पक्षहरूको गरिराइ र उचाइलाई भग्न र पराजित मनस्थितिका पात्रहरूको मूल्य द्वन्द्वमार्फत सशक्त रूपले विषयबद्ध बनाएका छन् । विसङ्गत जीवनको चित्रण, निम्नमध्यम वर्गीय ग्रामीण परिवेश अन्तर्गतका पात्रहरूको जटिल जीवन भोगाइको प्रस्तुति, वर्तमान राजनैतिक अस्थिरता र देशमा व्याप्त हिंसाबाट जन्मेको सन्त्रास, सरकारी सेवामा कार्यरत कर्मचारीको सिलसिलामा हुने उतारचढावका कारण नेतृत्वका तहका इमान्दार र नैतिकवान् नेताहरू पाखा लाग्दै गएको तीतो यथार्थ, नारी मनको अहम् प्रवृत्तिमा ठेस लाग्दा पैदा भएका मानसिक सन्तापहरू, बालमनको वालसुलभ चाहना र चञ्चलताको चित्रण, पति-पत्नीबिच हुने घरायसी सम्बन्ध, तनाव र झैंझगडा र त्यसबाट पात्रमा पर्न जाने असर, नैतिकता र इमान्दारिताबाट पराजित, उत्पीडक कठोर पात्रको अन्तर्द्वन्द्वको सशक्त प्रस्तुति, वृद्धावस्थामा आफ्नै सन्तानबाट पाउनु परेको घृणा र तिरस्कारका साथै समाजमा व्याप्त 'कु' लाई त्यागी समाजलाई सुधारतर्फ लाग्नुपर्ने आवश्यकताको बोधजस्ता विषयवस्तुलाई कथाकारले देखाएका छन् ।

## ३.६.४ रूपविन्यास

कथाकारले कथावस्तुलाई एउटा निश्चित संरचना प्रदान गरेपछि त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति 'रूपविन्यास' हो । यसभित्र कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् । कथाको भाषिक एवम् शैलीशिल्पगत निर्माणमा सहयोग गर्ने तत्त्वहरू पर्ने हुनाले यसले पाठकलाई प्रभावित पार्दछ ।[३०]

---

[२९] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन,** पूर्ववत्, पृ. ७८ ।
[३०] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १२ ।

यसरी यस कथासङ्ग्रहमा २२ वटा कथाहरू छन् । यी कथाहरूमा रूपविन्यास अन्तर्गतका लय र गति, बिम्ब-प्रतीक, पर्यावरण आदि तत्त्वहरू रहेका छन् । यी कथाहरूमा सहरिया एवम् गाउँले परिवेशको जनजीवनको यथार्थ चित्र उतारिएको हुँदा स्तरअनुसारको भाषिक प्रयोग पाइन्छ । लामा-छोटा वाक्यहरूको आवश्यकता अनुसार प्रयोग पाइन्छ । कतिपय कथाहरू अभिधेयात्मक छन् भने कतिपय कथाहरू लक्षणामूलक पनि रहेका छन् । यस सङ्ग्रहका कथाहरूमा प्रशस्त मात्रामा उखान-टुक्काको प्रयोग, अनुकरणात्मक शब्द एवम् निपातहरूको यथेष्ट प्रयोग, विभिन्न लेख्यचिह्नहरूको प्रयोग, तत्सम, आगन्तुक शब्दको प्रयोगजस्ता रूपविन्यासका तत्त्वहरूले कथासङ्ग्रह सज्जित रहेको पाउन सकिन्छ ।

## ३.६.५ निष्कर्ष

कथाकार बाबुराम लामिछानेद्वारा रचित **हातभन्दा पर** (२०६०) कथासङ्ग्रह उनको दोस्रो कृति एवम् पहिलो कथासङ्ग्रह हो । यसको प्रकाशन साझा प्रकाशन पुलचोक, ललितपुरबाट भएको हो । यसमा जम्माजम्मी १०० पृष्ठ र २२ वटा कथाहरू सङ्कलित गरिएका छन् । यी कथाहरूमा कथाकार लामिछानेले समसामयिक नेपाली समाजका घटनाहरूलाई मूल विषयवस्तु बनाएका छन् । वर्तमान समसामयिक नेपाली समाजले भोग्नुपरेका सामाजिक र मानवीय समस्याभित्रका यथार्थताहरूलाई प्रस्तुत गर्नु, निम्नवर्गीय ग्रामीण पात्रहरूको जटिल जीवन भोगाइको प्रस्तुति, वर्तमान राजनैतिक अस्थिरता इमान्दार र नैतिकवान् मान्छे पाखा लाग्दै गएको वर्तमानको तीतो यथार्थ, पतिपत्नीबिच हुने घरायसी सम्बन्ध, मानिसमा निहीत बानर प्रवृत्ति आदिजस्ता विषयवस्तु कथामा समावेश भएका छन् । यसमा धेरैजसो सामाजिक एवम् राजनैतिक विषयवस्तु समाविष्ट गरिएका छन् । यसका साथै प्रणयमूलक अनि मनोवैज्ञानिक कथाहरू पनि रहेका छन् ।

सामाजिक विषयवस्तुमा आधारित कथामा *कुँडिएको जीजिविषा, बल्छी, सन्तपालको व्यथा, ठक्कर, हजुरआमा हर्ष-क्षय, दुई शिखरको फेदीमा, स्थान, नियति, ढेडु, क्रम, चिया रक्सी र कलब्रेक माधुरी भाउजूको छोरो, दायित्वको सीमा, एउटा घरको कथा* र *च्याँखे* जस्ता कथाहरू रहेका छन् । राजनैतिक विषयवस्तुमा आधारित कथाहरूमा *भीडमा हराउँदै गएको योद्धा* र *विचयन* गरी २ वटा कथाहरू समावेश गरिएका छन् । *हातभन्दा पर* कथा प्रणयमूलक भावलाई स्पष्ट पार्ने कथा हो । यो कथा शीर्षकथा पनि हो । यसमा सङ्कलित कथाहरूमा मूलतः सहरिया एवम् ग्रामीण परिवेशको चित्रण भएकोले परिवेश अनुकूलको

भाषिक प्रयोगमा कथाकार सफल देखिएका छन् । कथामा आलङ्कारिकता, अनुकरणात्मक शब्दको प्रयोग, उखान-टुक्काको प्रभावकारी प्रयोग, छोटा-छोटा वाक्य रचना, सघन प्रस्तुति, निम्न मध्यम वर्गीय सामाजिक ग्रामीण पात्रहरूको चयन नै कथाकार लामिछानेको कथागत वैशिष्ट्य हो ।

## ३.७ कथाकार सदानन्द अभागी र परिर्वतन कथासङ्ग्रहको अध्ययन

नवलपरासी जिल्लामा रहेर आफ्नो साहित्यिक सिर्जन परम्परामा क्रियाशील सदानन्द अभागीका **आफ्नै व्यथाहरू** (२०५७), **बुढोजवानी** (२०५८), **मोहनीको मीठो म्वाइँ** (२०६२) कवितासङ्ग्रह, **पश्चात्तापको आँसु** (२०५८) र **परिवर्तन** (२०६३) कथासङ्ग्रह, **जीवनलीला** (२०६०), **तन्नेरी हजुरबा** (२०६१), **नियति** (२०६१) उपन्यास, **जीवनलीला** (२०५८) खण्डकाव्य, **तीन युग एक कथा** (२०६०), **अग्निज्वाला** (२०६१) महाकाव्य जस्ता कृतिहरू प्रकाशन गरिसकेका छन् । विगत ३ दशकभन्दा अगाडिदेखि नवलपरासीमा स्थायी बसोबास गर्दै आएका अभागी सङ्ख्यात्मक हिसाबले कृति प्रकाशनमा अग्रणी रहेका छन् । यहाँ उनको **परिवर्तन** कथासङ्ग्रहको अध्ययन गरिएको छ ।

### ३.७.१ परिचय

सन् १९४७ मार्च १५ मा पर्वत जिल्लाको शङ्करपोखरी, नुवार, ठूलाघरमा जन्मिएका खगेश्वर रिजालको साहित्यिक नाम सदानन्द अभागी हो । बी.एस्सी. (एजी) सम्मको औपचारिक अध्ययन पूरा गरी लामो समयसम्म कृषि विज्ञका रूपमा काम गरेका उनी त्यसबाट निवृत्तिभरण पाई साहित्य र कृषि क्षेत्रमा नै बढी रुचि लिई बुढ्यौली उमेरमा पनि क्रियाशील रहेको पाइन्छ ।

साहित्यका विविध विधामा कलम चलाएका उनका हालसम्म करिब डेढ दर्जन साहित्यिक कृतिहरू र डेढ दर्जनजति साहित्येतर ग्रन्थहरू प्रकाशित गरेका छन् । **पश्चात्तापको आँशु** (२०५८) र **परिवर्तन** (२०६३) उनका दुईवटा कथासङ्ग्रहहरू हुन् । **परिवर्तन** कथासङ्ग्रहमा जम्मा १७ वटा कथाहरू समेटिएका छन् । २०६२/२०६३ को जनआन्दोलनको परिवर्तनको चाहनाले गर्दा आफूले देखे-भोगेका, सपना-विपना आदि विषयलाई कथाका विषयवस्तु बनाएका छन् । द्वन्द्वकालको समयमा सिङ्गो दिनलाई कसैले कब्जामा लिएर औँसीको रातमा परिवर्तन पारेको, सुन्दर शान्त नेपाल आज हिंसा र आतङ्कको भोगाइसँगै परिवर्तनशील समयमा सबैका निम्ति स्वीकार्य परिवर्तनको

चाहनालाई कथाकारले उतार्ने प्रयास गरेका छन् । समसामयिक समाजका विविध विषयलाई कथाको माध्यमले सुधारको अपेक्षा अभागीका कथागत प्रवृत्ति हुन् । समाजमा घट्ने खालको घटनालाई उतारिएकाले उनी यथार्थवादी कथाकारका रूपमा प्रस्तुत भएका छन् । उनको यस कथासङ्ग्रहमा व्यापक परिवेश, सामाजिक मूल्य र मान्यता, समाजको यथार्थ चित्रण, राजनैतिक विकृति र सुधारको चाहना जस्ता विषयलाई कथावस्तुअनुकूल पात्रको उपस्थिति गराइ आफ्ना उद्देश्यमा पुऱ्याउन अभागी सफल भएका छन् । यस सङ्ग्रहभित्रका कथाहरूमा नेपाली ग्रामीण समाजको सुन्दर चित्रण गर्दै ठेट नेपाली शब्दहरूको प्रयोगले कथाहरू उत्कृष्ट बन्न पुगेका छन् । जेहोस् सङ्क्षिप्तमा भन्दा यथार्थवादी मूलधारलाई आत्मसात् गर्दै त्यसमा सुधारको चाहना राख्नु कथाकारको वैशिष्ट्य हो ।

सदानन्द अभागीको **परिवर्तन** (२०६३) कथासङ्ग्रहको प्रकाशक रत्नराधिका साहित्य परिषद्, ललितपुर हो । यसमा १७ वटा कथाहरू समेटिएका छन्, जसमा परिवर्तन शीर्षक मार्फत् समाजमा व्यापक परिवर्तनको चाहनालाई प्रस्तुतीकरण गरिएको छ ।

## ३.७.२ शीर्षक

शीर्षक कथाको आधारभूत तत्त्व हो । शीर्षक र कथ्य विषयका बिच तालमेल मिल्नुपर्ने हुन्छ । **परिवर्तन** कथासङ्ग्रहको शीर्षक पनि अन्य कथाका भावसँग मिल्दोजुल्दो नै देखिन्छ । शीर्षकले समाजको परिवर्तनको चाहनालाई समेटेको छ । समाजमा व्याप्त कुरीतिको परिवर्तनको चाहना राखेको अर्थमा कथासङ्ग्रहको शीर्षक नामकरण गरिएको छ । सङ्ग्रहभित्र *परिवर्तन* पनि एउटा कथा हो । यसभित्र रहेका अन्य कथाहरूमा - *शान्तिमायाको अधुरो सपना, मेरो श्रीमान् छैनन्, मातृत्व हीनता, भाँडगाउँकी नक्कली, पानको बिडा, कागतीको चिया, सपनाको आनन्द, भीमकाय, जीवनाथको विचलन, उनी बौलाइन्, सन्तुमाया, हजुर-बा, औंसी-स्नान, गरिबी निवारण, चिन्तन* र *घरजम बसाल्नेहरू*।

यसरी सत्रवटा कथाको संयोजनबाट **परिवर्तन** कथासङ्ग्रह संरचित भएको छ ।

## ३.७.३ संरचना

कथाकारले आफ्ना विचार, धारणा वा अनुभूतिलाई घटना वा पात्रको अन्योन्य सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई प्रदान गरेको आकार नै संरचना हो । यसभित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछ जसलाई सङ्क्षिप्तमा बुझ्रेर पाठकले स्मृतिपटमा अङ्कित गरेर राख्न सक्छन् ।

संरचना अन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा सदानन्द अभागीको **परिवर्तन** (२०६३) कथासङ्ग्रहको अध्ययन यहाँ गरिएको छ ।

### ३.७.३.१ कथावस्तु

चारित्रिक कार्यव्यापारको स्वरूप अर्थात् कथावस्तुमा प्रारम्भ, मध्य, अन्तको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्धनलाई कथावस्तु भनिन्छ । यसलाई कथा संरचनाको सबभन्दा स्थूल र सबल तत्त्व मानिन्छ । कथामा यसको आद्यन्तव्याप्ति रहन्छ र यसले अन्य तत्त्वहरूलाई समेत प्रभावित पार्दछ । कथामूल्यको निर्धारण समेत कथानककै आधारमा जान्छ र यसले कथामा समग्र निर्मिति अर्थात् रचनागत समग्रताको बोध गराउँछ ।[३१]

विषयवस्तुका दृष्टिले कथाकार सदानन्द अभागीको यो **परिवर्तन** कथासङ्ग्रहले व्यापक विषय र परिवेशलाई समेटेको छ । यस सङ्ग्रहभित्रका कथाहरू कतिपय सामाजिक विषयवस्तु, पारिवारिक एवं ग्रामीण पृष्ठभूमिमा रचिएका छन् । सामाजिक यथार्थ प्रबल रूपमा देखा परेको यो कथासङ्ग्रह अभागीको **पश्चात्तापको आँशु** कथासङ्ग्रहममा सङ्कलित कथाभन्दा आकर्षक छन्, उत्कृष्ट छन् । नारी जीवनको चित्रण, केही शृङ्गारिकता, बहुविवाहको समस्या, पारिवारिकता, प्रकृति चित्रण, मनोविश्लेषण जस्ता प्रवृत्ति **परिवर्तन** कथासङ्ग्रहको निष्कर्ष हो । अझभन्दा केही आफ्ना अनुभूति, सपना, विपना अनि कल्पनाका विषयलाई समावेश गरी सिर्जना गरिएका कथाहरू पठनीय रहेका छन् ।

नेपाली समाजमा भएको सामाजिक संस्कार, गरिबप्रतिको व्यवहार, मनोविश्लेषण, बहुविवाह, नारी जीवनको चित्रण, पारिवारिक प्रवृत्ति, अन्धविश्वास, शृङ्गारिकता र आफ्नै जीवनका उकाली-ओराली र संस्मरणहरूलाई यथार्थ रूपले चित्रण गरेका छन् ।

#### क) सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई आधार बनाएर लेखिएका कथाहरू यस अन्तर्गत पर्दछन् । सामाजिक विषयसँग सम्बन्धित कथाहरूमा *परिवर्तन, शान्तिमायाको अधुरो सपना, मेरा श्रीमान् छैनन्, मातृत्व हीनता,*

---

[३१] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचना,** ललितपुर : साझा प्रकाशन, दोस्रो सं. २०६७, पृ. ५९ ।

*भाँडगाउँकी नक्कली, पानको बिडा, भीमकाय, जीवनाथको विचलन, उनी बौलाइन्, सन्तुमाया, औंशी स्नान, गरिबी निवारण* जस्ता कथाहरू रहेका छन् ।

*परिवर्तन* सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाले स्वार्थी नेता र पार्टीको दिशाहीनतालाई देखाउँदै त्यसकै कारण देशले ठूलो मूल्य चुकाउनुपरेको विषयलाई प्रस्तुत गर्दै त्यसले समाजमा पुऱ्याएको असरलाई देखाइएको छ । २०४६ सालपछि आएको नकारात्मक परिवर्तनलाई प्रस्तुत गरिएको यस कथामा भूमिपाल र लक्ष्मीमायाको विवाह भएको र उनीहरू राजनीतिमा लागेको र पछि पक्राउ परेको घटना उल्लेख गरिएको छ । विवाह भएको २ वर्षपछि तिम्ल्याहा छोरा जन्मिएको, आमाको दूधले नपुगेर भैंसी किनेको प्रसङ्ग उल्लेख गरिएको यो कथामा भूमिपाल राजनीतिमा लागेर घरबार सकेको तर पार्टीले नहेरेको र आन्दोलनबाट परिवर्तन आए पनि न कानुनीराजको स्थापना भयो न त बेरोजगारी घट्यो भन्ने विषयलाई समेटिएको कथा हो यो । भूमिपालका तीन छोराहरूमध्ये जेठो सेनामा, माइलो जङ्गल र कान्छो अरब गयो । युद्ध सुरु भयो र जेठो र माइलो छोरा भीडन्तमा मारिए, कान्छो पनि मारिएको खबर रेडियोबाट आउँछ । यसरी लक्ष्मीमाया र भूमिपालको संसार ध्वस्त भएको घटनासहित कथावस्तु टुङ्गिएको छ । यसमा २०४६ सालपछिको समयको यथार्थ चित्रण गर्न कथाकार सफल देखिएका छन् ।

त्यस्तै *शान्तिमायाको अधुरो सपना* सामाजिक विषयलाई समेटिएको निम्नवर्गका पात्रहरूको दुःखपूर्ण जीवनको चित्रण भएको कथा हो । धनवीर र सुनमायाको पारिवारिक परिचयबाट सुरु भएको यो कथामा मनवीर आर्थिक उपार्जनको निम्ति देश विदेशमा पुग्छ तर कतै भनेजस्तो नभएर नेपाल फर्कन्छ र आफ्नै ड्राइभिङ पेसालाई अँगाल्छ । शान्तिमायाको धेरै धन कमाउने सपना अधुरै रहन्छ । निम्नवर्गका व्यक्तिहरूको दुःखपूर्ण जीवनको चित्रण गरिएको यो कथा नेपालीहरूले विदेश जानुपर्ने सामाजिक, आर्थिक कारण भए पनि नेपालीलाई नेपाल नै प्रिय रहेको देखिन्छ । कथाको परिवेश काठमाडौं र विदेशको भू-भाग समेत उल्लेख भएको छ ।

*मेरा श्रीमान् छैनन्* अर्को सामाजिक विषयसँग सम्बन्धित कथा हो । श्रीमान् बिना पनि नारी जाति आफ्नो खुट्टामा उभिन सक्छन् तर समाजले त्यस्ता नारीलाई

सहयोग पुऱ्याउनुपर्छ भन्ने कुरा देखाउनु नै कथाको उद्देश्य देखिन्छ । 'म' पात्र अस्पतालमा आफन्त बिरामी भेटेर फर्किंदा ट्याक्सी चालिकासित 'म' को संवाद र चालिकाको जीवन कहानीप्रतिको 'म' पात्रको उत्साह र श्रीमान्-श्रीमतीबिचको सम्बन्ध र नेपालीहरूको पारिवारिक जीवन र श्रमजीवी महिलाहरूको जीवनबारे यसमा एकालाप, संवाद र विमर्श निष्कर्षहरू सहित कथानक समाप्त भएको छ । ट्याक्सी चालिकाको श्रीमान्ले उनलाई छोडेका छन् । उनी आफ्नै खुट्टामा उभिएकी छिन् । 'म' पात्रले अर्की श्रीमती बिहे गरेको प्रसङ्ग जोड्छिन् र श्रीमान् मरेको नभई सरेको भन्छिन्, जसबाट शीर्षक सार्थक हुन्छ । श्रमजीवी नारीप्रतिको संवेदनशीलतालाई नारी अस्मिता एवं सम्मानको रूपमा चित्रण गरिएको यो कथा एक कुशल शिल्पीको रूपमा प्रस्तुत भएको छ ।

त्यस्तै *मातृत्व हीनता* अर्को सामाजिक विषयवस्तुलाई समेटेको कथा हो । तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएको यो कथा नारी चरित्र र मातृत्वबारे गम्भीर चर्चा गरिएको छ । मातृत्वहीन भएपछि छोराछोरी (सौतेलो) पनि आफ्नो नजिकका हुँदैनन् र नारीमा चरित्रहीनता छाएपछि र पुरुषको भोगको साधन बन्न रुचाएपछि उसलाई भोगी पुरुषहरूबाहेक समाजले घृणा गर्छ भन्ने यसको केन्द्रीय कथ्य रहेको छ । सोमनाथ पात्रको नारीत्व र मातृत्वबारे दार्शनिकले झैँ एकालाप गर्दै रातको समयमा सोमनाथ सुतेको घटनासँगै कथानक टुङ्गिएको छ । कथात्मक प्रवृत्तिका हिसाबले यो नारी समस्याप्रति चिन्तित र केही शृङ्गारिक स्तर समेत भएको सामाजिक मनोविज्ञानमा आधारित कथा हो ।

*भाँडगाउँकी नक्कली* अर्को नेपालको तराईको परिवेशलाई समेटेको सामाजिक कथा हो । गाउँ भाँड भएपनि मानिसहरू असल हुन्छन् । स्कुल खोल्न एकजना विद्वान् तम्सन्छन् । केहीले असहयोग गर्छन् । यसमा अर्को सुकरामको कथा जोडिन्छ । नक्कलीसित सुकरामको बिहे भएपछि उसमा धूर्तता बढ्छ । राजनीतिमा लाग्छ । झूठा आसवासन बाँडेर चुनाव लड्छ, नक्कली नेतृ बन्छे । गाउँमा झगडाको बिऊ उमार्छन्, गाउँलेहरूले कुरा बुझ्छन्, त्यसपछि सुकराम र नक्कली गाउँ छोड्न बाध्य हुन्छन् र मात्र गाउँको विकास हुन्छ र गाउँको नाम शान्तिग्राम राखिन्छ र कथावस्तु टुङ्गिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा रचित यो कथा समाजका भाँडहरूले आफ्ना महत्त्वाकाङ्क्षा पूरा गर्न जनतालाई ठग्ने गरेको विषयलाई प्रस्तुत गरेको छ ।

त्यस्तै *पानको बिडा* अर्को अनमेल विवाहको परिणाम राम्रो नहुने सामाजिक विषयलाई प्रस्तुत गरिएको कथा हो । ललितपुरको चिडियाखानाको परिवेश प्रस्तुत भएको यो कथा आनन्दराम र दाताराम घुम्दै चिडियाखानानेर पुग्दा पान दोकानमा देखिएका बूढो र उसकी तरुनी श्रीमतीलाई भेटेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ र त्यही कारणले पसलमा भीड लाग्ने गरेको कुरा गर्छन् । अर्को पटक पुग्दा ड्राइभरसँग पोइला गइसकेको थाहा पाउँछन् र अनमेल विवाहको परिणाम यस्तै हुने ठानी कथा टुङ्गिएको छ । शृङ्गारिकताको वरिपरि नारी समस्याको याथार्थिक चित्रण र साधारण अभिव्यक्त यस कथाको विशेषता हो ।

*भीमकाय* अर्को ग्रामीण परिवेशको चित्रण गरिएको र एकजना जँड्याहा व्यक्तिको चित्रण भएको सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यसमा पर्वत, म्याग्दीतिर होटलमा काम गर्नेहरू चुस्त रहेका र भीमकाय शरीर भएको रक्स्याहाले होटलका अरूलाई तर्साउने हिसाबले अनेक मन्तव्य पनि छाँट्छ । मातृका र शान्तरामले भीमकाय शरीर भएको जँड्याहाजस्तै भुँडेहरूले देशलाई तहस-तहस गरेको मौन स्वीकृतिसँगै कथाको कथानक टुङ्गिनछ । कथामा उल्लेखनीय सन्देश केही भेटिँदैन ।

त्यस्तै *जीवनाथको विचलन* अर्को अनमेल विवाहका कारण मनमा उत्पन्न भएका विचारहरूलाई एकलापीय शैलीमा प्रस्तुत गरिएको सामाजिक विषयवस्तुको निकट रहेको कथा हो । मेलम्ची नदीको वर्णनसँगै जीवनाथ नामक पात्रको यात्रा विवरणबाट कथानक सुरु भई होटलमा बास बसेको र मनमा अनेक ताना उब्जिएको देखाइएको छ । जीवनाथ होटल मालिक र उसका परिवारका सदस्यहरूलाई माहुरीको उपमा दिन पुग्छ । कसैलाई रानी, कसैलाई भाले र कसैलाई कर्मी माहुरीको संज्ञा दिँदै कथयिता मौरीको घारमा एकजोडी बृद्धबृद्धा पनि भएको र तिनको उमेरमा धेरै फरक देखिएबाट जीवनाथ अनमेल विवाहका समस्याबारे घोरिन पुग्दछ । एकातिर घरमा सुख छ भने अर्कातिर गहिरा समस्याहरू बल्भिएका छन् यही विचारमा कथयिता रातभरि सोचिरहेको प्रसङ्गबाट कथानक टुङ्गिन्छ । खासै कथावस्तु नभएको यो कथा अनमेल विवाहबाट उत्पन्न हुन सक्ने समस्यामा केन्द्रित कथाकार अभागीको मनोहर वर्णन शैली र सरल अभिव्यक्ति भएको सामाजिक यथार्थको कुनाकाप्चाको खोजाइ भएको कथा हो भन्न सकिन्छ, जसमा जीवनाथ विचलित भएको देखाइएको छ ।

यस सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये *उनी बौलाइन्* कथा पनि याथार्थिक दृष्टिकोण, समाज सुधारक र उपदेशात्मक भावना रहेको कथात्मक शिल्पले सिँगारिएको सामाजिक कथा हो । यस कथाकी पात्रा 'शान्तिमाया' को रूप-सौन्दर्यबाट कथानक सुरुवात हुन्छ । शान्तिमायाकी साथी कान्तिमाया हुन् । दुवैजना ब्राह्मण पुत्रीहरू दोहोरी गाउन खप्पिस छन् । घरबाट हिँडडुल गर्न बन्देज भएपनि उनीहरू डुलिरहन्छन् । यस क्रममा यौनपिपासु खरदारसँग अनैतिक सम्बन्ध जोड्छन् । उनीहरूको अस्मिता लुटिइसकेको हुन्छ, त्यतिखेर खरदारका बारेमा वास्तविकता थाहा पाउँछन् । त्यसपछि उनीहरूको विवाह अन्यत्रै हुन्छ तर पनि लागेको बानी किन छुटोस् र ? उनीहरूको जीवन सुखमय हुँदैन । कान्तिमायाको निधन हुन्छ भने शान्तिमाया विक्षिप्त अवस्थामा पुग्छिन् र कथावस्तु सकिन्छ । जीवनमा सही बाटो समातेर हिंड्न नसक्दा हुने दुर्घटनालाई देखाउन कथा सफल बनेको छ ।

त्यस्तै *सन्तुमाया* कथा ग्रामीण परिवेशको चित्रण गरिएको नारी वर्णनमा केन्द्रित सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । श्रीनगर पाल्पाको प्राकृतिक सुन्दरताको वर्णनसँगै सुरुवात गरिएको यो कथा सन्तुमायाको कथा हो । दिलबहादुर र सन्तुमाया मेलामा भेट भएपछि प्रेमको बीजारोपण भएको र पछि विवाहमा परिणत हुन्छ । जीवन सुखमय रूपमा बित्दै जान्छ । दिलबहादुर काममा स्थायी हुन्छ अनि सरुवा पनि । कथाको बिचमा दिलबहादुरको अतीतको वर्णन छ । सरुवा भएपछि दिलबहादुर टाइफाइड ज्वरोले मर्न पुगेको छ । सन्तुमाया वैधव्य जीवन बिताउन बाध्य हुन्छे । उसलाई हेर्ने समाजको आँखा फेरिन्छ । काखमा भएकी छोरी नै आफ्नो संसार ठान्ने सन्तुमायालाई गाउँलेहरूले छोरी हरो भएको कुरा गर्छन् तर सन्तुमाया जीवनमा छोरी नै आफ्ना लागि सबथोक भएको प्रसङ्गसँगै कथावस्तु टुङ्गिएको छ । समाजमा विधवा नारीलाई हेर्ने दृष्टिकोण परिवर्तन नभएको विषयलाई कथावस्तु बनाएर कथाकारले यस्ता सोचहरू परिवर्तन हुनैपर्ने आग्रह गरेका छन् ।

कथासङ्ग्रहमा सङ्कलित कथामध्ये १४औं कथा *औंसी स्नान* समाजमा छाउँदै गएको सांस्कृतिक विकृतिलाई प्रस्तुत गर्ने सामाजिक विषयवस्तु अँगालिएको कथा हो । प्राचीन तीर्थस्थल त्रिवेणीको वर्णनसहित औंसी नुहाउन 'जीवनलाल' त्रिवेणी पुगेको दृश्यसँगै सुरुवात भएको कथानक होटलमा बास बसी अरूले रक्सी

पिएको आलोचना गर्ने ऊ आफैँ रक्सी र मासु खाएर लडेको दृश्यसहित कथा सकिएको छ । बाँकी कथानक उसको तर्कवितर्कमा फैलिएको छ । झन्डै आत्मगत निबन्ध वा संस्मरण बनेको छ । कथामा राम, लव, कुश, सीता आदिको मिथकीय प्रसङ्गहरू आएका छन् । प्रकृति वर्णन, व्रतहरू र तीर्थकीय प्रसङ्गहरूको प्रस्तुति भएको यो कथा औंसीमा बाहुनले नै रक्सी मासु खाएर लडेको देखाइनुले सामाजिक सांस्कृतिक विकृतिलाई देखाउन कथा सफल रहेको छ ।

*गरिबी निवारण* कथासङ्ग्रहमा सङ्कलित सामाजिक यथार्थवादी कथा हो । यसमा वर्गीय भावनालाई देखाइएको छ । शीर्षक अनुसारको कार्यक्रमका लागि नेपालमा एन.जि.ओ. र आइ.एन.जि.ओ. हरू प्रशस्त खुलेका र तिनीहरूले गरिबका लागि विभिन्न कार्यक्रमहरू गरेको प्रसङ्ग कथामा उल्लेख छ । कथाका पात्र धनपति धनाढ्यको निम्तोमा महँगो तारे होटलमा पुगेका हुन्छन् । त्यहाँ गोष्ठी हुन्छ । कार्यक्रममा गरिबी निवारणका लागि रक्सी पिउँदै योजना बनाइन्छ । गरिबहरूलाई एक-एकवटा बाख्रा दिने योजना बन्छ तर धनपतिलाई यसरी गरिबी निवारण नहुने ठान्छ । उसले देशका लाखौं गरिब युवा, भरिया आदिलाई सम्झन्छ । गोष्ठीले गरिबी घट्ने नभई गरिबीका शुभचिन्तकहरूको गरिबी घट्ने व्यङ्ग्य गर्छन् । कथामा धनपतिको एकलाप प्रस्तुत भएको छ । ऊ राष्ट्र र राष्ट्रिय समस्याप्रति चिन्तित छ । विभिन्न संस्थाहरूको विकृतिजन्य कार्यमा विद्रोह हुनुपर्ने विचार राख्छ । गरिबी निवारणका लागि तारे होटलमा नभई ग्रामीण भेगमा नै कार्यक्रम सञ्चालन गरी गरीबहरूलाई पनि समावेश गर्नुपर्ने आग्रह कथामा रहेको छ ।

### ख) मनोविश्लेषणमूलक विषयवस्तुसँग सम्बन्धित कथाहरू

बाहिरी यथार्थलाई छोडी व्यक्तिका मानसिक गहिराइभित्रको केन्द्रीय सत्तालाई ग्रहण गर्नु नै मनोविश्लेषणात्मक कथा हुन् । मनोवैज्ञानिक कथामा व्यक्तिको मानसिकता नै प्रमुख रहे पनि सामाजिक तत्त्वसँग पनि यस्ता कथाको विच्छेद हुँदैन । मनोविश्लेषणमूलक कथाहरूमा यस सङ्ग्रहभित्र *कागतीको चिया, सपनाको आनन्द, हजुर बा र चिन्तन* जस्ता कथाहरू रहेका छन् ।

*कागतीको चिया* शीर्षकको कथामा मनवीरेको विपरीत लिङ्गप्रतिको आकर्षणलाई देखाइएको छ । काली आइमाईको चिया पकाउने बाटो भएर हिँड्ने मनवीरे पसलमा चिया पिउने गर्छ । उसका श्रीमान् विदेश गएका हुन्छन् ।

मनवीरेलाई चिया खुवाउने कालीले पैसा लिन्न । मान्छे काली भएपनि मन फरासिलो भएको टिप्पणी गर्ने मनवीरेको नारीप्रतिको हेराइको चित्रण भएको छ । कथा लघु आकारको छ । निम्न वर्गका व्यक्तिको जीजिविषा र महिलाहरूको कष्टकर जीवनलाई समेत प्रस्तुत गर्ने यो कथा कालीप्रतिको मनवीरेको आकर्षणलाई देखाउन सक्षम छ । कथाको अभिव्यक्ति सरल प्रकारको छ ।

*सपनाको आनन्द* कथा जगतमानको पारिवारिक संसारको मनोविश्लेषण गर्न सफल कथा हो । तीनवटी श्रीमतीको श्रीमान् जगतमानले देखेको सपना नै कथाको सार हो । सपनामा उसले आफूलाई तीनवटै श्रीमतीले अभिनन्दन गरेको देख्छ, ऊ आनन्दित हुन्छ, कविता लेख्छ, गीत गाउँछ तर ब्युझँदा ठीक विपरीत पाउँछ । यसमा बहुविवाह गर्ने र कुलतमा लाग्नेहरूको जीवन आँसुमा डुब्ने सन्देश दिने प्रस्तुत कथामा निदाउँदा श्रीमतीहरूबाट अभिनन्दन गरिएको सपना देख्नुले ऊ भित्रको दमित इच्छा जाहेर भएको देखिन्छ, जुन कुरा मनोविज्ञानको नियमसँग मेल खान्छ ।

त्यस्तै *हजुरबा* कथामा 'जीवन बाबु'को मनोविश्लेषण गरिएको छ । उनीलाई सबैले अङ्कल, हजुरबा आदि शब्दले पुकार्दा आफूलाई रिस उठ्ने र आफ्नो अनुहार ऐनामा हेर्न मन लागेको प्रसङ्ग उल्लेख छ । आफू अझै पनि जवान रहेको तर्क उनी गर्छन् । चिटिक्क परेको अनुभव गर्छन् तर जब सरकारले उनलाई उमेरका कारण बिदाइ गर्छ र गैरसरकारी संस्थामा काम गर्न थाल्छन् तब मात्र उनलाई आफू बूढो भएको महसुस गर्दछन् र कथावस्तुको अन्त्य हुन्छ । यस कथामा 'जीवन बाबु'को आफ्नो उमेरको र शरीरको उच्चताग्रन्थिको विश्लेषण गरिएको छ र पछि त्यसलाई हीनताग्रन्थिको बोध नगरी बूढो भएको कुरालाई स्विकारिएको छ । पात्रको मनोजगत्को चित्रण गर्न कथा र कथाकार सफल देखिन्छन् ।

त्यस्तै यस सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये मनोविज्ञानको नजिक रहेको कथा *चिन्तन* पनि हो । यसमा 'म' पात्रले त्यहाँको प्राकृतिक सौन्दर्य, विकास नभएको अवस्था, बिजुलीपानीको अव्यवस्था र प्राकृतिक चिजहरू भएर पनि सदुपयोग हुन नसकेको कुरा सम्झेर उसको मन खिन्न भएको विषयलाई कथाले प्रस्तुत गरेको छ । 'म' पात्रको अवचेतन मनमा रहेको भावलाई कथाले समेटेको छ भने कथामा देशभक्तिको भावना पनि पाइन्छ । 'म' पात्रको मनोविश्लेषणमा कथा केन्द्रित छ ।

**ग) प्रणयमूलक प्रवृत्तिका कथाहरू**

प्रेममूलक विषयवस्तु देखाउने कथाहरू यस अन्तर्गत पर्दछन् । कथाकार अभागीको **परिवर्तन** कथासङ्ग्रहमा सङ्कलित कथामध्ये *घरजम बसाल्नेहरू* शीर्षकको कथा यस विषयवस्तुसँग सम्बन्धित रहेको छ ।

*घरजम बसाल्नेहरू* कथामा यौन, विवाह, रागात्मकता, छाडापन, पैसाका लागि पोइला हिंड्ने महिलाहरूको चित्रण, प्रेमहीन, यौन आदिको वर्णन गरिएको छ । लिखू खोलाको किनारै किनार 'म' पात्रसित अन्य पात्रहरू पनि 'टार केराबारी' जान हिँडेका हुन्छन् । एकजना विदेशीले नेपालीसँग विवाह गरेको हुन्छ, उसका २ सन्तान रहेका छन् । टार केराबारी पुग्दा दुई सन्तान मात्र आफूसित बसेर श्रीमती अर्कोसित पोइला गएकी घटनाको वर्णन छ । कथा कथाकारको संस्मरणजस्तो लाग्छ, जसमा प्रणयमूलक विषयलाई स्थान दिइएको छ ।

## ३.७.३.२ पात्र

कथाको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन्, जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकोले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुनुपर्दछ ।[३२]

**परिवर्तन** कथासङ्ग्रहमा जम्माजम्मी १७ वटा कथाहरू रहेका छन् । पात्रका माध्यमद्वारा कथाले जहिले पनि एउटा सन्देश अर्पण गर्ने काम गर्दछ । यस सङ्ग्रहमा मूलतः ग्रामीण र अंशतः सहरिया परिवेशका पात्रहरूको प्रयोग भएको छ । पात्रकै माध्यमद्वारा पाठकले प्राप्त गर्ने सन्देशमा कथासङ्ग्रहका पात्रहरू सफल देखिन्छन् । कथावस्तुलाई गति प्रदान गर्न र कथ्य विषयको केन्द्रीयतासँग सम्बद्ध हुन कथासङ्ग्रह सफल भएको छ । कथावस्तु अनुकूल पात्रको प्रयोग गर्न कथाकार सक्षम देखिएका छन् । पात्रले कथाहरूमा आवश्यक द्वन्द्व निम्त्याउन सकेका छन् । आवश्यक पात्र र कथावस्तु अनुरूपको पात्रको संयोजनाले **परिवर्तन** कथासङ्ग्रह पूर्णतः सफल मानिन्छ ।

[३२] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, (दो.सं.), २०६०, पृ. १० ।

### ३.७.३.३ दृष्टिबिन्दु

झट्ट हेर्दा दृष्टिबिन्दु पात्रहरूको प्रस्तुतिसित सम्बद्ध पक्ष जस्तो लागे पनि यो मूलतः कथा भन्ने तरिका र पद्धति हो । कथा कसरी भनिएको छ भन्दा पनि कथा कसले भन्दैछ भन्ने कुरासित दृष्टिबिन्दु गाँसिएको छ । यस अर्थमा दृष्टिबिन्दु कथाकार उभिने ठाउँ हो । प्रथम पुरुष पात्रले कथा भन्दैछ वा तृतीय पुरुषले भन्ने प्रश्नसित यो सम्बद्ध छ । दृष्टिबिन्दु आधुनिक कथालेखनको क्षेत्रमा एउटा महत्त्वपूर्ण पक्ष बनिसकेको छ र यसले कथा भन्ने परिपाटीलाई नयाँ दिशा प्रदान गरेको छ ।[३३]

**परिवर्तन** कथासङ्ग्रहमा १७ वटा कथाहरू रहेका छन् । यी कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा *मेरो श्रीमान् छैनन्, चिन्तन* र *घरजम बसाल्नेहरू* कथा प्रथम पुरुष शैलीमा संरचित छ भने अन्य १४ वटा कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छन् । जसमा *परिवर्तन, शान्तिमायाको अधुरो सपना, मातृत्व हीनता, भाँडगाउँकी नक्कली, पानको बिँडा, कागतीको चिया* लगायतका कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् । यसरी मूलतः यस सङ्ग्रहमा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ३.७.३.४ सारवस्तु

कुनै पनि कथाकृति पढिसकेपछि पाठकले समग्रमा जुन भाव प्राप्त गर्दछ त्यो नै सारवस्तु हो । कथामा कुनै न कुनै विचार वा बीज रूप प्रत्यक्ष वा परोक्ष रूपमा रहेको हुन्छ, जसका आधारमा कथा संरचित रहन्छ । सम्पूर्ण कथाको केन्द्रीय रूपमा रहेको लेखकीय अभिप्रायलाई वहन गर्ने मुलभूत तत्त्व सारवस्तु वा उद्देश्य हो । सारवस्तुले मानव समाजका निम्ति विचारको सञ्चार गरी पाठक मन वा समाजमा परिवर्तन ल्याउन सघाउ पुऱ्याएको हुन्छ ।[३४]

**परिवर्तन** कथासङ्ग्रहमा १७ वटा कथाहरू समाविष्ट छन् । समष्टिरूपमा भन्दा प्रायःजसो कथाहरू ग्रामीण र सहरी परिवेशमा घटेका घटनालाई यथार्थ तरिकाले परिवेश अनुकूल पात्रहरूको प्रयोग गरी आफ्ना विचारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रस्तुतिकरण गर्न कथाकार सफल देखिन्छन् । हाम्रा समाजमा विद्यमान सामाजिक-सांस्कृतिक विकृतिलाई

---

[३३] ऋषिराज बराल, **नेपाल कथा** भाग-३, ललितपुर : साझा प्रकाशन, (चौं.सं.), २०६५, पृ. ६ ।
[३४] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचना,** ललितपुर : साझा प्रकाशन, (दो.सं.), २०६७, पृ. ७८-७९ ।

देखाउँदै त्यसमा परिवर्तनको अपेक्षा गर्नु र सफल समाज निर्माणको चाहना राख्नु नै कथाकार अभागीको मूल उद्देश्य रहेको देखिन्छ ।

## ३.७.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार दिइसकेपछि कथाकारले त्यसलाई अझ प्रभावकारी बनाउने रीति नै रूपविन्यास हो । यसअन्तर्गत कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् । कथावस्तु, पात्र, दृष्टिबिन्दु, सारवस्तु आदिलाई अलग गरेर बाँकी रहने तत्त्वले भाषिक एवं शिल्पशैलीगत निर्माणमा सहयोग पुऱ्याउँदछ । विनासंरचना कथा दिशाहीन हुन्छ भने रूपविन्यास नभएसम्म कथा आकृतिहीन बन्न पुग्दछ । रूपविन्यास अन्तर्गत कथाका शब्दविन्यास, व्याकरण, बिम्ब, वाक्यविन्यास, प्रतीक, ध्वनितात्त्विक रूप, पूर्वप्रसङ्ग आदि शैलीवैज्ञानिक तत्त्वहरू अन्तर्गत पर्दछन् ।[३५]

रूपविन्यासका दृष्टिले **परिवर्तन** कथासङ्ग्रहमा रहेका १७ वटा कथाहरूमा सरल भाषाशैलीको प्रयोग, धेरथोर बिम्ब एवं प्रतीकको प्रयोग, उपयुक्त शब्द र वाक्यविन्यासजस्ता तत्त्वहरूको प्रयोग भएका छन् भने तत्सम, तद्भव, आगन्तुक शब्दको प्रशस्त प्रयोग भएका छन् । कथासङ्ग्रहभित्र आवश्यक उखानटुक्काको प्रयोगले कथामा अझ प्रभावकारिता ल्याएका छन् । विभिन्न चिह्नहरूको प्रयोगका साथै सरल भाषाशैलीमा कथाहरू रचिएका छन् । कथाहरूमा संवादको प्रयोग पनि पाइन्छ भने कवितात्मक शैलीको प्रयोग कथाकारले यसरी गरेका छन् -

> "रूपमा रूपवती भए पनि हठमा निकै हठी, अर्काको कुरा काट्नमा निकै टाठी, बुद्धि नभए पनि आफूलाई ठान्ने निकै बाठी, रिस उठे समाउने लाठी, कुराकानीमा हुने च्याँठी" जस्तो कवितात्मक वाक्यगठन पनि रहेको पाइन्छ । (*उनी बौलाइन्,* पृ. ३३)

त्यस्तै कथामा कविता र गीतलाई पनि समावेश गरिएको छ, जुन कथाका सन्दर्भमा उपयुक्त लाग्छन् -

> तिम्रा यौवनका उभारले ममा बहार आएको छ
> तिम्रा भावनाका मुस्कानले यहाँ स्वर्ग नै झरेको छ
> ..................................................................
> यी तिम्रा ओठ मुस्कानको चोट ............. ।
>
> (*सपनाको आनन्द,* पृ. २६)

---

[३५] पूर्ववत्, पृ. ८०-८१ ।

त्यस्तै,

पवित्र जल छलफल कलकल सुन्दरताकी बिहानी
आलिङ्गनको सुन्दर स्थल मृद जन्म कहानी
............................................ ।

(*जीवनाथको विचलन,* पृ. ३०)

त्यस्तै गीतलाई पनि कथाभित्र यसरी समेटिएको पाइन्छ -

"बेनीको बजार, जता मया उतै छ नजर किरेमिरे जाली रुमाल" (*भीमकाय,* पृ. २७)

त्यस्तै अर्को-

लिखुपारि माया थिइन् लिखुवारि हामी
मोहनीको मन्त्रसहित पठाइदिन्छु धामी
..............................

(*घरजम बसाल्नेहरू,* पृ. ५२)

यसरी रूपविन्यासका दृष्टिकोणले **परिवर्तन** कथासङ्ग्रह कथाकार सदानन्द अभागीको **पश्चात्तापको आँसु** कथासङ्ग्रहभन्दा उत्कृष्ट रहेको छ ।

## ३.७.५ निष्कर्ष

कथाकार सदानन्द अभागीद्वारा रचित **परिवर्तन** (२०६३) कथासङ्ग्रह दोस्रो कथाकृति हो । यसको प्रकाशक रत्नराधिका साहित्य परिषद्, ललितपुर हो । यसमा १७ वटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूमा समाजका सामाजिक, सांस्कृतिक, राजनैतिक, व्यक्तिगत विकृतिहरूको चिरफार गर्ने काम भएको छ । कथासङ्ग्रहमा मूलतः याथार्थिक दृष्टिकोण, रसिक भावना, स्वच्छन्द अभिव्यक्ति, नारीका पीडाहरू, पारिवारिक पृष्ठभूमि, प्रकृति वर्णन, राजनैतिक क्षेत्रका विसङ्गतिहरू, प्रणयमूलक विषय, यौन, मनोविश्लेषण जस्ता विषयले स्थान पाएका छन् । सामाजिक विषयवस्तु प्रशस्त मात्रामा समेटिएको छ भने मनोविश्लेषणात्मक प्रवृत्तिलाई पनि कथाकारले स्थान दिँदै व्यक्तिका मनको भित्री तहसम्म पुगी दमित इच्छालाई उजागर गरेका छन् । कथाकारको परिवर्तनको आकाङ्क्षालाई प्रस्तुत गर्ने **परिवर्तन** कथा शीर्ष कथाका साथै सङ्ग्रहको शीर्षकलाई सार्थक तुल्याउने कथा हो । पात्रानुकूलको भाषिक प्रयोग, उखान-टुक्काको समुचित प्रयोग, सरल भाषाशैलीले कथाहरू अभिधेयात्मक रहेका छन् । प्रायः कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् भने समसामयिक युगको पीडालाई मध्यनजर राख्दै लेखिएका कथाहरू पठनीय रहेका छन् ।

कथाकार सदानन्द अभागीको कथाकारिता **पश्चात्तापको आँसु** (२०५८) कथासङ्ग्रहमा भन्दा खारिएका छन् ।

## ३.८ कथाकार इन्द्रेणी शर्मा 'जलद' र इन्द्रेणी शर्माका कथाहरू कथासङ्ग्रहको अध्ययन

वि.सं. २०२३ मा बाग्लुङ्मा जन्मेका इन्द्रेणी शर्मा 'जलद'को वास्तविक नाम मोहन आचार्य हो । २०३२ सालदेखि नवलपरासीको प्रगतिनगरमा बसोबास गर्दै आएका आचार्यका २ वटा कृतिहरू प्रकाशित भएका छन् । जसमध्ये यहाँ **इन्द्रणी शर्माका कथाहरू** कथासङ्ग्रहको अध्ययन गरिएको छ । साहित्य र समाजसेवामा रुचि राख्ने यिनी ऐतिहासिक जनआन्दोलन-२ का घाइते समेत रहेका छन् ।

### ३.८.१ परिचय

२०२३ साल असार ९ गते बाग्लुङ्ग जिल्लाको लहरेपीपलमा जन्मेका इन्द्रेणी शर्मा 'जलद' को वास्तविक नाम मोहन आचार्य हो । आई.ए.सम्मको अध्ययन पूरा गरेका उनी साहित्यिक कार्यमा रुचि राख्ने गर्दछन् । नवलपरासीका विभिन्न साहित्यिक संस्थाहरूमा आबद्ध रही साहित्यिक गतिविधि गर्ने उनी हाल जीजिविषाका सन्दर्भमा स्पेनमा रहेका छन् ।

साहित्यका विविध विधामध्ये कविता र कथाका क्षेत्रमा कलम चलाएका जलदका हालसम्म दुईवटा पुस्तकाकार कृतिहरू प्रकाशन भएका छन् । **निर्दयी रात** (२०६३) कविता सङ्ग्रह र **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) कथासङ्ग्रह रहेका छन् । यी सङ्ग्रहहरूमध्ये यहाँ कथाको विश्लेषण गर्ने काम भएको छ । यस कथासङ्ग्रहमा जम्मा २२ वटा कथाहरू सङ्ग्रहित गरिएका छन् । उनको कथा सङ्ग्रहमा नेपाली समाजको समसामयिक युगका पीडाहरूलाई यथार्थ चित्रण गर्ने काम भएको छ । नेपाली समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताभित्र रहेर व्यक्तिको जीवन सफल बन्न नसक्ने स्थितिको चित्रण गर्दै सामाजिक मान्यता, परम्परागत मूल्य र मान्यता, जीवनदृष्टि आदिमाथि जलदले दृष्टि पुऱ्याएका छन् । यस सङ्ग्रहभित्रका कथाहरू कथाकारले भोगेका युगजीवनका पृष्ठभूमिमा उभिएका छन् भने तिनमा कल्पनाद्वारा तमाम तानाबाना पनि बुनिएका छन् । मुख्यतः यी कथाहरू प्रणय भाव, धोकापूर्ण यौनसम्बन्ध, यौनजीवनका तमाम उकाली-ओराली छन् भने मुलुकको लोकतान्त्रिकीरणको छाप पनि परेको छ । सामाजिक यथार्थवादी कथाकारका साथै यौन-मनोविज्ञान र आदर्शवादलाई पनि कथासङ्ग्रहभित्र प्रस्तुत गरेका छन् । यी

कथासङ्ग्रहभित्रका पात्रहरूले समाजको निश्चित वर्गको प्रतिनिधित्व गरेका छन् । कथाहरूमा नेपाली समाजको ग्रामीण तथा सहरिया दुवै परिवेशलाई प्रस्तुत गरिएको छ । जलदका कथामा ठेट नेपाली शब्दहरूका साथै आगन्तुक सबै खाले शब्द-भाषाको प्रयोग भएको छ भने पात्रानुकूल भाषाको प्रयोगमा कथाकार सचेत देखिएका छन् ।

इन्द्रेणी शर्मा 'जलद'को **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहको प्रकाशक नवलपरासी साहित्य परिषद्ले गरेको हो । यस कथासङ्ग्रहमा जम्माजम्मी २२ वटा कथाहरू समेटिएका छन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा नेपाली जनजीवनका तमाम विषयलाई देखाउने काम भएको छ ।

## ३.८.२ शीर्षक

शीर्षक कथाको नाम हो । कथा आकर्षक छ वा विकर्षक केही हदसम्म शीर्षकबाट नै थाहा हुन्छ र कथाप्रति पाठकमा उत्सुकता आकर्षण आदि भावहरूलाई जागृत गराउने श्रेय शीर्षकमै निहित हुन्छ ।[३६] **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहको शीर्षक सङ्ग्रहभित्र रहेको छैन । शीर्षक चयनमा कथाकार स्वतन्त्र रहने हुनाले यहाँ पनि कुनै मुख्य भाव वा मिल्दोजुल्दो कथा छैन । आफ्नै नामबाट कथासङ्ग्रहको शीर्षक चयन गरिएको छ । यस कथासङ्ग्रहभित्र रहेका कथाहरूमा *बेबारिसे नारीको डायरी, भागी हाल पापी, आम्मै ! कस्तो मान्छे !, भविष्यको सन्देश, ए ! तिमी, कुमारी आमा र चेतनको चित्कार, निहारिका तिमी, आखिर के गरूँ शान्ता ?, माफ गर मालिका, दर्शन तिमी, प्रतिशोध, आत्महत्या, धिक्कार छ तिमीलाई, निर्मोहीको यादमा, डायरीभित्र के छ ?, कस्ले बुझिदेला ?, वास्तविकता के थियो ?, आखिर के हुने हो ?, झुट सारा झुट, शालिना आफैं सोच, ओहो ! अङ्किता र म बाँच्न चाहन्न !* रहेका छन् ।

यसरी २२ वटा फुटकर कथाहरूको संयोजनबाट यो कथासङ्ग्रह पूर्ण भएको छ ।

## ३.८.३ संरचना

कथाकारले आफ्नो विचार, धारणा वा अनुभूतिलाई कथाहरूमा समेटेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचारधाराप्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । त्यसैले कथाहरूमा कथाकारको भावनाको एउटा अंश प्रतिबिम्बित भएको हुन्छ । कथा निश्चित संरचनामा आबद्ध भएको हुन्छ । कथाको संरचनामा आउने विभिन्न तत्त्वको

---

[३६] हरिप्रसाद शर्मा, **कथाका सिद्धान्त र विवेचन,** पूर्ववत्, पृ. ६२ ।

कलात्मक संयोजनद्वारा कथाको संरचना निर्माण हुन्छ ।[३७] यसभित्र कथाका स्थूल तत्त्वहरू मात्र पर्दछन् ।

संरचना अन्तर्गत कथामा पाइने मुख्य घटकका आधारमा इन्द्रेणी शर्मा 'जलद' को 'इन्द्रेणी शर्माका कथाहरू' कथासङ्ग्रहको अध्ययन यहाँ गरिएको छ ।

## ३.८.३.१ कथावस्तु

कथावस्तुलाई कथाको महत्त्वपूर्ण अवयव तथा तत्त्वका रूपमा लिइन्छ । कुनै न कुनै रूपमा कथाभित्र रहने यो कथानक कहीं झिनो रूपमा देखिन्छ भने कहीं सघन रूपमा देखिन्छ । कथावस्तुभित्र कार्य व्यापार हुन्छ । कार्यव्यापार द्वन्द्वमा निर्भर रहन्छ । कथामा कथानक निश्चित योजनाका साथ अघि बढेको हुन्छ । यसमा आदि, मध्य र अन्त्यको क्रम मिलेर कथावस्तु निर्माण हुन्छ । कथावस्तुले कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण कथावस्तुले गर्दछ ।[३८]

विषयवस्तुका दृष्टिले कथाकार इन्द्रेणी शर्मा 'जलद' को यो **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहले व्यापक क्षेत्रलाई समेटेको छ । यस सङ्ग्रहभित्रका कथाहरूमा कतिपय कथाको पृष्ठभूमि आफ्नै निजी जीवनको भावनाका उपजका रूपमा लिन सकिन्छ भने कतिपय प्रणयमूलक, सामाजिक, राजनैतिक एवम् ग्रामीण पृष्ठभूमिमा रचिएका देखिन्छन् । सङ्क्षिप्तमा भन्दा सङ्ग्रहभित्रका कथाहरूमा यौनजीवनका तमाम उकाली ओराली, धोकापूर्ण यौनसम्बन्ध, प्रणयभाव, मुलुकको लोकतान्त्रिकीकरणको विषयवस्तुका साथै नारी वेदना, धनी र गरिबबिचको भिन्नता, गरिबी, पीडा आदि विविध विषयवस्तु समेटेर उनले यो सङ्ग्रहलाई पूर्णता दिन खोजेका छन् ।

नेपाली समाजमा भएको सत्कारपूर्ण व्यवहार, वैयक्तिक स्वार्थपूर्ण भावना, सामाजिक संस्कार, अपरिपक्व मायाप्रेमको डरलाग्दो परिणाम, नारीको भावनामाथिको खेलवाड, असमझदारी, पारिवारिक प्रेम, आर्थिक दुरवस्था, स्वैरकल्पना, समाजसेवा, बालपीडा जस्ता अनेकौं विषयवस्तुलाई प्रस्तुत गरिएको यस सङ्ग्रहभित्र समसामयिक घटनाको यथार्थ चित्रण सकेसम्म उतार्ने कोसिस गरिएको छ ।

---

[३७] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली आख्यान,** काठमाडौं : क्षितिज प्रकाशन २०६७, पृ. ९ ।

[३८] यादवप्रकाश लामिछाने र गीता लामिछाने, **नेपाली आख्यान सिद्धान्त र समीक्षा,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६७, पृष्ठ ९ ।

**क) सामाजिक विषयवस्तु**

समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई मूल विषयवस्तु बनाएर लेखिएका कथाहरू यससँग सम्बन्धित कथाहरूमा यस सङ्ग्रहभित्र *बेबारिसे नारीको कथा, निहारिका तिमी, आखिर के गरूँ शान्ता ?, माफ गर मालिका, धिक्कार छ तिमीलाई, कस्ले बुझिदेला ?, वास्तविकता के थियो ?, आखिर के हुने हो ?, झुट सारा झुट* र *शालिना अझैं सोच* जस्ता कथाहरू पर्दछन् ।

समाजमा घटेका र घट्न सक्ने घटनालाई विषय बनाएर लेखिएका उनका कथामा *बेवारिसे नारीको कथा* पनि एक हो । यस कथाले नारीको भावनामाथि खेलबाड गरेको प्रसङ्गलाई प्रस्तुत गरेको छ । नारीले समाजमा पुरुष पाशविकताका कारण झेल्नुपरेको पीडालाई देखाइएको छ । धोकापूर्ण यौनसम्बन्धका कारण नारी समाजमा तिरस्कृत हुनुपरेको सामाजिक पाटोलाई कथाले देखाएको छ ।

त्यस्तै *निहारिका तिमी* कथा पनि सामाजिक विषयवस्तुलाई समेटिएको कथा हो । यसमा समाजसेवाको बाटोमा लाग्दा उल्टै जेल जान बाध्य भएको समाजसेवी मानवीय नाताले सहयोग गर्दा झन्झट आइपरेको वर्तमान समयको समाजलाई प्रस्टाइएको छ । निष्पक्ष रूपले नारीको पक्षमा काम गर्दा समाजले अनावश्यक कुरा काट्ने गरेको विषयलाई समेट्दै काम गर्दा भाँजो हाल्नेहरूको समाजमा कमी नभएको विषयलाई प्रस्तुत गरिएको कथा हो ।

*आखिर के गरूँ शान्ता ?* कथा अर्को सामाजिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यस कथामा आर्थिक अभावका कारण समाजमा देखापर्ने समस्यालाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । वर्तमान समयसँग सम्बन्धित यो कथा श्रीमान् आर्थिक उपार्जनका निम्ति बिदेसिँदा श्रीमतीले यता आफ्नो नाक काटिदिएको र पछि फर्कँदा बाध्य भएर स्वीकार गर्नुपरेको समसामयिक विषयलाई प्रस्तुत गरिएको छ ।

सामाजिक विषयवस्तुमा आधारित अर्को कथा *माफ गर मालिका* पनि एक हो । यस कथामा समाजमा पुरुष पाशविक प्रवृत्तिका कारण नारीले अनाहकमा झेल्नुपरेका समस्यामा केन्द्रित छ । समाजमा जसले नारीप्रति नकारात्मक सोच राख्छ उनीहरू नै समाजका नाइके भएर देखापर्ने गरेको प्रसङ्गलाई उल्लेख गर्दै त्यस्ता प्रवृत्तिको अन्त्य हुनपर्दछ भन्दै सन्देश दिने यो कथा संक्षिप्त विषयवस्तु अँगालेको कथा हो भन्न सकिन्छ ।

त्यस्तै यस सङ्ग्रहभित्र सङ्ग्रहित अर्को सामाजिक विषयवस्तुमा आधारित *धिक्कार छ तिमीलाई* कथा पनि हो । आफ्नी घरकी श्रीमती हुँदा-हुँदै अर्कीमा आँखा लगाउँदा पारिवारिक जीवन नै लथालिङ्ग भएको प्रसङ्गलाई प्रस्तुत गरिएको यो कथामा सौताले आफ्ना सौतेलो छोराछोरीलाई देखावटी माया गरेपनि मनमा सौतेलो रोग रहिरहेको सामाजिक यथार्थमूलक विषयलाई प्रस्तुत गरेको छ ।

*कस्ले बुझिदेला ?* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । कमजोर आर्थिक अवस्थाका कारण विद्यालय र गुरुवर्गको सहयोगबाट पढाइएको बालकले विद्यालयको नाक राखेको र छोराछोरी ठूला हुँदै गएपछि आमाबाबुमा देखापर्ने चिन्ताको विषयलाई पनि समेटिएको छ । रोजगारीको सिलसिलामा घरभन्दा टाढा रहनुपर्ने बाध्यात्मक परिस्थिति एकातिर छ भने अर्कोतिर देशमा चलेको गृहयुद्धले काम गर्ने कर्मचारीको मानसिकता कमजोर बनेको प्रसङ्गसमेतलाई कथावस्तुमा समेटिएको छ । साथै छोराछोरीले अभिभावकको इच्छा अनुसार गरिदिँदा परिवार र समाजमा देखिने खुसियालीलाई सकारात्मक तरिकाले प्रस्तुत गरेको छ । शीर्षक र कथावस्तुको बिच तालमेल नमिलेको यो कथामा कथाकारले समाजमा घटेका र घट्न सक्ने विषयलाई प्रस्तुत गरेका छन् ।

*वास्तविकता के थियो ?* अर्को सामाजिक विषयलाई अँगालेर लेखिएको कथा हो । पारिवारिक आर्थिक अवस्था कमजोर बनेका दिदी-भाइ बिछोडिएपछिको पीडालाई कथामा प्रभावकारी तुल्याइएको छ । आर्थिक विपन्नताका कारण झेल्नुपरेको समस्यालाई कथाले प्रस्तुत गरेको छ ।

त्यसै गरी *आखिर के हुने हो ?* कथामा अरूको उपकार गर्न खोज्दा झन्डै मृत्युको मुखमा पुगेको एउटा सहयोगीको कथा बनेको छ । आफू लुटिएको बहाना बनाई सहयोग माग्ने महिलाले सहयोग गर्न खोज्ने बटुवालाई नै फसाएको विषयलाई अँगालिएको यस कथामा समसामयिक अवस्थामा विश्वास गर्न झट्टै अगाडि तम्सनेले दुःख पाउन सक्ने सन्देशलाई यस कथामार्फत् कथाकारले देखाएका छन् ।

*झुट सारा झुट* अर्को सामाजिक विषयमूलक कथा हो । यस कथामा हाम्रो समाजमा एकल नारीलाई हेरिने दृष्टिकोण प्रस्तुत भएको छ । नराम्रो दृष्टि राखी एकल महिलासँग फाइदा लिन खोज्ने पुरुषप्रवृत्तिलाई देखाइएको यो कथा सहयोगको नाम पारी नजिकिने र स्वार्थसिद्धि हुनासाथ त्याग्ने समाजको खराब चलनको

विषयलाई कथ्य बनाएर कथाकारले समाजको यथार्थ पक्षलाई प्रस्तुतीकरण गरेका छन् ।

त्यस्तै यसै विषयलाई अँगालेर लेखिएको *शालिना अझै सोच* कथा पनि एक हो । केही प्रेमविषयक जस्तो लाग्ने यस कथामा हाम्रो समाजमा देखापर्ने युवायुवतीको समस्यालाई प्रस्तुत गरिएको छ ।

यसरी यस कथासङ्ग्रहभित्र रहेका २२ वटा कथामध्ये मुख्यरूपमा *बेवारिसे नारीको कथा, निहारिका तिमी, वास्तविकता के थियो ?* आदि जस्ता कथा सामाजिक विषयवस्तुमा आधारित छन् ।

**ख) प्रणयभाव, धोकापूर्ण यौनसम्बन्धका विषयवस्तुसँग सम्बन्धित कथाहरू**

प्रेममूलक विषयवस्तु देखाउने उद्देश्यले रचना गरिएका कथाहरू यसअन्तर्गत पर्दछन् । यस कथासङ्ग्रहमा सङ्कलित यस्ता कथाहरूमा मिलन, बिछोड, घात-प्रतिघात, धोकापूर्ण यौनसम्बन्ध र त्यसबाट समाज वा व्यक्तिमा सृजित मानसिकताको चित्रण गरिएका छन् । यस्ता कथाहरूमा *भागी हाल पापी, कुमारी आमा र चेतनको चित्कार, आत्महत्या, निर्मोहीको यादमा, डायरीभित्र के छ ?* र *ओहो ! अङ्किता* जस्ता कथाहरू पर्दछन् ।

कथाकारले भोगेका युगजीवनका विभिन्न प्रणयभाव, धोकापूर्ण यौनसम्बन्ध, यौनजीवनका तमाम उकाली-ओरालीहरूलाई प्रस्तुत गरिएको उनको *भागी हाल पापी* कथा पनि एक हो । यस कथामा धोकापूर्ण यौन सम्बन्धका कारण प्रेमी र प्रेमिकाका बिच देखिएको असमझदारितालाई प्रस्तुत गरिएको छ । सरोजा र शङ्करका बिचको अनैतिक सम्बन्धका कारण पूर्वप्रेमी संयम शर्मिलाकहाँ सरोजाका विषयमा कुराकानी गरिरहेका हुन्छन् । त्यसै क्रममा शर्मिला र धनी बाबुको बदमास छोरो सुमनको बिचको सम्बन्ध पनि टुटेको कुरालाई उठाइएको छ । यस कथामा आ-आफ्ना प्रेमी वा प्रेमिकाबाट धोका खाएर जीवनलाई उजाड ठान्ने पात्रहरूको मानसिकतालाई प्रस्तुत गरिएको छ ।

त्यस्तै *कुमारी आमा र चेतनको चित्कार* पनि प्रेमसम्बन्ध पछि गर्भधारण गरेकी उर्मिलाले प्रेममा धोका खाएपछि जीवनमा झेल्नुपरेको दुःखद अवस्थाको चित्रण गरिएको छ । यसमा कुमारी केटीले गर्भधारण गरेपछि समाजबाट बहिष्कृत

हुन पुगेकी र आफ्नो सन्तानलाई कष्टसाथ हुर्काइरहेको अवस्थामा करिब ९ वर्षपछि केशवलाई भेट्न पुग्छे, जसमा दुवैजना प्रायश्चित गर्दछन् र फेरि पुनर्मिलन भई समाजमा 'केशव-उर्मिला अनाथालय' खोली आफूजस्तै अनाथ नारीको हितका लागि काम गर्ने उद्देश्य राखी कथावस्तुलाई पुनर्मिलनामा पुऱ्याई टुङ्गाइएको छ ।

*आत्महत्या* अर्को प्रेममूलक विषयवस्तुसँग सम्बन्धित कथा हो । पहिली श्रीमतीको देहावसान भएपछि अर्को विवाह गर्ने प्रसङ्गलाई उल्लेख गरिएको छ । विधवालाई विवाह गर्ने सोच लिएको शेखर भने प्रेमबिना बाँच्न नसकिने कुरा गर्छ तर बडा बा पात्रले अवरोध गरेपछि आत्महत्या गर्न पुगेको छ । यसबाट प्रेम नै जीवन हो भन्ने विचारलाई कथाले व्यक्त गर्दै त्यसका निम्ति नै पात्रहरू क्रियाशील देखिएका छन् ।

त्यस्तै *निर्मोहीको यादमा* अर्को प्रेमविषयक कथा हो । यस कथामा आफूले चाहेको मान्छेको प्रतिक्षामा बसेकी उर्मिला समय परिस्थितिसँग जुध्दै लामो समयको अन्तरालपछि उही निष्ठुरीसँग वैवाहिक जीवनमा बाँधिएको विषयलाई प्रस्तुत गरिएको छ । कथावस्तु संक्षिप्त र सुखद प्रेमविषयक कथालाई यहाँ प्रस्तुत भएको छ ।

*डायरीभित्र के छ ?* अर्को धोकापूर्ण प्रेमसम्बन्धपछि उत्पन्न पारिवारिक परिस्थितिलाई प्रस्तुत गरिएको छ । संवादात्मक शैलीमा प्रस्तुत यस कथामा बालबालिकाको कलिलो मस्तिष्कमा कसरी बाबुआमा बिचको असमझदारीले आघात पुऱ्याएको विषय प्रस्तुत भएको छ । एउटी कुमारी नारीलाई गर्भवती तुल्याई त्यसै हराएको पङ्कज पात्रलाई पछि भेटेपछि जन्मिएको प्रतिशोधको भावनाले छताछुल्ल भएको छ जुन डायरीशैलीमा व्यक्त छ ।

त्यस्तै *ओ हो ! अङ्किता* अर्को त्रिकोणात्मक प्रेमकथासँग सम्बन्धित छ । अति संक्षिप्त कथावस्तु भएको यो कथा आफ्नो बाबुको धोकापूर्ण सम्बन्धपछि आमा र आफू (चेतन) ले जीवनको यथार्थता बुझेपछि कथावस्तुलाई टुङ्ग्याइएको छ ।

त्यस्तै विविध विषयवस्तुलाई समेटिएर लेखिएका कथाहरू पनि यस सङ्ग्रहभित्र समेटिएका छन् । जसमा *आम्मै ! कस्तो मान्छे !, भविष्यको सन्देश, ए ! तिमी, दर्शन तिमी !, प्रतिशोध, म बाँच्न चाहन्न* जस्ता कथाहरू प्रेममूलक, सामाजिक विषय, स्वैरकल्पना, बालबालिकाको पीडा आदिजस्ता विषय समेटिएका छन् ।

### ३.८.३.२ पात्र

कथाको आफ्नो सीमाले गर्दा कथा वस्तुअनुरूप पात्र थोरै हुनु आवश्यक छ । पात्रहरू सजीव र सशक्त हुनु आवश्यक छ । कथाका मूल पात्र कथाका केन्द्रीयतासँग अभिभाज्य र गतिशील भूमिका रहन्छ । पात्रको व्यक्तित्व र अस्तित्त्व स्वतन्त्र वातावरणमा प्रस्तुत हुनु आवश्यक छ । पात्रले नै कथालाई ऊर्जा प्रदान गर्दछन् ।[३९]

यस कथासङ्ग्रहमा जम्माजम्मी २२ वटा कथाहरू समेटिएका छन् । कथाले जहिले पनि पात्रका माध्यमद्वारा राम्रो घटना घटाएर वा नराम्रो काम गरेर त्यसबाट एउटा गहन सन्देश दिने काम गरेका हुन्छन् । यस कथासङ्ग्रहमा मूलतः ग्रामीण एवम् अर्धसहरी परिवेशका पात्रहरूका माध्यमद्वारा पाठकमा सन्देश प्रचार गरिएको छ । पात्रकै माध्यमद्वारा भावकले एउटा सन्देश प्राप्त गरेका हुन्छन् यस्तो अवस्थामा यस सङ्ग्रहमा आएका पात्रबाट सहजरूपमा सन्देश ग्रहण गरिएको छ ।

यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रयोग गरिएका पात्रहरू ग्रामीण एवम् अर्ध सहरी परिवेशबाट टिपेर कथाकारले कथावस्तुलाई अगाडि बढाउनका साथै एउटा महत्त्वपूर्ण सन्देश प्रवाह गर्न सफल भएका देखिन्छन् ।

### ३.८.३.३ दृष्टिबिन्दु

निश्चित उद्देश्य राखेर जब कथाकार कथायोजना गर्दछ, उसका अगाडि पात्रलाई कुन स्थान र महत्त्व प्रदान गरी कथानकलाई निश्चित आकृति प्रदान गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । यसको समाधान दृष्टिकोणले गर्दछ । कथावस्तुलाई पाठकवर्गका निम्ति प्रेषणीय बनाउने भूमिका दृष्टिबिन्दुले गर्दछ । कुनै कथामा प्रथम पुरुष 'म' पात्रको केन्द्रीय भूमिका रहन्छ भने कुनै कथामा तृतीय पुरुषको सर्वोपरी स्थान रहन्छ ।

प्रस्तुत **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहमा सङ्कलित जम्माजम्मी २२ वटा रहेका छन् । यसमा भएका *आखिर के गरूँ शान्ता ?* र *प्रतिशोध* कथा प्रथम पुरुष शैलीमा रचना गरिएका छन् भने अन्य *बेवारिसे नारीको डायरी, भविष्यको सन्देश, आत्महत्या* आदिजस्ता कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा सिर्जित भएका छन् ।

यसरी यस सङ्ग्रहभित्रका कथाहरू प्रायः बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

[३९] मोहन हिमांशु थापा, **साहित्य परिचय** (पाँचौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०६६, पृ. १५६ ।

### ३.८.३.४ सारवस्तु

कृतिको अध्ययनपछि समग्रमा त्यसमा जुन भावार्थ छ त्यही नै सारवस्तु हो । कथामा कुनै न कुनै विचारको बीजरूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहन्छ, जसका आधारमा कथानको संरचना तयार हुन्छ । कथाको बीजरूपलाई कथाकारले कुशलतापूर्वक जति नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्दछ । बीज रूपी कथा संरचनाको सौन्दर्य तत्त्वलाई सारवस्तु भनिन्छ ।

प्रस्तुत **इन्द्रेणी शर्माका कथाहरू** कथासङ्ग्रहमा २२ वटा कथाहरू समावेश भएका छन् । सबै कथाहरूलाई समष्टिगत रूपमा भन्दा ग्रामीण एवम् अर्धसहरी परिवेशमा घटेका घटनालाई प्रस्तुत गरिएको छ । सबै कथाहरूले कथानक अनुसार एउटा सन्देश छोड्ने काम गरेका छन् । एउटी नारीको जीवनमा, व्यक्तिको जीवनमा र हाम्रा समाजमा कस्ता-कस्ता किसिमका घटना घटेका छन् र घट्न सक्छन् अनि धोकापूर्ण यौन सम्बन्धका कारण कस्तो परिस्थिति उत्पन्न हुन्छ भन्नु देखाउनु नै कथाकारको उद्देश्य रहेको छ ।

### ३.८.४ रूपविन्यास

कथावस्तुलाई निश्चित रूप प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो । यस अन्तर्गत कथाका सूक्ष्म तत्त्वहरू पर्दछन् । पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीक विधान, शीर्षक आदि पर्दछन् । कथाको भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरू यसमा पर्ने भएकोले यसले पाठकवर्गलाई प्रभावित पार्ने काम गर्छ ।

प्रस्तुत कथासङ्ग्रहमा २२ वटा कथाहरू समेटिएका छन् । यी कथाहरूमा रूपविन्यासका विविध तत्त्वहरू रहेका छन् । गाउँले जनजीवनको यथार्थ चित्रण गरिएको हुँदा सरल भाषाशैलीको प्रयोग भएको छ । भाषाशैलीमा कथाहरूमा सहजता पाइए पनि कथाको प्रारम्भ, विकास र अन्त्यको विकासमा कतिपय कथाहरू समेटिएका छैनन् । यसमा पत्रात्मकशैली, संवादात्मक शैलीको प्रस्तुति पाइन्छ । विभिन्न किसिमका उखान टुक्काको उचित प्रयोग, आगन्तुक शब्दको प्रयोग, प्रशस्त मात्रामा प्रश्नचिन्हको प्रयोगका साथै उद्गार चिह्नको प्रयोगको पनि कमी पाइँदैन । यसरी रूपविन्यास अन्तर्गतका तत्त्वहरूको समुचित प्रयोगले कथा प्रभावकारी भएको छ ।

### ३.८.५ निष्कर्ष

कथाकार इन्द्रेणी शर्मा 'जलद' द्वारा रचित **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) कथासङ्ग्रह उनको एकमात्र कथासङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन २०६३ सालमा नवलपरासी साहित्य परिषद्, नवलपरासीले गरेको हो । यसमा जम्मा २२ वटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा समसामयिक घटनालाई नै मूलविषय बनाइएको पाइन्छ । समाजमा नारीप्रति गरिने व्यवहार, धोकापूर्ण यौनसम्बन्धका कारण उत्पन्न हुने पारिवारिक स्थिति, बालबालिकाको दुःखद अवस्था, लोकतान्त्रीकरणप्रति कथाकारको छापलाई प्रस्तुत गरिएको पाइन्छ । यसभित्र सामाजिक, प्रणयमूलक र विविध विषयवस्तु समावेश गरिएका छन् ।

सामाजिक विषयवस्तुमा आधारित कथामा *बेवारिसे नारीको डायरी, निहारिका तिमी, आखिर के गरूँ, शान्ता ?* लगायतका कथाहरू पर्दछन् यी कथाहरूमा शिक्षाका अभावका कारण धोकापूर्ण यौनसम्बन्धका कारण उब्जेका विविध अवस्थाको चित्रण, समाजमा नारीको अवस्था, गरिबी आदि जस्ता विषय समेटिएका छन् । त्यसै गरी धोकापूर्ण यौनसम्बन्धका तमाम विषयवस्तुलाई समेटिएका उनका कथाहरूले यसबाट उत्पन्न परिस्थितिको चित्रण गरेको छ । ग्रामीण पात्र अनुकूलको भाषाको प्रयोग गरिएको छ । विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्दको साथै काव्य भाषाको पनि प्रयोग गरिएको छ । प्रायः कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन् । ग्रामीण जीवनका विविध विषयलाई यस सङ्ग्रहभित्रका कथाहरूमा देखाउन खोजिएको छ ।

## ३.९ कथाकार बाबुराम लामिछाने र पाखाको कथासङ्ग्रहको अध्ययन

नवलपरासी हर्कपुरमा स्थायी बसोबास भएका बाबुराम लामिछाने नवलपरासीका एक सशक्त कथाकार हुन् । उनका कथा र कविताका कृतिहरू प्रकाशित भैसकेका छन् । सरकारी सेवामा रहेर पनि साहित्यिक कार्यलाई निरन्तरता दिइरहेका यिनको **पाखाको** कथासङ्ग्रहको अध्ययन यहाँ गरिएको छ ।

### ३.९.१ परिचय

कथाकार बाबुराम लामिछानेको जन्म धवलागिरी अञ्चल, पर्वत जिल्लाको सिरसुवा गाउँमा पिता रविमरण लामिछाने र माता रेखा लामिछानेका जेष्ठ पुत्ररत्नका रूपमा वि.सं.

२००९ माघ ६ गते भएको थियो । स्नातकोत्तर तहसम्मको औपचारिक अध्ययन गरेका उनी सरकारी सेवाका विभिन्न पदमा रहेर काम गरिसकेका छन् । हाल अवकाश प्राप्त जीवन व्यतीत गरिरहेका उनी नेपाली साहित्यलाई उन्नयन गराउने कार्यमा लागेको पाइन्छ । उनी नवलपरासी हर्कपुरमा स्थायी रूपमा बसोबास गरी नवलपरासीको साहित्य सिर्जनामा क्रियाशील छन् ।

नेपाली साहित्यको विविध विधामा कलम चलाएका यिनी कथाका क्षेत्रमा उल्लेख्य छन् । उनका **प्रतिद्वन्द्वीको खोजी** (२०५३) कवितासङ्ग्रह, **हातभन्दा पर** (२०६०) र **पाखाको** (२०६६) कथासङ्ग्रह प्रकाशित भएका छन् । **पाखाको** (२०६६) कथासङ्ग्रहमा २१ वटा कथाहरू सङ्ग्रहित गरिएका छन् । यस सङ्ग्रहमा मूलतः नेपाली समाज र नेपालमा १५ वर्षदेखि रहेको राजनैतिक अस्थिरता र त्यसले ल्याएको द्वन्द्वग्रस्त सामाजिक, पारिवारिक र राष्ट्रिय यथार्थ नै रहेको छ । उनका कथामा राजनीतिक विषमता, पारिवारिक एवं सामाजिक स्थितिमा देखिने यथार्थपूर्ण अवस्थाको चित्रण, गरिबी, अनमेल एवम् बहुविवाह, विपरीत लिङ्गप्रतिको आकर्षण आदि विषयगत परिधिमा कथाहरू समेटिएका छन् भने नैतिकता, इमान्दारिता, देशप्रेम, शैक्षिक स्थितिमा आउनुपर्ने सुधार देशभक्तिको भावनाबाट प्रेरित भएर गरिनुपर्ने हैसियतको उचाइमा कथाले स्थान राखेको देखिन्छ । यिनका कतिपय कथामा सूक्ष्म मनोविज्ञानको कुनै न कुनै रूपमा प्रयोग भएको छ । यिनका धेरैजसो कथाहरू देशको द्वन्द्वग्रस्त अवस्थालाई आधार मानेर लेखिएको हुनाले जीवनको सुखद पक्षभन्दा दुःखद, उदास, सन्त्रस्त पक्षको चित्रण गरिएको छ । तुलनात्मक रूपमा सहरिया समाजका गतिविधिभन्दा ग्रामीण सरल, जीवनशैलीको प्रभावबाट स्वयम् कथाकार बढी आकर्षित देखिन्छन् र जागिरका सिलसिलामा देशका विभिन्न ठाउँमा रहँदा बस्दा आफूले अनुभूत गरेका मार्मिक र यथार्थपूर्ण घटनाको जीवन्त प्रस्तुतिले उनका कथा उच्च कोटिका देखिएका छन् । भाषिक सामर्थ्य र कलापूर्ण सारसङ्गठनले औपन्यासिक जादुमय अवस्थाको प्रस्तुतिपूर्ण शैली पनि कथामा भेटिन्छ । झिनो कथानकभित्र सशक्त जीवनदर्शन र भावाभिव्यक्ति दिन सक्ने कथाकारको विशिष्ट खुबी रहेको छ । विभिन्न किसिमका पात्रहरू रहेका उनका कथाहरूमा वर्तमान नेपाली समाजको वास्तविक वस्तुस्थितिलाई विषयवस्तु बनाइएको छ । गाउँले र सहरी कारुणिक परिवेशको चित्रण कथामा पाइन्छ भने सामाजिक, आर्थिक, पारिवारिक, राजनैतिक यथार्थको प्रकटीकरण गर्नु यस सङ्ग्रहको उद्देश्य रहेको छ । प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएका यिनका कथामा सरल, सरस र काव्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ ।

बाबुराम लामिछानेको **पाखाको** (२०६६) कथासङ्ग्रहको प्रकाशन साझा प्रकाशन, ललितपुरले गरेको हो । यसमा जम्मा २१ वटा कथाहरू सङ्ग्रहित छन्, जसमा *पाखाको* शीर्षक मार्फत ग्रामीण जीवनको यथार्थताको चित्रण गरिएको छ ।

## ३.९.२ शीर्षक

शीर्षक कथाको नाम हो । शीर्षक चयनमा पाठकमा उत्सुकता र कुतूहल पैदा गर्ने शक्ति, नवीनता र मौलिकता प्रतिबिम्बित हुनपर्दछ र संक्षिप्तता अपरिहार्य हुनपर्दछ । शीर्षक र कथ्य विषयबिच तालमेल मिल्नुपर्ने हुन्छ ।[४०] **पाखाको** कथासङ्ग्रहको शीर्षक पनि कथाको भावसँग मिल्दोजुल्दो छ भने अन्य कथाहरू पनि शीर्षक सार्थक नै देखिन्छन् । यस सङ्ग्रहभित्र *बाबरीको महक, प्रकोप, जाडो र बत्तीको राप, प्राप्ति, भऱ्याङवृत्ति, सुनको थालको टलक, महमा भुनभुनाएका माहुरी, घाउ, भावार्थ ओढेर, काँधको मान्छे, अलमलको आगो, पाखाको, सँमालेर जिउँदै ठिक्क, झ्यालको कारोबार, नयाँ प्रारम्भ, प्रवञ्चना, धुवाँ, खलो, किनारामा, गजेन्द्रको गाडा* र *घाँडो* कथाहरू रहेका छन् ।

यसरी एक्काइस वटा कथाको योगबाट प्रस्तुत कथासङ्ग्रहपूर्ण भएको छ ।

## ३.९.३ संरचना

कथा एक यौगिक रचना हो र सबै अङ्गगत एकाइ वा तत्त्वहरूको अनुपातिक सिङ्गो योगबाट यो बनेको हुन्छ । संरचनाभित्र कथाकारले आफ्ना अनुभूतिलाई घटना वा पात्रको माध्यमबाट एउटा योजना बनाएर मिलाइ बनाइएको आकार नै संरचना हो ।[४१]

संरचना अन्तर्गत पाइने मुख्य घटकका आधारमा यहाँ बाबुराम लामिछानेको **पाखाको** (२०६६) कथासङ्ग्रहको अध्ययन गरिएको छ ।

### ३.९.३.१ कथावस्तु

कथामा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्व वा गुदीलाई कथा वस्तु भनिन्छ । यो जुनसुकै कथालाई अस्तित्त्व प्रदान गर्ने सर्वप्रमुख तत्त्व हो । कथावस्तुबिना कृतिको रचना हुँदैन । यसअन्तर्गत विषय, सत्व, आधारतत्त्व र यथार्थ

[४०] हरिप्रसाद शर्मा, **कथाको सिद्धान्त र विवेचन,** पूर्ववत्, पृ. ६२ ।
[४१] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग ४, पूर्ववत्, पृ. ८ ।

पर्दछन् । कृतिको विशेष र आवश्यक घटक मानिने कथावस्तु कृतिको प्रकृति अनुरूप फरक हुन्छ ।[४२] कथामूल्यको निर्धारणसमेत कथावस्तुकै आधारमा हुने हुँदा यसको महत्त्व अधिक रहन्छ ।

कथावस्तुको दृष्टिले कथाकार बाबुराम लामिछानेको यो **पाखाको** कथासङ्ग्रह (२०६६) ले व्यापक विषयवस्तु र परिवेशलाई उठान गरेको छ । यस सङ्ग्रहभित्रका कथाहरू कतिपय सामाजिक, विषयवस्तु, पारिवारिक एवम् ग्रामीण पृष्ठभूमिका छन् भने सामाजिक जीवनका समसामयिक प्रवृत्तिलाई देखाइएको यो सङ्ग्रह उनको **हातभन्दा पर** (२०६०) कथासङ्ग्रहभन्दा आकर्षक छ, उत्कृष्ट छ । नेपाली समाज र विद्यमान नेपालमा पन्ध्र वर्षदेखि रहेको राजनैतिक अस्थिरता र त्यसले ल्याएको द्वन्द्वग्रस्त सामाजिक, पारिवारिक र राष्ट्रिय यथार्थतालाई पस्केको छ अझ भन्दा जागिरका सिलसिलामा देशका विभिन्न ठाउँमा रहँदा बस्दा आफूले अनुभूत गरेका मार्मिक र यथार्थपूर्ण घटनाको जीवन्त प्रस्तुतिले उच्चकोटिका बनेका उनका कथाहरू मार्मिक, समसामयिक र पठनीय छन् ।

नेपाली समाजमा भएको सामाजिक संस्कार, मनोविश्लेषण, नारी जीवनको चित्रण, पारिवारिक प्रवृत्ति, रसिक भावना, सामाजिक, आर्थिक, पारिवारिक, राजनैतिक यथार्थको प्रकटीकरण गर्नु उनको यस कथासङ्ग्रहको उद्देश्य रहेको देखिन्छ ।

### क) सामाजिक विषयवस्तुसँग सम्बन्धित कथाहरू

समाजमा घटेका र घट्न सक्ने घटनालाई आधार बनाएर लेखिएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस विषयसँग सम्बन्धित कथाहरूमा *बाबरीको महक, प्रकोप, जाडो र बत्तीको राप, प्राप्ति, सुनको थालको टलक, भावार्थ ओढेर, पाखाको, सम्भालेर जिउदै ठिक्क, नयाँ प्रारम्भ, प्रवञ्चना, गजेन्द्रको गाडा र घाँडो* जस्ता कथाहरू रहेका छन् ।

*बाबरीको महक* सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाले समसामयिक मध्यम वर्गीय नेपाली समाजको यथार्थलाई देखाउँदै जीवन जिउनका लागि सङ्घर्ष गर्नुपरेको कुरालाई प्रस्तुत गरिएको छ । पहाडी परिवेशमा हुर्किएकी बाबरीको जीवन कथासँगै अगाडि बढेको प्रस्तुत कथामा जीवनयापनका लागि होटल

[४२] खगेन्द्रप्रसाद लुइटेल, *डढेलो कथाको संरचनावादी विश्लेषण,* **समकालीन साहित्य**, वर्ष १२, अङ्क ३, २०५९, वैशाख-असार, पृ. २३६ ।

व्यवसायमा लागेकी बाबरी यौवनको उन्मुक्त अवस्था बिसाउने छहारी उसले पाउन सकेकी थिइन् । त्यसै क्रममा विष्णुकुमार नामक व्यक्तिसँगको सम्पर्कले जीवनको नयाँ मोडमा पुगेकी ऊ व्यावसायिक लाभका लागि विज्ञापनमा प्रायोजन गर्ने विष्णुकुमारको प्रस्ताव बाबरीका लागि स्वीकार्य हुँदैन । हाम्रो सामाजिक मान्यता अनुरूप जुन लोग्ने श्रीमतीको अस्तित्त्वको पहरेदार मानिन्छ ऊ नै बाधक बनेपछि बाबरी यिनै आफ्नै जिउने ठाउँ र अस्तित्त्वको प्रश्न बोकेर लोग्नेको उद्देश्य पूरा गर्न विज्ञापनमा सार्वजनिक हुन पुगेको प्रसङ्गसङ्गै कथानक समापन भएको छ । कथाको परिवेश सहरिया गाउँबाट सुरु भई काठमाडौं सहरमा टुङ्गिएको छ । नारीको अस्मिता केवल नारीले मात्र जोगाउन नसक्ने त्यसका लागि पुरुष आवश्यक पर्ने सामाजिक यथार्थता देखाउन कथा सफल बनेको छ ।

त्यस्तै, *प्रकोप* कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा औसत रूपमा नेपाली ग्रामीण परिवेश, त्यहाँको रहन, सहन, दिनचर्या र बेलाबखतमा प्राकृतिक प्रकोप खप्नुपर्ने समस्याग्रस्त नेपाली जनजीवनको कारुणिक चित्रण गरिएको छ । मध्यम वर्गीय पारिवारिक अवस्था चित्रण गरिएको यस कथामा प्राकृतिक विपत्तिले गाउँका साथै मोहनको घरपरिवारलाई पुऱ्याएको दर्दनाक पीडालाई प्रस्तुत गरिएको छ । साथै मानवेतर प्राणीहरू प्रति हुने मानवको दयामायालाई पनि प्रस्तुत गरिएको छ । मानिसका लागि प्रकृति अनुकूल नहुँदा दुर्भाग्यको सिकार हुन पुगेका मोहनको परिवारले पाएको दु:खको चित्रण गर्न कथा सफल रहेको छ ।

*जाडो र बत्तीको राप* अर्को सामाजिक विषयवस्तु समेटिएको केही रसिक भावनालाई समेत प्रस्तुतीकरण गरिएको समसामयिक कथा हो । पश्चिम नेपालको दुर्गम पहाडी क्षेत्रको पुस महिनाको जाडोको परिवेश प्रस्तुत भएको यस कथामा जागिरको सिलसिलामा दुर्गम क्षेत्र पुगेका कथाका पात्र खुशीलाल मदिरा सेवन गरी जीवनलाई असन्तोष र आक्रोशलाई साथी बनाएको ऊ पटक्कै खुसी देखिँदैन । जागिरे जीवन, पारिवारिक दाम्पत्य भार, घरपरिवारसँग बिछोड भएर बस्नुपर्दाको पीडा, न्यून आम्दानीमा खर्च पुऱ्याउन र टार्नुपर्ने बाध्यताजस्ता पक्षलाई देखाइएको यस कथामा मनमायाजस्ता नारीले जीजिविषाका लागि हवल्दार, खुशीलाल, राजनीतिज्ञजस्ता व्यक्तिलाई नचाहेरै पनि बत्तीको राप छोड्नुपरेको समसामयिक

यथार्थलाई प्रस्तुत गर्न कथा सफल देखिएको छ । यसमा सामाजिक आर्थिक पक्ष पनि समेटिएको छ ।

त्यस्तै *प्राप्ति* अर्को सामाजिक विषयवस्तु समेटिएको कथा हो । यसमा कुनै एक परिवार र त्यस परिवारका बुढाबुढी र उनीहरूका सन्तानबिच देखिएको आपसी अन्तरकलह, स्वार्थी प्रवृत्ति र वृद्धवृद्धामाथि गरिएको भेदभावजन्य व्यवहारमा कथा अगाडि बढेको छ । आफ्नो उमेरले नेटो काटेपछि आफ्नै तीन छोरालाई जिउनी पनि नराखी भएभरको सम्पत्ति बुझाएर कान्छा छोराको घरमा शरणार्थी झैं बसेका बुढाबुढीलाई खाना दिने सर्तमा छुटिएका दाजुभाइले विभिन्न कारण देखाउँदै बुढाबुढीलाई सहयोग गर्न छोड्छन् जसका कारण घर न घाटका बन्न पुगेका उनीहरू छोराहरूको कुटिल चालका कारण पाटीको बासलाई लाख ठान्दै कथाको समाप्ति हुन्छ । आजको अस्तव्यस्त नेपाली समाजमा नैतिकता र आदर्श भन्ने कुरा हराउँदै गएको छ भन्ने समसामयिक यथार्थतालाई देखाउन कथा सफल बनेको छ । तृतीय पुरुष शैलीको प्रयोग गरिएको यस कथामा सरल, सहज एवम् सुकोमल भाषाको प्रयोग भएको पाइन्छ ।

*सुनको थालको टलक* वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत गरिएको यो कथा माग र आवश्यकता हेरी काम गर्दा फाइदा हुन्छ भन्ने सन्देश प्रस्तुत भएको सामाजिक विषयवस्तुलाई उठान गरिएको कथा हो । कथाका प्रमुख पात्र सिम्खडा बाजे आफ्नो परिवारको समस्यालाई समाधान गर्न नसक्ने र जग्गाको भाउ आउला अनि बेचौंला भन्ने कल्पनामा डुबेका सिम्खडा बाजेको विचारमा कथाले गति लिएको छ । व्यवहारले च्याप्दा पनि जग्गालाई बिक्री गरी व्यवहार मिलाउन नसक्ने कदर्य बनेका सिम्खडा बाजे आर्थिक अवस्था कमजोर बन्दा पनि समस्या समाधानमा ध्यान नदिएर त्यसै रङ्मङिगदा बिरामी पर्छन् र अस्पताल पुऱ्याइएको प्रसङ्गसँगै कथावस्तु टुङ्गिएको छ । पारिवारिक समस्यामा केन्द्रित यो कथा अरूको सल्लाह नमान्दा दुःख पाएको चित्रण गर्न सफल बनेको छ ।

त्यस्तै *भावार्थ ओढेर* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा नेपाली समाजका धेरैजसो युवाहरू बुबाआमाको आग्रहमा चाँडै विवाह गर्ने र त्यसलाई दिगो बनाउन नसक्दा देखापर्ने समस्यालाई प्रस्तुत गरिएको छ । यो कथा 'म' पात्रको परिवार र पारिवारिक जीवनसँग सम्बन्धित छ । अशिक्षित भएका कारण

पहिली पत्नीको वास्ता नगरी काठमाडौंमा दोस्रो विवाह गरी बसेका 'म' पात्र दोस्रो पत्नीको भौतिक र आधुनिक जीवनशैलीप्रतिको मोह, अन्य छरछिमेकी महिलाहरूको दाँजोमा आफ्नो भौतिक विलासको उचाइ देखाउने, दम्भ प्रदर्शन गर्ने चाहनाबाट पीडित भएको अवस्थामा पहिली पत्नी अनुपमासँग भेट भएर सँगै जिउने इच्छा व्यक्त गर्दा अनुपमाबाट मुस्कुराहटका साथ भावार्थ ओढेर जीवनको घामपानी छेल्न पर्याप्त हुँदैन र भन्ने प्रश्नको अर्थ बुझ्न नसकेर घोरिएको घटनासँगै कथावस्तु टुङ्गिएको छ । हतारमा काम गरी फुर्सदमा पछुताउनु भन्ने नेपाली उखानलाई चरितार्थ गर्ने यो कथा नेपाली समाजको यथार्थतालाई देखाउन सफल बनेको छ ।

*पाखाको* कथा अर्को सामाजिक विषयमूलक कथा हो । प्रस्तुत सङ्ग्रहमा रहेको यस कथालाई शीर्ष कथा र यसै कथाबाट समग्र सङ्ग्रहकै नामकरण गरिएको छ । सहरिया र गाउँले जीवनको पृथक्तालाई देखाइएको यस कथाको 'म' पात्र आफ्नो जन्मस्थान (गाउँ) पछाडि पर्न गएकोमा दुःखित भएको देखाइएको छ । कथावस्तुका हिसाबले आधुनिकीकरण र सहरीकरणको दौडमा आफू र आफ्नो जन्मस्थान पछाडि परेको, सहरको व्यस्तता, एकाएक परिवर्तन र विकासले भौतिक रूपरङ्गमा ल्याएको नवीनतामा सहर मुस्कुराइरहेको भान हुन्छ । सहर जसरी व्यस्त छ त्यसैगरी यहाँका मानिसमा पनि खाने, बस्ने, सुख-दुःख साटासाट गर्ने फुर्सद देखिँदैन । ज्यादै यान्त्रिक जीवन छ सहरको तर 'म' पात्र जो गाउँको अर्थात् पाखाको हो उसमा त्यस्तो बाध्यताले डोऱ्याउने कुनै उपकरण थिएन । यसरी ग्रामीण परिवेशको चित्रणसँगै कथावस्तु टुङ्गिएको छ । सामान्यभन्दा पनि बौद्धिक वर्गका पाठकका लागि हो कि भन्ने आभास कथाले दिएको छ ।

त्यस्तै *सँभालेर जिउँदै ठिक्क* कथा सामाजिक विषयवस्तु नजिक भएको अर्को कथा हो । यसमा संवादात्मक शैलीको प्रयोग भएको छ । एकजना अपरिचित आगन्तुकको प्रवेशबाट सुरु भएको यो कथा ४० वर्षपछि आएका 'म' (भाष्कर) का कान्छा बाबु थिए, जसलाई सुरुमा नचिनेको म पात्र धेरैबेरको कुराकानी र आफ्नो घरबाट बिदा भएर गएपश्चात् घर्ती साइँलाले दिएको चिठी मार्फत बल्ल चिन्न पुग्छ । आफ्नो व्यक्तिगत अवस्था र बुबाले घर छाडी जीवनको सार्थकता, परमार्थका लागि सांसारिकता त्यागेको घटनाका बेलिविस्तार भएपछिको वेदनामिश्रित पीडाको अनुभव गर्दै कान्छा बाबु पनि त्यहाँबाट हिँडेको प्रसङ्गसँगै कथावस्तु टुङ्गिएको छ ।

नेपालको ग्रामीण भेगमा बसोबास गर्ने एउटा परिवारको विषयलाई वस्तु बनाइएको यस कथामा कतिपय सुख ठानिने चिज कतिपयलाई दुःखको विषय बन्न सक्छ भन्ने कतिपयले बुझ्ने गरेको सुखलाई चिन्न नसकेर मानिस एउटा भौतिक दुनियाँको लिप्सामा जीवन गुमाइरहेका छन् भन्ने वास्तविकतालाई देखाउन कथा सफल बनेको छ ।

*नयाँ प्रारम्भ* सामाजिक विषयवस्तुलाई देखाइएको अर्को कथा हो । यसमा शिक्षा र व्यावहारिक ज्ञानको अभावका कारण जीवनले सुनिश्चित गन्तव्य प्राप्त गर्न नसकी त्यसै विचलित हुन पुगेको यथार्थतालाई गुनबहादुर पात्रमार्फत देखाइएको छ । गुनबहादुरको चञ्चले केटीसँग विवाह भएपछि सुरुसुरुमा राम्रोसँगै जीवन चलाउँछ तर जीवनको गोटी सही ढङ्गले चलाउन नजान्दा आफैले भाडामा दिएको जग्गा बेची आफू नै भाडामा बस्नुपरेको कथावस्तुलाई प्रस्तुत गरिएको यस कथाको शीर्षक गुनबहादुरले नयाँ-जीवन प्रारम्भ गरेको यथार्थतासँगै मिल्दो हुन पुगेको छ । समय अनुसार चल्न नसक्दा जीवनमा ठूलो दुर्घटना हुनसक्छ भन्ने यथार्थतालाई कथाले प्रस्तुत गरेको छ ।

त्यस्तै *प्रवञ्चना* अर्को समसामयिक विषयलाई प्रस्तुत गरिएको सामाजिक कथा हो । एउटा बेरोजगार घरपरिवारको धनेशलाई आफ्नो युवा अवस्थाको रूप र यौवनको उन्मत्त बाढीलाई दामिनीले अर्पण गरेकी छ । लामो समयदेखि बेरोजगार धनेशमा उच्च महत्त्वाकांक्षा देखिन्छ । उसको जागिर पेसा केही छैन । धनेशको बाबुको पेन्सनमा गास जुटाएका त्यस परिवारमा बाँकी खर्चका लागि त्यही बाजेको पैतृक सम्पत्ति रहेको छ । धनेशका बाबु नारी उत्थान केन्द्रका प्रजातन्त्रप्रेमी सदस्य हुन् । छोरालाई एक कर्मठ व्यक्ति बनाउने उनको एकान्तको स्वप्न थियो तर त्यो पूरा हुन पाइरहेको थिएन । समयमा शिक्षा लिई रोजगारीको बाटो समात्न नसकेको धनेश र दामिनीको समस्याग्रस्त दाम्पत्य जीवन देखाउँदै समयमा रोजगारीको बाटो नसमाउनेले पैतृक सम्पत्तिको नाश र पत्नीले समेत छाड्न सक्ने अवस्थाको सिर्जना हुने यथार्थतालाई चित्रण गरिएको छ । थोरै पात्र रहेको यस कथा परिवारभित्रको समस्यामा केन्द्रित ग्रामीण परिवेशलाई चित्रण गरिएको कथा हो । तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएको यस कथाको भाषाशैली प्रभावपूर्ण रहेको छ ।

*गजेन्द्रको गाडा* अर्को सामाजिक विषयवस्तुमा आधारित कथा हो । समसामयिक जीवनको तस्वीर प्रस्तुत गरिएको यो कथा नेपालको तराई क्षेत्र र सदरमुकामसँग जोडिएको परिवेशको चित्रण गरिएको छ । बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथाको प्रमखु पात्र गजेन्द्र हो । गजेन्द्र र सीतारा दुई पतिपत्नीको जीवन कहानीसँग सम्बन्धित प्रस्तुत कथा गजेन्द्रको परिश्रम र इमान्दार व्यक्तिलाई अनुसरण गरेकी सीतारा पारिवारिक सुखमा रमाएका हुन्छन् तर अरूको सुखमा ईर्ष्या गर्नेहरू हाम्रो समाजमा प्रशस्त भेटिन्छन् र अरूको उन्नति, मेलमिलाप र शान्तिबाट प्रताडित हुने यथार्थको चित्रण कथामा गरिएको छ । पात्रअनुसारको भाषिक प्रयोगले कथा प्रभावपूर्ण बनेको छ ।

*घाँडो* अर्को सामाजिक विषयवस्तुमा आधारित कथासङ्ग्रहकै अन्तिम कथा हो । प्रथम तथा तृतीय दृष्टिबिन्दुको प्रयोग भएको यस कथाको परिवेश ग्रामीण भेगको रहेको छ । 'म' पात्रको बाल्यकालीन अवस्थाको चित्रण गरिएको छ । बालबालिका माथि मान्यजनहरूको रूखो र तिरस्कारपूर्ण व्यवहारलाई यहाँ प्रस्तुत गरिएको छ । सुरुमा आफ्नै माइला बाले आगो माग्न जाँदा टोपीमा आगो हालिदिनु अनि जेठा बाले आकाशमा कमिला छन् भनी खुर्सानीको धुलो हाल्न लगाउनु, पद्म माड्साबले बाटैमा पिसाब फेर्नु, साइँला बाले ढुङ्गाले हान्नु आदिजस्ता क्रियाकलाप दोषपूर्ण व्यवहार हुन् । यस्तै दुर्व्यवहार भोगेको 'म' पात्रले आफ्ना बाल्यकालीन स्मृतिका पानाहरूबाट सभ्य समाजको कल्पना गर्न खोजेका देखिन्छन् । समाजमा मेलमिलाप र परस्पर हित हुने व्यवहार सिर्जना गर्नका लागि सबैले आ-आफ्नो दर्जा र हैसियतअनुसार व्यवहारको अपेक्षासहित सहयोगको भावना रहनुपर्छ भन्ने उद्देश्यका साथ कथावस्तु टुङ्ग्याइएको छ ।

**ख) राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथाहरू**

राजनीतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएका कथाहरू राजनैतिक कथा अन्तर्गत पर्दछन् । यस सङ्ग्रहभित्रका कथाहरूमा वर्तमान समयका राजनीतिक घटनाहरू यसका विकृति र विसङ्गतिहरूलाई कथा मार्फत देखाउने काम गरिएको छ । यस विषयवस्तुसँग सम्बन्धित कथाहरूमा *भऱ्याङवृत्ति, घाउ, काँधको मान्छे, धुवाँ* र *किनारामा* जस्ता कथाहरू पर्दछन् ।

*भऱ्याङवृत्ति* कथा एक राजनैतिक विषयवस्तुसँग सम्बन्धित कथा हो । यसमा समसामयिक राजनैतिक अवस्था, बेरोजगारीले सिर्जिएको नेपालीहरूको अवस्थाको जीवन्त प्रस्तुति, कसैको कमजोरी र त्यसैलाई आधार बनाएर स्वार्थ पूरा गर्ने स्वभावजन्य व्यवहारलाई देखाइएको छ । आन्तरिक तथा बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथामा कुनै होटलको लजमा राजनैतिककर्मीलाई भेट्न 'म' पात्र पुग्छ र कोठामा नारी र पुरुषको आवाज सुनेपछि अडिन्छ । केही क्षणमै एक युवती त्यहाँबाट निस्केर सरासर सडकमा पुग्छे 'म' पात्र पनि पछि लाग्छ । पछि बोलचाल हुन्छ । दुवैजना खुलेयाम बन्दै जान्छन् । दुवैजना बेरोजगारीले राजनीतिमा लागेका हुन्छन् । पछि उनीहरू एकअर्काको सुरक्षित गन्तव्य पाएझैं हुन्छन् र होटलमा जान्छन् अनि प्राकृतिक गुण र स्वभावले भरिएका जैविक चाहना र प्राप्तिका लागि दुवै पर्याप्त देखिँदै गर्दा कथाको समाप्ति हुन्छ । कथाको परिवेश काठमाडौं सहरको छ । नेपाली समाजको विद्यमान विकृतिलाई देखाउँदै कथामा सुधारको चाहना राखिएको छ ।

त्यस्तै *घाउ* अर्को राजनैतिक विषयवस्तुमा आधारित एउटा ग्रामीण घरका वृद्धवृद्धा राजनीतिको भिन्नै बाटोमा लागेका सन्तानबाट भोग्नुपरेको तीता-मीठा अनुभवलाई प्रस्तुत गरिएको कथा हो । देशको द्वन्द्वग्रस्त अवस्थामा एउटै घरपरिवारका भाइ-भाइ भिन्न विचारमा लागेर हिँड्दा एकले अर्कालाई सिद्याउने कार्यमा लागेको र त्यस्तो अवस्थामा आफ्ना सन्तानप्रति सहमति गराउन खोज्ने निर्दोष मातापिता आफ्नै सन्तानद्वारा घाइते बन्नुका साथै नचिनेको व्यक्तिले बरु उनीहरूका घाउमा सान्त्वनाको मलहमपट्टी गरेको कारुणिक अवस्थाको जीवन्त चित्रण कथामा गरिएको छ । नेपालमा चलेको तत्कालीन द्वन्द्वग्रस्त अवस्थाको मार सर्वसाधारणले खेप्नुपरेको वास्तविकतालाई देखाउन कथा सफल बनेको छ । भाषाशैली सहभागीको स्तरअनुसारको छ । कथा प्रायः संवाद शैलीमा प्रस्तुत भएको छ ।

त्यस्तै *काँधको मान्छे* राजनैतिक विषयवस्तुमा आधारित कथा हो । संवादात्मक शैलीको प्रयोग भएको यस कथामा नेपालको द्वन्द्वकालीन राजनैतिक अवस्थाले सिर्जना गराएको व्यक्तिका समाजको प्रत्यक्ष छाया प्रस्तुत भएको छ । दुई जना मात्र रहेका छन् । जब 'म' र 'ऊ' पात्रको भेट हुन्छ तब एकले आफ्नो

सुरक्षाको लागि 'म' पात्रसँग अनुरोध गर्दछ । नव आगन्तुकको त्यस किसिमको प्रवेशले 'म' पात्र संशयमा पर्दछ तथापि आफ्नो शरणमा आएकालाई मरण गर्न नहुने बुझी उसको यथार्थ हाल बुझ्न तर्फ 'म' पात्र प्रयत्नशील देखिन्छ । आफू कुनै हत्यारा नभएको तर परिस्थिति प्रतिकूल हुँदा दुर्भाग्यवश यस्तो अवस्थाको सामना गर्नुपरेको महसुस गरेको छ । गरिबीका कारण पैसाको लोभमा अरूको हतियार बन्न पुगेको 'ऊ' हतियार बन्दा भोग्नुपरेको दुःख कष्टबाट मुक्ति पाउन र स्वतन्त्र जीवन जिउने चाहनाको पूर्ति गर्ने क्रममा आफ्नै देशमा शरणार्थी बन्नुपरेको यथार्थ चित्रणसँगै कथावस्तु टुङ्गिएको छ ।

*धुवाँ* अर्को राजनैतिक विषयसँग सम्बन्धित कथा हो । झिनो कथावस्तु रहेको यस कथाको परिवेश 'म' पात्रको घरलाई प्रस्तुत गरिएको छ । यसमा प्रजातन्त्र प्राप्तिपछि नेपाली राजनीतिमा जुन किसिमको अस्वस्थ प्रतिस्पर्धा र छवि देखिएको छ, जसबाट अवसरवादीहरूले फाइदा उठाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । 'म' र 'ऊ' पात्रका बिच भेटघाट पश्चात् वार्ता प्रारम्भ हुन्छ । 'ऊ' पात्र पीडा र सन्ताप बोकेर 'म' पात्र भएको ठाउँमा आउँछ । 'ऊ' पात्रलाई परेको दुःखप्रति सहानुभूति राख्छ । आफूलाई प्रजातन्त्रवादी सम्झने 'ऊ' पात्र आफूले चाहेको व्यक्ति चुनावमा उम्मेदवार नहुने र त्यसले आफूलाई ठूलो धोका हुने बुझेकाले भित्रभित्रै आक्रोश र असन्तोषको औडाहाले व्याकुल बनेको स्थिति देखाइएको छ । प्रायः संवाद शैलीको प्रयोग भएको यस कथामा सहभागीको स्तर अनुसारको भाषाको प्रयोग गरिएको छ भने फाइदाको पछाडि लाग्ने र परिस्थिति प्रतिकूल बने बाटै छाडी अन्यत्रै जाने स्वार्थी प्रवृत्तिलाई देखाउन कथा सफल भएको छ ।

त्यस्तै *किनारामा* राजनैतिक विषयलाई आत्मसात् गरेको अर्को कथा हो । द्वन्द्वकालीन नेपालको राजनीतिक अवस्थाको चित्रण गरिएकाले परिवेश पनि राजनीति निकट नै देखिन्छ । यसमा द्वन्द्वग्रस्त राजनीतिक अवस्था र यस्तो परिस्थितिमा राजनैतिक अस्थिरताका कारण आफ्नो चल-अचल सम्पत्ति नै छोडेर शरणार्थीकै रूपमा सुरक्षित स्थानको खोजीमा हिँड्नुपर्ने कारुणिक स्थितिको जीवन्त प्रस्तुति दिइएको छ । कथाका प्रमुख पात्र ललित जहाँ आफू बस्दै आए, त्यो ठाउँ छाड्न मनले पटक्कै मानेको छैन । श्रीमती मोहिनी पनि छोडेर जानुपर्छ कि भन्ने पीडाले चिन्तित थिइन् । सानो बाबु आदिले जागिर, पेसा, घर छाडेर अन्यत्र लागेको,

दिनहुँ जस्तो गाउँबाट मानिसहरूलाई द्वन्द्वमा लागेकाहरूले लगेका घटना सुनिएका छन् । आफ्ना सन्तानको भविष्यका निम्ति ललित ज्यादै चिन्तित छन् । यस्तो अवस्थाले छोरोको भविष्य कस्तो हुने होला भन्ने चिन्ताले र रित्तो हात जहाँ गए पनि जीवन गुजारा गर्न पर्दा हुने दुःखका सम्भावनाहरू खेलाउँदा खेलाउँदै उनीहरू पीडाका भुमरीमा डुब्न पुगेको घटनासँगै कथावस्तु टुङ्गिएको छ । जनयुद्धको समयमा देशमा व्याप्त हिंसाले समाजका हरेक सामान्य व्यक्तिदेखि लिएर अन्य मानिसमा पारेको द्वन्द्वको मारलाई देखाउन कथा सफल देखिन्छ ।

### ग) प्रणयमूलक विषयसँग सम्बन्धित कथाहरू

प्रेममूलक विषयवस्तु देखाउने उद्देश्यले रचना गरिएका लामिछानेका कथाहरूमा *महमा भुनभुनाएका माहुरी* र *झ्यालको कारोबार* कथा रहेका छन् ।

*महमा भुनभुनाएका माहुरी* प्रणयमूलक विषयसँग सम्बन्धित कथा हो । यसमा दुर्गम पहाडी भौगोलिक परिवेशमा घटित हुने यथार्थताको जीवन्त प्रस्तुति दिएका छन् । नोर्बु र पेमा लोग्ने र स्वास्नी हुन् । दुर्गम हुनाका कारण तिनका स्वभाव र व्यवहार पनि पिछडिएको नै छ । एक्काइसौं शताब्दीमा समेत त्यस ठाउँमा कुनै विज्ञान र प्रविधिले छुन सकेको छैन । मनोरञ्जनका रूपमा लोग्ने स्वास्नीका बिचका आपसी सम्बन्ध र गाउँघरमा यसरी समय बित्ने गरेको पाइन्छ । साना दुई सन्तान जसले पर्याप्त बुझ्ने नहुँदा यिनीहरूलाई सन्तानको उपस्थितिले खासै फरक पार्दैन । यही आस्वादन नै नोर्बु र पेमाको जिउने आधार हो । डाँडापाखा घुम्नु, चौरीभेडा खेद्दै व्यापारमा निस्कनु, ओडार नदी वा खोलाको तीर वा कुनै रुखमुनि बस्नु, ऊन, नुन, जडिबुटी बेच्नु यिनका अन्य व्यावसायिक कार्य हुन् । अनपढ उनीहरू एकअर्काको आलिङ्गनमा बाँधिई मनोरञ्जन प्राप्त गर्ने यथार्थको चित्रणसँगै कथावस्तु टुङ्गिएको छ । अभाव, विपन्नता र पछौटेपनको गर्दा विकास हुन नसकेको ग्रामीण ठाउँमा यस्तै किसिमले जीवनको स्वर्णिम आनन्द प्राप्त गर्ने यथार्थ पस्कन कथा सफल भएको छ ।

अर्को *झ्यालको कारोबार* कथा पनि प्रेमविषयक कथा हो । सहरी क्षेत्रको रात्रिकालीन समयको चित्रण गरिएको प्रस्तुत कथामा युवायुवतीहरू प्रायः यौवनको अवस्थामा एकले अर्काको मन जित्न गर्ने विभिन्न क्रियाकलापलाई प्रस्तुत गरिएको

छ । कथाको प्रमुख पात्र 'म' पात्रलाई युवतीको त्यस किसिमको अट्टहासपूर्ण हाँसो, हाउभाउ र कटाक्षबारे बुझ्ने कौतुहलता बढ्दै पनि जान्छ । पटक-पटक झ्यालमा पुगेर आमनेसामने रहेका ती घरहरूका कोठामा बस्ने यी दुई प्राणी परस्पर देखादेख भए पनि साङ्केतिक भाषा र इसाराभन्दा बढी गर्न भने पाएका हुँदैनन् । एकदिन तरकारी लिएर  आउँदा आमनेसामने भई युवतीले छोडेका मुस्कान र आँखाको चमकले थप प्रभावित भएको र युवती कोठा सरेका पत्र पाउँदा सम्पूर्ण आसा र उत्साह तिरोहित, रसविहीन र उमङ्गहीन भएको चित्रणसँगै कथानक समापन भएको छ । जैविक इच्छा पूरा गर्ने उद्देश्यमा आफू सफल भएमा त्यसमा गर्व गर्ने सुयोग प्राप्त हुने आत्मप्रतिष्ठा बढ्ने महसुस गर्दै उनीहरू यस्तै व्यवहारमा प्रवृत्त हुन्छन् भन्ने देखाउनु नै प्रस्तुत कथाको उद्देश्य रहेको छ ।

### घ) शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथा

समाजमा रहेका व्यक्तिहरूलाई अन्धविश्वास, रूढिवादी प्रवृत्ति त्याग्न आग्रह गर्दै लेखिएका साथै शिक्षा र नैतिक, विवेक, ज्ञान, बुद्धि, अर्ती, उपदेश दिनका लागि लेखिएका कथाहरू शैक्षिक विषयवस्तुसँग सम्बन्धित कथाहरू हुन् । प्रस्तुत **पाखाको** कथासङ्ग्रहभित्र एक मात्र कथा *अलमलको आगो* कथा शैक्षिक विषयवस्तुसँग सम्बन्धित रहेको छ ।

*अलमलको आगो* कथा वर्तमान समयमा शैक्षिक क्षेत्रमा देखिएका जटिल अवस्था अर्थात् रोहित जस्ता पात्रको कमजोर शैक्षिक स्थिति र 'म' पात्रको जो शिक्षक हुन् उनको गैर जिम्मेदारीपूर्ण व्यवहारले दिशाहीनताको सिकार बन्नुपरेको बाध्यात्मक परिवेश र घटनाको सेरोफेरोमा कथा चित्रित छ । कथाको 'म' पात्र काठमाडौंमा पुग्दा रोहितसँग उसकै घरमा पाहुना लाग्न पुगेको छ । रोहितको घरमा कोही नहुनाका कारण खाना पकाउनका लागि जुटेका दुबै बिच विविध विषयमा कुराकानी हुन पुग्छ । आधुनिक शिक्षा सम्पन्न समाजमा भोलिको उज्ज्वल भविष्यका लागि बरु आफू सक्षम हुनुपर्ने निचोडमा पुग्छन् तर पनि रोहितको पढाइको स्तर कमजोर हुँदा दुवैका बिच एउटा दूरी बढ्छ । म पात्रलाई रोहित र उनका बाबु मुरारिप्रति पनि सहानुभूति प्रकट हुन्छ अनि कथानक समाप्त हुन्छ । यसमा विषयवस्तुको ज्ञान दिनभन्दा राजनीतिक कार्यकर्ताको पछि लाग्ने प्रवृत्तिले देशको

शैक्षिक अवस्था खस्किन पुगेको वार्तमानिक यथार्थतालाई देखाइएको छ । सहरी परिवेशमा रचित यस कथाको भाषाशैली सरल र सहज छ ।

**ङ) मनोविज्ञानसँग सम्बन्धित कथा**

मनोवैज्ञानिक कथामा कथाकारले विभिन्न अवस्थाका पात्रहरूको मनोलोकको यथार्थको उद्घाटन गर्ने काम गर्दछ । सामान्यतया यस्ता कथाहरूमा अचेतनले चेतन मनमा पार्ने प्रभावको उद्घाटन गर्नुका साथै मानिसको मनोजगत्भित्रका विभिन्न गतिविधिलाई प्रस्तुत गर्दछ ।[४३]

**पाखाको** कथासङ्ग्रहभित्र सङ्कलित कथारुमध्ये एकमात्र *खलो* कथा मनोविज्ञानसँग सम्बन्धित रहेको छ । यस कथामा मानसिक रूपमा 'म' पात्रले देखेका र अनुभूत गरेका कुरालाई प्रस्तुत गरिएको छ । कथाका 'म' पात्र जो उपप्राध्यापक हुन् । उनका आफ्नै मनभित्रका आन्तरिक मनोदशा कथामा प्रकट भएको छ । आफ्नो जागिरप्रति असन्तुष्ट 'म' पात्रका लागि व्यवहार धान्न मुस्किल परेको महसुस गर्ने तर आफ्नो मासिक आम्दानीलाई उपयोग गरी व्यवहार चलाउनुको साटो भट्टीको खुराक लिई मध्यरातमा घर पुग्ने उपप्राध्यापकका मानसिक उथलपुथललाई यथार्थ ढङ्गमा कथामा उतारिएको छ ।

जागिरे जीवन र त्यसप्रतिको असन्तोष जुन विकृत मानसिकता हुनाका कारण भट्टी र पीडामा प्रकट भएको छ । 'म' पात्रका मानसिक लोकको विचरण गरिएको प्रस्तुत कथा मनोवैज्ञानिक कथाका रूपमा आएको छ ।

### ३.९.३.२ पात्र

सामान्यतया साहित्यिक कृतिमा प्रयुक्त व्यक्ति वा चरित्रलाई पात्र वा सहभागी भनिन्छ । पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्दछ । यस दृष्टिबाट हेर्दा सहभागी मानव नै हुनपर्दछ भन्ने छैन, गैर-मानव पनि हुन सक्छ ।[४४] कृतिमा अनुकूल, प्रतिकूल, प्रमुख,

---

[४३] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १४ ।
[४४] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२, पृ. ३०५ ।

सहायक, गौण, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध, मुक्त आदि अनेक प्रकारका पात्रहरूको सहभागिता रहन्छ । कृतिको कथानक प्रमुख पात्र वा नायकमा घटित घटनाबाट गतिशील भई उसकै चरित्र र भूमिकाद्वारा निर्धारित हुन्छ । यी विभिन्न खालका चरित्रका बिच हुने पारस्परिक सम्बन्ध तथा द्वन्द्वले कथानकलाई जीवन्त र पात्रहरूलाई गतिशील तुल्याउँछ ।[४५]

यस कथासङ्ग्रहमा जम्माजम्मी एक्काईस वटा कथा रहेका छन् । कथामा पात्रका माध्यमद्वारा कथाकारको उद्देश्यलाई प्रस्तुत गर्ने काम भएको हुन्छ । यस कथासङ्ग्रहका मूलतः ग्रामीण परिवेशका पात्रहरू आएका छन् । पात्रानुकूल भाषाको प्रयोगमा कथाकार सचेत देखिन्छन् । मुख्य, सहायक, गतिशील, वर्गीय, स्थिर आदि पात्रहरू आ-आफ्नै भूमिकामा सक्रिय छन् । विभिन्न पात्रहरू बिच पारस्परिक सम्बन्ध देखाइएको छ । पात्रहरूका बिच द्वन्द्व छ, जसले कथानकलाई जीवन्त तुल्याएको छ । कथावस्तु अनुसार सीमित पात्रको प्रयोगले कथाहरू उत्कृष्ट बनेका छन् । समग्रमा **पाखाको** कथासङ्ग्रहका पात्रहरू सहजरूपमा सन्देश दिन सफल बनेका छन् ।

### ३.९.३.३ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ ।[४६] कथावस्तुलाई पाठक वर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ ।[४७] कृतिकारको स्थितिलाई बुझाउने दृष्टिबिन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठकसमक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । यसले कृतिलाई ठोस आकृति वा संरचनागत पूर्णता प्रदान गर्न तथा कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन मद्दत पुग्दछ ।[४८]

दृष्टिबिन्दु प्रथम र तृतीय गरी मूलतः दुई प्रकारका हुन्छन् । प्रथम पुरुष दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारका रहेका छन् भने तृतीय पुरुष दृष्टिबिन्दु सर्वज्ञ, सीमित र वस्तुगत गरी तीन प्रकारका रहेका छन् । दृष्टिबिन्दु रचनाकारको विचारको संवाहक हो र उसको रचना विचारको अभिव्यक्ति हो भन्न सकिन्छ ।

---

[४५] पूर्ववत्, पृ. २२८ ।
[४६] ऐजन, पृ. २४४ ।
[४७] दयाराम श्रेष्ठ (सम्पा.), **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १० ।
[४८] खगेन्द्रप्रसाद लुईटेल, **कविताको संरचनात्मक विश्लेषण,** पुर्ववत्, पृ. २३७ ।

प्रस्तुत **पाखाको** कथासङ्ग्रहमा एक्काईसवटा कथाहरू सङ्कलित छन् । यी सबै कथाहरूमा आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहका प्रायः जसो कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दु र केही कथामा आन्तरिक तथा बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यी दृष्टिबिन्दुले कृतिलाई संरचनागत पूर्णता प्रदान गर्न तथा कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन सफल भएका छन् ।

### ३.९.३.४ सारवस्तु

कुनै रचना पढिसकेपछि समग्रमा हामी जुन भावार्थ बुझ्दछौं, त्यही नै सारवस्तु हो । कथामा कुनै न कुनै विचार वा भावको बिच रूपमा प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार हुन्छ । त्यस बिच रूपलाई बिनाआग्रह कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो त्यो कृति त्यति नै उत्कृष्ट बन्दछ । त्यसैले बीज रूप भनेको कथा संरचनाको सौन्दर्य तत्त्व हो, जसलाई सारवस्तु भनेर चिन्न सकिन्छ ।

प्रस्तुत **पाखाको** कथासङ्ग्रहमा २१ वटा कथाहरू सङ्ग्रहित भएका छन् । सबै कथाहरूलाई समष्टिगत रूपमा भन्दा नेपाली समाज र विद्यमान नेपालमा १७ वर्षदेखि रहेको राजनैतिक अस्थिरता र त्यसले ल्याएको द्वन्द्वग्रस्त सामाजिक, पारिवारिक र राष्ट्रिय यथार्थ नै रहेको छ । उनका कथामा राजनीतिक विषमता, पारिवारिक एवम् सामाजिक स्थितिमा देखिने यथार्थपूर्ण अवस्थाको चित्रण, गरिबी, अनमेल विवाह, बहुविवाह, विपरीत लिङ्गप्रतिको आकर्षण आदि विषयगत परिधिमा कथा समेटिएका छन् । नैतिकता, इमान्दारिता, देशप्रेम, शैक्षिक स्थितिमा आउनुपर्ने सुधार, देशभक्तिको भावनाबाट प्रेरित भएर कथाहरू रचिएका छन् ।

### ३.९.४ रूपविन्यास

कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रूपविन्यास हो । यसभित्र पदविन्यास, बिम्बविधान, प्रतीकविधान, तुलना, व्यङ्ग्य, शीर्षक आदि कथाको भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरू यसमा पर्ने भएकोले यसले पाठकवर्गलाई प्रभावित पार्दछ । रूपविन्यास वैयक्तिक हुने हुनाले यसका संवृत र विवृत दुई स्थितिहरू हुन्छन् । संवृतमा

कथाकार सरल अभिव्यक्तितर्फ उन्मुख हुन्छ भने विवृतमा कथाकार विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ ।[४९]

प्रस्तुत **पाखाको** कथासङ्ग्रह (२०६६) मा एक्काईस वटा कथा सङ्ग्रहित छन् । यी कथाहरूमा रूपविन्यासका सबै तत्त्वहरू समाविष्ट छन् । ग्रामीण जनजीवन र पात्रानुकूलको भाषाको प्रयोगले कथा सम्प्रेष्य बनेका छन् । सरल, संयुक्त र मिश्रवाक्यको प्रयोग कथाहरूमा पाइन्छन् । कतिपय कथाहरू अभिधात्मक छन् भने केही कथाहरू बौद्धिक पाठकका लागि रचिएको छन् जस्तो लाग्छ । भाषिक सामर्थ्य र कलापूर्ण सारसङ्गठनले कथावस्तुलाई विशिष्ट बनाएका छन् । कथाका विभिन्न ठाउँमा उचित किसिमका उखान टुक्काहरूको प्रयोगले अर्थपूर्ण एवम् भाषाशैलीमा उत्कृष्टता ल्याएका छन् । कतिपय कथाहरूमा संवाद शैलीको प्रस्तुत पाइन्छ भने अनुकरणात्मक शब्दको प्रयोगले भाषिक जीवन्तता दिएका छन् । कथाहरूमा तत्सम, तद्भव एवम् आगन्तुक शब्दको प्रयोग भएका छन् । लामाछोटा अनुच्छेद, आलङ्कारिक भाषाशैली, कहीँ स्वगत कथन, सरल र सहभागीका स्तरअनुरूपको भाषिक प्रयोगले कथा प्रभावपूर्ण रहेका छन् ।

## ३.९.५ निष्कर्ष

कथाकार बाबुराम लामिछानेद्वारा रचित कथाहरूको सङ्ग्रह **पाखाको** (२०६६) उनको दोस्रो कथासङ्ग्रह हो । यसको प्रकाशन साझा प्रकाशन ललितपुरले गरेको हो । यस सङ्ग्रहभित्र एक्काइसवटा कथाहरू समेटिएका छन् । यी कथाहरूमा समसामयिक घटनालाई नै मूल विषय बनाइएको पाइन्छ । **पाखाको** कथा सङ्ग्रहमा रहेका सम्पूर्ण कथाहरूको समष्टिगत अध्ययन गर्दा यिनीहरूको मुख्य कथावस्तु स्रोत नेपाली समाज र विद्यमान नेपालमा पन्ध्र वर्षदेखि रहेको राजनैतिक अस्थिरता र त्यसले ल्याएको द्वन्द्वग्रस्त सामाजिक, पारिवारिक र राष्ट्रिय यथार्थ नै रहेको छ । बाबुराम लामिछानेका कथामा राजनीतिक विषमता, पारिवारिक एवम् सामाजिक स्थितिमा देखिने यथार्थपूर्ण अवस्थाको चित्रण, गरिबी, अनमेल एवम् बहुविवाह, विपरीत लिङ्गप्रतिको आकर्षण आदि विषयगत परिधिमा कथाहरू समेटिएका छन् भने नैतिकता, इमान्दारिता, देशप्रेम, शैक्षिक स्थितिमा आउनुपर्ने सुधार, देशभक्तिको भावनाबाट प्रेरित भएर गरिनुपर्ने हैसियतको उचाइमा कथाहरूले स्थान राखेको देखिन्छ । यिनका कतिपय कथाहरूमा सूक्ष्म मनोविज्ञानको कुनै न कुनै रूपमा प्रयोग भएको

[४९] दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग-४, पूर्ववत्, पृ. १२-१३ ।

छ । यिनका धेरैजसो कथाहरू देशको द्वन्द्वग्रस्त अवस्थालाई आधार मानेर लेखिएका हुनाले जीवनको सुखद पक्षभन्दा दुःखद, उदास सन्त्रस्त पक्षको चित्रण गरिएको छ । तुलनात्मक रूपमा सहरिया जीवनका गतिविधिभन्दा ग्रामीण सरल जीवनशैलीको प्रभावबाट स्वयं कथाकार बढी आकर्षित देखिन्छन् र जागिरका सिलसिलामा देशका विभिन्न ठाउँमा रहँदाबस्दा आफूले अनुभूत गरेका मार्मिक र यथार्थपूर्ण घटनाको जीवन्त प्रस्तुतिले उनका कथा उच्चकोटिका देखिएका छन् । भाषिक सामर्थ्य र कलापूर्ण सारसङ्गठनले औपन्यासिक जादुमय अवस्थाको प्रस्तुति पनि कथामा देखिन्छ । झिनो कथानकभित्र सशक्त जीवनदर्शन र भावाव्यक्ति दिन सक्ने कथाकारको विशिष्ट खुबी रहेको छ । विभिन्न किसिमका सहभागीहरू रहेका उनका कथाहरूमा वर्तमान नेपाली समाजको वास्तविक वस्तु स्थितिलाई विषयवस्तु बनाइएको छ । गाउँले, सहरी, कारुणिक परिवेशको चित्रण कथामा पाइन्छ भने सामाजिक, आर्थिक, पारिवारिक, राजनैतिक यथार्थको प्रकटीकरण गर्नु यसको उद्देश्य रहेको छ । प्रथम र तृतीय पुरुष शैलीको प्रयोग गरिएका यिनका कथामा सरल, सरस र काव्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ ।

# परिच्छेद : चार

# उपसंहार

# परिच्छेद : चार

# उपसंहार

## ४.१ पृष्ठभूमि

नवलपरासी जिल्लाको साहित्य तथा पुस्तकाकार कथाकृतिबारे जेजति चर्चा परिचर्चा भएका छन्, त्यसबाट प्राप्त विवरण र आफूले गरेको खोज एवम् अनुसन्धानका विविध पाटोलाई परिच्छेदगत आयामभित्र समेट्दै निर्धारित परिच्छेदका भागहरूको सारपूर्ण निष्कर्ष चौथो परिच्छेदमा केन्द्रित गरिएको छ र समग्र निष्कर्षका रूपमा अन्तिममा पुनः निचोडसहित शोधको अन्त्य गरिएको छ ।

## ४.२ पहिलो परिच्छेदको निष्कर्ष

यो परिच्छेद शोध विषयको परिचयका रूपमा रहेको छ । यस अन्तर्गत विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरी सम्पूर्ण शोधप्रबन्धको प्रारम्भिक शीर्षक प्रस्तुत गरिएको छ ।

## ४.३ दोस्रो पच्छिेदको निष्कर्ष

यस परिच्छेदमा नवलपरासीको  साहित्यिक रूपरेखा एवम् कथा विश्लेषणको आधारलाई प्रस्तुत गरिएको छ । नवलपरासी जिल्लाको साहित्यिक रूपरेखा अन्तर्गत यसको भौगोलिक स्थिति, नामकरण, हावापानी एवं नवलपरासेली साहित्यको विकासक्रम प्रस्तुत गरिएको छ, जसअन्तर्गत प्रथम चरणमा सुरुवातदेखि २०४६ सालसम्म, दोस्रो चरणमा वि.सं. २०४७ बाट २०५४ सालसम्म र वि.सं. २०५५ बाट यता तृतीय चरण गरी विभाजन गरिएको छ । प्रथम चरणमा वि.सं. २०२१ सालमा गोविन्दराज विनोदीको कविता प्रकाशन भएको पाइन्छ भने वि.सं. २०३१ मा वामदेव पण्डितको 'ब्रह्माण्डभित्र' कवितासङ्ग्रह प्रकाशन भएपछि कृति प्रकाशन यात्रा प्रारम्भ भएको छ । कथा साहित्यलाई २०४१ मा

**दीपिका** पत्रिकामा प्रकाशित *कहाँ जाने ?* शीर्षक कथाबाट बाबुराम लामिछाने देखापर्दछन् भने कथासङ्ग्रह भने रामहरि अधिकारीको वि.सं. २०५१ मा प्रकाशित **अपशोच**बाट प्रारम्भ हुन्छ । नवलपरासेली साहित्यको विकासकालका रूपमा रहेको द्वितीय चरणमा कविता, कथा, खण्डकाव्य, महाकाव्य, उपन्यास, निबन्ध, समालोचना जस्ता विविध विधाहरू जन्मन पुगेका छन्, जुन समयमा थुप्रै पत्रपत्रिकाको प्रकाशन भएको देखिन्छ । **देवचुली** (२०४८), **सौदामिनी** (२०४८) जस्ता साहित्य समाज तथा सडक नाट्यसमूहको स्थापना जस्ता कार्यले नयाँ प्रतिभाहरूलाई लेखनमा प्रोत्साहन प्रदान गरेको देखिन्छ । तृतीय चरणमा आइपुग्दा नवलपरासीको साहित्य सङ्ख्यात्मक तथा गुणात्मक रूपमा तीव्र रूपले अगाडि बढिरहेको पाउन सकिन्छ । सङ्ख्यात्मक रूपमा पत्रपत्रिकाको प्रकाशन, सञ्चारका साधनहरूको कारण, विभिन्न सङ्घसंस्थाहरूले गर्ने कार्यक्रमहरूले स्रष्टा सम्मान र साहित्यिक कार्यक्रमले नवलपरासेली साहित्यको विकासमा स्वर्ण कालको अनुभूति दिलाएको छ ।

कथा विश्लेषणको आधारअन्तर्गत कथाको परिभाषा, कथाका सन्दर्भमा विभिन्न व्यक्तिहरूका विचारहरू प्रस्तुत गरिनुका साथै कथाको रचनाविधान (तत्त्वहरू)का बारेमा चर्चा गरिएको छ । नवलपरासीको प्रकाशित कथाकृतिको अध्ययनका लागि निर्धारित संरचनात्मक प्रारूपलाई आधार मानी विश्लेषण गरिएको छ :-

**क)** **संरचना :** संरचना अन्तर्गत कथावस्तु, पात्र, दृष्टिबिन्दु, सारवस्तुलाई समावेश गरी अध्ययन विश्लेषण गरिएको छ ।

**ख)** **रूपविन्यास :** रूपविन्यास अन्तर्गत नवलपरासीका प्रकाशित कथाकृतिको अध्ययन गर्दा कथासङ्ग्रह अनुसार कथामा रहेका सूक्ष्म तत्त्वहरू पदविन्यास, प्रतीक, बिम्बविधान, शीर्षक आदिजस्ता तत्त्वहरूलाई आवश्यकता अनुसार समष्टिगत रूपमा रूपविन्यासमा समावेश गरी अध्ययन गरिएको छ ।

यसरी नवलपरासीको साहित्यिक रूपरेखा तथा कथा विश्लेषणको आधार परिच्छेदमा नवलपरासेली साहित्यको झलक तथा कथा विश्लेषणका आधार संरचना र रूपविन्यासलाई प्रस्तुत गरिएको छ, जसका आधारमा नवलपरासी जिल्लामा रहेर कलम चलाउने कथाकारका ९ वटा कथाकृतिको अध्ययन गरिएको छ ।

## ४.४ तेस्रो परिच्छेदको निष्कर्ष

नवलपरासी जिल्लाका प्रकाशित पुस्तकाकार कथाकृति **अपशोच** (२०५१), **बाबुको चेलो** (२०५५), **कमिलाको सपना** (२०५७), **पश्चात्तापको आँशु** (२०५८), **घरभेटी भाउजू**

(२०५९), **हातभन्दा पर** (२०६०), **परिवर्तन** (२०६३), **इन्द्रेणी शर्माका कथाहरू** (२०६३), **पाखाको** (२०६६) गरी जम्मा ९ वटा कथासङ्ग्रहको विश्लेषणका निम्ति संरचनात्मक पारूपलाई आधार मानी अगाडि बढाइएको छ । यी कथासङ्ग्रहरूले विभिन्न किसिमका प्रवृत्तिलाई आत्मसात् गरेका छन् । कथावस्तु, चरित्र चित्रण, दृष्टिबिन्दु, सारवस्तु, भाषाशैलीय विन्यास वा रूपविन्यासका आधारमा गरिएको विश्लेषणबाट नवलपरासीको कथा विधा सशक्त बन्न गएको निष्कर्ष निक्लन्छ । नवलपरासीको कथा विधा सशक्त बन्न गएको निष्कर्ष निक्लन्छ । नवलपरासेली कथायात्राको विकासमा पूर्ण योगदान दिएको छ । नेपाली कथाको ऐतिहासिक समय सीमालाई हेर्दा सवा दुई सय वर्षको समय रहेको पाइन्छ । संस्कृत कथा र त्यसैको अनुवाद परम्पराबाट कथाको विकास भएको हो । नेपाली कथाको आधुनिक काल अन्तर्गत समसामयिक धारा अन्तर्गत नवलपरासीमा कथायात्राको प्रारम्भ हुन्छ । २०४६ सालको राजनैतिक परिवर्तनको देशमा सामाजिक, आर्थिक स्वरूपमा परिवर्तन र विकृतिसँगसँगै विकसित भएको देखिन्छ । राजनैतिक हस्तक्षेप, उत्तरदायित्वको अभाव, चाकरी प्रचलन, माओवादी जनयुद्ध, मनपरी सरकारी दमनजस्ता प्रजातन्त्रका नाममा हुर्किएका अनौठा तर समाजका वास्तविक अवस्था संस्कारका रूपमा विकसित हुँदै गएको देखिन्छ । राजनैतिक अस्थिरता र उद्दण्डताका कारण त्यसबाट आक्रोशित संवेदनशील मानवीय भावहरू आक्रोश बनेर पोखिएका अवस्थाको सर्जकका कलम पनि त्यही गतिमा सशक्त बनेर अगाडि बढेका देखिन्छन् ।

कथाकार रामहरि अधिकारीद्वारा २०५१ सालमा प्रकाशित **अपशोच** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा समसामयिक जीवनका घटनाहरूलाई विषयवस्तु बनाएका छन् । समाजमा चलेका कुरीतिलाई उदाङ्गो पार्ने प्रयास, प्रजातन्त्र प्राप्त भएपछि पनि स्वार्थी भावना भएका व्यक्तिको चालचलन, ठूलो पदमा पुगेपछि पछाडि नफर्कने प्रवृत्तिजस्ता विषयलाई अधिकारीले सामाजिक, राजनैतिक, शैक्षिक विषयवस्तुमा आधारित कथाहरूका माध्यमबाट प्रस्तुत गरेका छन् ।

कथाकार रामहरि अधिकारीकै २०५५ सालमा प्रकाशित **बाबुको चेलो** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा समसामयिक जीवनका विभिन्न उतारचढावलाई प्रस्तुत गरेका छन् । ११ वटा कथाहरू सङ्कलित यस सङ्ग्रहमा समाजमा चलेका कुरीति, मानवता शून्य सहरिया मान्छेका प्रवृत्ति, आजकलका युवायुवतीमा देखिएको बढ्दो असभ्यता, जीवनमा सही निर्णय लिन नसक्दाको परिणाम, कर्मचारीहरूको बढ्दो राजनैतिक प्रवृत्ति, गरिबहरूको पीडा,

नेताका विश्वासघाती प्रवृत्तिजस्ता विषयवस्तुलाई समेटेर सरल र सरस भाषाशैलीका माध्यमबाट ग्रामीण जनजीवनको वास्तविकतालाई देखाउने काम गरेका छन् ।

गोपी सापकोटाद्वारा लिखित **कमिलाको सपना** (२०५७) बालकथासङ्ग्रहमा बालबालिकालाई शिक्षा, मनोरञ्जन एवं नैतिक उपदेशमूलक ६ वटा कथाहरू समावेश गरिएका छन् । यी कथाहरूमा सरल भाषाशैलीका माध्यमबाट कथाकारले अनुशासित बन्न, परिश्रमी बन्न तथा आफ्नो कर्तव्य पूरा गर्न प्रेरित गर्ने खालका बालबालिकालाई स्वस्थ मनोरञ्जन र उपयोगी शिक्षा प्रदान गर्ने रमाइला र शिक्षामूलक कथाहरू रहेका छन् ।

कथाकार सदानन्द अभागीको **पश्चातापको आँशु** (२०५८) कथासङ्ग्रह नवलपरासीमा रहेर कलम चलाउने नारी कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) को कृति हो जसमा २४ वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहमा समसामयिक घटनालाई नै मूलविषय बनाइएको पाइन्छ । समाजका कुरीति, विसङ्गतिको चित्रण गर्दै सजग समाज निर्माणमा कथाकार सचेत देखिन्छन् । यथास्थितिवादी विषयवस्तु, रसिक भावना, यथार्थिक दृष्टि, स्वच्छन्द अभिव्यक्ति, नारी सम्मानको भावना आदिजस्ता प्रवृत्तिलाई प्रस्तुतिकरण गरिएको छ । उखान-टुक्काको प्रयोगले भाषिक सरसता ल्याउनुका साथै कथाहरू बोधगम्य रहेका छन् । कथाकार अभागीको सुन्दर कथाकृतिका रूपमा यसलाई लिन सकिन्छ ।

**घरभेटी भाउजू** (२०५९) कथासङ्ग्रह नवलपरासीमा रहेर कलम चलाउने नारी कथाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) को कृति हो जसमा २४ वटा कथाहरू सङ्कलित छन् । यो सङ्ग्रहमा समसामायिक घटनालाई नै मूलविषय बनाइएको पाइन्छ । छोराछोरी बिचको भेदभाव, सासूको वक्रदृष्टि, अपरिपक्व राजनीति, गरिब निमुखाप्रति समाजको नीच धारणा आदि नै यस सङ्ग्रहका विषयवस्तु हुन् । ग्रामीण जनजीवनका विद्यमान विकृति विसङ्गतिहरूलाई यस सङ्ग्रहभित्रका कथाहरूले देखाएको पाइन्छ । कथाहरू सरल भाषाशैलीमा रचिएका छन् । ग्रामीण परिवेश अनुकुलको भाषिक प्रयोगमा कथाकार सफल देखिन्छिन् ।

कथाकार बाबुराम लामिछानेको **हातभन्दा पर** (२०६०) कथासङ्ग्रहमा २२ वटा कथाहरू रहेका छन् । समसामयिक नेपाली जनजीवनका सामाजिक, नैतिक र मानवीय समस्याभित्रका यथार्थतालाई मूर्त रूप दिनुका साथै विसङ्गत जीवनका विविध पक्षहरूको गहिराइ र उचाइलाई भग्न र पराजित मनस्थितिका पात्रहरूको मूल्य द्वन्द्वमार्फत सशक्त रूपले विषयवस्तु बनाएका छन् । विसङ्गत जीवनको चित्रण, निम्नमध्यम वर्गीय ग्रामीण

परिवेश अन्तर्गतका पात्रहरूको जटिल जीवन भोगाइको प्रस्तुति, वर्तमान राजनैतिक अस्थिरता र देशमा व्याप्त हिंसाबाट जन्मेको सन्त्रास, नारी मनको अहम् प्रवृत्तिमा ठेस लाग्दा पैदा भएका मनसन्तापहरू आदिजस्ता विषयवस्तुलाई देखाउन कथाकार सफल देखिएका छन् । उनका कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा सरल भाषाशैली, पात्रानुकूलको भाषिक प्रयोग, ग्रामीण परिवेशको चित्रण, उखान-टुक्काको समुचित प्रयोगले कथाहरू रसिला र गद्यलयको स्वाद मिलेको अनुभूति हुन्छ ।

कथाकार सदानन्द 'अभागी' द्वारा लेखिएको **परिवर्तन** (२०६३) कथासङ्ग्रह दोस्रो कथाकृति हो । जसमा १७ वटा विभिन्न विषयवस्तुसँग सम्बन्धित कथाहरू समेटिएका छन् । यी कथाहरूमा समाजका सामाजिक, सांस्कृतिक, राजनैतिक, व्यक्तिगत विकृतिहरूको चिरफार गर्ने काम भएको छ । यसभित्र मूलतः स्वच्छन्द अभिव्यक्ति, रसिक भावना, नारीका पीडाहरू, पारिवारिक पृष्ठभूमि, प्रकृति वर्णन, यथार्थिक दृष्टि, राजनैतिक क्षेत्रका विसङ्गतिहरू, यौनता, मनोविश्लेषण जस्ता विषयले स्थान लिएका छन् । सामाजिक विषयवस्तुहरू प्रशस्त मात्रामा समेटिएका छन् भने मनोविश्लेषणात्मक प्रवृत्तिलाई पनि कथाकारले स्थान दिदै व्यक्तिका मनको भित्री तहसम्म पुगी दमित इच्छालाई उजागर गरेका छन् । पात्रानूकूलको भाषिक प्रयोग, उखान-टुक्काको समुचित प्रयोग, सरल भाषाशैलीले कथाहरू अभिधात्मक रहेका छन् । 'पश्चातापको आँशु' कथासङ्ग्रहभन्दा यसमा सङ्कलित कथाहरू खारिएका पाइन्छन् । कथाकारको 'परिवर्तनको' अनुभवलाई प्रस्तुत गर्न **परिवर्तन** कथासङ्ग्रह सफल देखिन्छ ।

कथाकार इन्द्रेणी शर्मा 'जलद' को **इन्द्रेणी शर्माका कथाहरू** (२०६३) काथसङ्ग्रहभित्र २२ वटा कथाहरू सङ्कलित छन् । यस सङ्ग्रहभित्रका कथाहरूमा समसामयिक घटनालाई नै मूल विषय बनाइएको पाइन्छ । समाजमा नारीप्रति गरिने व्यवहार, धोकापूर्ण यौनसम्बन्धका कारण उत्पन्न हुने पारिवारिक स्थिति, बालबालिकाको दुःखद् अवस्था लोकतान्त्रिकीकरणप्रतिको कथाकारको छापलाई प्रस्तुत गरिएको पाइन्छ । यसभित्र सामाजिक, प्रणयमूलकका साथै विविध विषयवस्तु समेटिएका छन् । ग्रामीण पात्रानुकूलको भाषिक प्रयोग, उखान टुक्काको समुचित प्रयोग, पत्रात्मक, संवादात्मक शैली आदिजस्ता रूपविन्यासीय तत्त्वहरूले कथावस्तु सरस बनेका पाइन्छन् । कतिपय कथाहरूको प्रारम्भ, विकास र अन्त्यको अवस्था भेट्न सकिदैन । जेहोस् कथाकार जलदको पहिलो कथाकृति प्रभावकारी नै मान्नुपर्छ ।

त्यस्तै बाबुराम लामिछानेद्वारा लिखित **पाखाको** (२०६६) कथासङ्ग्रहमा २१ वटा कथाहरू समाविष्ट छन् । सबै कथाहरूलाई समष्टिगत रूपमा केलाउँदा नेपाली समाज र विद्यमान नेपाली समाजमा १७ वर्षदेखि रहेको राजनैतिक अस्थिरता र त्यसले ल्याएको द्वन्द्वग्रस्त सामाजिक, पारिवारिक र राष्ट्रिय यथार्थ नै रहेको छ । यी कथाहरूमा राजनीतिक विषमता, पारिवारिक एवम् सामाजिक स्थितिमा देखिने यथार्थपूर्ण अवस्थाको चित्रण, गरिबी, अनमेल विवाह, बहुविवाह, विपरीत लिङ्गप्रतिको आकर्षण आदि विषयगत परिधिमा कथाहरू समेटिएका पाइन्छन् । कतिपय कथाहरूमा सूक्ष्म मनोविज्ञानको कुनै न कुनै रूपमा प्रयोग भएको छ । धेरैजसो कथाहरू द्वन्द्वग्रस्त अवस्थालाई आधार मानेर लेखिएका हुनाले जीवनका दु:खद पक्षको चित्रण गरिएका छन् । ग्रामीण जीवनशैलीको प्रभावबाट आकर्षित कथाकार लामिछानेको भाषिक सामर्थ्य र कलापूर्ण सारसङ्गठनले औपन्यासिक जादूमय अवस्थाको प्रस्तुति कथामा पाइन्छ । झिनो कथानकभित्र सशक्त जीवनदर्शन र भावाव्यक्ति दिन कथाकार सफल देखिन्छन् । लामा-छोटा अनुच्छेद, आलङ्कारिक भाषाशैली, कही स्वगत कथन, सरल र सहभागीका स्तरअनुसारका भाषिक प्रयोगले कथाहरू प्रभावपूर्ण रहेका छन् ।

## ४.५ समग्र निष्कर्ष

समग्रमा २०४१ सालदेखि नेपाली कथासाहित्यको औपचारिक साधनामा क्रियाशील नवलपरासीको कथाकारिताको यात्रा आजका दिनसम्म आइपुग्दा करिब १ दर्जन कथाकृति, थुप्रै फुटकर कथाहरू, थुप्रै कथाकारहरूको जन्म दिइसकेको पाइन्छ । नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिका बारेमा सिंहावलोकन गर्दा विविध विषयवस्तु र प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ । नवलपरासीमा सामाजिक, राजनैतिक, प्रणयमूलक, शैक्षिक, धार्मिक, पौराणिक आदि विषयवस्तुसँग सम्बन्धित कथाहरू रचिएका छन् । नेपाली साहित्यको कथा विधाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नवलपरासीले मोफसल तथा केन्द्रीय स्तरका कथाकारहरू जन्माइसकेको छ भने साझा प्रकाशनबाट समेत कथाहरू प्रकाशित भएका छन् । नवलपरासीका लेखनीले वर्गीय, अशिक्षित, गाउँले, वृद्ध, शिक्षित, स्त्री, पुरुष आदि सबै खाले सहभागीका माध्यमबाट आर्थिक विपन्नता, बेरोजगारी, पारिवारिक विघटन, द्वन्द्वग्रस्त अवस्था, राजनीतिक विकृति-विसङ्गति, देशशोषण, बहुविवाह, अनमेल विवाह, हिमाल, पहाड, तराईका जीवनका विविध परिवेशगत अवस्थाको चित्रण, मानवताहीन मानवको चित्रण, दण्डहीन राज्यव्यवस्थाको यथार्थ, ग्रामीण सहरी परिवेशको

मार्मिक प्रस्तुतिलाई छोएको छ । नवलपरासीका कथाहरू आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रयोग गरी स्वभाविक र सहज ढङ्गमा लेखिएका छन् । सामाजिक यथार्थ विकृति-विसङ्गतिलाई यथार्थरूपमा प्रस्तुत गरिएको पाइन्छ । यसका साथै मनोविज्ञान, प्रगतिवाद, विसङ्गतिवाद, अस्तित्त्ववाद, आदर्शवाद आदिजस्ता विषयवस्तु समेटी कथा लेखिनुले नवलपरासीमा आधुनिक नेपाली कथाभित्रका समसामयिक धाराअन्तर्गतका विविध विषयलाई आत्मासात् गरेको पाइन्छ । नवलपरासीमा रहेर क्रियाशील रहेका कथाकारहरूले आफ्ना रचनालाई सङ्ग्रहका रूपमा प्रस्तुत गर्न तम्सिएको पाइन्छ । यसरी नवलपरासी जिल्लाका प्रकाशित कथाकृतिहरूको अध्ययनमा नवलपरासीबाट कथासङ्ग्रह प्रकाशित गर्ने कथाकारहरू रामहरि अधिकारी, सदानन्द अभागी, कृष्णादेवी शर्मा (श्रेष्ठ), बाबुराम लामिछाने, मोहन आचार्य 'जलद' गोपी सापकोटाका गरी नौ वटा कथाकृतिहरूको अध्ययन गरिएको छ । जसमा बाबुराम लामिछानेका कथाहरू उत्कृष्ट खालका छन् भने रामहरि अधिकारी नवलपरासीबाट कथाकृति प्रकाशित गर्ने प्रथम कथाकार हुन् ।

निष्कर्षमा, आधुनिक नेपाली कथाको समसामयिक धाराअन्तर्गत रहेर कथा लेख्ने कथाकारहरूले २०४१ सालबाट कथा लेखन कार्यमा सार्वजनिक भएर अगाडि बढेको देखिन्छ । २०४१ सालमा सुरु भएको कथायात्रा २०५१ सालमा आएर मात्र सङ्ग्रहका रूपमा प्रकाशन हुन थाल्छ । लगभग ३ दशक लामो नवलपरासीको कथायात्रामा करीब १ दर्जन कथाकृतिहरू प्रकाशन हुनु सङ्ख्यात्मक रूपले थोरै भएपनि गुणात्मकताका हिसाबले उल्लेख्य रहेका छन् । नवलपरासीको कथा लेखनी गतिशील रहेकोले भविष्यका दिनमा अन्य साहित्यिक कृतिहरू प्रकाशित हुँदै जाने स्थिति देखिन्छ । यसरी हेर्दा नवलपरासीको कथाले समसामयिक नेपाली कथाको क्षेत्रमा पुऱ्याएको योगदान उल्लेखनीय हुनुका साथै अविस्मरणीय पनि रहेको छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) पुस्तकसूची


अभागी, सदानन्द, **पश्चात्तापको आँशु,** नवलपरासी : श्रीमती डिलकुमारी रिजाल र पार्वती रिजाल, २०५८ ।

————, **परिवर्तन**, ललितपुर : रत्नराधिका साहित्य परिषद्, २०६३ ।

अर्याल, भगवती (पाण्डे), **नवलपरासीको साहित्यिक गतिविधि,** नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३ ।

अवस्थी, महादेव, **नेपाली कथा** भाग-२, (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०६५ ।

खनाल, नारायणप्रसाद, *प्रकाशकीय,* **मोहनीको मीठो म्वाइँ,** सदानन्द अभागी, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान,** काठमाडौं : क्षितिज प्रकाशन, २०६३ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय** (पाँ.सं.), ललितपुर : साझा प्रकाशन, २०६६ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना** (पाँ.सं.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

बराल, ईश्वर, **झ्यालबाट** (छै.सं.), ललितपुर : साझा प्रकाशन, २०५३ ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा** भाग-३ (चौ.सं.), ललितपुर : साझा प्रकाशन, २०६५ ।

भट्टराई, भूपेन्द्र शर्मा, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति,** नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२ ।

लामिछाने, बाबुराम, **पाखाको,** ललितपुर : साझा प्रकाशन, २०६६ ।

————, **हातभन्दा पर,** ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा** भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७ ।

————, **पच्चीस वर्षका नेपाली कथा,** काठमाडौं : ने.रा.प्र.प्र., २०३९ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (आ.सं.), ललितपुर : साझा प्रकाशन, २०६३ ।

शर्मा, इन्द्रेणी 'जलद', **इन्द्रेणी शर्माका कथाहरू,** नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

शर्मा, कृष्णादेवी (श्रेष्ठ), **घरभेटी भाउजू,** नवलपरासी : उद्योगबहादुर श्रेष्ठ, २०५९ ।

शर्मा, हरिप्रसाद, **कथाको सिद्धान्त र विवेचन** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०६७ ।

सापकोटा, गोपी, **कमिलाको सपना,** काठमाडौं : हातेमालो सञ्चार, २०५७ ।

## ख) शोधपत्र सूची

काफ्ले, टङ्कप्रसाद, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्त्वगत विशेषता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, काठमाडौं, २०६३ ।

कोइराला, राधा, **बाबुराम लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६२ ।

घिमिरे, लक्ष्मी, **कृष्णादेवी शर्मा (श्रेष्ठ)को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६७ ।

न्यौपाने, अमरनाथ, **नाटककार गोपी सापकोटा र उनका नाट्यकृतिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६२ ।

पौडेल, दुर्गा, **सदानन्द अभागीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६४ ।

लोहनी, शोभा, **हातभन्दा पर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६२ ।

सिग्देल, तिलविक्रम, **पाखाको कथासङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६८ ।

## ग) पत्रपत्रिका सूची


अधिकारी, हरि, *स्तरीय कथाहरूको सङ्कलन,* **नेपाल,** वर्ष १०, अङ्क ४२, २०६७, जेठ, पृ. ५४-५५ ।

कोइराला, कुमार, *सामाजिक जनजीवनमा आधारित कथाहरू,* **मधुपर्क,** वर्ष ३८, अङ्क ३, २०६२ साउन, पृ. १८ ।

चापागाईं, लक्ष्मण, *कथाकार सदानन्द र उनको परिवर्तन कथासङ्ग्रहको कृति समीक्षा,* **धरहरा टाइम्स,** वर्ष ७, अङ्क २०, २०६३, पृ. ५ ।

————, *कृति समीक्षा,* **धरहरा टाइम्स,** वर्ष ७, अङ्क ३०, २०६३, जेष्ठ १८, पृ. ५ ।

पोखेल, राप्रउ, *कृति समीक्षा,* **रचना,** वर्ष ४४, अङ्क ८०, २०६१ असार-साउन, पृ. ५४-५५ ।

पौडेल, गोपाल, *गोपी सापकोटा र समकालीन साहित्य,* **प्रतिस्पर्धा,** २०५७ भाद्र २१ बुधबार ।

पौडेल, ज्ञानुवाकर, *कृति समीक्षा,* **अभिव्यक्ति,** वर्ष ३५, अङ्क १२०, २०६१, कार्तिक, पृ. १७-२० ।

बस्याल, शङ्कर, *गण्डर्षि आफ्ना सिर्जनाहरूमा,* **लुम्बिनी,** वर्ष १७, अङ्क २३७, २०६१ भदौ, पृ. २ ।